CC-0. In Public Domain. Digitization by eGangotri

आपस्तम्ब-धर्मसूत्र

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आपस्तम्ब-धर्मसूत्र

अनुवादक
देवराज पौडेल

प्रकाशक
नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान
कमलादी, काठमाडौं ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशक -
नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान
कमलादी, काठमाडौं ।

प्रथम संस्करण – ११०० प्रति
वि. सं. २०५८

मूल्य रू. ६७।-

मुद्रक – समुद्र प्रिन्टर्स, ब्रह्मटोल, काठमाडौं ।
फोन नं. २५४०४६

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशकीय

हिमालयको सुन्दर, शान्त र शीतल काखमा रहेको नेपाल हिमाली सभ्यता र संस्कृतिको केन्द्र हो र बहुजातीय एवं बहुभाषिक राष्ट्र हो। यसमा निवास गर्ने जातजातिका आ-आफ्नै भाषा, आ-आफ्नै कलाकौशल, आ-आफ्नै गीत सङ्गीत, आ-आफ्नै नृत्यनाट्य, आ-आफ्नै संस्कृति तथा आ-आफ्नै धार्मिक-दार्शनिक अवधारणा छन् तापनि ती सबै राष्ट्रिय एकताका अटूट सूत्रमा गाँसिएका छन् र आ-आफ्ना परम्परा जोगाउँदै सहिष्णुता र सहअस्तित्वका सिद्धान्तमा बाँचेका छन् र समयसापेक्षरूपमा आधुनिकीकरणका दिशामा क्रमशः अघि बढ्दै पनि छन्। यसैले नेपाल विश्वसमुदायका बीच शान्तिप्रिय बहुलवादी आधुनिक समाजको अनुपम आदर्श उपस्थित गर्ने देशका रूपमा आफ्नो पहिचान प्रस्तुत गर्न सक्षम रहिआएको छ।

अनेकतामा एकताको यसै आदर्शअनुरूप नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानले नेपाललाई यसको आफ्नो समग्रतामा परिचित गराउने हेतुले नेपालको राष्ट्रभाषा नेपालीका साथै नेपालका राष्ट्रिय भाषा तथा कलाकौशल, सङ्गीत, नृत्य, नाट्य, संस्कृति र समाजशास्त्रसम्बन्धी विषयको अध्ययन-अनुसन्धान एवं मौलिक सृजनका माध्यमबाट उपयोगी गहन कृति तयार गरी गराई प्रकाशमा ल्याउने अनि विभिन्न क्षेत्र र विधामा कार्यरत चिन्तक, अनुसन्धायके तथा सृजनशील प्रतिभाहरूलाई सक्तो प्रेरणा र प्रोत्साहन दिँदै विभिन्न विषय एवं भाषा र साहित्यको विकास र समृद्धिमा सक्तो योगदान दिने उद्देश्य राखेर काम गर्दै आएको छ र यो सबैमा विदितै छ।

विभिन्न क्षेत्रका, विभिन्न विषय र विधाका अनुसन्धानात्मक र सिर्जनात्मक मौलिक ग्रन्थहरूको उत्पादन र प्रकाशनका साथै विभिन्न भाषाका महत्त्वपूर्ण ग्रन्थहरूको अनुवाद गराई तिनको प्रकाशन गर्नु पनि यस प्रतिष्ठानको उद्देश्य रहिआएको छ। त्यसै उद्देश्यअन्तर्गत सम्प्रति हिन्दूहरूको धर्मग्रन्थ वेदको अङ्गका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रूपमा रहेको 'आपस्तम्ब-धर्मसूत्र' नामको आचार-शास्त्रको प्रकाशन गरिँदैछ । यस ग्रन्थको अनुवाद टीका-शैलीमा गरिएको छ । त्यसैले यसमा पहिले संस्कृतमा रचित मूलसूत्रहरू यथावत्‌रूपमा प्रस्तुत गरिएका छन् र त्यसपछि नेपालीमा तिनको व्याख्यात्मक अर्थ दिइएको छ । त्यसैले यो संस्कृत मूल हेर्न चाहने संस्कृतज्ञ र नेपाली जान्ने तर संस्कृत नजान्ने दुवै थरीका लागि उपयोगी हुन पुगेको छ । यस कृतिबाट हिन्दूधर्मावलम्बी र हिन्दूधर्मप्रति जिज्ञासा राख्ने दुवै थरी लाभान्वित हुनेछन् भन्ने हाम्रो धारणा छ । यो ग्रन्थ तयार पार्ने विद्वान् देवराज पौडेलप्रति हामी आभारी छौं ।

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रस्तावना

वेदमन्त्रको प्रकृति तीन प्रकारको पाइन्छ । ती तीन प्रकार हुन्– १) छन्दोबद्ध मन्त्रहरू, २) गद्य मन्त्रहरू र ३) गाना जस्तो गरी गाउनु पर्ने गेय मन्त्रहरू । **छन्दोबद्ध** मन्त्रहरूलाई **ऋक्** भन्छन् भने **गद्य मन्त्रहरूलाई यजुष्** एवं **गेय मन्त्रहरुलाई साम** । सम्पूर्ण वेदराशि यिनै तीन प्रकारमा विभक्त हुनाले वेदको अर्को पर्याय शब्द **त्रयी** हुन गएको छ । **त्रयी** शब्दको शाब्दिक व्युत्पत्ति (**त्रयोऽवयवा यस्याः**) 'जसका तीन टुक्रा छन्' हो ।

प्राचीन समयमा उक्त तीनै प्रकृतिका मन्त्रहरूको समूह एउटै थियो जो **त्रयी** वा वेद भनिन्थ्यो ।

पछि वेदव्यासले यो समस्त वेदराशिलाई चार भागमा बाँड्नु भयो– तिनका नाम हुन्– १) ऋग्वेद, २) यजुर्वेद, ३) सामवेद र ४) अथर्ववेद ।

उक्त चार वेदहरूमध्ये क्रमशः पहिला तीन वेदहरूमा आफ्नै प्रकृति-अनुसारका मन्त्रहरूका सँगाला छन् । जस्तै– छन्दोबद्ध मन्त्रहरूको सँगालो ऋग्वेद, गद्यप्रधान यज्ञपरक मन्त्रहरूको सँगालो यजुर्वेद, गेय मन्त्रहरूको सँगालो सामवेद । चौथो वेद चाहिं मन्त्रहरूका वर्णनीय विषयलाई दृष्टिमा राखेर चुनिएको छ । अर्थात् जुन मन्त्रका अर्थ औषधि–उपचार, टुना–मुना, वकीकरण, शत्रुवारण जस्ता छन्, तिनको सँगालो **अथर्ववेद** भनियो । यस कारण यस अथर्ववेदमा छन्दोबद्ध मन्त्रहरू पनि पाइन्छन् । यजुर्मन्त्रहरू पनि छन्, साममन्त्रहरू पनि छन् ।

यसरी वेद चार गुरुशिष्य-परम्परामा चल्दै आइरहेछन् । यिनमा केवल **यजुर्वेद**का **शुक्ल** र **कृष्ण** दुई अरू विभाग छन् । कारण नेपाली ऋषि याज्ञवल्क्यले गुरु वैशम्पायनसँग पढेको यजुर्वेद-विद्या कारणवश छोड्नुपरेकोले भगवान् सूर्यलाई तपस्याद्वारा रिझाएर उहाँबाट शुल्क-यजुर्वेद प्राप्त गरी त्यसलाई गुरु-शिष्यपरम्परामा चलाउनुभयो । करीब-करीब आजसम्म पनि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शुक्लयजुर्वेदका माध्यान्दिनीय शाखाकै मात्र यहाँ (नेपाल अधिराज्यमा) प्रचार छ। वेदहरूका ६ अङ्ग छन्, ती हुन्– १) शिक्षा, २) कल्प, ३) व्याकरण, ४) निरुक्त, ५) छन्द ६) ज्योतिष्, तिनमा दोस्रो अङ्ग **कल्पशास्त्र**मा यो **आपस्तम्ब-धर्मसूत्र** पनि पर्दछ। कल्पशास्त्रका प्रायः सबै ग्रन्थहरू सूत्रशैलीमा लेखिएका छन्। यिनका मुख्य चार भेद छन्। ती हुन्– १) श्रौतसूत्र, २) २) गृह्यसूत्र, ३) धर्मसूत्र, ४) शुल्वसूत्र, यिनमा श्रौताग्निमा गरिने ठूलाठूला यज्ञको वर्णम **श्रौतसूत्र**मा गरिएको पाइन्छ। गार्हपत्याग्निया गरिने विवाह व्रतबन्ध जस्ता घरेलु यज्ञको वर्णन **गृह्यसूत्र**मा हुन्छ। चारै वर्णकार, चारै आश्रमका आचार विचार र राजाका कर्तव्यको वर्णन **धर्मसूत्र**मा हुन्छ। यज्ञमा वेद आदिको निर्माण गर्ने विधि **शुल्वसूत्र**मा हुन्छ।

कल्पशास्त्रको अर्थ आचार्य विष्णुमित्रले यस प्रकार गरेको पाइन्छ—

कल्पो वेदविहितानां कर्मणामानुपूर्वेण कल्पनाशास्त्रम्।

(ऋग्वेद-प्रातिशाख्यको वर्गद्वयवृत्ति)

(वेदशास्त्रले विधान गरिएका कर्महरूको क्रमशः कल्पना (तयारी) गर्ने शास्त्र कल्पशास्त्र हो।)

कुमारिल भट्ट जस्ता धुरन्धर मीमांसकले कल्पशास्त्रको महत्ता यसरी गाएका छन्—

वेदादृतेऽपि कुर्वन्ति कल्पैः कर्माणि याज्ञिकाः।

न तु कल्पैर्विना केचिन्मन्त्रब्राह्मणमात्रकात्॥

(यज्ञ गराउने पण्डितहरू मन्त्र र ब्राह्मण आदि वेदभाग नभए पनि केवल कल्पशास्त्रद्वारा यज्ञ गराउने काममा सफल हुन्छन्। किन्तु कल्पशास्त्र नभए मन्त्र र ब्राह्मणको मात्र भरमा कोही कुनै यज्ञ गराउन सक्तैनन्।)

यी कल्पसूत्रहरू पनि वेदका शाखैपिच्छे अलगअलग हुन्छन्। वैदिक वाङ्मयको इतिहासमा अनेक दृष्टिकोणले कल्पशास्त्रको महत्ता छ। पूर्वोक्त चारै प्रकारका कल्पशास्त्रहरू श्रौतसूत्र, गृह्यसूत्र, धर्मसूत्र र शुल्वसूत्रहरू सूत्र शैलीमा लेखिएका छन् भन्ने कुरा उनका नामबाटै स्पष्ट छ।

सूत्रसाहित्य प्राच्य वाङ्मयको एक अनौठो तर महत्त्वपूर्ण अङ्ग हो। यसले आफ्ना समयभित्र भएको प्राच्य वाङ्मयको अध्ययन र चिन्तनको प्रतिनिधित्व गर्दछ। यो वैदिक साहित्यलाई पछिका अर्वाचीन संस्कृत-वाङ्मयसँग जोड्ने एक मजबूत सिक्रीको रूपमा विद्यमान छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

संक्षिप्तता, सारगर्भता, क्षोदक्षमता र व्यापकता यसका प्रमुख प्राणतत्त्व हुन् । यिनका रचनामा अनेक शताब्दीका ज्ञानभण्डार उनिएको हुन्छ । धेरै समयदेखिको लगातार अध्ययन, मनन र चिन्तनको परिणाम रूपमा सूत्रवाङ्मयको प्रादुर्भाव भएको हो ।

यस्ता धर्मसूत्रहरूमा **गौतम-धर्मसूत्र, बौधायन-धर्मसूत्र, हिरण्यकेशि धर्मसूत्र, विष्णु धर्मसूत्र** आदि छन्। यस आपस्तम्ब-धर्मसूत्रको समय अभियुक्तहरू ई. पू. ३०० देखि ६०० का बीचमा मान्छन् ।

यस धर्मसूत्रको सम्बन्ध दक्षिण-भारतसँग छ । यस ग्रन्थको प्रथम प्रश्नको आठौं पटल अध्यात्म पटल हो । नामअनुसार यसले वेदान्त-दर्शनको एक झलक प्रस्तुत गरेको छ । केवल यस पटलमा मात्र आदि शङ्कराचार्यको **विवरण**-नामक व्याख्या विद्यमान छ । यस ग्रन्थमा श्री हरदत्त मिश्रको एकमात्र संस्कृत व्याख्या (ज्वाला) छ । हरदत्तको समय म. म. काणेको उक्तिअनुसार ११००–१३०० इ. हो ।

यस ग्रन्थमा प्रथम र द्वितीय दुई प्रश्न छन् । प्रत्येक प्रश्नमा एघार-एघार पटल र क्रमश: पहिलो प्रश्नमा ३२ र दोस्रोमा २९ कण्डिका छन् । एउटै विषय विना-व्यवधान कैयौं कण्डिकाहरूमा विवेचित हुनुका साथै कण्डिकाका बीचमै नयाँ विषयको आरम्भ पनि हुन्छ ।

प्रस्तुत धर्मसूत्रका वर्ण्य विषय संक्षेपमा यी हुन्—

प्रथम प्रश्नको– प्रथम कण्डिका मा धर्मका प्रमाण, चार वर्ण र उनको श्रेष्ठताक्रम, वर्णधर्म, उपनयन-विधि, उपनयन-काल, व्रात्यको संस्कार पर्छन् ।

कण्डिका २ मा व्रात्य-संस्कार, ब्रह्मचारीका नियम, दण्डाजिन र मेखला वर्णित छन् ।

कण्डिका ३ र ४ मा ब्रह्मचारीका नियमहरू ।

" ५–६ मा अभिवादन, पादोपसंग्रहविधि, ब्रह्मचारीका स्नातकका धर्म र अध्ययनको अवसर वर्णित छन् ।

" ९, १०, ११ मा अनध्याय वर्णित छ ।

" १२, १३ मा स्वाध्यायविधि, पञ्च महायज्ञ, वर्णित छन् ।

" १४ मा नित्यकर्म, अभिवादनयोग्य व्यक्ति, अभिवादन-विधि,

" १५, १६ मा आचमन-विधि, अभोज्य पदार्थ भोजन विषयक नियम,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

"   १७ मा अभोज्य अन्न एवं अभोज्य पदार्थ,
"   १८ मा अभोज्य र भोज्य अन्नबारे विचार ।
"   १९ मा भोज्य अन्न ।
"   २० मा धर्मको प्रयोजन, लक्षण र अविक्रेय पदार्थ ।
"   २१ मा पतित बनिने र अपतित बनिने काम ।
"   २२ मा अध्यात्म ज्ञानका उपाय, आत्मज्ञानको प्रशंसा र आत्माको परिचय ।
"   २३ मा आत्मज्ञानको फल र भूतदाही दोष ।
"   २४ मा क्षत्रियवध, ब्रह्महत्या, सुरापान र गुरुपत्नीगमनका प्रायश्चित्तहरू
"   २५ मा सुन चोरेको प्रायश्चित्त ।
"   २६, २७, २८ मा गोवध, मिथ्याधीत, अपतनीय कर्म र भ्रूणहत्याहरूको प्रायश्चित्त ।
"   २९ मा पतितका नियम ।
"   ३०, ३१, ३२ मा स्नातकका नियम ।
द्वितीय प्रश्न कण्डिका १, २ मा गृहस्थधर्म
"   ३, ४, ५ मा वैश्वदेव एवं बलि, वैश्वदेव-बलिविधि र गृहस्थधर्म
"   ६, ७, ८, ९ मा अतिथि-सत्कारविधि ।
"   १० मा ब्राह्मणादिको कर्तव्य-निर्देशन एवं दण्डविधि ।
"   ११ मा बाटो दिनलायक व्यक्ति, विवाहसम्बन्धी विधि-निषेध, र विवाहका भेद ।
"   १२ मा आसुर विवाहको परिचय, व्यावहारिक शिष्टता बोध र केही प्रायश्चित्त ।
"   १३, १४ मा स्त्रीप्रति कर्तव्य, दाय भाग र बाह्र प्रकारका पुत्र ।
"   १५ मा उदकदान-विधि र अहविष्य होम ।
"   १६, १७ मा श्राद्धकल्प, श्राद्धको समय र श्राद्धयोग्य ब्राह्मण ।
"   १८ मा नित्यश्राद्ध-नियम ।
"   १९, २० मा श्राद्धमा पुष्टयर्थ प्रयोग ।
"   २१, २२ मा आश्रमसन्यासी, वानप्रस्थको नियम र श्रेष्ठ आश्रम ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

" २३, २४ मा गृहस्थाश्रमको श्रेष्ठता ।
" २५, २६ मा राजाको कर्तव्य र नियोगको नियम ।
" २७ मा परस्त्रीगमनको प्रायश्चित्त ।
" २८ मा दण्डको विषयमा विचार ।
" २९ मा साक्षीको योग्यता र धर्मको लक्षण ।

यस ग्रन्थका तत्तत्प्रकरणमा वर्णित विषयका सूचिबाट थाहा लाग्छ– यस ग्रन्थको प्रथम प्रश्न (पूर्वार्ध) मा ब्रह्मचारी र स्नातकसँग सम्बद्ध नियमहरू बताइएका छन् भने द्वितीय प्रश्नमा गृहस्थी, वानप्रस्थ र सन्यासीसम्बन्धी धर्महरू र राजधर्म बताइएका छन् ।

द्वितीय प्रश्नको दशौं पटलमा राजाका कर्तव्यहरूको अपेक्षाकृत अधिक स्पष्टतासँग निर्देशन गरिएको छ । न्यायव्यवस्था राजाको धर्म हो र प्रजाको सुरक्षा राजाको प्रधान कर्तव्य बताइएको छ ।

यद्यपि राजाबाट जूवा खेलाउने व्यवस्थाको पनि वर्णन गरिएको पाइन्छ, तथापि जुन राजाका राज्यमा गाउँ-जङ्गलमा कहीं पनि चोरीको डर हुँदैन त्यही कल्याणकारी राजा हो भनिएको छ ।

स क्षेमकृद्राजा यस्य विषये ग्रामेऽरण्ये वा तास्करं भयं न विद्यते । २, २५, १५

यस ग्रन्थमा कहीं **श्मशान वच्छूद्रपतितौ** भनेर शूद्रहरू श्मशान बराबर मानिएका छन् भने कहीं **आर्याधिष्ठिता वा शूद्राः संस्कर्तारः स्युः** भनेर पूर्ण रूपमा आर्यहरूको आफ्नो हैकममा राखिएका शूद्रहरु दिनका दिन केश, रौं, नङ काट्न लगाई सेतो कपडा पहिराएर प्रतिदिन स्नान गर्न लगाई आर्यहरुको भोजन तयार गराउने भान्सेका रूपमा पनि राख्न सकिन्छन्, भनिएको छ ।

यसका अध्यात्मपटलमा अभिव्यक्त विचारहरू उपनिषद् ब्रह्मसूत्रहरुबाट प्रभावित छन् । त्यहाँ भनिएको छ– चित्तका वृत्तिहरूलाई रोक्नाको कारण योग हो । योगद्वारा चित्त समाहित भएपछि उसको बाहिर सञ्चार हुँदैन । यसबाट आत्मसाक्षात्कार गर्न मद्दत मिल्छ **'अयं हि परमो लाभो यद् योगेनात्मदर्शनम् ।'** योगद्वारा आत्मसाक्षात्कार गर्नु नै जीवनको सर्वोत्तम लाभ हो ।

विदुषां विधेयो : देवराज पौडेल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विषयानुक्रमणिका

प्रथम प्रश्न १–१५३

प्रथम पटल १–२७

१. समयाचारिक धर्मको प्रमाण १

वर्ण २

वर्णको कर्तव्य २

उपनयन ३

उपनयनमा आचार्य ४

आचार्यको व्युत्पत्ति र महत्त्व ४

उपनयनको काल ५

उपनयनको अभावमा पतन ६

अनुपेतको प्रायश्चित्त

गृहस्थाश्रमको धर्म ११

ब्रह्मचारीको आचार्यकुलमा निवास ११

आचार्यकुलमा निवासको अवधि ११

ब्रह्मचर्यको विधि एवं नियम १३

ब्रह्मचारीका मेखला, दण्ड तथा वस्त्र र मृगचर्य १५

भिक्षाचरणको विधि १६

उच्छिष्ट भोजन २३

समिधादानको विधि २५

द्वितीय पटल २८–४७

तपको अर्थ २८

वेदाध्ययनको फल २९

ब्रह्मचारीको धर्म, अभिवादन गुरुको सेवा ३०

गुरुप्रति शिष्टाचारको नियम ३२

पादोसंग्रहणको नियम ३६

समावर्तनपछिको नियम ४०

गुरुप्रति यात्राकालिक शिष्टाचार ४४

तृतीय पटल ४८–६३

अनध्यायको अवसर एवम् अवधि ४८

मृत्यु निमित्तक अनध्याय ५३

भोजननिमित्तक अनध्याय ५६

अध्ययनकालिक सामान्य नियम ५८

दैनिक अध्ययनको विधि ५९

प्राकृतिक निमित्तद्वारा अनध्याय ६१

चतुर्थ पटल ६४–७५

स्वाध्यायको महत्व ६४

महायज्ञ ६७

आमको प्रयोगको नियम ६९

शुश्रूषाको नियम ६९

गृहस्थाश्रमको कर्म ७२

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गुरुजनको अभिवादन ७३

पञ्चम पटल ७६-९१

आचमनको नियम ७६

अभोज्य अन्न ८२

अपेय वस्तु ८८

मांसनक्षणमा मक्ष्यामक्ष्य ८८

षष्ठ पटल ९२-९९

वस्तुहरूका ग्रहणमा वर्णका विचार ९२

समावर्तनपछि भोजन-ग्रहणको नियम ७३

अग्राह्म भोजन ९४

सप्तम पटल १००-१०७

धर्मआचरणको प्रयोजन १०३

धर्म तथा अधर्मको भेद १०१

वेच्न अयोग्य वस्तु १०२

विनियमका नियम १०४

पतनीय कर्म १०५

अशुचिकर कर्म १०६

अष्टम पटल १०८-११६

योगको उपदेश १०८

आत्मज्ञानको महत्व १०८

आत्माको स्वरुप ११०

नाशको निमित्त भूत दोष ११३

उत्तम आचरणको नियम ११५

नवम पटल ११७-१३१

वध गरेपछि दानको नियम ११७

अभिशस्तको प्रायश्चित्त ११९

गुरुका हत्याको प्रायश्चित्त १२१

गुरुतल्पगमनको प्रायश्चित्त १२२

स्तेनको प्रायश्चित्त १२३

पशुवधको प्रायश्चित्त १२५

अवकीर्णीको प्रायश्चित्त १२७

दशम पटल १३२-१४०

स्तेनको परिभाषा १३२

माताको शुश्रूषाको नियम १३३

गुरुतल्पगमनको प्रायश्चित्त १३४

पतितको पुत्र १३८

एकादश पटल १४१-१५३

ब्रह्मचर्यको अवधि १४१

स्नातकको व्रत १४२

अध्यापकको नियम १५०

गुरुप्रति शिष्यको कर्तव्य १५१

द्वितीय प्रश्न

प्रथम पटल १५४-१६१

गृहस्थाश्रमको व्रत १५४

पत्नीगमनको नियम १५६

वर्णधर्म तथा स्वर्णफल १५९

द्वितीय पटल १६२-१७५

वैश्वदेव कर्म १६२

होमकर्मको नियम १६४

वैश्वदेव बलिको मन्त्र १६५

भोजन गराउने विषयमा नियम १६८

वर्णानुसार अभिवादनको नियम १६८

वस्त्रधारण गर्ने नियम १७०

आचार्यको योग्यता र उनको कर्तव्य १७०

गुरुप्रति शिष्यको कर्तव्य १७२

तृतीय पटल १७६-१८३

शिष्यको वर्णको विषयमा विचार १७६

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रोत्रियको परिभाषा १७७
अतिथि-सत्कारको नियम १७८
असमावृत्त अतिथिप्रति कर्तव्य १७९
अतिथिको महत्व १८०

चतुर्थ पटल १८४-१८९

अनेक दिन बस्ने अतिथि १८४
मधुपर्कको अधिकारी १८५
वेदाङ्ग १८५
भोजन र दक्षिणाको नियम १८८

पञ्चम पटल १९०-२०१

भिक्षाको निमित्त वर्णको धर्म एवं वर्तव्य १९०
न्याय एवं राजाको कर्तव्य १९२
दण्डविधान १९३
दोस्रोको लागि मार्गत्याग १९४
दोस्रो विवाह गर्ने नियम १९४
विवाहमा गोत्रको विचार १९५
विवाहको प्रकार १९६
ब्राह्मण तथा अग्निप्रति सामान्य नियम १९९
दैनिक आचार नियम २००
प्राणायमको नियम २००

षष्ठ पटल २०२-२१५

विवाहयोग्य कन्या २०२
पुत्रको विषयमा विचार २०२
पुत्रमा धन (अंश) विभाजन २०६
उत्तराधिकारको प्रश्न २०७
ज्येष्ठ पुत्रको विशेष माग २०७
पति र पत्नीको विभाजनको अभाव २०९
मृत्युपछिको आशौच २११
हवनको विषयमा नियम २१४

सप्तम पटल २१६-२२६

श्राद्धकालिक भोजन २१६
श्राद्धका तिथिको फल २१७
श्राद्ध भोजनका वस्तुहरुको फल २१९
श्राद्ध भोजनको लागि ब्राह्मणको योग्यता २२१
श्राद्धकालिक होम २२४

अष्टम पटल २२७-२३६

श्राद्ध भोजनका वस्तुहरू तथा आचरण २२७
श्रय प्राप्तिको निमित्त आचरण २२७
श्राद्धको समयमा भोजनको नियम २३१
श्राद्ध भोजनमा ब्राह्मणहरूका संख्या २३३

नवम पटल २३७-२५२

चार आश्रम २३७
परिव्राजक २३९
संन्यासीको नियम २३९
आत्मज्ञानद्वारा मोक्ष प्राप्ति २४०
ॐ वानप्रस्थको नियम २४२
ऊर्ध्वरेता ब्रह्मचारीका प्रशंसा २४८
गृहस्थाश्रमको श्रेष्ठता २४श्र

दशम पटल २५३-२६५

राजाको कर्तव्य २५३
द्यूतको व्यवस्था २५५
उत्तम राजा २५६
सेवकहरूका योग्यता २५८

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

करग्रहणको नियम २५८
व्यभिचारको दण्ड २५९
नियोगको नियम २६१
शूद्रलाई व्यभिचारको निमित्त दण्ड २६३
ब्राह्मणको व्यभिचारको लागि दण्ड २६४
दण्डबाट मुक्ति २६५

एकादश पटल .२६६-२७२
कृषिकर्म नगर्नेलाई दण्ड २६६
गौचरनको लागि दण्डविधान २६६
चोरीको दण्ड २६६
दुष्टकर्मको उत्तेजकलाई दण्ड २६७
दण्डको निर्णायक तथ्य २७०
साक्षीको विचार २७०
धर्माचरणको महत्व २७१
धर्मको विषयमा प्रमाण २७१

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आपस्तम्ब-धर्मसूत्र

नेपाली अनुवादसहित,

निर्माता- आपस्तम्बो महर्षिः ।

प्रथमः प्रश्न

मूल सूत्र – **अथातस्सामयाचारिकान् धर्मान् व्याख्यास्यामः ।।१।।**

अनु. – अब यहाँपछि विधि नियम र प्रतिषेध जस्ता मनुष्यद्वारा तयार गरिएका आचारसम्बन्धी धर्महरूको व्याख्या गर्नेछौं ।।१।।

व्याख्या – मनुष्यद्वारा तयार गरिएका व्यवस्था (व्याख्या) लाई समय भन्दछन् । त्यो समय तीन प्रकारको हुन्छ– विधिरूप, नियमरूप र प्रतिषेधरूप । यस्ता समयमा आधारित आचार समयाचार हो । त्यस्ता आचारबाट उत्पन्न हुने धर्म समयाचारिक धर्म भनिन्छ । अर्थात् धर्मज्ञ व्यक्तिहरूका सहमतिबाट व्यवस्थित हुन पुगेको दैनिक आचारसम्बन्धी धर्म समयाचारिक धर्म हो ।

मूल प्रमाण – पौरुषेयी व्याख्या समयः । स त्रिविध.–विधिर्नियमः प्रतिषेधश्च। समयमूलान् आचारानधिकृत्य कृता धर्माः समयाचारिका धर्माः ।

सू. – **धर्मज्ञसमयः प्रमाणम् ।।२।।**

अनु. – धर्मबारे धर्मका ज्ञाता मनु आदिको धार्मिक व्यवस्था (समय) नै प्रामाणिक मानिन्छ । सर्वसाधारणको समय (धार्मिक व्यवस्था) होइन ।।२।।

सू. – **वेदाश्च ।।३।।**

अनु. – वेदहरू नै धर्मका मूल प्रमाण हुन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

टिप्पणी – यहाँ सूत्रमा रहेको 'च' ले निश्चित अर्थ बताउँछ । यस सूत्रको निचोडलाई मनु र गौतम ऋषिले यसप्रकार व्यक्त गरेका छन्–

वेदो ऽ खिलो धर्ममूलं स्मृतिशीले च तद्विदाम् ।

आचारश्चैव साधूनामात्मनस्तुष्टिरेव च ।।

– मनु. अ. २ श्लो. ७ ।

वेदो ऽ खिलो धर्ममूलं तद्विदां च स्मृतिशीले ।

– गौतमसूत्र १।४।२

सू. – **चत्वारो वर्णा ब्राह्मण–क्षत्रिय–वैश्य–शूद्राः ।।४।।**

अनु. – ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्र यी चार वर्ण हुन् ।

टिप्पणी – यी चारै वर्ण पहिले बताइएका समयाचारिक धर्मका अधिकारी हुन् । चारै वर्णका अलग-अलग नाम लिएपछि फेरि चार संख्या तोक्नु आवश्यक थिएन र पनि चार संख्या पुनः तोकिनुले उक्त चार वर्णहरूका अनुलोम अवान्तरवर्णहरूको पनि यिनमा ग्रहण हुन्छ भन्ने बुझ्नुपर्छ । प्रतिलोम वर्णको यसमा समावेश हुँदैन ।

यो कुरा गौतम ऋषिले यसरी व्यक्त्याउनु भएको छ–

प्रतिलोमास्तु धर्महीना इति ।

सू. – **तेषां पूर्वः पूर्वो जन्मतश्श्रेयान् ।।५।।**

अनु. – तीमध्ये पहिलो पहिलो वर्ण, आफूपछिका वर्णभन्दा श्रेष्ठ हुन्छ ।।५।। अर्थात् शूद्रभन्दा वैश्य श्रेष्ठ, त्यसभन्दा क्षत्रिय र क्षत्रियभन्दा पनि ब्राम्हण श्रेष्ठ मानिन्छ ।

सू. – **अशूद्राणामदुष्टकर्मणामुपायनं वेदाध्ययनमग्न्याधेयं फलवन्ति च कर्माणि ।।६।।**

अनु. – दुष्टतापूर्ण काम नगर्ने शूद्रबाहेक बाँकी तीन वर्ण (ब्राम्हण, क्षत्रिय र वैश्य) का लागि उपनयन, वेदाध्ययन अग्न्याधान र महत्त्वपूर्ण फल दिने अग्निहोत्र आदि कर्म शास्त्रविहित छन् ।।६।।

टिप्पणी – द्विजातिका मर्यादाबाट गिराउने ब्रह्महत्या, सुरापान, चोरी जस्ता कुकृत्यलाई यहाँ दुष्टकर्म भनिएको हो ।

सू. – **शुश्रूषा शूद्रस्येतरेषां वर्णानाम् ।।७।।**

अनु. – शूद्रको धर्म बाँकी तीन वर्ण अर्थात् ब्राह्मण, क्षत्रिय, वैश्यको सेवा गर्नु नै हो ।।७।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यसमा विशेष

सू. – पूर्वस्मिन् पूर्वस्मिन् वर्णे निश्श्रेयसं भूयः ।।८।।

अनु. – शूद्रद्वारा सबै प्रकारले गरिएको वैश्यको सेवाभन्दा क्षत्रियको सेवा विशिष्ट फल दिने हुन्छ । एवं क्षत्रियको सेवाभन्दा पनि ब्राह्मणको सेवा विशिष्ट फल दिने हुन्छ ।।८।।

उपनयन शब्दको अर्थ–

सू. – **उपनयनं विद्यार्थस्य श्रुतितः संस्कारः ।।९।।**

अनु. – उपनयन भनेको वेदविद्याको अध्ययन गर्न चाहने व्यक्तिका लागि गरिने वैदिक संस्कार हो ।

टिप्पणी – यस सूत्रमा विद्याध्ययन नै प्रयोजन भएको व्यक्तिलाई बताउनका लागि 'विद्यार्थ' पद आएको छ । यसको व्युत्पत्ति हो– **विद्या अर्थः प्रयोजनं यस्य स विद्यार्थः** । यहाँ केवल पुंस्त्वविशिष्ट शब्दको प्रयोग हुनाले यो संस्कार पुरुषका लागिको मात्र हो भन्ने टीकाकारको राय छ । मन्त्रको अनुवचनले सबै वेद अनूक्त हुन्छन् र एउटै उपनयन-संस्कार सबै वेदको निमित्त हुन्छ ।

सू. – **सर्वेभ्यो वै वेदेभ्यस्सावित्र्यनूच्यत इति हि ब्राह्मणम् ।।१०।।**

अनु. – निश्चित रूपमासम्पूर्ण वेदविद्याकोअध्ययनका लागि सूर्य देवता भएको गायत्री मन्त्र वटुलाई सुनाएपछि वाणीद्वारा दोहोऱ्याइन्छ । (दोहोऱ्याउन लगाइन्छ ।) यस्तो ब्राह्मणग्रन्थमा बताइन्छ ।।१०।।

टिप्पणी – प्रत्येक वेदको अध्ययनका लागि अलग-अलग उपनयन आवश्यक पर्छ–पर्दैन ? यस शङ्काको समाधान यस सूत्रबाट भएको छ । एउटै उपनयन-संस्कारले सबै वेदको अध्ययनमा पूरा अधिकार प्राप्त हुन्छ । यस तथ्यलाई मनु महाराजले यसप्रकार बताएका छन्—

त्रिभ्य एव तु वेदेभ्यः पादं पादमदूदुहत् ।

तदित्यृचोऽस्यास्सावित्र्याः परमेष्ठी प्रजापतिः ।।

मनुस्मृतिः २।७७..

सावित्री (गायत्री) मन्त्रको तीन पाद तीन वेदबाट एक-एक पाद गरेर ब्रह्माजीले आकर्षण गर्नुभयो । उपनयन-संस्कार विद्वान् व्यक्तिबाट गराउनुपर्छ भन्नलाई मूर्खको निन्दा गरिन्छ—

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सू. – **तमसो वा एष तमः प्रविशति यमविद्वानुपनयते, यश्चाविद्वानिति हि ब्राह्मणम् ।।११।**

अनु – संस्कार गर्नुपर्ने वटु स्वभावतः मूर्ख हुन्छ नै । उसको उपनयन-संस्कार गर्ने गुरु पनि वेदशास्त्रको अध्ययन नभएको मूर्ख हुनगयो भने त्यो वटु एक अन्धकारबाट दोस्रो अन्धकारमा प्रवेश गर्दछ । यो कुरा ब्राह्मण ग्रन्थमा बताइएको छ ।।११।।

कस्ता गुरुबाट उपनयन-संस्कार गराउनू—

सू. – **तस्मिन्नभिजनविद्यासमुदे (दि) तं समाहितं संस्कर्तारमीप्सेत् ।।१२।।**

अनु – त्यस उपनयनका काममा कुलघराना र विद्यामा बढे-चढेको शास्त्र-विहित क्रियाकलाप गृहण गर्ने सावधान उपनयन-संस्कार गर्ने गुरु खोज्नू ।।१२।।

व्याख्या – वेदविद्या परम्परागत रूपमा जान्ने कुललाई अभिजन भन्दछन् । शिक्षा, कल्प, व्याकरण, ज्योतिष, छन्द, निरुक्त, वेदका यी छ अङ्गविद्यासहित सम्पूर्ण वेदशास्त्रको यथावत् अध्ययनलाई विद्या भन्दछन् । यी दुवै कुराले युक्त अर्थात् वैदिक कुलमा जन्म भई वेद वेदाङ्ग शास्त्रहरूको यथावत् अध्ययन गरेका शास्त्रविहित कुरा मात्र गृहण गर्ने सावधान भएका व्यक्तिलाई उपनयन–संस्कार गर्ने गुरुको रूपमा वरण गर्नू ।।१२।।

सू. – **तस्मिंश्चैव विद्याकर्माऽऽन्तमप्रतिपन्ने धर्मेभ्यः ।।१३।।**

अनु. – धार्मिक दृष्टिकोणबाट पतित नभएका आफ्नो उपनयन संस्कार गराउने त्यस्ता गुरुमा निष्ठासँग रहेर गृन्थ समाप्त नभएसम्म विद्याको अध्ययन गर्नू ।।१३।।

कथंकदाचित्, गुरु पतित भए (मरे) भने अर्कासित पनि विद्या गृहण गर्न हुन्छ ।

सू. – **यस्माद्धर्मानाचनोति स आचार्यः ।।१४।।**

अनु. – विद्यार्थी जसबाट धर्मको सञ्चय गर्दछ, धर्म शिक्षा प्राप्त गर्छ उनै आचार्य हुन् ।।१४।।

सू. – **तस्मै न द्रुह्येत् कदाचन ।।१५।।**

अनु. – विद्यार्थीले ती आचार्यको द्रोह कहिल्यै नगर्नू ।।१५।।

सू. – **स हि विद्यातस्तं जनयति ।।१६।।**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनु – निश्चित रूपमा ती आचार्य त्यस विद्यार्थीलाई विद्याद्वारा दोस्रो जन्म दिन्छन् ।।१६।।

यसबारे अरू शास्त्रकारहरूको भनाइ यसप्रकार छ–

तत्रास्य माता सावित्री पिता त्वाचार्य उच्यते ।

मनुस्मृति २।१७०

(विद्याबाट हुने जन्ममा यस वटुकी माता सावित्री र पिता आचार्य बताइन्छन् ।')

सू. – **तच्छ्रेष्ठं जन्म ।।१७।।**

अनु. – विद्याबाट हुने जन्म माता र पिताबाट हुने शारीरिक जन्मभन्दा श्रेष्ठ हुन्छ ।।१७।। (किनभने यसबाट स्वर्गसुख एवं मोक्षसुख दुवै प्राप्त हुन सक्छन् ।)

सू – **शरीरमेव मातापितरौ जनयतः ।।१८।।**

अनु. – आमा–बाबु केवल शरीरलाई मात्र जन्माउँछन् ।।१८।।

टिप्पणी – केवल शरीर मात्र जन्माउने माता र पिताभन्दा धर्म, अर्थ, काम मोक्ष यी चारै पुरुषार्थमा सक्षम बनाउने आचार्यको महत्त्व बढी छ । त्यसै कारणले **गौतम-धर्मसूत्रमा आचार्यः श्रेष्ठो गुरुणाम् ।'** (मान्यजनहरूमा आचार्य सर्वश्रेष्ठ हुन्) भनिएको छ ।।१८।।

सू. – **वसन्ते ब्राह्मणमुपनयीत, ग्रीष्मे राजन्यम्, शरदि वैश्यं, गर्भाष्टमेषु ब्राह्मणम्, गर्भैकादशेषु राजन्यम्, गर्भद्वादशेषु वैश्यम् ।।१९।।**

अनु. – वसन्त ऋतुमा ब्राह्मण बालकको, ग्रीष्म ऋतुमा क्षत्रियकुमारको, शरद् ऋतुमा वैश्यकुमारको उपनयन (व्रतबन्ध) गर्नू । एवं गर्भदेखि आठौँ वर्षमा ब्राह्मण बालकको, गर्भदेखि एघारौँ वर्षमा क्षत्रियकुमारको, गर्भदेखि बाह्रौँ वर्षमा वैश्यकुमारको व्रतबन्ध गर्नू ।।१९।।

सू. – **अथ काम्यानि ।।२०।।**

अनु. – अब विशिष्ट कामनापूर्तिका उद्देश्यले गरिने व्रतबन्धको उमेरबारे निर्देशन गरिन्छ–

सू. – **सप्तमे ब्रह्मवर्चसकामम् ।।२१।।**

अनु. – ब्रम्हतेज प्राप्त गर्न चाहने वटुको सातौँ वर्षमा उपनयन (व्रतबन्ध) गर्नू ।।२१।।

सू. – **अष्टमे आयुष्कामम् ।।२२।।**

अनु. – लामो आयु प्राप्त गर्न चाहने वटुको आठौँ वर्षमा व्रतबन्ध गर्नू।।२२।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सू. — **नवमे तेजस्कामम् ॥२३॥**

अनु. — तेज प्राप्त गर्न चाहने वटुको नवौं वर्षमा व्रतबन्ध गर्नू ॥२२ ।

सू. — **दशमेऽन्नाद्यकामम् ॥२४॥**

अनु. — अन्न, कपडा आदि जर्जिनिस धन प्राप्त गर्न चाहने वटुको दशौं वर्षमा व्रतबन्ध गर्नू ॥२४॥

सू. — **एकादश इन्द्रियकामम् ॥२५॥**

अनु. — इन्द्रियशक्ति सबल रहोस् भन्ने चाहना गर्ने वटुको एघारौं वर्षमा व्रतबन्ध गर्नू ॥२५॥

सू. — **द्वादशे पशुकामम् ॥२६॥**

अनु. — पशुधन पर्याप्त होओस् भन्ने चाहना गर्ने वटुको बाह्रौं वर्षमा व्रतबन्ध गर्नू ॥२६॥

सूचना — ब्रह्मचारीले गुरुको अधीनमा रहेर गर्नुपर्ने वक्ष्यमाण व्रतहरू पूरा गर्न नसक्ने कुमारहरूका लागि वर्ण (जाति) को क्रमले विकल्पसिद्धान्त (अनुकल्प बताइन्छ– अथवा विभिन्न जातिका कुमारहरूका लागि व्रतबन्धको अन्तिम म्याद तोकिन्छन्–

सू. — **आषोडशाद् ब्राह्मणस्यानात्यय आद्वाविंशात् क्षत्रियस्याऽऽ चतुर्विंशाद् वैश्यस्य, यथा व्रतेषु समर्थः स्याद्यानि वक्ष्यामः ।**

अनु. — ब्राह्मणको पुत्र सोह्र वर्ष उमेर पूरा हुँदासम्म, क्षत्रियको पुत्र बाइस वर्ष उमेर पूरा हुँदासम्म, वैश्यको पुत्र चौबीस वर्ष उमेर पूरा हुँदासम्म संस्कारहीन (व्रात्य) मानिँदैनन् । अतः उक्त अवधिभित्र जति वर्षमा व्रतबन्ध गरिदिंदा कुमार यसै ग्रन्थमा पछि बताइने शास्त्रनिर्दिष्ट व्रतहरूको यथावत् पालन गर्न सक्छ त्यति वर्षमा व्रतबन्ध गर्नू ॥२७॥

टिप्पणी — यस सूत्रको तात्पर्य हो– कुमार वेदाध्ययनका लागि योग्य भएपछि मात्र उसको व्रतबन्ध गरिनुपर्छ । किन्तु यसो गर्दा व्रतबन्धको मुख्य समय बित्न गएछ भने यी अगाडिका सूत्रहरूमा बताइएका प्रायश्चित्तहरू गर्नुपर्छ ।

ब्राम्हणको १६ वर्ष, क्षत्रियको १८ वर्ष र वैश्यको २४ वर्षको आयु उनीहरूका व्रतबन्धका अन्तिम म्याद हुन् । यस समयतकमा व्रतबन्ध अवश्य भइसकेको हुनुपर्छ । यसपछि विशिष्ट प्रायश्चित्त गरेर मात्र व्रतबन्ध गरिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अब प्रायश्चित्त बताइन्छ-

सू. – अतिक्रान्ते सावित्र्याः ऋतु त्रैविद्यकं ब्रह्मचर्यं चरेत् ।।२८।।

अनु. – सूर्य देवता भएको गायत्री मन्त्र ग्रहण गर्ने समय बितिसकेपछि अर्थात् उपनयन काल बितेपछि एक ऋतु (दुई महीना)सम्म तीन वेदको अध्ययन गर्ने विद्यार्थीको जस्तो ब्रम्हचर्यव्रत (अग्नि-परिचर्या, वेदाध्ययन र गुरु सेवाबाहेकको ब्रम्हचर्यधारण गर्ने व्रत गर्नू ।

सू. – अथोपनयनम् ।।२९।।

अनु. – यस्तो प्रायश्चित्त गरिसकेपछि उसको उपनयन संस्कार (व्रतबन्ध) गर्नू ।।२९।।

सू. – ततस्संवत्सरमुदकोपस्पर्शनम् ।।३०।।

अनु. – उपनयन-संस्कार भइसकेपछि एक वर्षतक प्रतिदिन स्नान गर्नू ।।३०।।

टिप्पणी – सके दिनमा तीनपल्ट स्नान गर्नू ।

सू. – अथाऽध्याप्यः ।।३१।।

अनु. – यस्तो व्रत पूरा गरेको व्यक्ति पढाउनलायक मानिन्छ ।।३१।।

सू. – अथ यस्य पिता पितामह इत्यनुपेतौ स्यातां, ते ब्रह्महसंस्तुताः ।।३२।।

अनु. – जसका जुन वटुका पिता र पितामहको नै व्रतबन्ध भएको छैन, ती ती कुमारहरू ब्रह्मघाती बराबर हुन् ।।३२।।

टिप्पणी – यहाँ ब्रह्म शब्दको अर्थ वेद हो; । समयमा व्रतबन्ध-संस्कार नगरी वेदाध्ययनमा उपेक्षा गरेकाले त्यस्तो व्यक्तिलाई ब्रह्मघाती भनिएको हो । यस्तो व्यक्ति शूद्र–पतितसमान मानिन्छ ।

सू. – तेषामभ्यागमनं भोजनं विवाहमिति च वर्जयेत् ।।३३।।

अनु. – यस्ता ब्रह्मघाती व्यक्तिसँग आवत-जावत, मेलमिलाप, भोजन, विवाह-सम्बन्ध केही पनि नगर्नू ।।३३।।

टिप्पणी – यद्यपि मनुले "आहृताभ्युद्यतां भिक्षामपि दुष्कृतकर्मणः ।" "... स्त्रीरत्नं दुष्कुलादपि ।" इत्यादि वाक्यहरूद्वारा ल्याएर दिन ठीक पारेको भिक्षा पापीका हातबाट पनि लिनू, अति असल स्वभाव भएको कन्या र खराब कुलबाट पनि लिनू' भनेका छन् तथापि यो सूत्र त्यस्ता वेदविद्याका विनाशक ब्रह्मघातीबाट उक्त दुवै कुरा लिन निषेध गर्दछ ।

सू. – तेषामिच्छतां प्रायश्चित्तम् ।।३४।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनु. – यदि यस्ता व्यक्तिहरू प्रायश्चित गर्न चाहन्छन् भने उनलाई यो अगाडि बताइने प्रायश्चित्त गर्न लगाउनू । (करकापसँग होइन ।)

सू. – **यथा प्रथमेऽतिक्रम ऋतुरेवं संवत्सरः ।।३५।।**

अनु. – वेदाध्ययनमा उपेक्षा भएमा पहिलो लापरवाहीमा जो एक ऋतुभर ब्रह्मचर्यमा रहने प्रायश्चित्त बताइयो, त्यसको बदला दोस्रो र तेस्रो लापरवाहीमा सो प्रायश्चित्तको समय एक वर्षको हुन्छ ।।३५।।

टिप्पणी – प्रायश्चित्तविधि एकै भए तापनि त्यसको अवधि दोस्रो तेस्रो पल्ट वा पुस्तादेखि एक ऋतुको बदला एक वर्षको हुन्छ । जस्तै बाजेको उपनयन भएन, बाबुको पनि भएन, आफ्नो पनि उपनयनको अन्तिम अवधि बित्यो भने र अब उसलाई पछितो लागेर आफ्नो उपनयन–संस्कार गराउने इच्छा भएमा बाजेका लागि १ वर्ष, बाबुका लागि १ वर्ष, स्वयंका लागि एक वर्ष गरी जम्मा तीन वर्षतक त्रिवेदाध्यायी ब्रह्मचारीको जस्तो ब्रह्मचर्यव्रत लिनुपर्छ ।

सू. – **अथोपनयनम् ।।३६।।**

अनु. – अनि उसको उपनयन-संस्कार गरिन्छ ।।३६।।.

सू – **तत उदकोपस्पर्शनम् ।।३७।।**

अनु. – त्यसपछि उसले वर्षभर यथासम्भव त्रिकाल स्नान गर्नुपर्छ ।।३७।।

इत्यापस्तम्ब धर्मसूत्रे प्रथमप्रश्ने प्रथमकण्डिका

आपस्तम्ब-धर्मसूत्रको प्रथम प्रश्नको पहिलो कण्डिका सकियो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अथ द्वितीया कण्डिका

(अब दोस्रो कण्डिका प्रारम्भ)

सू. – प्रतिपूरुषं संख्याय संवत्सरान् यावन्तोऽनुपेताः स्युः ।।१।।

अनु. – बितेका जति पुस्तादेखि व्रतबन्ध-संस्कार भएको छैन, ती सबको लागि प्रत्येकको एक-एक वर्षको दरले र आफ्नो पनि व्रतबन्ध संस्कार ठीक समयमा नभएकोले त्यसको लागि पनि एक वर्ष जोडी त्यति वर्षतक ब्रह्मचर्य-व्रतको प्रायश्चित्त गर्नू ।।१।।

अब स्नान गर्दा पढ्नुपर्ने मन्त्रहरू बताइन्छन् -

सू. – सप्तभिः पाव[1]मानीभिर्यदन्ति यच्च दूरक इत्येतभिर्यजुष्पवित्रेण [2]साम-पवित्रेणाऽऽङ्गिरसेनेति ।।२।।

---

१. पावमानी मन्त्र यसप्रकार छन्–

यदन्ति यच्च दूरके भयं विन्दन्ति मामिह । पावमान वितज्जहि ।।१।।
पवमानस्सो ऽ अद्य नः पवित्रेण विचर्षणिः । यः पोता स पुनातु नः ।।२।।
यत्ते पवित्रमर्चिष्यग्ने विततमन्तरा । ब्रह्म तेन पुनीहि नः ।।३।।
यत्ते पवित्रमर्चिवदग्ने तेन पुनीहि नः । । ब्रह्म सवैः पुनीहि नः ।।४।।
उभाभ्यां देव सवितः पवित्रेण सवेन च । मां पुनीहि विश्वतः ।।५।।
विभिष्ट देव सवितर्वर्षिष्ठैः सोम धामभिः । अग्ने दक्षैः पुनीहि नः ।।६।।
पुनन्तु मा देवजनाः पुनन्तु वसवो धिया । विश्वे देवाः पुनीत न मा जातवेदः पुनीहि मा ।।७।। (ऋ. सं. ७. २. १७. १८.) इति सप्त पावमान्यः ।।

२. आपो अस्मान् मातरः शुन्धयन्तु घृतेन नो घृतप्वः पुनन्तु विश्वमस्मत् प्रवहन्तु रिप्रम् । (तै. सं. १, २, १) इति यजुष्पवित्रम् कया नश्चित्र आ भुवदूती सदावृधः सखा । कया शचिष्ठया वृता इत्यस्या-मृचि गीयमानं वामदेवाख्यं साम सामपवित्रम् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनु. – त्यस्ता व्यक्तिले प्रतिदिन यजुष् पवित्रका यदन्ति यच्च-दूरके आदि ७ पावमानी मन्त्रहरूद्वारा, सामपवित्रका कयानश्चित्र आदि वामदेवका साममन्त्रद्वारा एवं अङ्गिएको तैतिरीय संहितान्तर्गत[3] हृ ठं सशुचिषद् वसुरन्तरिक्षसद् आदि मन्त्रद्वारा अँजुलीमा पानी लिएर आफ्नै शिरमा अभिषेक गर्नू ।।२।।

सू. – अपि वा व्याहृतिभिरेव ।।३।।

अनु. – अथवा पहिले बताइएका मन्त्रहरूका साथ व्याहृतिमन्त्रको पनि प्रयोग गर्दै सिञ्चन गर्नू[4] ।

सू. – अथाऽध्याप्यः ।।४।।

अनु. – यो प्रायश्चित्त गरेपछि त्यस्तो व्यक्ति पढाउन लायक हुन्छ ।।४।।

सू. – अथ यस्य प्रपितामहादि नानुस्मर्यत उपनयनं ते श्मशानसंस्तुताः ।।५।।

अनु. – जसका प्रपितामह, पितामह र पिता एवं स्वयंको व्रतबन्ध-संस्कार भए-नभएको याद छैन, ती श्मशान बराबरका हुन् ।।५।।

टिप्पणी – त्यस्ता व्यक्ति पतित हुन्छन्, श्मशान जस्तै अपवित्र हुन्छन् । श्मशानमा वेद पढ्न निषेध गरिएजस्तै तिनका छेउमा वेद पढ्न पनि निषेद्ध छ । उनलाई वेद पढाउने त कुरै भएन ।

सू. – तेषामभ्यागमनं भोजनं विवाहमिति च वर्जयेत्, तेषामिच्छतां प्रायश्चित्तं द्वादशवर्षाणि त्रैविधकं ब्रह्मचर्यं चरेदथोपनयनं तत उदकोपस्पर्शनं पावमान्यादिभिः ।।६।।

अनु. – उनीहरूका साथ आवत-जावत, भोजन, विवाह यी कुनै कुरा पनि नगर्नू । यदि उनीहरू प्रायश्चित्त गर्न चाहन्छन् भने (अग्निकर्म अध्ययन र गुरु सेवा बाहेक) तीन वेदको अध्ययन गर्ने विद्यार्थीले गर्नुपर्ने ब्रह्मचर्यव्रतको बाह्रवर्ष परिपालन गरुन् । त्यसपछि उनको 'व्रतबन्ध' हुन सक्छ र एक वर्षतक नित्यस्नान गरी पावमानी मन्त्रले अभिषेक गर्नू ।।६।।

---

३. हृ ठं सः शुचि षद्वसुरन्तरिक्षसद्धोता वेदिषदतिथिर्दुरोणसत् । नृषद्वरसतसद्व्योमसदब्जा गोजा ऋतजा अद्रिजा ऋतं बृहत् (तै. सं. ४, २, १, ४) इत्याङ्गिरसः ।

४. यो व्याख्याकारको अभिप्रायअनुसार अनुवाद गरिएको हो । सूत्रका शब्दबाट त– 'अथवा व्याहृति मन्त्रहरूले मात्र सिञ्चन गर्नू' भन्ने अर्थ आउँछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सू. – अथ गृहमेधोपदेशनम् ॥७॥

अनु. – त्यसपछि गृहस्थका नियमहरूको उपदेश दिनू, गृह्यशास्त्र वा गृहस्थ-धर्मको उपदेश दिनू ॥७॥

सू. – नाऽध्यापनम् ॥८॥

अनु. – त्यस्ता व्यक्तिलाई सम्पूर्ण वेदविद्या नपढाउनू, गृह्यसूत्रका मन्त्रहरूको मात्र उपदेश दिनू ॥८॥

सू. – ततो यो निवर्तते तस्य संस्कारो यथा प्रथमे ऽतिक्रमे ॥९॥

अनु. – त्यस्ता गृह्यसूत्रको मात्र उपदेश दिइएका व्यक्तिवाट उत्पन्न कुमारको संस्कार प्रथम व्रतबन्ध-समयको अतिक्रममा जस्तै एक ऋतुभर त्रैविद्य-ब्रह्मचर्य व्रत गराएर गर्नू ॥९॥

सू. – तत ऊर्ध्वं प्रकृतिवत् ॥१०॥

अनु. – त्यसपछिका कुमारहरूका सबै कर्महरू सामान्य उपनयन कर्ममा जस्तै गरिन्छन् ॥१०॥

टिप्पणी – हरदत्तको संङ्केतअनुसार प्रपितामहका बाबुको उपनयन (व्रतबन्ध) भएको स्मरण छैन भने त्यस्ताको प्रायश्चित्त बताइएको छैन, धर्मज्ञहरूले ऊह गर्नू, धर्मज्ञ व्यक्तिहरूको जमघट गराएर उसबाट व्यवस्था लिनू ।

अब अध्ययन-विधि बताइन्छ-

सू. – उपेतस्याऽऽचार्यकुले ब्रह्मचारिवासः ॥११॥

अनु. – उपनयन-संस्कार गरिएको बालक ब्रह्मचारी भएर गुरुकुलमा वसोस् ॥११॥

टिप्पणी – ब्रह्म = वेद तदर्थं व्रतं चरतीति ब्रह्मचारी ॥११॥

अध्ययन-काल

सू. – [1]अष्टाचत्वारिंशद्वर्षाणि ॥१२॥

अनु. – अठचालीस वर्षसम्म अध्ययनार्थ गुरुकुलमा बस्नू ॥१२॥

टिप्पणी – यो समय अङ्गसहित चारैवेदको अध्ययनको लागि हो । प्रत्येक वेदको अध्ययनको लागि १२ वर्षको समय मानिन्छ ।

---

१. गोपथब्राह्मणे ऽथर्ववेदीये द्वितीये प्रपाठके पञ्चमे ब्राह्मणे ऽस्य विधिदृश्यते– तस्मा एतत् प्रोवाचाष्टाचत्वारिंशद्वर्षं तच्चतुर्धा वेदेषु व्यूह्य द्वादशवर्षं ब्रह्मचर्यं द्वादशवर्षाण्यवरार्धमपि स्नायंश्चरेद्यथाशक्तापरम् ।'
(गो० पू० ब्रा० पू० २.५) इति ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सू. — पादूनम् (पादोनम् वा) ।।१३।।

अनु. — अथवा पहिले बताइएकोमा एक चौथाइ कम अर्थात् ३६ वर्ष गुरुकुलमा वस्नू ।।१३।।

टिप्पणी — यसरी प्रत्येक वेदको लागि ६–६ वर्षको समय पर्दछ ।

सू. — अर्धेन ।।१४।।

अनु. — अध्ययनको लागि निर्धारित मुख्य समय ४८ वर्षको आधा २४ वर्षमा पनि चारै वेदको अध्ययन गर्ने प्रविधान छ । (यसो गर्दा प्रत्येक वेदको अध्ययन-समय ६ वर्षको हुन आउँछ) ।

सू. — त्रिभिर्वा ।।१५।।

अनु. — अथवा तीन चौथाइ कम समय अर्थात् ४८ को एक चौथाइ १२ वर्ष गुरुकुलमा बसी चारै वेदको अध्ययन गर्नू । यसो गर्दा प्रत्येक वेदको लागि ३।३ वर्षको समय पर्ने भयो ।।१५।।

सू. — द्वादशावरार्ध्यम् ।।१६।।

अनु. — चार वेदको अध्ययनको लागि कम्तीमा १२ वर्ष ब्रह्मचारीले गुरुकुलमा वस्नुपर्छ । प्रत्येक वेदको अध्ययनको लागि न्यूनतम अवधि तीन वर्षको हुनैपर्छ ।।१६।

टिप्पणी — प्रतिभाशाली मेहनती विद्यार्थीले बाह्र वर्षभन्दा पहिल्यै चारै वेदको यथार्थ अध्ययन गरिसकेछ भने पनि १२ वर्ष गुरुकुलमा रहनैपर्दछ। यस प्रसङ्गमा मनुले यस्तो भनेका छन्–

षड्त्रिंशदाब्दिकं चर्यं गुरौ त्रैविद्यकं व्रतम् ।
तदर्धिकं पादिकं वा ग्रहणान्तिकमेव वा ।। मनु स्मृ. ३।१

(तीन वेदको अध्ययनको लागि ३६ वर्षतक गुरुकुलमा ब्रह्मचारीले रहनू । अथवा त्यसको आधा वा चौथाइ वा अध्ययनकालतक) ।

सू. — न ब्रह्मचारिणो विद्यार्थस्य परोपवासोऽस्ति ।।१७।।

अनु. — विद्याको चाहना गर्ने ब्रह्मचारीले गुरुको साथ छोडेर अन्यत्र बस्नु हुँदैन ।

टिप्पणी — विद्या चाहने ब्रह्मचारीले एकदिन पनि अन्यत्र बस्नु हुँदैन । नैष्टिक ब्रह्मचारीको लागि यो नियम लागू नहुन पनि सक्छ । 'परोपवास' पदको अर्थ = परलोक सुधार्न (धर्मार्थ) विद्यार्थीले उपवास गर्न आवश्यक छैन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अब ब्रह्मचर्यविधि बताइन्छ

सू. — अथ ब्रह्मचर्यविधिः ।।१८।।

अनु. — अब ब्रह्मचर्यको विधि बताइन्छ ।

टिप्पणी — 'ब्रह्म' शब्दको अर्थ वेदविद्या हो । वेदविद्या-प्राप्तिको लागि गरिने आचरण ब्रह्मचर्य-विधि हो । त्यसमा शरीरमा वीर्यको सुरक्षाले जीवनमा आइपर्ने अनेक कष्टबाट बचाउने, शरीरलाई नीरोग, सशक्त र सुरक्षित राख्ने हुनाले ब्रह्मचर्य शब्द वीर्यरक्षामा रूढ हुन गएको छ ।

सू. — आचार्याधीनस्स्यादन्यत्र पतनीयेभ्यः ।।१९।।

अनु. — पतित होइने क्रियाकलापलाई छोडेर ब्रह्मचारीले अरू सबै कुरामा गुरुका अधीनमा रहनुपर्छ ।

टिप्पणी — स्वयं पतित होइने उग्रपाप, नरहत्या जस्ता कामहरूमा गुरुले प्रेरित गरे पनि त्यस्ता काम ब्रह्मचारीले नगर्नू । अरू सबै कुरामा गुरुको आदेश मान्नू ।

सू. — हितकारी गुरोरप्रतिलोभयन् वाचा ।।२०।।

अनु. — ब्रह्मचारीले गुरुबाट आज्ञाभए पनि नभए पनि निरन्तर गुरुको हित गर्नू । उहाँको आदेश नटुक्र्याउनू, विरुद्धमा नबोल्नू ।

सू. — अधासनशायी ।।२१।।

अनु. — गुरुका साथ रहँदा उहाँको आसनभन्दा होचो आसनमा बस्नू, उहाँको बिस्ताराभन्दा होचो बिस्तरामा सुत्नू ।।२१।।

सू. — नानुद्देश्यं भुञ्जीत ।।२२।।

अनु. — कुनै देवता वा पितृको उद्देश्यले तयार गरिएको भोजन नखानू ।।२२।।

सू. — तथा क्षारलवणमधुमांसानि ।।२३।।

अनु. — ब्रह्मचारीले [1]क्षार, नून, फलफूलको मदिरा वा मह, मासुहरू नखानू ।।२३।।

---

१. कुनै पनि पदार्थको थिगरलाई क्षार भन्दछन्, क्षारलवण = बनावटी नून, (कुल्लूक भट्टको भनाइअनुसार) तिल र मुगी बाहेक सबै कोसेबाली, अनाजमा गहुँ र कोदो, गेडा, धनिया, कोसे बाली, उखुबाट बनेका सम्पूर्ण पदार्थ गुम्स्याएर उसिनेको अनाज, बजारको मूला यी सबलाई निर्णयसिन्धुले क्षार मानेको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सू. – अदिवस्वापी (न दिवा स्वप्यात्) ।।२४।।

अनु. – ब्रह्मचारीले दिनमा नसुत्नू ।।२४।।

सू. – अगन्धसेवी ।।२५।।

अनु. – उसले सुगन्धद्रव्यको सेवन नगर्नू ।।२५।।

सू. – मैथुनं न चरेत् ।।२६।।

अनु. – सबै प्रकारको मैथुन नगर्नू ।।२६।।

टिप्पणी – स्त्रीको औपचारिक सेवा गर्नु, उनका साथ खेलवाड गर्नु, उनलाई गहना कपडा दिनु, उनका साथ एक विस्तरामा सुत्नु, चुम्बन, अगिलङ्गन गर्नु यी सबै क्रियाकलापलाई मैथुन भन्दछन् ।

सू. – उत्सन्नश्लाघः ।।२७।।

अनु. – ब्रह्मचारी शोभाको त्याग गरेको हुनुपर्छ, उनले शोभा गर्ने कुनै वस्तुको प्रयोग नगर्नू, अर्थात् ब्रह्मचारीले सुगन्धद्रव्यको लेप आदिद्वारा आफ्नो शारीरिक सौन्दर्य बढाउने प्रयास गरेको हुनु हुँदैन ।।२७।।

सू. – अङ्गानि न प्रक्षालयीत ।।२८।।

अनु. – अमलाको चूर्ण आदि बुकुवा (साबुन) गरम पानी आदिले शरीरका अवयवहरू नपखाल्नू ।।२८।।

सू. – प्रक्षालयीत त्वशुचिलिप्तानि गुरोरसन्दर्शे ।।२९।।

अनु. – विष्टा आदि अपवित्र पदार्थ लेपिएका अङ्गलाई गुरुको अदेखमा पखाल्नू ।।२९।।

टिप्पणी – जुन विष्टा मूत्र आदि अपवित्र वस्तुले लिप्त अङ्ग छन् तिनलाई पर्याप्त माटो आदिले पखाल्नू, दुर्गन्ध नगएसम्म । यो पनि गुरुले नदेखने स्थानमा गएर पखाल्नू ।

सू. – नाप्सु श्लाघमानः स्नायाद यदि स्नायाद् दण्डवत् प्लवेत् ।।३०।।

अनु. – पानीमा शारीरिक शोभा बढाउने लक्ष्यले घर्षण स्नान नगर्नू, स्नान गर्नुपरे लठ्ठी जस्तैगरी केवल तैरनू शरीर भिजाउनू ।।३०।।

सू. – जटिलः ।।३१।।

अनु. – सम्पूर्ण केशहरूलाई जटाका रूपमा धारण गर्नू ।।३१।।

सू. – शिखाजटो वा वापयेदितरान् ।।३२।।

अनु. – अथवा केवल शिखालाई जटाका रूपमा राखेर अरू केश मुडाउनू ।।३२।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सू. – मौञ्जी मेखला त्रिवृद् ब्राह्मणस्य शक्तिविषये दक्षिणावृत्तानाम् ।।३३।।

अनु. – ब्राह्मणको मेखला मूजद्वारा तय्यार गरिएको तीन फन्काको हुन्छ । सकिन्छ भने दाहिनेतिर घुँगुरिएका मूजको अथवा दाहिने बाटिएको हुनुपर्छ ।।३३।।

सू. – ज्या राजन्यस्य ।।३४।।

अनु. – क्षत्रियकुमारको लागि धनुष्का ताँदोको मेखला हुनुपर्छ ।।३४।।

सू. – मौञ्जी वा ऽयोमिश्रा ।।३५।।

अनु. – अथवा फलामको तार मिलाएको मूजको मेखला पनि क्षत्रियकुमारको लागि हुन सक्छ ।।३५।।

सू. – आवीसूत्रं वैश्यस्य ।।३६।।

अनु. – वैश्यकुमारको मेखला भेडाका ऊनको डोरीको हुन्छ ।।३६।।

सू. – सैरी तामली वेत्येके ।।३७।।

अनु. – कुनै आचार्यका मतमा वैश्यकुमारको मेखला जुवाका जोतारोका डोरीको या तमालका बोक्राका पाटका डोरीको हुनुपर्छ ।।३७।।

सू. – पालाशो दण्डो ब्राह्मणस्य, नैय्यग्रोधस्कन्धजोऽवाङग्रो राजन्यस्य, बादर औदुम्बरो वा वैश्यस्य वार्क्षो दण्ड इत्यवर्णसंयोगेनैक उपदिशन्ति ।।३८।।

अनु. – ब्राह्मण ब्रह्मचारीको दण्ड पलाशको हुनुपर्छ । क्षत्रिय ब्रह्मचारीको दण्ड वटवृक्षका काँपाबाट उँधोतिर लर्केका हाँगाको हुनुपर्छ । वैश्य ब्रह्मचारीको दण्ड बयर वा डुम्रीका काठको हुनुपर्छ । कुनै आचार्यको मत अनुसार वर्णअनुसारको उक्त प्रकारको भेद नगरी सबैको लागि काठका दण्डको पनि विधान गरिन्छ ।

सूत्रमा 'वार्क्षो दण्डः' यस्तो एकवचनान्त पाठ पढिएको हुनाले एक ब्रह्मचारीको एउटै मात्र दण्ड हुनुपर्छ ।।३८।।

सू. – वासः ।।३९।।

अनु. – ब्रह्मचारीको वस्त्रधारणबारे बताइन्छ ।।३९।।

सू. – शाणीक्षौमाजिनानि ।।४०।।

अनु. – सनपाटबाट बनेको, आलसबाट तयार गराएको, मृग आदि पवित्र पशुका छालाबाट तयार गराइएका वस्त्रहरू क्रमशः विहित मानिन्छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात् ब्राह्मण वटुको लागि सनपाटको, क्षत्रियको लागि आलसको र वैश्य वटुको लागि मृगचर्मबाट तयार गरिएको वस्त्र उपयुक्त मानिन्छ ।।४० ।

सू. – काषायं चैके वस्त्रमुपदिशन्ति ।।४१।।

अनु. – कुनै आचार्यहरू–ब्राह्मणको लागि कपासबाट तयार गरिएको गेरुले रङ्गाएको कपडा बताउँछन् ।।४१।।

सू. – इत्यापस्तम्ब धर्मसूत्रे प्रथम प्रश्ने द्वितीय कण्डिका ।

अनु. – आपस्तम्ब धर्मसूत्रमा प्रथम प्रश्नमा दोस्रो कण्डिका पूरा भयो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अथ तृतीय कण्डिका

(अब तृतीय कण्डिका प्रारम्भ)

सू. – **माञ्जिष्ठं राजन्यस्य ।।१।।**
अनु. – क्षत्रिय ब्रम्हचारीको कपडा मजिसाले रङ्गाएको हुनुपर्छ ।।१।।

सू. – **हारिद्रं वैश्यस्य ।।२।।**
अनु. – वैश्य ब्रह्मचारीको वस्त्र बेसारले रङ्गाएको हुनुपर्छ ।।२।।

सू. – **हारिणमैणेयं वा कृष्णं ब्राह्मणस्य ।।३।।**
अनु. – ब्राह्मण ब्रह्मचारीले धारण गरिने चर्म हरिण मृगको अथवा काली मृगिणीको हुनुपर्छ ।।३।।

सू. – **कृष्णं चेदनुपस्तीर्णासनशायी स्यात् ।।४।।**
अनु. – ब्राह्मण काली मृगको छाला धारण गर्दछ भने त्यो छालालाई भुइँमा ओच्छयाएर त्यसमा बस्ने या सुत्ने काम नगर्नू ।।४।।

सू. – **रौरवं राजन्यस्य ।।५।।**
अनु. – क्षत्रिय ब्रह्मचारीको लागि थोप्लाथोप्ला भएको रतुवा (रु[१]रु) मृगको छाला उपयोगी हुन्छ ।।५।।

सू. – **बस्ताजिनं वैश्यस्य (बस्तश्छागः) ।।६।।**

अनु. – वैश्य ब्रह्मचारीको लागि बोकाको छाला उपयोगी हुन्छ ।।६।।

सू. – **आविकं सार्ववर्णिकम् ।।७।।**
अनु. – भेडाको छाला सबै वर्णका ब्रह्मचारीको लागि विहित मानिन्छ ।।७।।

सू. – **कम्बलश्च ।।८।।**
अनु. – ओड्ने कम्बल पनि भेडाको ऊनबाट तैयार गरिएको सबै जातको लागि विहित मानिन्छ ।।८।।

---

१. रुरुर्विन्दुमान् मृगः ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यसमा विशेष–

सू. – **ब्रह्मवृद्धिमिच्छन्नजिनान्येव वसीत, क्षत्रवृद्धिमिच्छन् वस्त्राण्येव, उभयवृद्धिमिच्छन्नुभयमिति हि ब्राह्मणम् ॥९॥**

अनु. – ब्रह्मशक्ति बढाउन चाहनेले छाला मात्र पहिरनू, क्षत्रिय शक्ति बढाउन चाहनेले कपडा मात्र पहिरनू, ब्रह्मतेज एवं क्षात्रतेज दुवै बढाउन चाहनेले छाला तथा कपडा दुवै पहिरनू । ब्राह्मणग्रन्थमा यस्तो लेखिएको[1] छ । ९॥

ग्रन्थकारको पक्ष–

सू. – **अजिनं त्वेवोत्तरं धारयेत् ॥१०॥**

अनु. – किन्तु उत्तरीयका रूपमा केवल छाला मात्र धारण गर्नू ॥१०।

सू. – **अनृत्त(त्य) दर्शी स्यात्[2] ॥११॥**

अनु. – ब्रह्मचारीले नाच नहेर्नू ॥११॥

सू. – **सभाः-समाजांश्चाऽगन्ता ॥१२॥**

अनु. – ब्रह्मचारीले जूवा आदिका सभामा र उत्सव आदिका भीडभाडमा नजाने गर्नु ॥१२॥

सू. – **अजनवादशीलः ॥१३॥**

अनु. – कसैको बदनामी वा लोकव्यवहारका लम्बाचौडा कुरा गर्ने, वादविवाद गर्ने बानी ब्रह्मचारीले नगर्नू ॥१३॥

सू. – **रहश्शीलः ॥१४॥**

अनु. – सम्भव भएसम्म एकान्तप्रिय गम्भीर बन्नू ॥१४॥

सू. – **गुरोरुदाचारेष्वकर्ता स्वैरिकर्माणि ॥१५॥**

अनु. – गुरुका आउने जाने स्थानहरूमा ब्रह्मचारीले आफ्ना सुखका लागि मनखुशी काम नगर्नू ॥१५॥

सू. – **स्त्रीभिर्यावदर्थसम्भाषी ॥१६॥**

---

१. गोपथब्राह्मणका प्रथम प्रपाठकको दोस्रो कण्डिका ।

२. यी नियमहरू गोपथ ब्राह्मण ग्रन्थमा बताइएका छन्—
यथा– "नोपरिशायी स्यान्न गायनो न नर्तनो न सरणो न निष्ठीवेत् यदुपरिशायी भवत्यभीक्ष्णश आक्रन्दान् धावन्ते यन्नर्तनो भवत्यभीक्ष्णशः प्रेतान् निर्हरन्ते, यत्सरणो भवत्यभीक्ष्णशः प्रजाः संविशन्ते, यन्निष्ठीवति मध्यएव तदात्मनो निष्ठीवति" इति (गो.ब्रा.१, २,७)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनु. – स्त्रीहरूका साथ प्रयोजनभरको आवश्यक कुरामात्र गर्नू । अनावश्यक लम्बाचौडा गफ नगर्नू ।।१६।।

टिप्पणी – अतिबालक र अतिवृद्धासँग कुरा गर्नमा दोष छैन ।

सू. – मृदुः (क्षमावान्) ।।१७।।

अनु. – नरम स्वभावको क्षमाशील हुनू ।।१७।।

सू. – शान्तः ।।१८।।

अनु. – अनुचित विषयबाट आफ्ना इन्द्रियहरुलाई नियन्त्रण गर्ने शान्त स्वभावको हुनू ।।१८।।

सू. – दान्तः ।।१९।।

अनु – आफ्ना इन्द्रियहरूलाई अदवमा राखेर कर्तव्यमा जागरुक हुनू ।।१९।।

सू. – ह्रीमान् (ह्रीर्लज्जा तद्वान्) ।।२०।।

अनु. – लज्जाशील बन्नू । अकर्तव्य गर्न लाग्दा समाजले मलाई के भन्ला भनी लजाउनू ।।२०।।

सू. – दृढघृतिः ।।२१।।

अनु. – सम्पत्ति र विपत्तिमा बिलकुल एकन्त रहनू ।।२१।।

सू. – अग्लाँरनुः ।।२२।।

अनु. – थकित भएर उत्साह नगुमाउनू ।।२२।।

सू. – रिसाहा अक्रोधनः ।।२३।।

अनु. – रिसाहा बानी नगर्नू ।।२३।।

सू. – अनसूयुः ।।२४।।

अनु – अरुका श्रीवृद्धिमा जल्ने बानी नगर्नू ।।२४।।

सू. – सर्वं लाभमाहरन् गुरवे, सायं प्रातरमत्रेण भिक्षाचर्यं चरेद् भिक्षमाणो ऽन्यत्राऽपपात्रेभ्यो ऽभिशस्ताच्च ।।२५।।

अनु – सबै भिक्षामा प्राप्त वस्तु गुरुजीलाई टक्र्याउँदै भिक्षापात्रद्वारा साँझ-बिहान ब्रह्मचारीले भिक्षा गर्नू । भिक्षा गर्दा नीच जातका व्यक्तिबाट उत्तम जातकी महिलामा उत्पन्न सूत, धोबी आदि तल्लो जातका प्राणी र मुद्दा लागेका व्यक्तिबाट भिक्षा नगर्नू ।।२५।।

टिप्पणी – ब्रह्मचारीले बिहान भिक्षा गरेको अन्न बेलुका र बेलुका भिक्षा गरेको बिहान नखानू ।

सू. – स्त्रीणां प्रत्याचक्षाणानां समाहितो ब्रह्मचारीष्टं दत्तं हुतं प्रजां पशून्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्मवर्चसमन्नाद्यं वृङ्क्ते । तस्मादुह वै ब्रह्मचारिसङ्घं चरन्तं न प्रत्याचक्षीतापि हैष्वेवंविध एवंव्रतः स्यादिति हि ब्राह्मणम् ॥२६॥

अनु. – ब्राह्मण ग्रन्थमा बताइएको छ कि आफ्ना आचारमा सावधान ब्रह्मचारीले आफूलाई भिक्षा नदिने स्त्रीबाट उनले यज्ञ गरेर कमाएको, दान गरेर कमाएको हवन गरेर कमाएको पुण्य र उनका सन्तान, पशु, ब्रह्मतेज, अन्न आदि सबै कुरा वरण गर्छ अर्थात् खोसेर लिन्छ ॥२६॥

टिप्पणी – त्यसो हुँदा ब्रह्मचारीलाई प्रत्याख्यान नगर्नू, भिक्षा नदिने नहुनू ।

सू. – **नानुमानेन भैक्षमुच्छिष्टं दृष्टश्रुताभ्यां तु ॥२७॥**

अनु. – भिक्षा गरेको अन्नलाई अनुमानद्वारा जूठो सावित नगर्नू । जूठो गराएको स्वयं देखियो वा विश्वसनीय व्यक्तिले 'यो भिक्षा गरेको अन्न जूठो हो भनिदियो भने मात्र त्यसलाई जूठो मान्नू ।'२७।

सू. – **भवत्पूर्वया ब्राह्मणो भिक्षेत ॥२८॥**

अनु. – ब्राह्मण ब्रह्मचारीले भिक्षा माग्दा 'भवत्' शब्दको पहिले प्रयोग गरी **भवति ! भिक्षां देहि** भनी माग्नू ॥२८॥

सू. – **भवन्मध्यया राजन्यः ॥२९॥**

अनु. – क्षत्रिय ब्रह्मचारीले भिक्षा माग्दा भवत् शब्दलाई बीचमा पारेर **भिक्षां भवति ! देहि** भनी माग्नू ॥२९॥

सू. – **भवदन्त्यया वैश्यः ॥३०॥**

अनु. – वैश्य ब्रह्मचारीले भिक्षा माग्दा भवत् शब्दलाई अन्तमा पारेर **भिक्षां देहि भवति !** भनी माग्नू ॥३०॥

सू. – **तत् समाहृत्योपनिधायाऽचार्याय प्रब्रूयात् ॥३१॥**

अनु. – त्यो भिक्षान्न जम्मा गरी ल्याएर गुरुजीका नगीचमा राखी यो मैले भिक्षान्न ल्याएँ भनी निवेदन गर्नू ॥३१॥

सू. – **तेन प्रदिष्टं भुञ्जीत ॥३२॥**

अनु. – गुरुजीबाट 'बाबु ! यो तिमी खाऊ' भनी आज्ञा भएको अन्न खानू ॥३२॥

सू. – **विप्रवासे गुरोराचार्यकुलाय ॥३३॥**

अनु. – गुरु परदेश जानुभएको अवस्थामा गुरुकुलका सदस्य (उहाँका पत्नी पुत्र आदिलाई) भिक्षान्न टक्र्याई उहाँहरूका आदेशले खानू ॥३३॥

सू. – **तैर्विप्रवासेऽन्येभ्योऽपि श्रोत्रियेभ्यः ॥३४॥**

अनु. – गुरुजी आफना परिवारका सबै सदस्यका साथ परदेश जानुभएमा अरू

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नै वैदिक विद्वान्लाई भिक्षान्न सुम्पेर आदेश लिई भोजन गर्नू ।।३४।।

सू. – नाऽऽत्मप्रयोजनश्चरेत् ।।३५।।

अनु. – केवल आफ्नो प्रयोजनको लागि भिक्षावृत्ति नगर्नू ।।३५।।

टिप्पणी – अरू वैदिक विद्वान् फेला नपरेमा भिक्षान्नबाट केही अंश अग्निमा समर्पण गरी भोजन गर्नू ।

सू. – भुक्त्वा स्वयममत्रं प्रक्षालयीत ।।३६।।

अनु. – भोजन गरिसकेपछि भोजनपात्र स्वयं साफ गर्नू ।।३६।।

सू. – न चोच्छिष्टं कुर्यात् ।।३७।।

अनु. – जूठो अन्न बाँकी नराख्नू, (जति खाइ सकिन्छ त्यति मात्र लिनू) ।।३७।।

सू. – अशक्तौ भूमौ निखनेत् ।।३८।।

अनु. – यदि खाइसकिएन भने बाँकी अंश जमीनमा गाडिदिनू ।।३८।।

सू. – अप्सु वा प्रवेशयेत् ।।३९।।

अनु. – अथवा त्यो जूठो अन्न पानीमा फ्याँकिदिनू ।।३९।।

सू. – अर्याय वा पर्यवदध्यात् ।।४०।।

अनु. – अथवा उपनयन संस्कार नभएका वैश्य बालकको छेउमा त्यो अन्न जम्मा गरी राखिदिनू ।।४०।।

टिप्पणी – अर्यः स्वाभिवैश्ययोः (पा. सू. ३।१।१० ३) यहाँ हरदत्त मिश्रको उज्ज्वल व्याख्यामा अर्य र आर्यलाई एक मानी ब्राह्मण, क्षत्रिय, वैश्यमध्ये कुनै एकथरी आनुपनीत बालकका छेउमा राखिदिनु भनिएको छ । त्यो ठीक होइन ।

सू. – अन्तर्धिने वा शूद्राय ।।४१।।

अनु. – अथवा आचार्यको दास शूद्र बालकको छेउमा राखिदिनू ।।४१।।

टिप्पणी – यहाँ 'अन्तर्धि' शब्दको अर्थ दास हो ।

सू. – प्रोषितो भैक्ष्यादग्नौ कृत्वा भुञ्जीत ।।४२।।

अनु. – ब्रह्मचारीले कार्यविशेषले कहीं जानुपरेमा भिक्षा गरी ल्याएको अन्न-बाट केही अग्निमा हवन गरी खानू ।।४२।।

टिप्पणी – अग्नि ब्राह्मणजातिका देवता हुन् । त्यसकारण उनी गुरुको स्थान ग्रहण गर्दछन् ।

सू. – भैक्षं हविषा संस्तुतं तत्राऽऽचार्यो देवतार्थे ।।४३।।

अनु. – धेरै घरमा भिक्षा गरेर ल्याएको अन्नसमूह हवनीय द्रव्य जस्तै पवित्र मानिन्छ । त्यसको देवता गुरु मानिनुहुन्छ ।।४३।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

टिप्पणी – मनुले पनि भनेका छन् —

भैक्षेण वर्तयेन्नित्यं नैकान्नादी भवेद् व्रती ।
भैक्षेण व्रतिनो नित्यमुपवाससमा स्मृता: ।।

(मनुस्मृति २/१८८)

सू. – **आहवनीयार्थे च ।।४४।।**

अनु. – भिक्षा गरेर ल्याइएको अन्न गुरुजीका जठराग्निमा हवन गरिने हुँदा आह्वनीय अग्निको काम पनि गुरुजी नै गर्नु हुन्छ ।।४४।।

सू. – **तं भोजयित्वा ।।४५।।**

अनु. – भिक्षान्नको समूहबाट गुरुजीलाई भोजन गराएर ।।४५।।

इति प्रथमे प्रश्ने तृतीया कण्डिका

प्रथम प्रश्नमा तेस्रो कण्डिका पूरा भयो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अथ चतुर्थी कण्डिका

(अब चौथो कण्डिका सुरु हुन्छ)

सू. – यदुच्छिष्टं प्राश्जाति (प्रांश्जाति) ।।१।।

अनु. – (गुरुजीलाई भोजन गराएपछि) जो बचेको हुन्छ त्यो ब्रह्मचारी भोजन गर्छ (गरोस्) ।।१।।

टिप्पणी – यस सूत्रमा 'प्राश्नाति' पदमा 'न' कारको पाठ अशुद्ध हो 'प्राश्जाति' यस्तै पाठ हुनुपर्ने, किनभने 'शात् ८।४।४४' पाणिनीय सूत्रले चुत्व निषेध गर्छ । अथवा छन्दः (वेद) मानेर समाधान गर्न सकिन्छ ।

सू. – हविरुच्छिष्टमेव तत् ।।२।।

अनु. – गुरुलाई भोजन गराएर वचेको खाद्य (जूठो) (ब्रह्मचारी छात्रका लागि) यज्ञको हवनीय पदार्थकै समान पवित्र मानिन्छ ।।२।।

सू. – यदन्यानि द्रव्याणि यथालाभमुपहरति दक्षिणा एव ताः ।।३।।

अनु. – भोजनबाहेक अरु प्रकारका गाई, समिधा आदि वस्तु भिक्षामा जो प्राप्त हुन्छन् ती सबै ब्रह्मचारी गुरुजीलाई समर्पित गर्दछ, ती गुरुका लागि दक्षिणा नै भए ।।३।।

सू. – स एष ब्रह्मचारिणो यज्ञो नित्यप्रततः ।।४।।

अनु. – त्यो यो ब्रह्मचारीको यज्ञ सधैं चलिरहेको हुन्छ ।।४।।

सू. – न चास्मै श्रुतिविप्रबिद्धमुच्छिष्टं दद्यात् ।।५।।

अनु. – गुरुले ब्रह्मचारी छात्रलाई यस्तो कुनै पनि वस्तु उच्छिष्टको रूपमा नदिनू, जो उसको लागि शास्त्रले निषिद्ध गरेको छ ।।५।।

सू. – यथा क्षार लवणमधुमांसानीति ।।६।।

अनु. – जस्तो क्षार (कुनै पनि पदार्थको थिगर) नून, मह, फलफूलको मदिरा, मासु, (यी चीज उच्छिष्ट भए पनि ब्रह्मचारीलाई नदिनू) ।।६।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सू. — **एतेनान्ये नियमा व्याख्याताः ।।७।।**

अनु. — यसद्वारा अरू अरू नियमहरू (सुगन्ध तेलको लेप, सुगन्ध मालाको धारण जस्ता कुरा उच्छिष्टको रूपमा ब्रह्मचारी छात्रलाई नदिनू भन्ने कुराको व्याख्या भयो ।।७।।

पुर्खादेखि चल्दै आएको आचार भन्नेहरूलाई जवाफ—

सू. — **श्रुतिर्हि बलीयस्यानुमानिकादाचारात् ।।८।।**

अनु. — परम्परादेखि चल्दै आएको आनुमानिक आचारको अपेक्षा प्रत्यक्ष श्रुति बलवान् हुन्छ ।।८।।

टिप्पणी — आनुमानिकको अर्थ हो अन्दाजद्वारा प्रामाणिक मानिएको समाजमा परम्परादेखि चल्दै आएको आचारलाई दृष्टिमा राखेर यस प्रकारको आचार-परम्परा चलनुमा कारण वेद वा धर्मशास्त्रकै कुनै अंश हुनुपर्छ भन्ने अन्दाज लगाइन्छ । यस्तो अन्दाजलाई भन्दा प्रत्यक्ष देखिने वेदलाई नै प्रामाणिक मान्नुपर्छ भन्ने यसको तात्पर्य हो ।

यसमा शङ्का— वेदवाक्य एकै सिद्धान्तका मात्र समर्थक नभएर परस्पर-विरोधी पनि हुन्छन्; जस्तै— ज्योतिष्टोमनामक यज्ञका अतिरात्रसंस्थान प्रकरणमा षोडशीग्रह[1]लाई ग्रहण गर्ने नगर्ने भन्ने बारेमा— 'अतिरात्रे षोडशिनं गृह्णाति'' नातिरात्रे षोडशिनंगृह्णाति' ('ज्योतिष्टोम यज्ञको अतिरात्र संस्थान प्रकरणमा खयरका काठबाट तयार गरिएको षोडशीनामक पात्रविशेषमा सोमरस भर्दछ।)' 'उक्त यज्ञका उक्त प्रकरणमा षोडशी नामक पात्रविशेषमा सोमरस भर्दैन ।' यस्तो स्थितिमा परम्परागत आचार-पद्धतिलाई पनि दृष्टिमा राखेर वेदवाक्यको तात्पर्य ठम्याउनु युक्तिसङ्गत नहोला र ?

यसको समाधान अगाडिका ९ र १० संख्याका सूत्र गर्दछन् ।

सू. — **दृश्यते चापि प्रवृत्तिकारणम् ।।९।।**

अनु — दुनियाको कहीं प्रवृत्ति हुनमा अरू कारण पनि देखिन्छ ।।९।।

सू. — **प्रीतिर्ह्युपलभ्यते ।।१०।।**

---

१ यहाँ 'ग्रह' शब्दको अर्थ ओखलका आकारको तरल पदार्थ उँभो हुत्त्याउने वा उँभोबाट तरल पदार्थ भर्ने पात्रविशेष हो । एवं षोडशी शब्दको अर्थ खयरका काठबाट तयार गरिएको त्यस्तै 'पात्रविशेष' हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनु. – कसैको कहीं प्रवृत्ति[1] हुनमा उसको मनको प्रीति प्रसन्नता कारण हुन्छ ॥१०॥

टिप्पणी – आचार–परम्परा चलनुमा वेदशास्त्र वा धर्मशास्त्रका वाक्य मात्र कारण नभई मानिसको स्वाद, सहुलियततर्फको झुकाव पनि कारण हुने हुनाले जता धेरैको मन रमाउँछ, सहुलियत मिल्छ त्यतै उनको प्रवृत्ति हुन्छ। प्रवृत्तिले नै धेरै समयतक चल्दै गएर आचार परम्परा-को रूप लिन्छ। त्यस्तो आचार–परम्परा तर्कसङ्गत वा क्षोदक्षम कहिल्यै हुन सक्तैन। त्यसकारण प्रत्यक्ष वेदवाक्य भएपछि आचार-परम्परातर्फ सोच्नु आवश्यक देखिंदैन।

सू. – **पितुर्ज्येष्ठस्य च भ्रातुरुच्छिष्टं भोक्तव्यम् ॥११॥**

अनु. – पिता र जेठा दाजुको उच्छिष्ट खानुपर्छ ॥११॥

टिप्पणी – यहाँ उच्छिष्ट शब्दको अर्थ जूठो होइन। किन्तु 'उत्कृष्टं शिष्टम् उच्छिष्टम्' यस व्युत्पत्तिअनुसार बचेको खाद्य हो।

सू. – **धर्मविप्रतिपत्तावभोज्यम् ॥१२॥**

अनु. – पिता वा जेठा दाजु आफ्नो धर्मबाट पतित भएमा वा उनीहरूको उच्छिष्ट भोजन गर्दा आफ्नो ब्रह्मचारीधर्ममा खलल पर्ने भएमा नखानू ॥१२॥

सू. – **सायं प्रातरुदककुम्भमाहरेत् ॥१३॥**

अनु. – साँझ–बिहान गुरुको निमित्त घडामा पानी ल्याउनू ॥१३॥

सू. – **सदाऽरण्यादेधानाहृत्याऽधो निदध्यात् ॥१४॥**

अनु. – प्रतिदिन जङ्गलबाट समिधा ल्याएर गुरुको घरमा तल्लो भागमा राखनू ॥१४॥

टिप्पणी – गृह्यसूत्रमा ब्रह्मचारी विद्यार्थीको लागि दैनिक समिधा हवन विधान गरिएको हुनाले मुख्य रूपमा त्यसकै लागि यो नियम हो। गुरुगृहमा भोजन–निर्माण आदिमा पनि यसको उपयोग हुन सक्छ। तल्लो भागमा राखने आदेश चाहिं बालक आदि कोही नगरुन् भन्ने दृष्टिले दिइएको हो।

सू. – **नास्तमिते समिद्धारो गच्छेत् ॥१५॥**

अनु. – सूर्यास्तपछि समिधा लिन नजानू ॥१५॥

---

१. प्रवृत्ति: = कुनै काममा लाग्नु।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सू. – **अग्निमिध्वा परिसमूह्य समिध आदध्यात्सायंप्रातर्यथोपदेशम् ।।१६।।**

अनु. – आगो जलाएर वरिपरि मार्जन (जलसेचन सफाइ) गरी विहान-वेलुकै गृह्यसूत्रमा बताइएअनुसार समिधा हवन गर्नू ।।१६।।

सू. – **सायमेवाऽग्निपूजेत्येके ।।१७।।**

अनु. – साँझमा मात्र अग्निपूजा गर्नू, विहान होइन भन्ने कुनै आचार्यको मत छ ।।१७।।

सू. – **समिद्धमग्निं पाणिना परिसमूहेन्न समूहन्या ।।१८।।**

अनु. – बलेका अग्निको चारैतरफ हातले परिमार्जन गर्नू । कुशका कुचाले होइन ।।१८।।

सू. – **प्राक्तु यथाकामी ।।१९।।**

अनु. – अग्नि जगाउनुभन्दा पहिले त इच्छाअनुसार कुचैले सफा गरे पनि हुन्छ ।।१९।।

सू. – **नाऽग्न्युदकशेषेण वृथाकर्माणि कुर्वीताऽऽचामेद्वा ।।२०।।**

अनु. – अग्नि परिचर्या समूहन मार्जन गरेर बचेको जलले धर्म आदि अदृष्ट प्रयोजनले रहित भई हात-गोडा धुनू जस्ता फजूल काम नगर्नू, नअचाउनू पनि ।।२०।।

सू. – **पाणिसंक्षुब्धेनोदकेनैकपाण्यावर्जितेन च नाऽऽचामेत् ।।२१।।**

अनु. – हात हालेर चलाएको वा एक हातले मात्र ल्याएका पानीले आचमन नगर्नू ।।२१।।

सू. – **स्वप्नं च वर्जयेत् ।।२२।।**

अनु. – सुत्न त्याग गर्नू ।।२२।।

टिप्पणी – पहिले दिनमा सुत्न निषेध गरिएको थियो । अब यस सूत्रले गुरु जागा भएसम्म सुत्न निषेध गरिन्छ ! गुरुभन्दा पछि सुतेर उहाँभन्दा पहिल्यै जागेमा उहाँको दृष्टिमा ब्रह्मचारी छात्रले निद्रा त्यागेको ठहर्छ ।

सू. – **अथाऽहरहराचार्यं गोपायेद्धर्मार्थयुक्तैः कर्मभिः ।।२३।।**

अनु. – अब (विहान जागा भएपछि) ब्रह्मचारीले धर्म र अर्थले युक्त क्रिया-कलापद्वारा दिनहुँ गुरुको सुरक्षा गर्नू ।।२३।।

टिप्पणी – यहाँ धार्मिक क्रिया भनेर समिधा, कुश, फूलहरू जम्मा गर्नुलाई सम्झनुपर्छ, अर्थयुक्त क्रिया भनेर घाँस, दाउरा आदि जम्मा गर्नुलाई सम्झनुपर्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सू. – **स गुप्त्वा संविशन् ब्रूयाद्धर्मगोपायमाजूगुपमहमिति ।।२४।।**

अनु. – यसप्रकार सहायता पुऱ्याएर गुरुको सुरक्षा गरेपछि सुत्न जाने समयमा **धर्मगोपायमाजूगुपमहम्** यो वैदिक मन्त्र पढ्नू । यसको अर्थ यसप्रकार छः–धर्मको रक्षा गर्ने गुरुको बचाव मैले गरें। कुनै आचार्य यसको यस्तो अर्थ गर्छन्– हे धर्म ! मेरो सुरक्षा गर । मैले गुरुको रक्षा गरेको छु।

सू. – **प्रमादादाचार्यस्य बुद्धिपूर्वं वा नियमातिक्रमं रहसि बोधयेत् ।।२५।।**

अनु. – गुरुले बेहोसीले अथवा जानीजानी नियमको उल्लङ्घन गरेमा एकान्तमा वहाँलाई सम्झाउनू ।

सू. – **अनिवृत्तौ स्वयं कर्माण्यारभेत ।।२६।।**

अनु. – सम्झाउँदा पनि नियमको अतिक्रमणबाट गुरु नहटेमा ब्रह्मचारी स्वयं गुरुका कर्तव्य कर्महरू गर्न लाग्नू ।।२६।।

सू. – **निवर्तयेद्वा ।।२७।।**

अनु. – अथवा जवर्जस्त गुरुलाई अकर्तव्यबाट हटाउनू अथवा उहाँका पिता माता आदि अभिभावकको मद्दत लिएर हटाउनू ।।२७।।

सू. – **अथ यः पूर्वोत्थायी जघन्यसंवेशी तमाहुर्न स्वपितीति ।।२८।।**

अनु. – जो ब्रह्मचारी गुरुजी उठ्नुभन्दा पहिले उठ्छ, गुरुजी सुत्नुभन्दा पछि सुत्छ त्यसलाई धर्मज्ञहरू भन्दछन्– यी ब्रह्मचारी त सुत्दैनन् ।।२८।।

सू. – **स य एवं प्रणिहितात्मा ब्रह्मचार्यत्रैवास्य सर्वाणि कर्माणि फलवन्त्यवाप्तानि भवन्ति यान्यपि गृहमेधे ।।२९।।**

अनु. – जो यस प्रकरणमा वताइएअनुसार गुरुमा सर्वात्मना समर्पित भएर ब्रह्मचर्यव्रत पूरा गरी अध्ययन गर्दछ त्यो ब्रह्मचारी यसै ब्रह्मचर्याश्रममा गृहस्थाश्रममा पछि गएर गरिने सम्पूर्ण कर्मको फल पाउँछ ।

इति आपस्तम्बीये धर्मसूत्रे चतुर्थी कण्डिका

(यसरी आपस्तम्ब धर्मसूत्रमा चौथो कण्डिका पूरा भयो)

प्रथम प्रश्न, प्रथम पटल पूरा भयो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अथ द्वितीयः पटलः

(अब दोस्रो पटल शुरु हुन्छ)

सू. – **निरामेषु तपश्शब्दः ॥१॥**

अनु. – यस प्रकरणमा तपःशब्दको प्रयोग ब्रह्मचारीले गर्नुपर्ने नियमरूप अर्थमा गरिएको छ । कृच्छ्रचान्द्रायण आदि रूपमा होइन ॥१॥

सू. – **तदतिक्रमे विद्याकर्म निःस्रवति ब्रह्म सहापत्यादेतस्मात् ॥२॥**

अनु. – उक्त नियमहरूको उल्लङ्घन गरेमा त्यसरी नियमको उल्लङ्घन गरी गरिएको अध्ययनले उसबाट र उसका सन्तानबाट पनि पहिले प्राप्त गरेको वेदज्ञान समेत भगाइदिन्छ ॥२॥

टिप्पणी – ब्रह्मचारी ब्रह्मचर्यका नियमहरूको उल्लङ्घन गरी वेदविद्याको अध्ययन गर्दछ भने उसले ब्रह्मयज्ञ आदि धार्मिक कृत्यमा गरिएका मन्त्रोच्चारणको पुण्यफल हुँदैन। त्यसप्रकारण नियमहरूको उल्लङ्घन भएपछि विद्याध्ययन गर्ने कि नगर्ने भन्नेबारे विद्वान्हरूको मतभेद छ ।

नियमहरूको उल्लङ्घन गरिएमा विद्याध्ययनले पुण्यफल नहुने मात्र नभई अनर्थ गर्ने पनि हुन्छ भनिन्छ–

सू. – **कर्तपत्यमनापुष्यं च ॥३॥**

अनु. – ब्रह्मचर्यका नियमको उल्लङ्घन नरक दिलाउने र आयु घटाउने पनि हुन्छ ।

टिप्पणी – कर्तशब्दको वाच्य अर्थ खाल्टा हो, पत्य शब्दको अर्थ 'पतित अनेन' यस व्युत्पत्तिले गिराउने साधन हो । अतः खाल्टाको वाचक कर्त शब्दले यहाँ प्रयोजनवती लक्षणाद्वारा 'नरक' अर्थ बुझिन्छ ।

सू. – **तस्मादृषयोऽवरेषु न जायन्ते नियमातिक्रमात् ॥४॥**

अनु. – ब्रह्मचर्यका नियमहरूको उल्लङ्घन हुने हुँदा अर्वाचीन युग(कलियुग) मा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मन्त्रद्रष्टा ऋषिहरू जन्मँदैनन् ।।४।।

टिप्पणी – अर्वाक्‌को अर्थ हो आफूतर्फ (यतातिर) अर्वाक् भव अर्वाचीन उत्तरकालको युग अर्थात् कलियुग ।

सू. – **श्रुतर्षयस्तु भवन्ति केचित् कर्मफलशेषेण पुनस्संभवे ।।५।।**

अनु. – पूर्वजन्ममा अखण्ड ब्रह्मचर्य व्रतगरेर कमाएको पुण्यफल बाँकी हुनाले केही व्यक्तिहरू अगाडिको पुनर्जन्ममा वेदाध्ययनमा श्रुतर्षि (ऋषि-तुल्य) हुन्छन् ।।५।।

टिप्पणी – ब्रह्मचर्यका नियमहरूको उल्लङ्घन हुनाले कलियुगमा श्रुतर्षि (वेदादिशास्त्रको अध्ययनमा ऋषितुल्य व्यक्ति कसरी भए त ? यस प्रश्नको उत्तर यस सूत्रमा दिइएको छ–

यसमा उदाहरण–

सू. – **यथा श्वेतकेतुः ।।६।।**

अनु. – जस्तै श्वेतकेतु ।

टिप्पणी – श्वेतकेतुको वयान छान्दोग्योपनिषद्‌को ६।१।१ मा पाइन्छ । जस्तै– अरुणका नाति श्वेतकेतुले १२ वर्षको उमेरमा गुरुको आश्रममा गएर २४ वर्षको हुँदा चारै वेदहरूको यथार्थ अध्ययन गरी आफू विधिपूर्वक समस्त वेदविद्याको अध्ययन गर्ने सम्झने गर्विलो रूपमा आपना घर फर्के । इत्यादि ।

ब्रह्मचर्यका नियमहरूको उल्लङ्घनबाट हुने दोषहरू बताएर अब ब्रह्मचर्यव्रतका नियमहरूको पूर्ण परिपालनबाट हुने सफलता बताइन्छ ।

सू. – **यत्किंच समाहितोऽब्रह्माप्याचार्यादुपयुङ्क्ते ब्रह्मवदेव तस्मिन् फलं भवति ।।७।।**

अनु. – ब्रह्मचारी सावधानीसाथ नियम आधारहरूको पालना गर्दै वेदविद्याका अतिरिक्त अरू पनि जो उपयोगी ज्ञान गुरुबाट ग्रहण गर्दछ । त्यसको अध्ययनमा पनि वेदविद्याको अध्ययनमा जस्तै पुण्यफल हुन्छ ।।७।।

सू. – **अथो यत्किंच मनसा वाचा चक्षुषा वा सङ्कल्पयन् ध्यायत्याऽहाऽभिविपश्यति वा तथैव तद्भवतीत्युपदिशन्ति।।८।।**

अनु. – यस्तो नियम आचारको पूर्ण रूपमा पालन गर्ने ब्रह्मचारी यसपछि मनले सङ्कल्प गर्दै जेजति सोच्छ, वाणीले जे भन्छ, नजरले ध्यानपूर्वक हेर्छ त्यो पनि त्यस्तै हुन्छ भनेर धर्मज्ञहरू भन्दछन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

टिप्पणी – यस सूत्रको हरदत्तको व्याख्यामा सङ्केत गरिएको छ– शान्त मनले अथवा क्रूर मनले सोचिएको होओस्, क्रूर वाणीले अथवा शान्त मधुर वाणीले भनिएको होओस्, भयानक दृष्टिले अथवा मित्रतापूर्ण दृष्टिले देखिएको होओस्, सबै समान रूपले पूरा भइहाल्छ ।

सर्वथा धर्मयुक्त पद्धतिबाट पढ्नुपर्छ भनियो । अब ती धर्म लक्षणको दृष्टिले तीन प्रकारका हुन्छन् । तिनका भेद बताइन्छन्–

सू. – **गुरुप्रसादनीयानि कर्माणि स्वस्त्ययनमध्ययनसंवृत्ति रिति ।।९।।**

अनु. – विद्यार्थी ब्रह्मचारीले पाउ धुने जस्ता गुरुलाई प्रसन्न गराउने कामहरू, सबैको कल्याण गर्ने, विशेष रूपमा आफ्नो कल्याण गर्ने मङ्गलमय कामहरू र वेदादिविद्याको परिश्रमपूर्वक अभ्यास मुख्य रूपमा यी तीन कामहरू गर्नुपर्छ ।।९।।

टिप्पणी – मङ्गलमय काम तीन प्रकारका बताइएका छन्– १) दृष्टार्थ, २) अदृष्टार्थ, ३) उभयार्थ । पौडेर नदी तर्नु जस्ता काम दृष्टार्थमा पर्दछन् । क्षार पदार्थ[१] र नून नखानु जस्ता काम अदृष्टार्थमा आउँछन् । भिक्षाचरण जस्ता काम उभयार्थमा लिइन्छन् ।

सू. – **अतोऽन्यानि निवर्तन्ते ब्रह्मचारिणः कर्माणि ।।१०।।**

अनु. – यहाँ बताइएका बाहेक अरू काम ब्रह्मचारीले गर्नु पर्दैन ।

सू. – **स्वाध्यायधृग् धर्मरुचिस्तपस्व्यृजुर्मृदुस्सिध्द्यति ब्रह्मचारी ।।११।।**

अनु. – आफूले अध्ययन गरेको ग्रन्थ नबिर्सने, धर्मकार्यमा चाख लिने, सावधानीसाथ ब्रह्मचर्यका नियमहरूको पालन गर्ने, नरम सरल स्वभावको ब्रह्मचारी सिद्धि पाउँछ (सफल हुन्छ) ।

सू. – **सदा महान्तमपररात्रमुत्थाय गुरोरितष्टन् प्रातरभिवादनमभिवादयीताऽसावहं भो, इति ।।१२।।**

अनु. – सधैं बिहान सबेरै रातको अन्तिम प्रहरमा उठेर गुरुको सामु गई 'गुरुजी ! म अमुक व्यक्ति अभिवादन गर्दैछु' भनेर आफ्नो नाम लिंदै उहाँलाई दण्डवत् प्रणाम गर्नू ।।१२।।

सू. – **समानग्रामे वसतामन्येषामपि वृध्दतराणां प्राक् प्रातराशात् ।।१३।।**

अनु. – एकै गाउँमा बस्ने अरू पनि निकै वृद्ध (विद्वान् ब्राह्मण) हरूलाई प्रातकाल भोजनपूर्ण दण्डवत् प्रणाम गर्नू ।।१३।।

---

१. कुनै पनि वस्तुको थिगरलाई यहाँ क्षार भनिएको हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सू. — **प्रोष्य च समागमे ।।१४।।**

अनु. — कुनै यात्रामा गएर फिरेपछि भेट भएमा उक्त व्यक्तिहरूलाई प्रणाम गर्नू ।।१४।।

टिप्पणी — यो अभिवादन (ढोग) मौकाअनुसार गरिन्छ १२।१३ सूत्रमा बताइएको अभिवादन नित्य गर्नुपर्छ ।

अब विशेष फलको इच्छाले गरिने अभिवादन बताइन्छ—

सू. — **स्वर्गमायुश्चेप्सन् ।।१५।।**

अनु. — स्वर्गवास र लामो आयु चाहने व्यक्तिले अरू समयमा पनि उक्त व्यक्तिहरूको अभिवादन गर्नू ।।१५।।

जातअनुसार अभिवादका प्रकार बताइन्छ—

सू. — **दक्षिणं बाहुं श्रोत्रसमं प्रसार्य ब्राह्मणोऽभिवादयीतोरस्समं राजन्यो मध्यसमं वैश्यो नीचौःशूद्रः प्राञ्जलि ।।१६।।**

अनु. — ब्राम्हणले दाहिने बाहुलाई कानसम्म फैलाएर अभिवादन गर्नू । क्षत्रियले छातीका बराबरीतक बाहुलाई फैलाएर अभिबादन गर्नू । वैश्यले आफ्नै कम्मरतक आफ्नो दाहिने हात फैलाएर र शूद्रले कम्मरभन्दा तल अँजुली बाँधेर अभिवादन गर्नू ।।१६।।

सू. — **प्लावनं च नाम्नोऽभिवादनप्रत्यभिवादने च पूर्वेषां वर्णानाम् ।।१७।।**

अनु. — ब्राह्मण, क्षत्रिय र वैश्य यी तीन जातिका व्यक्तिले अभिवादन र बदला अभिवादन गर्दा नामको अन्तिम वर्णलाई प्लुत बनाउनू ।।१७।। जस्तै-'म अभिवादन गर्दछु देवदत्त३,' 'लामू आयुवाला बन बाबू देवदत्त ३' इत्यादि मनुस्मृति को २।२५ पद्यले पनि यसको सङ्केत गरेको छ ।

सू. — **उदिते त्वादित्य आचार्येण समेत्योपसंग्रहणम् ।।१८।।**

अनु. — सूर्य उदाएपछि अध्ययनको लागि गुरुको समीपमा आएर शास्त्रमा बताइएअनुसार गुरुका पाउ पक्रने काम (उपसंग्रहण) गर्नू ।।१८।।

सू. — **सदैवाऽभिवादनम् ।।१९।।**

अनु. — बाँकी सबै अवसरहरूमा पहिले बताइएअनुसार नै अभिवादन गर्नू ।।१९।।

सू. — **उपसंग्राह्य आचार्य इत्येके ।।२०।।**

अनु. — कुनै धर्मज्ञ आचार्यको मतमा सधैं गुरुको पादोपसंग्रह (पयर दबाउने काम) नै गर्नू केवल अभिवादन मात्र होइन ।।२०।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उपसंग्रहणको स्वरूप –

सू. – **दक्षिणेन पाणिना दक्षिणं पादमधस्तादभ्यधिमृश्य सकुष्ठिक मुपसंगृह्णीयात् ।।२१।।**

अनु. – ब्रह्मचारी आफ्ना दाहिने हातले गुरुको दाहिने पयर तलमाथि दुवैतिर दबाएर गोलीगाँठासमेत पक्रनू । कसैले सकुष्ठीको अर्थ पयरका औंला समेत पनि गरेका छन् ।।२१।। यही उपसंग्रहण हो ।

सू. – **उभाभ्यामेवोभावभिपीडयत उपसंग्राह्यावित्येके ।।२२।।**

अनु. – कुनै धर्माचार्यको मतमा ब्रह्मचारीका दुवै हातले गुरुका दुवै चरण अर्थात् दाहिने हातले गुरुको दाहिने चरण बायाँ हातले बायाँ चरण पक्रेर उपसंग्रहण गर्नू ।।२२।।

व्यत्यस्तपाणिना कार्यमुपसंग्रहणं गुरोः ।
सव्येन सव्यःस्प्रष्टव्यो दक्षिणेन च दक्षिणः ।
मनुले पनि यस्तो भनेका छन् । (मनुस्मृति २।७२)

सू. – **सर्वाह्णं सुयुक्तोऽध्ययनादनन्तरोऽध्याये ।।२३।।**

अनु. – दिनभर सावधान एवं लगनशील भएर अध्ययनबाट आफूलाई नअल ग्याई अध्ययनमा जुट्नू ।।२३।।

सू. – **तथा गुरुकर्मसु ।।२४।।**

अनु. – त्यस्तै गुरुको काम गर्दा पनि लगनशील भएर अरू रोकावट नल्याई गर्नू ।।२४।।

सू. – **मनसा चाऽनध्याये ।।२५।।**

अनु. – अनध्यायका दिन पनि अध्ययनविषयक चिन्ता (मानसिक अध्ययन) नछोड्नू ।।२५।।

सू. – **आहुताऽध्यायी च स्यात् ।।२६।।**

अनु. – गुरुबाट अध्ययनको लागि बोलाहट भएपछि मात्र अध्ययनको लागि गुरुकहाँ आउनू अध्यापनको लागि स्वयं अनुरोध नगर्नू ।।२६।।

सू. – **इत्यापस्तम्बीये धर्मसूत्रे पञ्चमी कण्डिका**

अनु. – आपस्तम्बका धर्मसूत्रमा पाँचौं कण्डिका पूरा भयो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अथ षष्ठो कण्डिका

(अब छैटौं कण्डिका प्रारम्भ हुन्छ)

सू. – **सदा निशायां गुरुं संवेशयेत्तस्य पादौ प्रक्षाल्य संवाह्य ॥१॥**

अनु. – सधैं रातमा गुरुजीका पाउ धोएर मर्दन गर्दै (दाप्तै) उहाँलाई सुताउनू ॥१॥

सू. – **अनुज्ञातः संविशेत् ॥२॥**

अनु. – गुरुबाट आज्ञा पाएपछि मात्र सुत्नू । २॥

सू. – **न चैनमभि प्रसारयीत ॥३॥**

अनु. – गुरु राज भएतर्फ आफ्ना पयर नफैलाउनू ॥३॥

सू. – **न खट्वायां सतोऽभिप्रसारणमस्तीत्येके ॥४॥**

अनु. – गुरु खाटमा सुत्नु भएको भए उहाँका तर्फ पयर फैलाउन कुनै दोष हुँदैन भन्ने कसैको राय छ ।

सू. – **न चाऽस्य सकाशे संविष्टो भाषेत ॥५॥**

अनु. – गुरुका नगीचमा सुतीसुती उहाँसँग कुराकानी नगर्नू ॥५॥

सू. – **अभिभाषितस्त्वासीनः प्रतिब्रूयात् ॥६॥**

अनु. – गुरुले जसरी कुरा गरे पनि ब्रह्मचारीले बसेरै जवाफ दिनू ॥६॥

सू. – **अनुत्थाय तिष्ठन्तम् ॥७॥**

अनु. – गुरुजीले खडा भएर केही भन्नुभएको भए ब्रह्मचारीले पनि खडा भएरै जवाफ दिनू ॥७॥

सू. – **गच्छन्तमनुगच्छेत् ॥८॥**

अनु. – गुरुजी कहीं जान लाग्नुभएको भए ब्रह्मचारी छात्र पनि पछिपछि जानू ॥८॥

सू. – **धावन्तमनुधावेत् ॥९॥**

अनु. – गुरुजी दौडिइरहनुभएको भए छात्र पनि दौडनू ॥९॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सू. – **न सोपानद्वेष्टितशिरा अवहितपाणिर्वा सीदेत् ॥१०॥**

अनु. – गुरुका समीप जाँदा जुत्ता लगाई शिरमा पगरी आदि गुती वा हातमा हँसिबा खुकुरी आदि हतियार लिई नजानू ॥१०॥

सू. – **अध्वापन्नस्तु कर्मयुक्तो वाऽऽसीदेत् ॥११॥**

अनु.– बाटामा हिँडिरहेका बेलामा या हँसिया खुकुरी आदिद्वारा कुनै काम गरिरहेका बेला त जुत्ता लगाई शिरमा कपडा गुती हँसिया खुकुरी आदि लिएरै पनि गुरुकहाँ जानू ॥११॥

सू. – **न चेदुपसीदेत् ॥१२॥**

अनु. – गुरुको नगीचमा नबस्ने भए मात्र; अर्थात् गुरुको नगीचमा गएर बस्नुपरेमा जुत्ता खोली हतियार राखेर मात्र जानू ॥१२॥

सू. – **देवमिवाऽऽचार्यमुपासीताऽविकथयन्न विमना वाचं शुश्रुषमाणोऽस्य ॥१३॥**

अनु. – आफ्ना इष्टदेवको जस्तै गरी गुरुको आराधना गर्नू। उहाँसामु आफ्नो प्रशंसा वा फजूल कुरा नगर्नू, अन्यमनस्क नभई ध्यानपूर्वक उहाँको कुरा सुन्नू ॥१३॥

सू. – **अनुपस्थकृतः ॥१४॥**

अनु. – खुम्च्याएको देब्रे घुँडामाथि दाहिने गोडा राखी बस्नुलाई उपस्थकरण भन्दछन्। गुरुका साथमा बस्ता छाद्दले यस्तो उपस्थकरण गरी नबस्नू ॥१४॥

सू. – **अनुवाति वाते वीतः ॥१५॥**

अनु. – वायु शिष्यतिरबाट गुरुतर्फ बहिरहेको भए शिष्यले दिशा बदल्नू, अर्थात् गुरुका साथ नरहनू ॥१५॥

मनुले पनि यस्तो भनेका छन्—

'प्राति वाते ऽनुवाते च नासीत गुरुणा सह।'

(बतास शिष्यतिरबाट गुरुतर्फ चलेमा वा गुरुतिरबाट शिष्यतर्फ चलेमा शिष्यसँग गुरु नबस्नू)

सू. – **अप्रतिष्टब्धः पाणिना ॥१६॥**

अनु. – शिष्यले गुरुसित रहँदा जमीनमा हात नटेकी रहनू ॥१६॥

सू. – **अनपाश्रितो ऽन्यत्र ॥१७॥**

अनु. – गुरुछेउ बस्दा भित्तो, डील खम्बा आदिको आश्रय लिएर पनि नबस्नू ॥१७॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सू. – यज्ञोपवीती द्विवस्त्रः ।।१८।।
अनु. – शिष्यले गुरुसित रहँदा जनै र दुई कपडा पहिरिएर बस्नू[1] ।।१८।।

सू. – अधो निवीतस्त्वेकवस्त्रः ।।१९।।
अनु. – यदि ब्रह्मचारी एकै वस्त्र मात्र पहिरन्छ भने त्यो वस्त्र शरीरको तल्लो भागमा (कम्मरमुनि) मात्र पहिरनू, नओढ्नू ।।१९।।

सू. – अभिमुखो ऽनभिमुखम् ।।२०।।
अनु. – गुरुले आफूतर्फ नहेरे पनि स्वयं गुरुतर्फ मुख गराएर बस्नू ।।२०।।

सू. – अनासन्नोऽनतिदूरे च ।।२१।।
अनु. – ब्रह्मचारीले गुरुछेउ रहँदा उहाँको ज्यादा नगीच पनि नबस्नू, ज्यादा टाढा पनि नबस्नू ।।२१।।

सू. – यावदासीनो बाहुभ्यां प्राप्नुयात् ।।२२।।
अनु. – जहाँ बस्ता बसीवसी आफना दुवै हातले गुरुजीलाई छुन सकिन्छ। त्यहीं बस्नू ।।२२।।

सू. – अप्रतिवातम् ।।२३।।
अनु. – जताबाट गुरुजी भएतर्फ वायु बहिरहेको छ त्यता नबस्नू ।।२३।।

सू. – एकाध्यायी दक्षिणं बाहुँ प्रत्युपसीदेत् ।।२४।।
अनु. – पढ्ने विद्यार्थी एउटै मात्र छ भने गुरुजीको दाहिनेतर्फ बस्नू ।।२४।।

सू. – यथावकाशं बहवः ।।२५।।
अनु. – धेरै जना पढ्ने वाला भए ठाउँअनुसार जता सुविधा हुन्छ, उतै बस्नू ।।२५।।

सू. – तिष्ठति च नाऽऽसीताऽनासनयोगविहिते ।।२६।।
अनु. – आसन टक्र्याएर स्वागत नगरिएका गुरु खडारहेसम्म ब्रह्मचारी आसनमा नबस्नू ।।२६।।

सू. – आसीने च न संविशेत् ।।२७।।
अनु. – गुरुजी (उचित स्थान नमिलेर) बसिरहनुभएको छ भने विद्यार्थी ब्रह्मचारी नसुत्नू ।।२७।।
सू. – चेष्टति च चिकीर्षं स्तच्छक्तिविषये ।।२८।।

---

१. कुनै आचार्यहरुले यस सूत्रको यसप्रकार पनि अर्थ गरेका छन्– शिष्य दुई कपडा पहिरेर गुरुका समीपमा बस्छ भने उसले माथिको एक कपडालाई जनै जस्तो गरी पहिरेर बस्नू।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनु. – गुरुजीले कुनै काम गर्ने चेष्टा गरेमा उहाँले गर्ने चेष्टा गरेको काम आफ्नो ताकतभित्रको भए स्वयं गर्ने इच्छा प्रकट गर्नू ।।२८।।

सू. – न चास्य सकाशेऽन्ववस्थानिन उपसङ्गृह्णीयात् ।।२९।।

अनु. – आफू गुरुजीको समीपमा रहेको अवस्थामा माता पिता आदि अरू मान्यजन उपस्थित भएमा, उहाँहरू गुरुजीभन्दा कम स्थितिको हुनाले उहाँहरूका चरणमा दण्डवत् प्रणाम नगर्नू ।।२९।।

टिप्पणी – माता पिता आदि पनि गुरु हुन् किन्तु उनीहरू सबै आचार्य बराबर नहुनाले आचार्यको सामु अरूको चरणस्पर्श निषिद्ध गरिएको हो ।

सू. – गोत्रेण वा कीर्तयेत् ।।३०।।

अनु. – आचार्यको समीपमा उक्त अन्य मान्यजनको नाम गोत्र लिएर प्रशंसा नगर्नू ।।३०।।

सू – न चैनं प्रत्युत्तिष्ठेदनुतिष्ठेद्वापि चेतस्य गुरुः स्यात् ।।३१।।

अनु. – आफू गुरुजीको समीपमा रहेको अवस्थामा अरू सम्मान्य गुरुजन पाल्नु भएमा उहाँहरूको स्वागतार्थ उहाँहरूलाई लिन पनि नजानू, जान लाग्दा पुऱ्याउन पनि नजानू । सम्मान्य गुरुजनमा गुरुजीका गुरु नै किन नहुनुहोस् ।।३१।।

टिप्पणी – यहाँ गुरुजीका गुरु भन्नाले उहाँका मातापिता आदि मान्यजन सम्झनुपर्छ ।

सू. – देशात्त्वासनाच्च संसर्पेत् ।।३२।।

अनु. – किन्तु ती अन्य गुरुजन पाल्नुहुँदा आफू बसेको ठाउँबाट र आसनबाट केही हट्नू (उहाँहरूको स्वागत विदाइको लागि) ।।३२।।

सू. – नाम्ना तदन्तेवासिनं गुरुमप्यात्मन इत्येके ।।३३।।

अनु. – गुरुजीका छात्रलाई नाम लिएरै सम्बोधन गर्नू, गुरुजीका पुराना छात्र आफ्ना गुरु नै भए तापनि उनलाई बोलाउनुपर्दा नाम लिएरै बोलाउनू भन्ने कुनै आचार्यको राय छ ।।३३।।

सू. – यस्मिंस्त्वनाचार्यसम्बन्धाद्गौरवं वृत्तिस्तस्मिन्नन्वक्स्थानीये प्याचार्यस्य ।।३४।।

अनु. – जुन व्यक्तिमा गुरु-शिष्यको सम्बन्धलाई छोडी विद्या चरित्र आदि अरू नै कारणले सामाजिक प्रतिष्ठा प्राप्त भएको छ त्यस्ता व्यक्ति गुरुजीभन्दा कम तहकै भए तापनि उनमा गुरूजीमा जस्तै आदरपूर्ण व्यवहार गर्नुपर्छ ।।३४।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सू. – **भुक्त्वा चास्य सकाशे नानूत्थायोच्छिष्टं प्रयच्छेत् ।।३५।।**

अनु. – गुरुजीसँग भोजन गरेर उहाँभन्दा पछि उठी बचेको अन्न गुरुजीका दास आदिलाई दिनू ।।३५।।

टिप्पणी – भोजन गर्न लागेका वा नगर्न लागेका गुरुको समीपमा भोजन गरेर नउठीकन उच्छिष्ट (दासत्व) नदिनू ।

सू. – **आचामेद्वा ।।३६।।**

अनु. – अथवा आचमन गर्नू । (आचमन पनि भोजन स्थानबाट उठेर गर्नू) ।।३६।।

सू. – **किं करवाणीत्यामन्त्र्य ।।३७।**

अनु. – आचमनपछि गुरुजीसँग के काम गरुँ भनी सोधेर निर्दिष्ट काम गर्नू ।।३७।।

आपस्तम्बीय धर्मसूत्रे प्रथमप्रश्ने षष्ठी कण्डिका

आपस्तम्ब–धर्मसूत्रको प्रथम प्रश्नमा छैठौं कण्डिका पूरा भयो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अथ सप्तमी कण्डिका

(अब सातौं कण्डिका सुरू हुन्छ)

ब्रह्मचारीका नियम

सू. – उतिष्ठेत तूष्णीं वा ।।१।।

अनु – अथवा चूपचापसँग उठ्नू ।।१।।

सू. – नापपर्यावर्तेत गुरोः प्रदक्षिणीकृत्याः पेयात ।।२।।

अनु. – कार्यविशेषमा जानुपर्दा गुरुजीलाई बायाँ नपारी दायाँ पारेर प्रदक्षिणा गरी जानू ।।२।।

सू. – न प्रेक्षेत नग्नां स्त्रियम् ।।३।।

अनु. – नाङ्गी स्त्रीलाई नहेर्नू ।।३।।

टीका – जुन स्त्रीलाई हेर्दा मनमा विकार हुन्छ त्यो स्त्रीलाई नहेर्नू ।

सू. – ओषधि वनस्पतीनामाच्छिद्य नोपजिघ्रेत् ।।४।।

अनु. – फल पाकेपछि बोटसुक्ने धान, मकै, गहुँ, मास, कोदो, तुलसी, आदि औषधि हुन्, फूल नै नफुली फल फल्ने कटहर आदि वनस्पति हुन् । तिनका फल, पात चुँडेर नसुँघ्नू । अर्थात् सुँघ्नको लागि कुनै बोट-बिरुवाका फलपात नतोड्नू ।।४।।

सू. – उपानहौ छत्रं यानमिति वर्जयेत् ।।५।।

अनु. – जुत्ता, छाता, रथ आदि सवारीका साधनहरूलाई प्रयोगमा नल्याउनू ।।५।।

टिप्पणी– यस प्रकरणमा गौतमसूत्रमा अगाडि बताइने सबै कुरा ब्रह्मचारीले प्रयोगमा नल्याउनू भनिएको छ, जस्तै– मह, मदिरा, मांस, गन्धद्रव्य, चन्दन, माला, गाजल, तेल, जुत्ता, छाता, मालिस, काम, क्रोध, लोभ, मोह, वादविवाद, वाद्यवादन, स्नान, दतिवन । हर्ष, नृत्य, गीत गाउनु कसैको बदनाम गर्नु, डर देखाउनु यी कुरा नगर्नू ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सू. – न स्मयेत् ।।६।।

अनु. – नमुस्कराउनू ।।६।।

सू. – यदि स्मयेतापिगृह्य स्मयेतेति हि ब्राह्मणम् ।।७।।

अनु. – ज्यादा हर्ष हुनाले नमुस्कराई नसकिने स्थितिमा हातले मुख छोपेर मुस्कराउनू ।।७।।

सू. – नोपजिघ्रेत स्त्रियं मुखेन ।।८।।

अनु. – कुनै स्त्रीलाई मुखले नसुँघ्नू ।।८।।

टिप्पणी – यसको तात्पर्य हो स्नान गरी सुगन्ध द्रव्यले शरीर पोतेकी महिलालाई जानीजानी नसुँध्नू । अनजान रूपमा वासनारहित भएर स्वतः आएको वासना सुँघिएमा वालिका, युवती जे भए पनि दोष छैन ।

सू. – न हृदयेन प्रार्थयेत् ।।९।।

अनु. – सुन्दरी स्त्रीलाई देखेर यो स्त्री मलाई मिलोस् भनी मनले प्रार्थना नगर्नू ।।९।।

सू. – नाकारणादुपस्पृशेत् ।।१०।।

अनु. – जरूरत कारण नपरी स्त्रीलाई नजीकबाट नछुनू ।।१०।।

सू. – रजस्वलो रक्तदन् सत्यवादी स्यादिति हि ब्राह्मणम् ।।११।।

अनु. – ब्राह्मणग्रन्थको रायअनुसार ब्रह्मचारीले शारीरिक सफाइ नगर्नू । दाँत पनि सफा नगर्नू, किन्तु सत्य बोल्नू ।।११।।

सू. – यां विद्यां कुरुते गुरौ तेऽप्यस्याऽऽचार्या ये तस्यां गुरोर्वंश्याः ।।१२।।

अनु. – गुरुमा निष्ठासँग रहेर ब्रह्मचारी जुन विद्याको अध्ययन गरिरहेको छ, त्यसै विद्यामा गुरुको विद्यावंशमा हुने आचार्यहरू पाल्नुभएमा उहाँहरूमा पनि ब्रह्मचारीले गुरुमा जस्तै व्यवहार गर्नुपर्छ । अरू विद्याको विद्यावंशका आचार्यहरू पाल्नुभएमा यो नियम उहाँहरूमा लागू हुँदैन ।।१२।।

टिप्पणी – यद्यपि गुरुको विद्यावंशका आचार्यहरूसँग ब्रह्मचारीले कुनै विद्या पढेको छैन तथापि ती आचार्यहरूमा उनले गुरुमा जस्तै सम्मान गर्नुपर्छ ।

सू. – यानन्यान् पश्यतोऽस्योपसगृह्णीयात् तदात्वे तउपसङ्ग्राह्याः ।।१३।।

अनु. – ब्रह्मचारीको समक्ष आचार्यजी अरू जस–जसको चरणस्पर्श गर्नु हुन्छ त्यो अवस्थामा ती सबैको ब्रह्मचारीले पनि चरणस्पर्श गर्नू ।।१३।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

टिप्पणी – त्यसपछि पनि जहाँ भेट भए पनि आचार्यले चरणस्पर्श गरेका व्यक्तिहरूको ब्रह्मचारीले चरणस्पर्श गर्नुपर्छ भन्ने कसैको राय छ ।

सू. – **गुरुसमवाये भिक्षायामुत्पन्नायां यमनुबद्धस्तदधीना भिक्षा ।।१४।।**

अनु – एकै ब्रह्मचारीका अनेक आचार्य एकत्र जुटेका अवस्थामा उसलाई भिक्षा प्राप्त भयो भने त्यो भिक्षा त्यतिखेर ऊ जुन आचार्यसँग अध्ययन गरिरहेको छ उनकै अधीन हुन्छ ।।१४।

टिप्पणी – एक ब्रह्मचारीका अनेक आचार्य हुनु तव मात्र सम्भव हुन्छ जव ऊ अनेक वेदको अध्ययन गर्दछ । प्राय: एक आचार्यले एकै वेदको अध्ययन गराउने परिपाटी पाइन्छ ।

सू. – **समावृत्तो मात्रे दद्यात् ।।१५।। माता भर्तारं गमयेत् ।।१६।। भर्ता गुरुम् ।।१७।।**

अनु. – समावर्तन कर्म भइसकेका ब्रह्मचारीले विवाह हुनुभन्दा पहिले भिक्षामा प्राप्त भएका वस्तुहरू आफ्नो मातालाई समर्पित गर्नू ।।१५।। माताले आफ्ना श्रीमान्कहाँ सो वस्तुहरू पुऱ्याउनू ।।१६।। श्रीमान्ले ती वस्तुहरूलाई ब्रह्मचारीका गुरुज्यूकहाँ पुऱ्याउनू ।।१७।।

सू. – **धर्मकृत्येषु वोपयोजयेत् ।।१८।।**

अनु. – अथवा विवाह हुनुभन्दा पहिले अध्ययन पूरा गरेका ब्रह्मचारीले भिक्षामा प्राप्त गरेका वस्तुलाई विवाह आदि धार्मिक कृत्यमा प्रयोग गरे पनि हुन्छ ।।१८।।

सू. – **कृत्वा विद्यां यावतीं शक्नुयाद् वेददक्षिणामाहरेद्धर्मतो यथाशक्ति ।।१९।।**

अनु. – ब्रह्मचारी विद्यार्थीले यथाशक्ति एक वेद, दुई वेद, तीन वेद या चारै वेदको अध्ययन गरी धार्मिक विधिअनुसार कमाइएको धन गुरुदक्षिणाको रूपमा टक्र्याउनू ।।१९।।

सू. – **विषमगते त्वाचार्य उग्रतः शूद्रतो वाऽऽहरेत् ।।२०।।**

अनु. – गुरुजी आर्थिक विपत्तिको अवस्थामा हुनुहुन्छ भने उग्र या शूद्रबाट धन लिएर भए पनि गुरुदक्षिणा दिनू ।।२०।।

टिप्पणी – वैश्य पुरुषको शूद्रा स्त्रीबाट उत्पन्न पुत्र 'उग्र' कहलाउँछ । अथवा भयङ्कर काम गर्ने द्विजाति (ब्राह्मण, क्षत्रिय, वैश्य) लाई पनि उग्र भन्दछन् ।

सू. – **सर्वदा शूद्रत उग्रतो वाऽऽचार्यार्थस्याऽऽहरणं धर्म्यमित्येके ।।२१।।**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनु. – केही आचार्यहरूको मतअनुसार गुरुदक्षिणा दिनको लागि साधारण अवस्था पनि उग्र वा शूद्रबाट धन लिनु धर्मयुक्त नै हो ।।२१।।

सू. – **दत्वा च नाऽनुकथयेत् ।।२२।।**

अनु. – आचार्यजीलाई यसरी धम दिएर अमुक गुरुलाई मैले यति धन दिएँ भनी प्रचार नगर्नू ।।२२।।

सू. – **कृत्वा च नाऽनुस्मरेत् ।।२३।।**

अनु. – सङ्कटमा गुरुको उपकार गरेर त्यस उपकारलाई याद नगर्नू ।।२३।।

सू. – **आत्मप्रशंसां परगर्हामिति च वर्जयेत् ।।२४।।**

अनु. – आफ्नो प्रशंसा, पराईको निन्दा जस्ता क्रियाकलापहरू छोडिदिनू ।।२४।।

सू. – **प्रेषितस्तदैव प्रतिपद्येत ।।२५।।**

अनु. – कुनै काम गर्दागर्दै गुरुजीले आदेश दिएर अरू काममा पठाउनु भएमा त्यही नयाँ आदेश भएको काम त्यतिखेरै पक्रनू । पहिले गरिरहेको काम छोडि दिनू ।।२५।।

सू. – **शास्तुश्चाऽनागमाद् वृत्तिरन्यत्र ।।२६।।**

अनु. – जुन विद्याको अध्ययनको लागि ब्रह्मचारी गुरुको सेवामा रहेको हो त्यो विद्या नैं ती गुरुलाई ठीकसँग आउँदैन भने त्यस ब्रह्मचारीले अर्को गुरुको सेवामा रहनुपर्छ । अध्ययन गर्नुपर्छ ।।२६।।

सू. – **अन्यत्रोपसङ्ग्रहणादुच्छिष्टाशनाच्चाचार्यवदाचार्यदारे वृत्तिः ।।२७।।**

अनु. – पाउ पक्रेर दण्डवत् प्रणाम गर्नु उच्छिष्ट भोजन गर्नु बाहेक अरू सबै सम्मानपूर्ण व्यवहार गुरुमा जस्तै गुरुपत्नीमा पनि गर्नू ।।२७।।

टिप्पणी – यस सम्बन्धमा मनु र गौतमको विचार पनि यसै प्रकारको पाइन्छ[२]।

सू. – **तथा समादिष्टेऽध्यापयति ।।२८।।**

अनु. – गुरुजीको आदेश पाएर निर्दिष्ट समयसम्म आफूलाई अध्यापन गर्ने व्यक्तिमा पनि अध्यापन-कालतक गुरुआमा जस्तै व्यवहार ब्रह्मचारीले गर्नुपर्छ ।।२८।।

सू. – **वृद्धतरे च सब्रह्मचारिणी ।।२९।।**

---

१. यहाँ दारा शब्दको एक वचन प्रयोग वैदिक अनुकरण मानिन्छ ।

२. मनु – **गुरुवद्गुरुपत्नीषु युवतीर्नाभिवादयेत ।**

मनुस्मृतिः अ. २।२१२

गौतम – **तद्भार्यापुत्रेषु चैवं नोच्छिष्टाशन-स्नापन-प्रसाधन-पादप्रक्षालनो न्मर्दनोपसङ्ग्रहणानि । गौ. ध. २।३१–३२ ।।**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनु. – उमेर, विद्या र तपस्याको दृष्टिले निकै बूढा सहपाठी साथीमा पनि गुरुपत्नीमा जस्तै व्यवहार गर्नू ।।२९।।

टिप्पणी – शिष्यले प्राप्त गर्नुपर्ने समग्र ज्ञान राशिको एक चौथाइ ऊ गुरुबाट प्राप्त गर्छ दोस्रो चौथाइ आफूभन्दा वरिष्ठ सहाध्यायी साथीबाट प्राप्त गर्छ, तेस्रो चौथाइ आफ्नै बुद्धिद्वारा प्राप्त गर्छ, चौथो चौथाइ कालक्रमले स्वतः बोधगम्य हुन्छ–

आचार्यात्पादमादत्ते पादं शिष्यः स्वमेधया ।
पादं सब्रह्मचारिभ्यः पादः कालक्रमेण च ।।

सू. – **उच्छिष्टाशनवर्जमाचार्यवदाचार्यपुत्रे वृत्तिः ।। ३०।।**

अनु. – ('पूर्व सूत्रबाट' वृद्धतरे पदको अनुवृत्तिः ।) आफूभन्दा उमेर र विद्यामा श्रेष्ठ गुरुपुत्रमा पनि ब्रह्मचारीले गुरुमा जस्तै व्यवहार गर्नू, किन्तु गुरुपुत्रको उच्छिष्ट-भोजन नगर्नू ।।३०।।

सू. – **समावृत्तस्याप्येतदेव सामयाचारिकमेतेषु ।।३१।।**

अनु. – विद्याको अध्ययन र व्रत पूरा गरी समावर्तन-कर्म गरिसकेका व्यक्तिको पनि गुरुदेखि गुरुपुत्रसम्मका सम्मान्य व्यक्तिहरूमा सामयाचारिक धर्म यी नै हुन् ।।३१।।

इत्यापस्तम्बीय धर्मसूत्रे सप्तमी कण्डिका

आपस्तम्ब धर्मसूत्रको सातौं कण्डिका पूरा भयो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अथ अष्टमी कण्डिका

(अब आठौं कण्डिका सुरू हुन्छ)

सू. – **यथा ब्रह्मचारिणो वृत्तम् ।।१।।**

अनु. – समावर्तनपछि (विवाहभन्दा पहिले) ब्रह्मचारीको जस्तै व्यवहार गर्नू ।।१।।

सू. – **माल्यालिप्तमुख उपलिप्तकेशश्मश्रुरक्तोऽभ्यक्तो वेष्टित्युपवेष्टिती काञ्चुक्युपानही पादुकी ।।२।।**

अनु. – त्यो व्यक्ति माला पहिरन सक्छ, चन्दन आदिको लेप मुखमा लगाउन सक्छ, केश, दाडी र जुँघामा तेल लगाउन सक्छ, आँखामा गाजल लगाउन सक्छ, शरीरमा तेल मालिस गर्न सक्छ, शिरमा पगडी बाँध्न, छाती र पीठमा जनै जस्तो गरी उत्तरीय पहिरन, कञ्चुक (कोट) पहिरन, जुत्ता पहिरन, खराउ पहिरन सक्छ ।।२।।

सू. – **उदाचारेषु चास्यैतानि न कुर्यात् कारयेद्वा ।।३।।**

अनु. – गुरुजी गुरुपुत्र आदि पूर्वोक्त सम्मान्यजनका दृष्टिमा यी माला, कोट, जुत्ता पहिरनु आदि क्रियाकलाप नगर्नू-नगराउनू ।।३।।

सू. – **स्वैरिकर्मसु च ।।४।।**

अनु. – आनन्दको लागि गरिने आफूखुशी कामहरूमा पनि माला पहिरनु आदि क्रियाकलाप नगर्नू-नगराउनू ।।४।।

अब उदाहरण प्रस्तुत गरिन्छन्–

सू. – **यथा दन्तप्रक्षालनोत्सादनावलेखनानीति ।।५।।**

अनु. – जस्तै दाँत माझ्नु, बुकुवा आदिद्वारा शरीर साफ गर्नु काइँयो आदिले केश साफ गर्नु जस्ता काम नगर्नू ।/५।।

सू. – **तद्द्रव्याणां च न कथयेदात्मसंयोगेनाऽऽचार्यः ।।६।।**

अनु. – आचार्यले गृहस्थ बनेका शिष्यका घरका सामग्रीहरूमध्ये कुनै एकले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पनि आफूसँग सम्बन्ध राखोस् भन्ने नचाहनू । अर्थात् कुनै सामग्रीप्रति पनि लालच नदेखाउनू ।।६।।

सू. – **स्नातस्तु काले यथाविध्यभिहृतमाहुतोऽभ्येतो वा न प्रतिसंहरेदित्येके ।।७।।**

अनु. – वेदविद्याको यथावत् अध्ययन गरी विद्या एवं प्रतस्नातक भएका ब्रह्मचारीले स्नातक भएको अवस्थामा विधिबमोजिम पहिराइएका माला आदि वस्तुलाई गुरुबाट आह्वान भएर वा आफ्नै तर्फबाट गुरुलाई भेट्न जाँदा हटाइरहनुपर्दैन, ती वस्तुहरू पहिरी गुरुजीको दर्शन गर्न हुन्छ भन्ने कुनै धर्माचार्यको राय छ ।।७।।

टिप्पणी – ग्रन्थकार आपस्तम्वको यसमा सहमति छैन ।

सू. – **उच्चैस्तरां नाऽऽसीत ।।८।।**

अनु. – विद्यार्थी ब्रह्मचारी आफ्ना गुरुको भन्दा उँचो आसनमा नबस्नू ।।८।।

सू. – **तथा बहुपादे ।।९।।**

अनु. – गुरुको आसनभन्दा होचो भए तापनि धेरै चरण भएको आसनमा नबस्नू ।।९।।

सू. – **सर्वतः प्रतिष्ठिते ।।१०।।**

अनु. – गुरुजीलाई उँचो आसनमा विराजित गराएर स्वयं सबै तरहले जमीनमा आश्रित गुन्द्री कम्बल आदिमा बस्नू ।।१०।।

सू. – **शय्यासने चाऽऽचरिते नाविशेत् ।।११।।**

अनु. – जुन शय्यामा गुरुजी सुत्नुहुन्छ त्यसमा विद्यार्थी ब्रह्मचारी नसुत्नू, जुन आसनमा गुरुजी बस्नुहुन्छ त्यस आसनमा विद्यार्थी नबस्नू ।।११।।

सू. – **यानमुक्तोऽध्वन्यन्वारोहेत् ।।१२।।**

अनु. – यात्रामा गुरु चढ्नुभएको यानमा उहाँले तिमी पनि चढ भनी आज्ञा दिएपछि ब्रह्मचारी पनि चढ्नू ।।१२।।

सू. – **सभा निकषं कटस्वस्तरांश्च ।।१३।।**

अनु. – ब्रह्मचारी, गुरुको आज्ञाले सभामा प्रवेश गर्न सक्छ, खेत सम्याउनको लागि लिणुल्कोमा चढ्न सक्छ, गुरुको साथ एक सुकुलमा परालको डसनामा बस्न सक्छ ।।१३।।

सू. – **नानभिभाषितो गुरुमभिभाषेत प्रियादन्यत् ।।१४।।**

अनु. – जबसम्म गुरुजी स्वयं कुनै कुरा भन्नु हुन्न तबसम्म गुरुजीसँग कुनै कुरा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्मचारीले नगर्नू । पुत्रजन्म, महत्त्वपूर्ण चीज वा धनको प्राप्ति जस्ता प्यारो लाग्ने कुरा भए त उहाँ बोल्नुभन्दा पहिल्यै बोल्नू ।।१४।।

सू. – **व्युपतोद व्युपजाप व्यभिहासोदामन्त्रणनामधेयग्रहणप्रेषणानीति गुरोर्वर्जयेत् ।।१५।।**

अनु. – गुरुलाई औंलाले कोटयाउनू, उहाँसँग कानेखुसी गर्नू, उहाँसामु खित्का छोडेर हाँस्नु वा हाँस्नु, उहाँलाई उँचो स्वरले बहिरालाई बोलाएजस्तो गरी बोलाउनु, उहाँको न्वारानको नाम लिनु, उहाँलाई आदेश दिनु, गुरुसमक्ष यी कुनै कुरा पनि गर्नु हुँदैन ।।१५।।

यस सम्बन्धमा मनुले यस्तो भनेका छन्–

'नोदाहरेत्तस्य नाम परोक्षमपि केवलम् ।

न चैवास्यानुकुर्वीत गतिभाषणचेष्टितम् ।। (मनुस्मृति २।१९९)

(गुरुको परोक्षमै पनि छात्रले उहाँको आदर व्यक्ताउने विशेषण–बेगर केवल नाम नलिनू । गुरुजीका हिंडाइ बोलाइ र अरू कुनै चेष्टाको नक्कल पनि नगर्नू)

सू. – **आपद्यर्थ ज्ञापयेत् ।।१६।।**

अनु. – आपत्ति परेको अवस्थामा औंलाले कोटयाउनु आदि प्रकारान्तरले भएको तथ्य घटना उहाँमा विदित गराउनू । परन्तु कुनै अवस्थामा पनि उहाँलाई विद्यार्थीले आदेश नदिनू ।।१६।।

सू. – **सहवसन् सायं प्रातरनाहुतो गुरुं दर्शनार्थो मच्छेत् ।।१७।।**

अनु. – एकै गाउँ ठाउँमा रहने ब्रह्मचारी छात्र गुरुबाट बोलाहट नभए पनि साँझ-बिहान उहाँकहाँ दर्शनको लागि जानू ।।१७।।

सू. – **विप्रोष्य च तदहरेव पश्येत् ।।१८।।**

अनु. – परदेश गएर फिरेपछि विद्यार्थी जुन दिन घरमा आइपुग्छ, त्यसै दिन उसले गुरुको दर्शन गर्नू ।।१८।।

सू. – **आचार्यप्राचार्यसन्निधाने प्राचर्यायोपसङगृह्योय पसञ्जि घृक्षेदाचार्यम ।।१९।।**

अनु. – यदि गुरुजी र उहाँका गुरुजी (प्राचार्य) साथै रहनुभएको छ भने विद्यार्थीले पहिले गुरुका गुरुको पाउ पक्रेर (पाउमा प्रणाम गरेर) आफ्ना गुरुका पाउ पक्रने चेष्टा गर्नू ।।१९।।

सू. – **प्रतिषेधेदितरः ।।२०।।**

अनु. – गुरुले उनलाई यसरी आफ्ना पाउ पक्रनुबाट निषेध गर्नू ।।२०।।

सू. – **लुप्यते पूजा चाऽस्य सकाशे ।।२१।।**

अनु. – प्राचार्यका छेउमा आचार्यका अरू पूजा लुप्त हुन्छन् ।।२१।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सू. – मुहुंश्चाऽऽचार्यकुलं दर्शनार्थो गच्छेद्याथाशक्त्यधिहस्त्यमादायाऽपि दन्तप्रक्षालनानीति ।।२२।।

अनु. – अन्यत्र बसे पनि ब्रह्मचारी विद्यार्थी गुरु दर्शनको लागि बारम्बार गुरुकहाँ जानू । जाँदा हातमा कुनै उपहार लिएर जानू । यसरी गुरुकहाँ लगिने उपहार दतिवन जस्तो हल्का द्रव्य पनि हुन सक्छ ।।२२।।

सू. – मातरं पितरमाचार्यमग्नींश्च गृहाणि च रिक्तपाणिर्नोपगच्छेद्राजानं चेन्न श्रुतमिति ।।२३।।

अनु. – माता, पिता, गुरु र अग्निको समीपमा जाँदा र आफ्नो घर जाँदा खालि हात नजानू । राजालाई त्यसभन्दा पहिले सुने-जानेको छैन भने उनकहाँ जाँदा पनि खाली हात नजानू ।।२३।।

अब शिष्यप्रति गुरुको व्यवहार बताइन्छ–

सू. – तस्मिन् गुरोर्वृत्तिः ।।२४।।

अनु. – अब ती विद्यार्थीमा गुरुको व्यवहार कस्तो हुनुपर्छ सोबारे विवेचन गरिन्छ ।।२४।।

सू. – पुत्रमिवैनमनुकाङ्क्षन् सर्वधर्मेष्वनपच्छादयमानः सुयुक्तो विद्यां ग्राहयेत् ।।२५।।

अनु. – विद्यार्थीलाई छोरो जस्तै टानेर उसको सर्वतोमुखी उन्नति चाहँदै सबै धर्ममा केही कुरा पनि नछिपाई खूब सावधान एवं तत्पर भएर उसलाई विद्या ग्रहण गराउनू ।।२५।।

सू. – न चौनमध्ययनविघ्नेनाऽऽत्मार्थेषूपरुन्ध्यादनापत्सु ।।२६।।

अनु. – आपत्मा बाहेक विद्यार्थीको अध्ययनमा बाधा पुऱ्याएर उनलाई गुरुले आफ्नो काममा नलगाउनू ।।२६।।

सू. – अन्तेवास्यनन्तेवासी भवति विनिहितात्मा गुरावनैपुणमापद्यमानः ।।२७।।

अनु – विद्यार्थी दोस्रा अध्यापकमा निष्टा राखेर आफूले अध्ययन गरिरहेका वर्तमान गुरुमा अध्यापन–कौशलको अभाव दर्शाउँछ भने त्यो विद्यार्थी रहँदैन त्यसलाई नपढाउनू ।।२७।।

टिप्पणी – यहाँ टीकाकारले दोस्रो व्याख्या पनि प्रस्तुत गरेका छन् । सो यसप्रकार छ– जो विद्यार्थी वाणी, मन कर्मले ठीकसँग गुरुको सेवा शुश्रुषा गर्दैन त्यसमा विद्यार्थित्व रहँदैन । (त्यस्तालाई नपढाउनू)

यस प्रकरणमा मनुले पनि यस्तो भन्नुभएको छ–

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धर्मार्थौ यत्र न स्यातां शुश्रुषा वापि तद्विधा ।
तत्र विद्या न वक्तव्या शुभं बीजमिवोषरे ॥

(जसबाट धर्म, अर्थ वा उपयुक्त सेवा प्राप्त छैन त्यस्ता विद्यार्थीमा विद्या दिनु असल जातको बीउ मरुभूमिमा रोप्नु जस्तो हो ।) (मनु. २।११२)

सू. — **आचार्योऽप्यनाचार्यो भवति श्रुतात् परिहरमाणः ॥२८॥**

अनु. — सच्चा विद्यार्थीलाई विद्या दिनुबाट वञ्चित राख्छ भने त्यस्ता गुरुमा पनि गुरुत्व रहँदैन अर्थात् छात्रले पनि त्यस्ता गुरुलाई छोडिदिनू ॥२८॥

सू. — **अपराधेषु चैनं सततमुपालभेत ॥२९॥**

अनु. — विद्यार्थीले अपराध गरेमा गुरुले उनलाई हरसमय हप्काउनुपर्छ ॥२९॥

सू — **अभित्रास उपवास उदकोपस्पर्शनमदर्शनमिति दण्डा यथामात्रमानिवृत्तेः ॥३०॥**

अनु. — डर देखाउनू, उपवास गराउनू, ठन्डा पानीले नुहाइ दिनू, गुरुले दण्डनीय छात्रलाई आफूलाई भेट्न नदिनू, यी दण्डका प्रकार हुन् । छात्रको अपराधी प्रवृत्ति नहटेसम्म अपराधको मात्रालाई दृष्टिमा राखी एक, दुई, तीन वा चारै उपायहरूलाई काममा ल्याउनुपर्छ ॥३०॥

सू. — **निवृत्तं चरितब्रह्मचर्यमन्येभ्यो धर्मेभ्योऽनन्तरो भवेत्यतिसृजेत् ॥३१॥**

अनु. — ब्रह्मचर्यव्रत एवं विद्याध्ययन पूरा गरी समावर्तन-कर्म गरेका छात्रलाई अब दोस्रो गृहस्थ आश्रमका कर्तव्यमा रतरहू भनी बिदा गर्नू ॥३१॥

इत्यापस्तम्ब-धर्मसूत्रेऽष्टमी कण्डिका समाप्ता ।

यसरी आपस्तम्ब–धर्मसूत्रको नेपाली अनुवादमा प्रथम प्रश्नको आठौं कण्डिका एवं द्वितीय पटल पूरा भयो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अथ तृतीय पटल

(अब तृतीय पटल प्रारम्भ)

सू. – **श्रावण्यां पौर्णमास्यामध्यायमुपाकृत्य मासं प्रदोषं नाऽधीयीत ॥१॥**

अनु.– श्रावणको पूर्णिमामा वेदाध्ययनको उपाकर्म गरेर एक महीनासम्म प्रदोषकाल (रात्रिको प्रथम भाग) मा वेदशास्त्रको अध्ययन नगर्नू ॥१॥

टिप्पणी – उपाकर्म भनेको प्रतिवर्ष वेदाध्ययन थाल्न गरिने कर्म हो। सूत्रमा अध्ययन–निषेध केवल प्रदोषकाल (रात्रिको पहिलो प्रहर) को लागि हुनाले रात्रिका बाँकी दुई प्रहरमा अध्ययन गर्नु हुन्छ।

– सू. **तैष्यां पौर्णमास्यां रोहिण्यां वा विरमेत् ॥२॥**

अनु.– तिष्पनक्षत्रयुक्त पूर्णिमामा वा रोहिणीनक्षत्रयुक्त पूर्णिमामा वेदाध्ययनबाट हट्नू ॥२॥

टिप्पणी – यसरी वर्षमा लगभग ५ महीनातक केवल वेदाध्ययनका लागि विधान गरिएको छ। तिष्प पुष्प, रोहिणी यी तीनै नक्षत्र लगभग पौषी पूर्णिमातिर पर्दछन्।

सू. – **अर्धपञ्चमांश्चतुरो मासानित्येके ॥३॥**

अनु.– कुनै धर्मज्ञ आचार्यका मतमा साढे चार महीना मात्र वेदाध्ययन गर्नू ॥३॥

टिप्पणी – उक्त पाँच महीना वा साढे चार महीनाका शुक्लपक्षमा नपढेको अंश गुरुबाट वेदाध्ययन गर्नू, कृष्णपक्षमा व्याकरण, ज्योतिष, आदि वेदाङ्गहरूको अध्ययन गर्नू ॥३॥

सू. – **निगमेष्वध्ययनं वर्जयेत् ॥४॥**

अनु. – चउरहरूमा वा गाउँबाट बाहिर निस्कने वा गाउँमा आउने बाटाहरूमा रहेर अध्ययन नगर्नू ॥४॥

सू. – **आनडुहेन शकृत्पिण्डेनोपलिप्तेऽधीयीत ॥५॥**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनु. – चउरमा वा आउने जाने बाटामा बसेर अध्ययन नगर्नु । कोठामा गोबरले जमीन लिपी त्यहाँ बसेर अध्ययन गर्नू ॥५॥

सू. – **श्मशाने सर्वतः शम्याप्रासात् ॥६॥**

अनु. – श्मशान (मुर्दा जलाउने ठाउँ) मा र त्यहाँबाट जूवाको साइलो फ्याँक्दा जति टाढा पुग्छ त्यसभित्रको वरिपरिको स्थानमा वेदविद्याको अध्ययन नगर्नू ॥६॥

सू. – **ग्रामेणाऽध्यवसिते क्षेत्रेण वा नाऽनध्यायः ॥७॥**

अनु. – श्मशानमा बस्ती बसेर त्यहाँ श्मशानको होइन गाउँको व्यवहार गर्न थालिएको भए वा त्यहाँ खेत बिराएर खेतको व्यवहार गर्न लागिएको भए त्यहाँ बसेर अध्ययन गर्न हुन्छ । त्यस्तो श्मशानमा अनध्याय मान्नुपर्दैन ॥७॥

सू. – **ज्ञायमाने तु तस्मिन्नेव देशे नाऽधीयीत ॥८॥**

अनु. – श्मशान गाउँका रूपमा वा खेतका रूपमा परिणत भइसकेपछि पनि 'त्यहाँ पहिले श्मशान थियो' यस्तो भान त्यहाँ हुन्छ भने त्यस स्थानमा बसेर अध्ययन गर्न हुन्छ ॥८॥

सू. – **श्मशानवत् शूद्रपतितौ ॥९॥**

अनु. – शूद्र एवं पतित व्यक्ति पनि श्मशान बराबरै हुन्छन् । त्यसो हुनाले तिनीहरू रहेको ठाउँमा र त्यसको आसपासका ठाउँमा पनि वेदविद्याको अध्ययन नगर्नू ॥९॥

सू. – **समानागार इत्येके ॥१०॥**

अनु. – कुनै धर्माचार्यका मतमा शूद्र र पतित व्यक्तिसँग एकै घरमा वा एकै ठाउँमा बसेर मात्र अध्ययन नगर्नू उनीहरू रहेका आसपासका जमीनमा बसेर अध्ययन गर्नु हुन्छ भन्दछन् ॥१०॥

सू. – **शूद्रायां तु प्रेक्षण-प्रतिप्रेक्षणयोरेवाऽनध्यायः ॥११॥**

अनु. – शूद्रजातिकी स्त्रीमा चाहिँ वेदविद्याको अध्ययन गर्ने व्यक्ति र उनमा परस्परमा हेराहेर मात्र भएमा पनि अनध्याय हुन्छ ॥११॥

सू. – **तथाऽन्यस्यां स्त्रियां वर्णव्यतिक्रान्तायां मैथुने ॥१२॥**

अनु. – त्यस्तै अरू जातका स्त्रीले आफूभन्दा तल्ला जातका पुरुषसँग यौन सम्बन्ध राखेको भए त्यस्ती र विद्यार्थीमा परस्परमा हेराहेर भएमा अनध्याय हुन्छ ॥१२॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सू. – ब्रह्माध्येष्यमाणो मलवद्वाससेच्छन् सम्भाषितुं ब्राह्मणेन सम्भाष्य तया सम्भाषेत । सम्भाष्य तु ब्राह्मणेनैव सम्भाष्याऽधीधीत एवं तस्याः प्रजानिः श्रेयसम् ।।१३।।

अनु. – वेदको अध्ययन गर्ने व्रत लिएको विद्यार्थी कुनै रजोवती स्त्रीसँग बोल्न चाहन्छ भने ऊ पहिले कुनै ब्राह्मणसँग कुराकानी गरोस् र ती रजोवतीसँग बोलोस् । अनि फेरि ब्राह्मणसँग बोलेर मात्र वेदशास्त्रको स्वाध्याय गरोस् । यसो गरेमा ती रजोवती स्त्रीको सन्तान उन्नत विचारको हुनहार हुन्छ ।।१३।।

टिप्पणी – विधवा रजस्वलाको सन्तानसम्बन्धी आसै नहुनाले उनीसँग वेदाध्ययनव्रतीले कुराकानी गर्दा यो नियम अपनाउनुपर्ने देखिंदैन ।

सू. – अन्तः शशवम् ।।१४।।

अनु. – भित्र मुर्दा भएको गाउँमा पनि वेदशास्त्रको स्वाध्याय नगर्नू ।।१४।।

सू. – अन्तश्चाण्डालम् ।।१५।।

अनु. – भित्र चण्डाल भएको गाउँमा पनि वेदशास्त्रको स्वाध्याय नगर्नू।।१५।।

सू. – अभिनिस्सृतानां तु सीम्न्यनध्यायः ।।१६।।

अनु. – गाउँको सीमामा मुर्दा निकालेर लँदै गरेको अवस्थामा पनि वेदशास्त्रको स्वाध्याय नगर्नू ।।१६।।

सू. – सन्दर्शने चारण्ये ।।१७ ।

अनु. – जङ्गलमा मुर्दा वा चाण्डाल देखिएमा पनि जवसम्म देखिइरहन्छ तवसम्म वेदशास्त्रको स्वाध्याय नगर्नू ।।१७।।

सू. – तदहरागतेषु च ग्रामं बाह्येषु ।।१८।।

अनु. – यदि त्यस गाउँमा उग्र, निषाद जस्ता वहिष्कृत जातिका व्यक्तिहरू बाहिरबाट आएका रहेछन् भने जुन दिन आएका हुन्छन् त्यस दिन शास्त्रीय स्वाध्याय नगर्नू ।।१८।।

सू. – अपि सत्सु ।।१९।।

अनु. – सज्जन विद्वान् महान् पुरुष घरमा आएमा पनि अनध्याय हुन्छ नपढ्नू ।।१९।।

सू – सन्धावनुस्तनिते रात्रिम् ।।२०।।

अनु. – साँझमा बादल गर्ज्यो भने रातभर नपढ्नू, अध्ययन नगर्नू ।।२०।।

सू. – स्वप्नपर्यान्तं विद्युति ।।२१।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनु. – विजुली चम्किरह्यो भने त्यसबेलादेखि सुत्ने बेलासम्म अनध्याय हुन्छ ।।२१।।

टिप्पणी – रातभर अनध्याय नहुने हुनाले सुतेर उठेपछि रातको अन्तिम प्रहरमा अध्ययन गर्न सकिन्छ ।

सू. – **उपव्युषं यावता वा कृष्णां रोहिणीमिति शम्याप्रासाद् विजानीयादेतस्मिन् काले विद्योतमाने सप्रदोषमहरनध्यायः ।।२२।।**

अनु. – अरुणोदयको आसपास अर्थात् रातको अन्तिम प्रहरमा कुनै स्थानबाट सोइलो फ्याँक्दा जति टाढा पुग्न सक्छ त्यसभित्रको स्थानमा रहेको कालो वा रातो गाईलाई हेर्दा यो कालो वा रातो रङ्गको छ भनी जान्न सकिन्छ । त्यो बेला विजुली चम्क्यो भने त्यो दिन र रात पूरै अनध्याय हुन्छ ।।२२।।

सू. – **दह्रेऽपररात्रे स्तनयित्नुना ।।२३।।**

अनु. – रात्रिको तेस्रो भागको उत्तरार्धमा मेघ गर्ज्यो भने भोलिपल्ट दिनभर र सन्ध्याकालमा पनि अनध्याय हुन्छ ।।२३ ।

टिप्पणी – रातको तेस्रो भागलाई **अपररात्र** भन्दछन् । अपररात्रको पहिलो भाग **महारात्र** भनिन्छ, अन्तिम भाग **दह्र** भनिन्छ ।

सू. – **ऊर्ध्वमर्धरात्रादित्येके ।।२४।।**

अनु. – कुनै धर्मज्ञको मतअनुसार आधा रात वितेपछि मेघ गर्जेमा दोस्रो दिन दिनभर र सन्ध्याकालमा अनध्याय हुन्छ ।।२४।।

टिप्पणी – आपस्तम्बको लागि सूत्रसङ्ख्या २३ कै नियम मान्य छ ।

सू. – **गवां चाऽवरोधे ।।२५।।**

अनु. – डाँकाहरूले गाईलाई गाउँबाट बाहिर निकाल्न प्रतिबन्ध लगाएमा प्रतिबन्ध कालतक अनध्याय हुन्छ ।।२५।।

सू. – **वध्यानां च यावता हन्यन्ते ।।२६।।**

अनु. – मार्न लायक चोरहरूलाई मार्न लागिएको बेला जबसम्म उनीहरू मारिदैनन् तबसम्म अनध्याय हुन्छ ।।२६।।

सू. – **पृष्ठारूढः पशूनां नाऽधीयीत ।।२७।।**

अनु. – हात्ती, घोडा आदि चढिने पशुका पीठमा बसेर अध्ययन नगर्नू ।।२७।।

सू. – **अहोरात्रावमावास्यासु ।।२८।।**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनु. — अमावास्या (औंसी) मा दुई दिन दुई रात नपढ्नू । अर्थात् अमावास्या र चतुर्दशीका दिन दुई दिन दुई रात नपढ्नू ।।२८।।
यस प्रसङ्गमा मनुले पनि भनेका छन्—
"अमावास्या चतुर्दश्योः पौर्णमास्यष्टकासु च" (मनुस्मृति ४।११)
(अमावास्या र चतुर्दशी एवं पूर्णिमा र अष्टमीका दिन पनि अध्ययन नगर्नू ।)

इति नवमी कण्डिका

नवौं कण्डिका पूरा भयो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अथ दशौं कण्डिका
(अब दशौं कण्डिका सुरु हुन्छ)

सू. – **चातुर्मासीषु च ॥१॥**

अनु. – चतुर्मास शब्द आषाद शुक्ल एकादशीदेखि कार्तिक शुक्ल एकादशीसम्म अर्थात् श्रावण, भदौ, असोज, कार्तिक यी चार महीनामा रूढ छ। चतुर्माससम्बन्धी यज्ञलाई चातुर्मास्य भन्दछन्। यी यज्ञहरू फागु पूर्णिमा, आषादी पूर्णिमा र कार्तिकी पूर्णिमामा गरिन्छन्। त्यसकारण यी तीन पूर्णिमा 'चातुर्मासी' नामले प्रसिद्ध छन्। यिनमा दुई अहोरात्र शास्त्रको अध्ययन निषिद्ध छ। फाल्गुन आषाढ र कार्तिक पूर्णिमामा मात्र अध्ययन निषेध गरिनुको मूल अनुसन्धेय छ ॥१॥

याज्ञवल्क्य– स्मृतिमा पनि सबै पूर्णिमा, चतुर्दशी, अष्टमी र राहुका सूतकमा अध्ययन नगर्नू भनिएको छ–

जस्तै– **पञ्चदश्यां चतुर्दश्यामष्टम्यां राहुसूतके ॥१॥ इति**

(याज्ञ व. स्मृति १।१४६)

सू. – **वैरमणे गुरुष्वष्टाक्य औपाकरण इति त्र्यहाः ॥२॥**

अनु. – श्रावण शुक्ल पूर्णिमामा गरिने वेदोत्सर्जनकर्ममा उत्सर्जनको पहिलो दिन, उत्सर्जन दिन र त्यसको दोस्रो दिन जम्मा तीन दिन अनध्याय हुन्छ। ससुरा आदि मान्यजनको मृत्युमा मृत्युदिनदेखि तीन दिन अनध्याय हुन्छ। अष्टका श्राद्धमा श्राद्धको पूर्वदिन, श्राद्धदिन र त्यसको दोस्रो दिन तीन दिन अनध्याय हुन्छ। एवम् उपाकर्ममा पनि पूर्व दिन, उपाकर्म दिन र त्यसको दोस्रो दिन तीन दिन अनध्यायहुन्छ ॥२॥

सू. – **तथा सम्बन्धेषु ज्ञातिषु ॥३॥**

अनु. – त्यस्तै भाइ, भतिजा, छोरा, काका आदिको मृत्यु भएमा ब्रह्मचारीलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तीन दिन आशौच लाग्छ । त्यसमा अध्ययन नगर्नु । अरूलाई पूरा दश दिन आशौच लाग्छ । अनध्याय पनि त्यति नै मान्नू ।।३।।

सू. — मातरि पितर्याचार्य इति द्वादशाहाः ।।४।।

अनु. — माता, पिता र आचार्यको मृत्यु भएमा बाह्र दिन अनध्याय हुन्छ । कुनै धर्मशास्त्रीका मतमा ब्रह्मचारी गृहस्थ सबैलाई आशौच पनि बाह्र दिन नै लाग्छ । ग्रन्थकारको मतमा ब्रह्मचारीलाई तीन दिन मात्र आशौच लाग्छ ।।४।।

सू. — तेषु चोदकोपस्पर्शनं तावन्तं कालम् ।।५।।

अनु. — उक्त तीन व्यक्तिका मृत्युमा आशौच भएसम्म नित्यस्नान र (तिल जलदान) पनि गर्नुपर्छ ।।५।।

सू. — अनुभाविनां च परिवापनम् ।।६।।

अनु. — मृतकभन्दा कान्छा बन्धुहरूले केश पनि मुडाउनुपर्छ ।।६।।

टिप्पणी — यहाँ व्याख्याताहरूले 'आनुभाविन्' शब्दको दुई प्रकारको अर्थ गरेको पाइन्छ– १) मृतकको मरणमा दुःखको अनुभव गर्ने व्यक्तिले मुण्डन गर्नू । २) मृतकभन्दा पछि जन्मेका व्यक्तिले मात्र मुण्डन गर्नू ।

अन्यले भनेका छन्– अनुभावी अर्थात् उदकार्ह (तर्पण गर्न योग्य) को मरणमा परिवापन (मुण्डन गर्नु ।

सू. — न समावृत्ता वपेरन्नन्यत्र विहारादित्येके ।।७।।

अनु. — केही धर्मशास्त्रीको राय छ– समावर्तन-कर्म गरिसकेका व्यक्तिले श्रौत यज्ञको दीक्षा बाहेक अरू कुनै अवस्थामा पनि मुण्डन नगराउनू ।।७।।

टिप्पणी — यहाँ विहार शब्दको अर्थ श्रौत यज्ञसम्बन्धी दीक्षा हो ।

मुण्डनलाई अमङ्गल मान्नेहरूलाई जवाफ दिन ब्राह्मण ग्रन्थको वाक्यांश प्रस्तुत गरिन्छ–

सू. — अथापि ब्राह्मणम्– "रिक्तो वा एषोऽनपिहितो यन्मुण्डस्तस्यैतदपिधानं यच्छिखेति ।।८।।

अनु. — ब्राह्मण ग्रन्थमा भनिएको छ– जसको सम्पूर्ण शिर मुडायिएको छ त्यो व्यक्ति एउटा विनाढक्कनको रित्तो घडा जस्तो हुन्छ । उसको शिखा घडाको ढक्कन जस्तो हुन्छ ।।८।।

टिप्पणी — यसबाट यो सिद्ध हुन आउँछ कि श्रौत यज्ञको दीक्षा बाहेक अन्यत्र शिखासहित मुण्डन गर्नु हुँदैन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शास्त्रवचनलाई प्रामाणिक मानेर यज्ञकर्ममा शिखासहित मुण्डन गराइन्छ–

सू. – **सर्वेषु तु वचनाद्वपनं शिखायाः ।।९।।**

अनु. – वेदवाक्य प्रमाण हुनाले यज्ञहरूमा शिखा समेत मुण्डन गराइन्छ ।।९।।

सू. – **आचार्ये त्रीनहोरात्रानित्येके ।।१०।।**

अनु. – केही धर्मचार्यहरूको मतअनुसार आचार्यको निधनमा तीन दिन, तीन रात अनध्याय हुन्छ ।।१०।।

टिप्पणी – परन्तु यसै प्रकरणको सू. सं. ४ अनुसार आचार्यको निधनमा बाह्र दिन आशौच एवम् अनध्याय हुन्छ ।

सू. – **श्रोत्रिय संस्थायामपरिसंवत्सरायामेकाम् ।।११।।**

अनु – (आचार्यका निधनको) एक वर्षभित्रै कुनै वैदिक विद्वान् ब्राह्मणको निधन भएमा वा निधन भएको सुनिएमा एक दिन एक रात्त अनध्याय हुन्छ ।।११।।

सू. – **सब्रह्मचारिणीत्येके ।।१२।।**

अनु. – कुनै धर्मशास्त्रीको मतअनुसार उक्त श्रोत्रिय आफ्नो सहपाठी भएमा मात्र पूर्वोक्त नियम लागु हुन्छ ।।१२।।

सू. – **श्रोत्रियाभ्यागमेऽधिजिगांसमानोऽधीयानो वाऽनुज्ञाप्याधियीत।।१३।।**

अनु. – श्रोत्रिय विद्वान् ब्राह्मण घरमा आएमा अध्ययन गर्न चाहने अथवा अध्ययन गरिरहेका व्यक्तिले उहाँको अनुमति लिएर मात्र अध्ययन गर्नु ।।१३।।

सू. – **अध्यापयेद् वा ।।१४।।**

अनु. – अध्यापन गर्न चाहने वा अध्यापन गरिरहेका व्यक्तिले पनि कुनै श्रोत्रिय आफूकहाँ आएमा उहाँको अनुमति लिएर मात्र अध्यापन गर्नू ।।१४।।

सू. – **गुरुसन्निधौ 'चाधीहि भो' इत्युक्त्वाऽधियीन ।।१५।।**

अनु. – गुरु नगीचमा हुनुहुन्छ भने उहाँले ए छात्र ! अध्ययन गर । यस्तो आज्ञा दिएपछि मात्र अध्ययन गर्नू ।।१५।।

सू. – **अध्यापयेद्वा ।।१६।।**

अनु. – छात्र वा आचार्य अध्यापन गरिरहेको अवस्थामा कुनै विद्वान् श्रोत्रिय घरमा पाल्नुभएमा उहाँले 'श्रीमान् ! पढाउनुहोस्' भनेपछि मात्र पढाउनू ।।१६।।

---

१. यहाँ 'इत्युक्तोऽधीयीत' यस्तो पाठ हुनुपर्ने ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सू. — उभयत उपसङ्ग्रहणमधिजिगांसमानस्याऽधीत्य च ।।१७।।

अनु — अध्ययन प्रारम्भ गर्दा र अध्ययन समाप्त गरिसकेपछि दुवैपल्ट गुरुका पाउको स्पर्श गर्नू ।।१७।।

सू. — अधीयानेषु वा यत्राऽन्यो न्यवेयादेतमेव शब्दमुत्सृज्याऽधीयीत ।।१८।।

अनु. — अध्ययन चलिरहेका बेलामा त्यहाँ तेस्रो अर्को व्यक्ति आयो भने गुरुवाट ए ३ पढ (अधीहि भो) यस्तो आज्ञा बक्सेपछि अध्ययन गर्नू ।।१८।।

सू. — श्वगर्दभनादास्सलावृक्यैकसृकोलूकशब्दास्सर्वे वादितशब्दा रोदनगीत सामशब्दाश्च ।।१९।।

अनु. — धेरै कुकुरहरूको भुकाइ, मदाहाहरूको रेकाइ (अवाज) ब्वाँसाको अवाज, एक्ले स्यालको अवाज, लाटोकोसेराको अवाज, र सबै प्रकारका वाजा गाजाका अवाज, रुवाइको अवाज, गीतको अवाज, सामगायनको अवाज, यी सबै अवाजहरू अनध्यायका कारण हुन्छन् । अर्थात् यस्ता अवाज सुनिएका अवस्थामा नपढ्नू ।।१९।।

सू. — शाखान्तरे च साम्नामनध्यायः ।।२०।।

अनु. — ऋक्, यजु र अथर्ववेदहरूको उच्चारण भइरहेका स्थान र समयमा सामवेदको अनध्याय हुन्छ ।।२०।।

सू. — सर्वेषु च शब्दकर्मसु यत्र संसृज्येरन् ।।२१।।

अनु. — सबै प्रकारका शब्दहरू हुँदाहुँदै अध्ययनका शब्दहरू ती शब्दहरूसँग मिलन गई वाधा उत्पन्न भएमा अनध्याय हुन्छ ।।२१।।

सू. — छर्दयित्वा स्वप्नान्तम् ।।२२।।

अनु. — वमन गरेपछि सुतेर नउठेसम्म अनध्याय हुन्छ ।।२२।।

सू. — सर्पिर्वा प्राश्य ।।२३।।

अनु. — अथवा वमन गरेपछि कुल्ला गरी घिउ खाएर अध्ययन गर्नू ।।२३।।

सू. — पूतिगन्धः ।।२४।।

अनु. — दुर्गन्ध जबसम्म रहिरहन्छ तबसम्म पनि अनध्याय हुन्छ ।।२४।।

सू. — शुक्तञ्चाऽऽत्मसंयुक्तम् ।।२५।।

अनु. — बोटमा समयको गतिले पाकेको फल पक्व भनिन्छ । पक्व फल नै बोटमै त्यसै रहिरह्यो भने त्यो अमिलिन्छ त्यस्ता अमिलिएका फललाई शुक्त भन्दछन् । यस्तै पेटमा जबसम्म नपचेर अमिलिएको भोजन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रहन्छ तबसम्म अमिलो डकार आइ नै रहन्छ। त्यस्तो डकार आएै-सम्म अनध्याय नै रहन्छ ॥२५॥

सू. – **प्रदोषे च भुक्त्वा नाऽधीयीत ॥२६॥**

अनु. – सायङ्कालमा भोजन गरेर अध्ययन नगर्नू। त्यसकारण अध्ययन गरिसकेरै सायङ्कालको भोजन गर्नू ॥२६॥

सू. – **प्रोदकयोश्च पाण्योः ॥२७॥**

अनु. – भोजनपछि जबसम्म हात चिसा रहन्छन् तबसम्म अनध्याय हुन्छ ॥२७॥

टिप्पणी – धुनै आचार्य यस सूत्रमा भोजनको सम्बन्ध जोड्दैनन्।

सू. – **प्रेतसंक्लृप्तं चान्नं भुक्त्वा सप्रदोषमहरनध्यायः ॥२८॥**

अनु. – जसको शरीर मरेको छ त्यो व्यक्ति सपिण्डी नभएसम्म प्रेत कहलाउँछ। त्यस्ता प्रेतलाई लक्ष्य गरेर दिइएको अन्न खाएपछि एक दिन र एक रात अनध्याय हुन्छ ॥२८॥

यस सम्बन्धमा मनु–

यावदेकानुद्दिष्टस्य गन्धो लेपश्च तिष्ठति।
विप्रस्य विदुषो देहे तावद् ब्रह्म न कीर्तयेत् ॥ (मनुस्मृति ४।१११)

अनु. – जबसम्म एक मृतक व्यक्तिको उद्देश्य गरेर गरिएको श्राद्धको गन्ध र लेप विद्वान् ब्राह्मणका शरीरमा रहन्छ तबसम्म वेदविद्याको उच्चारण नगर्नू। (मनुस्मृति ४।१११)

सू. – **आ च विपाकात् ॥२९॥**

अनु. – अथवा श्राद्धमा खाएको अन्न ठीकसँग नपचेसम्म वेदविद्याको अध्ययन नगर्नू ॥२९॥

सू. – **अश्राद्धेन तु पर्यवदध्यात् ॥३०॥**

अनु. – श्राद्धको अन्न खाएपछि पछिबाट श्राद्धभिन्न अरू अन्न खानू। त्यसपछि स्वाध्याय गर्न बाधा हुँदैन ॥३०॥

इत्यापस्तम्ब धर्मसूत्रे तदवृत्तावुज्ज्वलायां च दशमी कण्डिका।

आपस्तम्ब-धर्मसूत्रमा र त्यसको नेपाली अनुवादमा दशौं कण्डिका पूरा भयो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अथ एकादशो कण्डिका

(अब एकादश कण्डिका शुरु हुन्छ)

सू. – काण्डोपाकरणे चाऽऽ मातृकस्य ।।१।।

अनु. – वेदविद्याका नयाँ काण्डको अध्ययन प्रारम्भ गरेपछि मातृहीन व्यक्तिले दिएको अन्न खाएमा एक दिन र एक प्रदोष अनध्याय हुन्छ ।।१।।

सू. – काण्डसमापने चाऽपितृकस्य ।।२।।

अनु. – वेदविद्याको नयाँ काण्ड पूरा गरेपछि अर्थात् ब्रह्मचर्य-व्रत पूरा गरेपछि पितृहीन व्यक्तिले दिइएको अन्न खाएमा एक अहोरात्र अनध्याय मान्नुपर्छ ।।२।।

सू. – मनुष्य प्रकृतीनां च देवानां यज्ञे भुक्त्वेत्येके ।।३।।

अनु. – जो पहिले मनुष्य थिए पछि तीव्र तपस्याद्वारा देवता हुन पुगे । त्यस्ता व्यक्तिलाई प्रसन्न गराउनका लागि, गरिने यज्ञमा ब्राह्मण भोजन आदिमा भोजन गरेपछि एक दिन र प्रदोष अनध्याय हुन्छ ।।३।।

यो केही धर्मशास्त्रीहरूको मत हो ।

टिप्पणी – मनुष्ययोनिमा पैदा भएर देवता हुन पुगेका व्यक्तिहरूमा नन्दी र कुबेरको नाम लिइन्छ ।

सू. – पर्युषितैस्तण्डुलैरामसांसेन च नाऽनध्यायः ।।४।।

अनु. – एक दिन पहिले भिक्षा गरेको वासी चामल र काँचो मासु दोस्रो दिन पकाएर खानाले श्राद्धसम्वन्धी भए पनि कुनै अनध्याय हुँदैन ।।४।।

सू. – तथौषधि-वनस्पति मूलफलैः ।।५।।

अनु. – एवं श्राद्धसम्वन्धी औषधि तथा वनस्पतिका जरा र फल खाएर पनि अनध्याय हुँदैन ।।५।।

सू. – यत्काण्डमुपाकुर्वीत यस्य चानुवाक्यं कुर्वीत न तत्तदहरधीयीत ।।६।।

अनु. – वेदका जुन काण्ड (प्रकरण) को जुन दिन उपाकर्म गरिन्छ, त्यसदिन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यस वेदप्रकरणको लागि अनध्याय हुन्छ। एवं जुन दिन जुन वेद-प्रकरणको अध्ययन सुरु गरिन्छ त्यस दिन पनि अनध्याय हुन्छ, अध्ययन नगर्नू। यहाँ दिन शब्दले एक अहोरात्र लिनुपर्छ ।।६।।

सू. – **उपाकरण-समापनयोश्च पारायणस्य तां विद्याम् ।।७।।**

अनु. – (अनेक वेदको अध्ययन गर्ने व्यक्तिले) कुनै एक वेदका पारायणको उपाकर्म एव उत्सर्जन गरेपछि त्यस वेदको त्यसदिन अध्ययन नगर्नू। पारायणको पनि उपाकर्म र उत्सर्जन हुन्छन् भन्ने कुराको जानकारी यसबाट हुन्छ। तां विद्यां भनेकोले विद्यान्तर, अर्को विद्याको अध्ययनमा दोष हुँदैन ।।७।।

सू. – **वायुर्घोषवान् भूमौ तृणसंवाहो वर्षति वा यत्र धाराः प्रवहेत् ।।८।।**

अनु. – जमीनमा झार, पात-पतिङ्गर, धूलो आदि उडाउने वा बादलका वर्षाका धाराका साथ सुइँसुइँ अवाजले युक्त जोडसँग हावा चलेमा जवतक यस्तो हावा चलिरहन्छ तबतक अध्ययन नगर्नू अनध्याय हुन्छ ।।८।।

यसमा मनुले यस्तो भनेका छन्—

कर्णश्रवेऽनिले रात्रौ दिवापांसुसमूहने । (मनुस्मृति ४।१०२)

(रातमा कानले स्पष्ट अवाज सुनिने, दिनमा धूलो मूलो गुटमुट्याउने वायु बहेमा अनध्याय हुन्छ।)

सू. – **ग्रामारण्ययोश्च सन्धौ महापथे च विप्रोष्य च समध्ययनं नदहः ।।९।।**

अनु. – गाउँ र जङ्गलको सीमामा अध्ययन नगर्नू, विशाल सडकमा, अध्ययन नगर्नू, सँगै पढ्ने साथी यात्रामा गएको दिन त्यो अंश अध्ययन नगर्नू ।।९।।

टिप्पणी – यसको व्याख्या कसैले यस्तो पनि गरेका छन्– सँगै पढ्ने साथी कुनै यात्राबाट फर्केका छन् भने त्यस दिन अध्ययन नगर्नू।'

सू. – **स्वैरिकर्मसु च।।१०।। यथा हस्तप्रक्षालनोत्सादनानुलेखणानीति।।११।।**

अनु. – व्यक्तिगत आनन्दको लागि गरिने आफूखुशी कामहरूमा अध्ययन नगर्नू।।१०।। जस्तै– हात पखाल्नु, शरीरमा बुकुवा आदि लगाई मल्नु, सुगन्धिलेप आदि दल्नु आदि कामहरू गरिरहेको अवस्थामा अध्ययन नगर्नू ।।११।। यहाँ 'लेखनानि' यस्तो पाठ हुनुपर्नेमा णत्व गरिनु आकस्मिक अथवा अपपाठ हो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सू. – तावन्तं कालं नाऽधीयीताऽध्यापयेद्वा ।।१२।।

अनु. – आफूखुशी रूपमा गरिने उक्त कार्यहरू गरिरहेको अवस्थामा त्यसकाल अध्ययन एवम् अध्यापन नगर्नू ।।१२।।

सू. – सन्ध्यो (सन्ध्ययोः) ।।१३।।

अनु. – प्रातः कालिक र सायङ्कालिक दुवै सन्ध्यामा अध्ययन-अध्यापन दुवै गर्न हुँदैन ।।१३।।

सू. – तथा वृक्षमारूढोऽप्सु चावगाढो नक्तं चापावृते ।।१४।।

अनु. – एवं रूखमा चढेर, पानीमा डुबेर पनि अध्ययन–अध्यापन नगर्नू रातमा ढोका बन्द गरेर पनि अध्ययन-अध्यापन नगर्नू ।।१४।।

सू. – दिवा च पिहिते ।।१५।।

अनु. – दिनमा ढोका बन्द गरेर पनि अध्ययन-अध्यापन नगर्नू ।।१५।।

सू. – अविहितमनुवाकाध्ययनमाषाढवासन्तिकयोः ।।१०।।

अनु. – वसन्त ऋतुको चैत्रशुक्ल त्रयोदशीमा गरिने वसन्तोत्सव र असार महीनामा हुने इन्द्रोत्सवमा अनुवाकको अध्ययन नगर्नू ।।१६।।

टिप्पणी – अनुवाकको प्रयाग मन्त्र र ब्राह्मणात्मक वेदमा मात्र हुने हुनाले वेदाङ्गको अध्ययनमा यो प्रतिबन्ध लागु हुँदैन । एक अनुवाकभन्दा कम अध्ययनमा पनि यो लागु हुँदैन ।

सू. – नित्यप्रश्नस्य चाऽविधिना ।।१७।।

अनु. – नित्यं प्रश्नानामध्ययनं यत्र यस विग्रहमा नित्यप्रश्न शब्दको अर्थ ब्रह्मयज्ञ हो । ब्रह्मयज्ञमा परेका वेदमन्त्रहरूको अध्ययन (स्वाध्याय) गर्दा वेदमन्त्रको उच्चारण गर्ने विधिअनुसारै गर्नुपर्छ । सही उच्चारण-विधि विना ब्रह्मयज्ञ गर्न निषेध गरिएको छ । सो गरेमा प्रायश्चित्त गर्नुपर्छ । नित्यप्रश्न अर्थात् ब्रह्मयज्ञरूप स्वाध्याय बिर्सेर प्रातराश (जलपान) गरेमा प्रायश्चित्त गर्नुपर्छ ।।१७।।

मनुले पनि भनेका छन् —

स्नातक व्रतलोपे च प्रायश्चित्तमभोजनम् ।

(स्नातकले गर्नुपर्ने व्रत लुप्त भएमा एक दिन भोजन नगर्नु प्रायश्चित्त हो ।

टिप्पणी – ब्रह्मयज्ञको अध्ययन नित्य गर्नँपर्छ । ब्रह्मयज्ञमा परेका वेदमन्त्रको अध्ययन वेदाङ्गको अध्ययनविना हुँदैन । अतः दैनिक ब्रह्मयज्ञविना भोजन गरेमा एकदिन प्रायश्चित्त रूप उपवास गर्नू ।

सू. – तस्य विधिः।।१८।।

अनु. – त्यस ब्रह्मयज्ञको विधि अगाडि बताइन्छ— ।।१८।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सू. – **अकृतप्रातराश उदकान्तं गत्वा प्रयतः सुचौ देशेऽधीयीत यथाध्याय-मुत्सृजन्वाचा ।।१९।।**

अनु – बिहानको खाना खानुभन्दा पहिले जलाशयको नगीचमा गएर स्नान मार्जन आदिद्वारा पवित्र भई चोखो ठाउँमा वसी सुरुदेखि अध्यायको क्रमअनुसार पठित अंशलाई छोड्दै उँचो स्वरले वाणीद्वारा स्वाध्याय गर्नू ।।१९।।

सू. – **मनसा चाऽ न ध्याये ।।२०।।**

अनु. – वाणीले स्पष्ट उच्चारण गरी स्वाध्याय गर्ने निषेध गरिएको अनध्यायको दिन मनमनै स्वाध्याय गर्नू। (स्वाध्याय नित्य हो यसलाई छोड्नुपर्दैन ।) ।।२०।।

सू. – **विद्युति चाऽभ्यप्रायां स्तनयित्ना स्तनयित्नावप्रायत्ये प्रेतान्ने नीहारे च मानसं परिचक्षते ।।२१।।**

अनु. – विजुली चम्किरहँदा, बादल गर्जिरहँदा, आफू अपवित्र रहेको अवस्थामा, मरेका व्यक्तिको लक्ष्य गरेर दिइएको श्राद्धान्न खाएर त्यो नपचि-सकेसम्म, कुहिरो लागिरहेको अवस्थामा यी पाँच अवस्थामा मानसिक स्वाध्याय गर्नू भनी आचार्यहरू बताउनुहुन्छ ।।२१।।

सू. – **श्राद्ध भोजन एवैके ।।२२।।**

अनु. – कुनै आचार्यहरू श्राद्धभोजनपछि मात्र मानसिक स्वाध्याय गर्नू बाँकी चार उक्त अवस्थामा होइन भन्नुहुन्छ ।।२२।।

सू. – **विद्युत् स्तनयित्नुर्वृष्टिश्चापर्तौ यत्र सन्निपतेयुस्त्र्यहमनध्यायः।।२३।।**

अनु. – जुन बेमौकामा एकसाथ विजुली चम्कनु, बादल गर्जिनु सहित वर्षा हुन्छ त्यसमा तीन दिन अध्ययन नगर्नू ।।२३।।

सू. – **यावद् भूमिर्व्युदकेत्येके ।।२४।।**

अनु. – कुनै धर्मशास्त्रीको विचारमा जबसम्म जमीन सुक्तैन तबसम्म मात्र अनध्याय हुन्छ । तीन दिन होइन ।।२४।।

सू. – **एकेन द्वाभ्यां वैतेषामाकालम् ।।२५।।**

अनु. – पूर्वोक्त बेमौकामा बिजुली चम्कनु, मेघ गर्जनु र वर्षा हुनु यी तीनमध्ये कुनै पनि एक वा दुई मात्र एकसाथ भएमा भोलिपल्ट त्यसै समयसम्म अनध्याय हुन्छ ।।२५।।

सू. – **सूर्याचन्द्रमसोर्ग्रहणे भूमिचलेऽ पस्वान उल्कायामग्न्युत्पाते च सर्वासां विद्यानां सार्वकालिकमाकालम् ।।२६।।**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनु. – सूर्यग्रहण एवं चन्द्रग्रहणमा, भूकम्पमा, चटचाङ परेमा वा त्यसको जस्तै भयानक अवाज आएमा, उल्का गिरेमा, आगलागी भएमा, वेद-वेदाङ्ग आदि सबै विद्याको भोलिपल्ट त्यतिखेरसम्म अनध्याय हुन्छ ।।२६।।

टिप्पणी – यहाँ सबै विद्या भनेर कोही आचार्य चारै वेद, छ वटै वेदाङ्ग, मीमांसा, न्याय, अठारै पुराण, उपपुराण, धर्मशास्त्र यी सबै विद्या लिन्छन् । केही चाहीं चारै वेद मात्र लिन्छन् ।

यसै आशयको शतपथब्राह्मणको वाक्य छ– **यदि ह वाऽ अप्यभ्यक्तोऽलङ्कृत सुहितः सुखे शमने शयानः स्वाध्यायमधीत आहैव ए नखाग्रेभ्यस्तप्यते य एवं विद्वान्स्वाध्यायमधीते तस्मात् स्वाध्यायोऽ ध्येतव्यः ।।**

(शतपथब्राह्मण ११।५।७।४)

सू. – **अभ्रं चापर्तौ सूर्याचन्द्रमसोः परिवेष इन्द्रधनुः प्रतिसूर्यमत्स्यश्च वाते पूतिगन्धे नीहारे च सर्वेष्वेतेषु तावत्कालम् ।।२७।।**

अनु. – असमयना बादल देखिएमा सो देखिएसम्म, सूर्य र चन्द्रमा घेरा लागेमा सो घेरा रहेसम्म, इन्द्रेणी परेमा सो परेसम्म, सूर्यका समीपमा सूर्य जस्तै तेजिलो ग्रह देखिएमा सो देखिएसम्म, माछाका पुच्छरका आकारको धुमकेतु देखिएमा सो देखिएसम्म, दुर्गन्ध बतास बहेमा सो बहेसम्म कुइरो लागेमा सो लागेसम्म, अनध्याय हुन्छ, पूर्वोक्त सबै विद्याहरूको अध्ययन नगर्नू ।।२७।।

सू. – **मुहूर्तं विरते वाते ।।२८।।**

अनु. – ठूलो अवाज गरेर बहेको हुरी हटिसकेपछि पनि ४८ मिनटतक अनध्याय हुन्छ । त्यसमा अध्ययन नगर्नू ।।२८।।

सू. – **सलावृक्यामेकसृक इति स्वप्न पर्यन्तम् ।।२९।।**

अनु. – ब्वाँसो र बगालमा नहिंड्ने एक्ले स्यालको अवाज सुनिएमा निदाएर नब्यूँझेसम्म अनध्याय हुन्छ ।।२९।।

सू. – **नक्तं चारण्येऽ नग्नावहिरण्ये वा ।।३०।।**

अनु. – रातमा अग्नि अथवा सुन धातु नभएका जङ्गलमा अध्ययन नगर्नू ।।३०।।

सू. – **अननूक्तं चापर्तौ छन्दसो नाधीयीत ।।३१।।**

अनु. – वेदोत्सर्ग कर्म भएपछि उपाकर्म नभएसम्मको समयलाई अपर्तु (असमय) भन्दछन् । यस्तो असमयमा गुरुमुखबाट नसुनिएका वेदको नयाँ पाठ पढ्नु हुँदैन । त्यसको अध्ययन नगर्नू ।।३१।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

टिप्पणी – यहाँ सूत्रमै वेदविद्या भनी किटान गरेकोले वेदाङ्ग आदि अरू विद्याको अध्ययनमा कुनै बाधा छैन ।

सू. – **प्रदोषे च ॥३२॥**

अनु. – प्रदोषमा पनि वेदका नयाँ अंशको अध्ययन नगर्नू । यसमा कुनै आचार्यको रायअनुसार– जुन रातमा द्वादशी र त्रयोदशीका घडी पला मिलेका हुन्छन् त्यस्तो प्रदोषमा समय-असमय कुनैमा पनि गुरु-मुखबाट सुनेको-नसुनेको सबै प्रकारको अध्ययन नगर्नू भन्ने यसको तात्पर्य हो ॥३२॥

सू. – **सार्वकालिकमाम्नातम् ॥३३॥**

अनु. – एकपल्ट गुरु मुखबाट श्रवण गरी विधिपूर्वक अध्ययन गरिसकेको विद्याको अध्ययन गर्न जुनसुकै समयमा पनि हुन्छ । त्यसमा कुनै प्रतिबन्ध छैन ॥३३॥

सू. – **यथोक्तमन्यदतः परिषत्सु ॥३४॥**

अनु. – यस अनध्याय प्रकरणमा बताइएबाहेक मनुस्मृति आदि अरू-अरू धर्म-शास्त्र ग्रन्थहरूमा बताइएका अनध्यायहरूमा पनि अध्ययन नगर्नू॥३४॥ जस्तै– आचार्य महर्षि वसिष्ठको रायअनुसार दिग्दाह भएमा पर्वत गिरेमा, असिना, रगत, धूलोहरूको वर्षा भएमा असामयिक अनध्याय हुन्छ ।

'दिग्दाहपर्वतेषूपलरुधिरपांसुवर्षेष्कालिकमिति

यमको अनुसार—

श्लेष्मात्तकस्य शालमल्या मधूकस्य तथाऽप्यध. ।
कदाचिदपि नाध्येयं कोविदारकपित्थयो: ॥

(लप्सी, सिमल, महुवा, कोइरालो र कैथ– यी पाँच वृक्षका छायामा बसेर कहिल्यै अध्ययन नगर्नू ।

इत्यापस्दम्बसूत्रे प्रथमप्रश्ने तृतीय : पटल : ।

यसरी आपस्तम्ब–धर्मसूत्रको नेपाली अनुवादमा प्रथम प्रश्नको तृतीय पटल पूरा भयो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अथ चतुर्थ : पटल :

(अब चौथो पटल सुरू हुन्छ)

सू - तपः स्वाध्याय इति ब्राह्मणम् ।।१।।

अनु. - सधैं स्वाध्याय आफूले अध्ययन गर्नुपर्ने कुराको वेदको अध्ययन कृच्छ्र, अतिकृच्छ्र, चान्द्रायण जस्तै तपस्या हो । (यसले पनि तपस्याले जस्तै फल दिन्छ)

सू. - तत्र श्रूयेत स यदि तिष्ठन्नासीनः शयानो वा स्वाध्यायमधीते तप एव तत्तप्यते तपो हि स्वाध्याय इति ।।२।।

अनु. - वेदका ब्राह्मणग्रन्थमा सुनिन्छ— खडा भएर (उठी-उठी) वसी-बसी, वा सुती-सुती नै भए पनि आफूले अध्ययन गर्नुपर्ने वेदादि पूर्वोक्त चतुर्दश विद्याको स्वाध्याय गर्दछ भने ऊ तपस्या नै गरिरहेको हुन्छ । किनभने स्वयंले अध्ययन गर्नुपर्ने कुराको अध्ययय गर्नु तपस्या नै हो ।

टिप्पणी - यो तैत्तिरीय आरण्यकको वाक्य (अनुवाद) हो । जसरी भए पनि स्वाध्याय गर्नाले त्यसले तपस्याले जस्तै महत्त्वपूर्ण फल दिन्छ ।

यस प्रकरणमा मनुले पनि यस्तो भनेका छन्-

आ हैव स नखाग्रेभ्यः परमं तप्यते तपः ।

यस्स्रग्व्यपि द्विजोऽधीते स्वाध्यायं शक्तितोऽन्वहम् ।।

(जो ब्राह्मण अव्रती भएर पनि दिनका दिन आफ्नो ताकतअनुसार आफूले अध्ययन गर्नुपर्ने वेदविद्याको स्वाध्याय गरिरहन्छ त्यसले आफ्ना पयरका नङ्का अग्रभागले मात्र जमीनको स्पर्श गरेर ठूलो तपस्या गरिरहेको छ भन्नुपर्छ ।)

सू. - **अथापि वाजसनेयिब्राह्मणम्- ब्रह्मयज्ञो ह वा एष यत् स्वाध्यायः स्तस्यैते वषटकारा यत्स्तनयति यद्विद्योतते यदवस्फूर्जतियद्वातो, वायति। तस्मात् स्तनयति विद्योतमानेऽवस्फूर्जति वाते वा वायत्यधीयीतैव वषट्काराणामच्छम्बट्कारायेति ।।३।।**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनु. – वाजसनेयिब्राह्मणमा यस्तो भनिएको छ– यो स्वाध्याय भनेको ब्रह्मयज्ञ नै हो । जुन मेघ गर्जन्छ, जुन बिजुली चम्कन्छ, जुन वज्र पर्दछ, जुन हुरी चल्दछ ती सबै अर्थात् मेघ गर्जनु, बिजुली चम्कनु, वज्र पर्नु, हुरी चल्नु ती सबै यस ब्रह्मयज्ञका वषट्कार हुन् । त्यस कारण यी वषट्कारहरूलाई व्यर्थ हुन नदिन अर्थात् सार्थक बनाउनका लागि मेघ गर्जे पनि, बिजुली चम्के पनि, वज्र परे पनि, हुरी चले पनि अध्ययन गर्नैपर्छ । अन्यथा यी व्यर्थ हुन्छन् । (ब्रह्मशब्दको अर्थ वेदविद्या हो । वेदविद्यालाई साधन बनाएर गरिने यज्ञ हुनाले यसलाई ब्रह्मयज्ञ भनिएको हो) ।।३।।

टिप्पणी – यहाँ 'शतपथब्राह्मण ११, ५, ६, ८' यो निर्देशन गरिन्छ ।

सू. – **तस्य शाखान्तरे वाक्यसमाप्तिः ।।४।।**

अनु. – त्यस वाजसनेयिब्राह्मणको वाक्यसमाप्ति अर्को शाखामा गएर हुन्छ । यतिमै वाक्यसमाप्ति भएको छैन ।।४।।

त्यही दोस्रो शाखा यहाँ पढिन्छ–

सू – **अथ यदि वा वातो वायात् स्तनयेद् वा विद्योतेत वाऽवस्फूर्जेद्वैकां वर्चमेकं वा यजुरेकं वा सामाभिव्याहरेद् भूर्भुवस्सुवस्सत्यं तप, श्रद्धायां जुहोमीति वैतत् । तेनोहैवाऽस्यैतदहस्स्वा ध्याय उपात्तो भवति ।।५।।**

अनु. – अनि वायु तीव्र रूपमा वहोस्, मेघ गर्जोस्, बिजुली चम्कोस् अथवा वज्र गिरोस् ऋग्वेदको एक मन्त्र पढ्नू, अथवा यजुर्वेदको एक मन्त्र पढ्नू, अथवा सामवेदको एक मन्त्र पढ्नू अथवा भूः भुवः सुवः सत्यं तपः श्रद्धायां जुहोमि यो मन्त्र पढ्नू । यसो गर्नाले त्यस दिनको स्वाध्याय पूरा भएको हुन्छ ।

टिप्पणी – यसरी पूर्वोक्त मेघगर्जन आदिका समयमा पूरा प्रश्न भागको अध्ययन गर्नु आवश्यक हुँदैन । कुनै आचार्यका मतमा केवल 'ॐ भूः भुवः, सुवः' यत्तिको आवृत्तिले त्यस दिनको स्वाध्याय पूरा हुन्छ । यो शाखान्तर स्रोत थाहा नभएको टिप्पणीमा उल्लिखित छ ।

वाजसनेयिब्राह्मणको उदाहरणमा उदाहृत वाक्यमै वाक्यसमाप्ति नमानेर शाखान्तरमा वाक्यसमाप्ति किन मानेको ? यसको उत्तर–

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सू. — **एवं सत्यार्यसमयेनाऽविप्रतिषिद्धम् ।।६।।**

अनु. — यसरी उदाहरण दिइएका वाजसनेयिब्राह्मण वाक्यमै वाक्यसमाप्ति नमानेर दोस्रा शाखामै वाक्यसमाप्ति मान्नाले मनु आदि शिष्ट व्यक्तिहरूको व्यवस्थामा विरोध पर्दैन । अन्यथा, यस्तो नगरेमा शिष्ट व्यक्तिको व्यवस्थासँग विरोध हुने थियो ।।६।।

टिप्पणी — कस्तो विरोध हुने थियो त्यो अग्रिम सूत्रमा बताइन्छ—

सू — **अध्वायानध्यायं ह्युपदिशन्ति । तदनर्थकं स्याद् वाजसनेयिब्राह्मणं चेदवेक्षेत ।।७।।**

अनु. — धार्मिक आचार्य अथवा शिष्टजन वेदशास्त्र एवं वेदाङ्गविद्याका लागि स्वाध्याय गर्ने र नगर्ने दुवै प्रकारका समयको उपदेश गर्दछन् । यदि अध्ययन गर्ने व्यक्तिले 'वाजसनेयिब्राह्मण ग्रन्थ सुनेअनुसार खूद हेऱ्यो भने धार्मिक आचार्यहरूको नियम व्यर्थ हुनेछ ।।७।।

टिप्पणी — श्रुतिसँग विरोध हुनाले धार्मिक आचार्यहरूको नियम व्यर्थ भए पनि होस् यसको उत्तर अग्रिम सूत्रमा दिइन्छ—

सू. — **आर्यसमयो ह्यगृह्यमानकारणः ।।८।।**

अनु. — आर्यहरूका स्वाध्याय अनध्याय विषयक नियम आचारको कुनै दृश्य कारण छैन ।।८।।

टिप्पणी — विनाकारण कुनै कार्य हुँदैन । अतः यस अध्ययन–अनध्यायन विषयको धार्मिक कारण हुनुपर्छ । धर्म अधर्मको कुरा वेदमै हुने हुनाले यो पनि वेदमै आधारित छ । किनभने शिष्टाचारमा साक्षात् नभए पनि अनुमित श्रुतिद्वारा प्रामाण्य छ भन्ने कुरा आचार्य कुमारिल भट्टले मान्नुभएको छ ।

सू. — **विद्यां प्रत्यनध्यायः श्रूयते न कर्मयोगे मन्त्राणाम् ।।९।।**

अनु. — वेदविद्याको अध्ययनको प्रसङ्गमा अनध्याय शब्द प्रयुक्त भएको देखिन्छ सुनिन्छ । यज्ञकर्ममा वेदमन्त्रको उपयोग गर्दा अनध्याय शब्दको प्रयोग सुनिँदैन ।।९ ।

सू. — **ब्राह्मणोक्ता विधयस्तेषामुत्सन्नाः पाठाः प्रयोगादनुमीयन्ते ।।१०।।**

अनु. — (मन्त्र र ब्राह्मणको नाम वेद हो ।) सम्पूर्ण विधिहरू पहिले वेदमै बताइएका छन् । वेदशास्त्रको तात्पर्यलाई लिएर पछि स्मृतिहरूका विधिहरू रचिए । त्यस कारण अहिले विधिशास्त्रका प्रयोगहरू हेरेर मूल वेदमा यिनका प्रतिपादक वेदका मूल अंशहरू नष्ट भएछन् भनी अनुमान गर्न सकिन्छ ।।१०।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सू. – **यत्र तु प्रीत्युपलब्धितः प्रवृत्तिर्न तत्र शास्त्रमस्ति ॥११॥**

अनु. – जहाँ प्रीति प्राप्त हुनाले (मन आनन्दित हुनाले) व्यक्तिको त्यसमा प्रवृत्ति भएको छ त्यहाँ व्यक्तिको प्रवृत्ति देखनाले त्यसका प्रवर्तक वेद-भागको अनुमान हुँदैन । किनभने जसबाट प्रीति प्राप्त हुन्छ त्यसमा त व्यक्ति स्वतः लाग्दछ नै । अतः त्यसमा व्यक्ति प्रवृत्त हुनाको कारण प्रीति नै भइगयो ॥११॥

सू. – **तदनुवर्तमानो नरकाय राध्यति ॥१२॥**

अनु. – जसबाट मन आनन्दित हुन्छ, त्यसको मात्र पछि लाग्ने व्यक्ति नरकमा गिर्ने हुन्छ ॥१२॥

सू. – **अथ ब्राह्मणोक्ता विधयः ॥१३॥**

अनु. – अब वेदका ब्राह्मण भागमा बताइएका विधिहरू प्रस्तुत गरिन्छन्॥१३॥

सू. – **तेषां महायज्ञा महासत्राणीति च संस्तुतिः ॥१४॥**

अनु. – ती अगाडि बताइने भूतबलि आदि पाँच नित्य यज्ञलाई 'महायज्ञ' 'महासत्र' भनेको उनको तारीफ मात्र हो ।
उनको नाम होइन ॥१४॥

टिप्पणी – वृहदारण्यक आदि उपनिषद्मा गृहस्थीद्वारा सधैं गरिने बलि वैश्व देवरूप पाँच यज्ञहरू 'पञ्चमहायज्ञ' भनिएका छन् । यसरी ती सामान्य यज्ञमा 'महत्' विशेषण जोडिनु तिनको तारीफै मात्र हो । वस्तुतः ती महायज्ञ होइनन् ।

ती पाँच यज्ञ यी हुन्—

सू. – **अहरहर्भूतबलिर्मनुष्येभ्यो यथाशक्ति दानम् ॥१५॥**

अनु. – यी पाँच यज्ञअन्तर्गत मुख्य रूपमा दुई काम हुन्छन् । ती हुन्– दिनका दिन भूतहरूलाई बलि दिनु र मनुष्यहरूलाई शक्तिअनुसार अन्न दिनु ॥१५॥

टिप्पणी – भूत अर्थात् सात प्रकारका प्राणीहरूलाई बलि दिनु भूतयज्ञ, पितृहरूलाई तर्पण अन्न दिनु पितृयज्ञ, देवताहरूको पूजा गर्नु देवयज्ञ, महत्त्वपूर्ण वैदिकादि ग्रन्थहरूको स्वाध्याय गर्नू ब्रह्मयज्ञ, शक्तिअनुसार मनुष्यहरूलाई अन्न दिनु मनुष्ययज्ञ यी पाँच महायज्ञ गृहस्थले दिनका दिन गर्नुपर्छ ।

इत्यापस्तम्ब-धर्मसूत्रे द्वादशी कण्डिका

यसरी आपस्तम्ब-धर्मसूत्रको नेपाली अनुवादमा बाह्रौं कण्डिका पूरा भयो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अथ त्रयोदशी कण्डिका

(अब तेह्रौं कण्डिका सुरू हुन्छ)

सू. – देवेभ्यः स्वाहाकार आ काष्ठात् पितृभ्यः स्वधाकारः ओदपात्रात् स्वाध्याय इति ॥१॥

अनु. – देवताहरूलाई अन्नदेखि लिएर समिधासम्म दिदा 'स्वाहा' शब्दको प्रयोग गरी दिनू । पितृहरूलाई अन्नदेखि लिएर जलसम्म दिदा 'स्वधा' शब्दको प्रयोग गरी दिनू । क्रमश यी देवयज्ञ र पितृयज्ञ हुन् । महत्त्वपूर्ण वैदिक आदि ग्रन्थको स्वाध्याय गर्नु ब्रह्मयज्ञ हो ॥१॥

टिप्पणी – केही धर्मयज्ञको सल्लाहअनुसार भोजन नमिलेमा वलिवैश्वदेव नगरे पनि हुन्छ । तर मनुष्य-संस्कार बनाइ राख्न भोजन नमिले पनि जलादिद्वारा वलिवैश्वदेव गर्नुपर्छ ।

सू. – पूजा वर्णज्यायसां कार्या ॥२॥

अनु. – जुन व्यक्तिहरू जातपातका दृष्टिले श्रेष्ठ छन् । तिनको तिनभन्दा तल्ला जातका मानिसले पूजा कदर गर्नुपर्छ ॥२॥

सू. – वृद्धतराणां च ॥३॥

अनु. – आफ्नै जातका बूढापाका व्यक्तिहरूको पनि पूजा सम्मान इज्जत गर्नुपर्छ ॥३॥

सू. – हृष्टो दर्पति दृप्तो धर्ममतिक्रामति धर्मातिक्रमे खलु पुनर्नरक ॥४॥

अनु. – हर्षयुक्त व्यक्ति गर्विलो हुन्छ । गर्विलाले धार्मिक मर्यादा नाघ्दछ । धार्मिक मर्यादा नाघेपछि फेरि निश्चित रूपमा नरकमा पर्छ ॥४॥

सू. – न समावृत्ते समादेशो विद्यते ॥५॥

अनु. – समावर्तन-संस्कार भइसकेपछि गुरुले शिष्यलाई ब्रह्मचर्यवस्थामाझैं आदेश दिन मिल्दैन ॥५॥

टिप्पणी – ब्रह्मचर्यावस्थामा पूर्ण रूपमा गुरुको अधीनमा रहेर अध्ययन गर्नुपर्ने हुँदा शिष्यको लागि गुरुको आदेश मान्नु सर्वथा अपरिहार्य हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

समावर्तन-कर्म भइसकेपछि शिष्य स्वतन्त्र हुने हुँदा गुरुको आदेशको सर्वथा परिपालन नहुनु पनि सम्भव छ ।

सू. – ॐकारस्स्वर्गद्वारं तस्माद्ब्रह्माऽध्येष्यमाण एतदादि प्रतिपद्येत ।।६।।

अनु. – ॐकार स्वर्गको द्वार हो। त्यस कारण वेदविद्याको अध्ययन गर्न लागेका व्यक्तिले पहिले ॐकारको उच्चारण गरी वेदविद्याको अध्ययन थाल्नू ।।६।।

सू. – विकथां चान्यां कृत्वैवं लौकिक्या वाचा व्यावर्तते ब्रह्म ।।७।।

अनु. – अध्ययनको समयमा अध्ययनसँग सम्बन्ध नराख्ने अरु लौकिक कुरा गर्नुपरेमा सो गरिसकेर फेरि वेदमन्त्रको अध्ययन सुरु गर्दा ॐकारको उच्चारण गरेर मात्र सुरु गर्नू । यसो गरेमा वेदवाणी लौकिक वाणी-सँग मिश्रित नभई अलग रहन्छ ।।७।।

सू. – यज्ञेषु चैतदादयः प्रसवाः ।।८।।

अनु. – यहाँ प्रसव शब्दको अर्थ हो आज्ञाबोधक वाक्य । यज्ञहरुमा आज्ञा बुझाउने वाक्य आदिमा ॐकार लगाएका हुन्छन् । जस्तै– ॐ निर्वप, ॐ स्तुध्वम्, इत्यादि ।।८।।

सू. – लोके च भूतिकर्मस्वेतदादीन्येव वाक्यानि स्युर्यथा पुण्याहं स्वस्त्यृद्धिमिति ।।९।।

अनु. – लोकमा परिवारको कल्याण, मङ्गल ऐश्वर्य बढाउने कर्महरुमा पहिले ॐकारको उच्चारण गरेरै बोलिने वाक्यहरु हुन्छन्; जस्तै (पुण्याह-वाचनमा)– ॐ पुण्याहं, भवन्तो ब्रुवन्तु, ॐ स्वस्ति भवन्तो ब्रुवन्तु, ॐ ऋद्धिं भवन्तो ब्रुवन्तु इत्यादि ।।९।।

टिप्पणी – ऐश्वर्य, मङ्गल, आयु बढाउने कर्महरु विवाह व्रतबन्ध जस्ता कर्म भूतिकर्म कहलिन्छन् ।

सू. – नाऽसमयेन[1] कृच्छ्रं कुर्वीत त्रिःश्रावणं त्रिस्सहवचनमिति परिहाप्यः ।।१०।।

अनु. – जहाँ उचित सेवा पनि छैन, गम्भीर जिज्ञासा पनि छैन त्यस्तोमा सही रूप निर्णय गर्न गाह्रो कठिन ग्रन्थ नपढ्नू-नपढाउनू । जुन ग्रन्थको अध्यापनमा अध्यापकले तीनपल्ट पाठ्यांशलाई दोहोऱ्याउनैपर्ने र तीनपल्ट अध्ययन गर्दै रहेका छात्रसँग आवृत्ति गर्नैपर्ने हो त्यस्ता ग्रन्थको अध्यापनमा भने यो नियम लागु हुँदैन ।।१०।।

---

१. समयः शुश्रूषा (सेवा जिज्ञासा च) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यस प्रसङ्गमा मनुले पनि यस्तो बोलेका छन् –
'धर्मार्थौ यत्र न स्यातां शुश्रूषा वापि तद्विधा ।
तत्र विद्या न वक्तव्या शुभं बीजमिवोषरे ॥' इति ।
(मनुस्मृति २।११२)

सू. – अविचिकित्सा यावद् ब्रह्म निगन्तव्यमिति हारीतः ॥११॥

अनु. – हारीत आचार्यका मतमा जबसम्म छात्र या अध्यापकको मनमा अध्ययन-अध्यापनप्रति संशय उत्पन्न हुँदैन तबसम्म वेदविद्याको अध्ययन-अध्यापन गर्नू ॥११॥

टिप्पणी – सन्देह निवृत्ति नभएसम्म ब्रह्म (वेद) नियमपूर्वक पढ्नू– यो हारीत आचार्यको मत हो ।

सू – न बहिर्वेदे गतिर्विद्यते ॥१२॥

अनु. – वेदभन्दा बाहिरका काव्य नाटक आदिमा गति छैन भने वेदका विद्यार्थीको लागि त्यो उपयोगी नै हो (किनभने वेदार्थज्ञानमै ऊ लागिरहने हुँदा वेदविषयक जानकारी उसमा बढी हुन्छ ॥१२॥

सू. – समादिष्टमध्यापयन्तं यावदध्ययनमुपसङ्गृह्णीयात् ॥१३॥

अनु. – गुरुले आदेश दिएर उहाँको सट्टा अध्यापन गरिरहेका अध्यापकको अध्ययनकालतक मात्र उपसङ्ग्रहण (पादस्पर्श) गर्नू ॥१३॥

सू. – नित्यमर्हन्तमित्येके ॥१४॥

अनु. – केही धर्माचार्यहरूको रायअनुसार गुरुजीद्वारा आफ्नो ठाउँमा नियुक्त गरिएको अध्यापक विद्या सदाचार आदिले योग्य छन् भने उनको सधैं उपसङ्ग्रहण गर्नू । किन्तु आपस्तम्बको रायअनुसार अध्ययन-कालतक मात्र ॥१४॥

सू. – न गतिर्विद्यते ॥१५॥

अनु. – श्रीगुरुद्वारा आफ्नो सट्टा नियुक्त अध्यापक योग्यतम भए पनि गुरुमा जस्तो सेवा उनमा गर्नुपर्दैन ॥१५॥

सू. – वृद्धानां तु ॥१६॥

अनु. – अधिक उमेरका छात्रले कम उमेरका अध्यापकको सेवा गरिरहनु पर्दैन । यो नियम समाप्त भएपछिको लागि मात्र हो भनी कोही भन्दछन् । अध्ययनकालमा पनि लागु हुने हो भनी कोही भन्छन्॥१६॥

सू. – ब्रह्मणि मिथो विनियोगे न गतिर्विद्यते ॥१७॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनु. – वेदविद्याको विषयमा अलग-अलग वेद जान्ने दुई अध्यापकले आफूले जानेको वेद अर्कोलाई पढाइदिएर उसले जानेको वेद स्वयं सिकेमा एकले अर्कोको सेवा गर्नु पर्दैन ।१७।।

सू. – **ब्रह्म वर्धत इत्युपदिशन्ति ।।१८।।**

अनु. – अलग-अलग वेदका ज्ञाताहरूले एकले अर्कोसँग भएको वेदज्ञान प्राप्त गरेमा दुवैको वेदविषयक ज्ञान बढ्ने हुँदा त्यही वैदिक ज्ञानवृद्धिद्वारा नै एकले अर्कोको सेवा हुन पुग्छ । त्यसैले उपदेश गर्छन् ।।१८।।

सू. – **निवेशे वृत्ते संवत्सरे द्वौ द्वौ मासौ समाहित आचार्यकुले वसेद् भूयः श्रुतिमिच्छन्निति श्वेतकेतुः ।।१९।।**

अनु. – अधिक जिज्ञासा राख्ने व्यक्तिले विवाह गरेर गृहस्थाश्रममा प्रवेश गरे-पछि पनि प्रत्येक वर्षका दुई-दुई महीना सावधानीसाथ ब्रह्मचर्यमा रही गुरुकुलमा बस्नु भन्ने आचार्य श्वेतकेतुको राय छ ।।१९।।

सू. – **एतेन ह्ययहं योगेन भूयः पूर्वस्मात् कालाच्छ्रुतमकुर्वीति ।।२०।।**

अनु. – मैले यसै प्रक्रियाद्वारा पहिले ब्रह्मचर्यकालमा भन्दा अधिक वेदविद्याको जानकारी प्राप्त गरें (तिमीहरू पनि त्यसै गर भनी आ. श्वेतकेतु छात्रहरूलाई भन्नुहुन्छ ।) ।।२०।।

सू. – **तच्छास्त्रविरुद्धम् (तच्छास्त्रैर्विप्रतिषिद्धम्) ।।२१।।**

अनु. – श्वेतकेतुको कथन वेदादिशास्त्रविरुद्ध हो ।।२१।।

सू. – **निवेशे हि वृत्ते नैयमिकानि श्रूयन्ते ।।२२।।**

अनु. – किनभने विवाह भएपछि नियमित रूपमा गर्नुपर्ने गृहस्थाश्रमका कर्तव्यहरू सुनिन्छन् ।।२२।।

इति त्रयोदशी कण्डिका

तेह्रौं कण्डिका पूरा भयो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अथ चतुर्दशी कण्डिका

(अब चौधौं कण्डिका सुरू हुन्छ)

सू. – अग्निहोत्रमतिथयो यच्चान्यदेवं युक्तम् ।।१।।

अनु. – अग्निहोत्र गर्नु, घरमा आएका अतिथिहरूको सेवा गर्नु एवं यस्तै श्राद्ध, तर्पण, सन्ध्योपासन आदि गृहस्थका अरू कर्तव्यले व्याकुल हुने हुँदा (गृहस्थ दुई-दुई महीना प्रत्येक वर्ष गुरुकुलमा बस्न कसरी फुर्सद पाउँछ)[1] ।।१।।

सू. – अध्ययनार्थेन यं चोदयेन्न चैनं प्रत्याचक्षीत ।।२।।

अनु. – कुनै छात्र जुन गुरुकहाँ आएर 'गुरुजी ! म हजूरको विद्यार्थी बनेर नियमपूर्वक अध्ययन गर्न चाहन्छु । मलाई पढाइदिनुस्' भन्छ भने उसलाई अस्वीकार नगर्नू ।।२।।

सू. – न चास्मिन् दोषं पश्येत् ।।३।।

अनु. – यस विद्यार्थीमा अध्यापन गर्न नसकिने कुनै खास दोष देख्दैन भने।।३ ।

सू. – यदृच्छायामसंवृत्तौ गतिरेव तस्मिन् ।।४।।

अनु. – कुनै छात्रको अदृष्ट कारणले अध्ययन हुन नसकेमा उसको लागि गुरु सेवा एक मात्र विद्याप्राप्तिको उपाय हो । (ज्यादै सेवाले रिझाइएका गुरुले उसलाई कुनै पनि उपायले विद्या दिन्छन् ।) ।।४।।

मनुले पनि भनेका छन्—

यथा खनन् खनित्रेण नरो वार्यधिगच्छति ।
तथा गुरुगतां विद्यां शुश्रूषुरधिगच्छति ।। (मनुस्मृति २।२१८)

---

१. यथा मातारमाश्रित्य सर्वे जीवन्ति जन्तवः ।
एवं गृहस्थ माश्रित्य सर्वे जीवन्ति भिक्षवः ।। इति
(जसरी आफ्नी माताको आश्रयमा सबै प्राणी बाँच्छन् त्यसरी नै गृहस्थको आडमा सबै भिक्षु बाँच्छन्)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(जसरी खन्तीले धर्ती खनिरहे मानिस पानी पाउन सक्छ त्यस्तै सेवा गर्ने व्यक्तिले गुरुमा भएको विद्या पाउन सक्छ ।

सू. – **मातरि पितरि चाऽऽचार्यवच्छुश्रूषा ।।५।।**

अनु. – माता पिता र पितामह, प्रपितामह पितामही प्रपितामहीमा गुरुमा जस्तै सेवा गर्नू ।।५।।

टिप्पणी – यहाँ मातृ शब्दले पितामही प्रपितामहीलाई र पितृ शब्दले पिता, पितामह, प्रपितामहलाई समेत लिइएको छ ।

सू. – **समावृत्तेन सर्वे गुरव उपसङ्ग्राह्याः ।।६।।**

अनु. – समावर्तन कर्म गरेका शिष्यले सबै मान्यजनको उपसङ्ग्रहण (पादस्पर्श) गर्नू ।।६।।

टिप्पणी – मान्यजनमा काका, दाजु, मामा आदि पर्दछन् ।

सू. – **प्रोष्य च समागमे ।।७।।**

अनु. – स्वयं यात्राबाट आएर र गुरु यात्राबाट पाल्नु भएमा उहाँको चरण-स्पर्श गर्नू ।।७।।

सू. – **भ्रातृषु भगिनीषु च यथापूर्वमुपसङ्ग्रहणम् ।।८।।**

अनु. – दाजु र दिदीहरूका चरणस्पर्श गर्दा उनीहरूका ज्येष्ठताका क्रमअनुसार जेठा–जेठाको पहिले चरणस्पर्श गर्नू ।।८।।

सू. – **नित्या च पूजा यथोपदेशम् ।।९।।**

अनु. – जातिमा श्रेष्ठ र उमेरमा पाका व्यक्तिको क्रमशः सम्मान गर्नुपर्छ भनेर जो पहिले उपदेश गरियो सोहीअनुसार सधैं सम्मान गर्नू ।।९।।

सू. – **ऋत्विक् श्वशुर पितृव्यमातुलानवरवयसः प्रत्युत्थायाऽवाभिवदेत् ।।१०।।**

अनु. – आफूभन्दा कम उमेरका भए पनि ऋत्विक्, ससुरा, काका, मामाहरूलाई उठेर अभिवादन गर्नू ।।१०।।

सू. – **तूष्णीं वोपसंगृह्णीयात् ।।११।।**

अनु. – अथवा उठेर चुपचाप उनीहरूका चरणस्पर्श गर्नू ।।११।।

सूत्र पद्य – **दशवर्षं पौरसख्यं पञ्चवर्षं तु चारणम् ।**
त्रिवर्षपूर्वः श्रोत्रियोऽभिवादनमर्हति ।।१२।।

अनु. – दश वर्ष पहिलेदेखि चिनजान भएको शहरवासी व्यक्ति अभिवादन गर्न लायक हुन्छ । वेदको कुनै शाखा एकसाथ पाँच वर्षतक अध्ययन गर्दा मित्रता गाँसिएको साथी पनि अभिवादन गर्न लायक हुन्छ । राम्रोसँग

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वेदविद्याको अध्ययन गरेको श्रोत्रिय व्यक्ति तीन वर्ष पहिलेदेखि परिचित रहेछ भने अभिवादन गर्न लायक हुन्छ ।।१२।।

सू. – **ज्ञायमाने वयोविशेषे वृद्धतरायाऽभिवाद्यम् ।।१३।।**

अनु. – उमेर आदि अवस्थाको जानकारी भएमा वरिष्ठलाई पहिले अनि क्रमशः उनीभन्दा कम कमलाई अभिवादन गर्नू ।।१३।।

सू. – **विषमगतायाऽ गुरवे नाभिवाद्यम् ।।१४।।**

अनु. – अप्ठचारो परिस्थितिमा रहेका गुरु भिन्न मान्यजनलाई अभिवादन नगर्नू ।।१४।।

टिप्पणी – अप्ठचारो स्थानमा भए पनि गुरुको अभिवादन गर्नैपर्छ ।

सू. – **अन्वारुह्य वाऽभिवादयीत ।।१५।।**

अनु – अभिवादन गरिने व्यक्ति माथि तल जहाँ भए पनि उनी जहाँ छन् वहीं गएर अभिवादन गर्नू ।।१५।।

सू. – **सर्वत्र तु प्रत्युत्थाया भिवादनम् ।।१६।।**

अनु. – सबै ठाउँमा सबैलाई उठेरै अभिवादन गर्नू ।।१६।।

सू. – **अप्रयतेन नाभिवाद्यं, तथाऽप्रयतायाऽ प्रयतश्च न प्रत्यभिवदेत् ।।१७।।**

अनु. – स्वयम् अपवित्र अवस्थामा रहेर कसैको अभिवादन नगर्नू, अपवित्र अवस्थामा रहेका व्यक्तिलाई पनि अभिवादन नगर्नू, अपवित्र अवस्थामा रहेका बेला कसैले अभिवादन गरे त्यसको स्वीकार वा प्रत्याभिवादन पनि नगर्नू ।।१७।।

सू. – **पतिवयसः स्त्रियः ।।१८।।**

अनु. – विवाहिता स्त्रीको उमेर उनका पतिको जो उमेर हो त्यही हुन्छ। त्यसकारण दाजुकी पत्नी आफूभन्दा कान्छी भए पनि उनलाई अभिवादन गर्नुपर्छ ।।१८।।

सू. – **न सोपानद् वेष्टितशिरा अवहितपाणिर्वाऽभिवादयीत ।।१९।।**

अनु. – जुत्ता लाएर, शिरमा पगडीबेरेर वा हातमा कुश, समिधा, हतियार जस्ता कुनै वस्तु लिएर अभिवादन नगर्नू ।।१९।।

सू. – **सर्वनाम्ना स्त्रियो राजन्यवैश्यौ च न नाम्ना ।।२०।।**

अनु. – स्त्रीहरू एवं क्षत्रिय र वैश्यजातिका व्यक्तिलाई अभिवादन गर्दा आफ्नो लागि सर्वनाम शब्दको प्रयोग गर्नू, नामको प्रयोग नगर्नू ।।२०।।

सू. – **मातरमाचार्यदारं (रान्) चेत्येके ।।२१।।**

अनु – जन्म दिने आमा र गुरुपत्नीलाई अभिवादन गर्दा पनि सर्वनामकै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रयोग गर्नू भन्ने कुनै आचार्यको राय छ। (आपस्तम्बको मतमा उक्त दुईलाई अभिवादन गर्दा आफ्नो नाम लिनैपर्छ।) ।।२१।।

सू. – **दशवर्षश्च ब्राह्मणः शतवर्षश्च क्षत्रियः।**
पितापुत्रौ स्म तौ विद्धि तयोस्तु ब्राह्मणः पिता ।।२२।।

अनु. – दशवर्षको ब्राह्मण र सय वर्षको क्षत्रिय पिता पुत्र जस्ता हुन्छन्। तिनमा ब्राह्मण पिता जस्तो हुन्छ ।।२२।।

सू. – **कुशलमवरवयसं वयस्यं वा पृच्छेत् ।।२३।।**

अनु. – आफूभन्दा कम उमेरको व्यक्ति र साथीसँग भेट हुँदा 'कुशल' छ ? भनी प्रश्न गर्ने ।।२३।।

सू. – **अनामयं क्षत्रियम् ।।२४।।**

अनु. – क्षत्रियसँग भेट हुँदा 'तपाईंलाई आराम छ ?' भनी सोध्नू ।।२४।।

सू. – **अनष्टं वैश्यम् ।।२५।।**

अनु. – वैश्यसँग भेट हुँदा 'तपाईंको पशुधन व्यापारमा हानि–नोक्सानी भएको छैन' भनी सोध्नू ।।२५।।

सू. – **आरोग्यं शूद्रम् ।।२६।।**

अनु. – शूद्रसँग भेट हुँदा 'तपाईंलाई आराम छ ?' भनी सोध्नू ।।२६।।

सू. – **नाऽसम्भाष्य श्रोत्रियं व्यतिव्रजेत् ।।२७।।**

अनु. – श्रोत्रिय[1]सँग भेट भएमा उनीसँग बोलचाल नगरी अगाडि नबढ्नू ।।२७।।

सू. – **अरण्ये च स्त्रियम् ।।२८।।**

अनु. – जङ्गल वा जङ्गल जस्तै भयानक स्थानमा एक्ली स्त्रीसँग भेट भएमा मातृभावले 'नानी ! बहिनी ! अथवा माइजी ! तपाईंले डराउनुपर्दैन। म तपाईंको के सहयोग गरुँ' भनेर नसोधी अगाडि नबढ्नू ।।२८।।

इत्यापस्तम्ब-धर्मसूत्रे चतुर्दशी कण्डिका

यसरी आपस्तम्ब-धर्मसूत्रको नेपाली अनुवादमा प्रथम प्रश्नको चौधौं कण्डिका पूरा भयो।

१. राम्ररी वेदविद्या पढेको व्यक्तिः।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अथ पञ्चमः पटलः

(अब पाँचौं पटल सुरु हुन्छ)

सू. – उपासने गुरूणां वृद्धानामतिथीनां होमे जाप्यकर्मणि भोजन आचमने स्वाध्याये च यज्ञोपवीती स्यात् ।।१।।

अनु – गुरुजनको सेवा गर्दा, वूढापाका र अतिथिहरूको सेवा गर्दा, हवन गर्दा, जप गर्दा, भोजन गर्दा, आचमन गर्दा, स्वाध्याय[१] गर्दा बायाँ काँधदेखि दाहिने कोल्टासम्म जनै (यज्ञोपवीत) पहिरनू ।।१।।

मनुले पनि भनेका छन् —

कार्पासमुपवीतं स्याद्विप्रस्योर्द्धवृतं त्रिवृत् । (मनुस्मृति २।४४)

उद्धृते दक्षिणे पाणावुपवीत्युच्यते बुधैः । (मनुस्मृति २।६३)

(ब्राह्मणको जनै कपासबाट तीन दोवर गराएर बनाएको शिरतर्फबाट पहिरने हुनुपर्छ । दाहिने हात उठाएर बायाँ काँधदेखि दाहिने कोखा-तर्फ लर्काएर जनै पहिरेका व्यक्तिलाई 'उपवीती' भन्छन्)

सू. – भूमिगतास्वप्स्वाचम्य प्रयतो भवति ।।२।।

अनु. – (विशुद्ध) जमीनमा जम्मा भएको पानी अचाएर पवित्र हुन्छ ।।२।।

(मनुको मतअनुसार– अपवित्र पदार्थ नमिसिएको पानीमा हुनुपर्ने स्वाभाविक गन्ध, वर्ण, रस भएको पवित्र जमीनमा १० रातभन्दा वढी टिकेको एक गाई अघाउन पुग्नेभन्दा वढी पानी पवित्र मानिन्छ । त्यस्तो पानीले आचमन गर्नू । (मनुस्मृति ५।१२८ तथा याज्ञवल्क्य स्मृति १।१९२)

सू. – यं वा प्रयत आचमयेत् ।।३।।

अनु. – जसलाई पवित्र भएको दोस्रो व्यक्ति आचमन गराउँछ त्यो पनि पवित्र हुन्छ ।।३।।

---

१. नित्य अध्ययन गर्नुपर्ने वैदिक मन्त्रहरूको अध्ययन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

टिप्पणी – आचमनको लागि नदीजल उत्तम मानिन्छ । आपस्तम्बको मत-अनुसार देब्रे हातले गिराएका जलले आचमन नगर्नू ।

सू. – **न वर्षधारास्वाचामेत् ॥४॥**

अनु. – बादलबाट गिरेको वर्षाका धाराको पानीले आचमन नगर्नू ॥४॥

सू. – **तथा प्रदरोदके ॥५॥**

अनु. – स्वतः जमीन चिरिएर निस्केको पानीले पनि आचमन नगर्नू ॥५॥

सू. – **तप्ताभिश्चाऽकारणात् ॥६॥**

अनु. – महत्त्वपूर्ण कारण नपरी तताएको पानीले पनि आचमन नगर्नू ॥६॥

सू. – **रिक्तपाणिर्वयस उद्यम्याऽप उपस्पृशेत् ॥७॥**

अनु. – पन्छीहरूलाई उडाउन खाली हात उठाएपछि आचमन गर्नू । (लठ्ठी आदि लिएमा केही दोष छैन, आचमन गर्नु पर्दैन ।)

सू. – **शक्तिविषये न मुहूर्तमप्यप्रयतः स्यात् ॥८॥**

अनु. – तागत भएसम्म एक क्षण पनि अपवित्र नबस्नू ॥८॥

सू. – **नग्नो वा ॥९॥**

अनु. – तागत भएसम्म क्षणभर पनि नाङ्गो नरहनू ॥९॥

सू. – **नाप्सु सतः प्रयमणं विद्यते ॥१०॥ प्रयमणम् = आचमनम् ।**

अनु. – पानीभित्र रहँदा आचमन गर्नु पर्दैन ॥१०॥

सू. – **उत्तीर्य त्वाचामेत् ॥११॥**

अनु. – पानीबाट बाहिर आएर त पवित्र हुनलाई आचमन गर्नुपर्छ ॥११॥

सू. – **नाऽप्रोक्षितमिन्धनमग्नावादध्यात् ॥१२॥**

अनु – जलले सिञ्चन (प्रोक्षण) नगरिएको समिधा दाउरा अग्निमा नराख्नू ॥१२॥

सू. – **मूढस्वस्तरे चासंस्पृशन्नन्यानप्रयतान् प्रयतो मन्येत ॥१३॥**

अनु. – पराल, कुश आदिका एउटै गुन्द्री सुकुलहरूमा अरू अपवित्र व्यक्तिहरूका साथ बसेर पनि ती अपवित्र व्यक्तिहरूलाई नछोएमा पवित्र नै हुन्छ भनी ठान्नू ॥१३॥

सू. – **तथा तृणकाष्ठेषु निखातेषु ॥१४॥**

अनु. – एवं जमीनमा गाडिएका तृण तथा काठहरूमा अपवित्र व्यक्तिहरूका साथ सहवास गरे तापनि उनीहरूलाई नछोएसम्म आफूलाई अपवित्र नसम्झनू ॥१४॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सू. – प्रोक्ष्य वास उपयोजयेत् ।।१५।।

अनु. – शुद्ध कपडालाई पनि पहिरने बेलामा पानीले सिञ्चन गरी पहिरनू।।१५।।

सू. – शुनोपहतः सचेलोऽवगाहेत ।।१६।।

अनु. – कुकुरले छोएमा कपडैसँग जलमा प्रवेश गर्नू ।।१६।। (उपहत शब्दको अर्थ टोकेको पनि हुन सक्छ ।)

वसिष्ठ—

ब्राह्मणस्तु शुना दष्टो नदीं गत्वा समुद्रगाम् ।
प्राणायमशतं कृत्वा घृतं प्राश्य विशुद्धयति ।।

(वसिष्ठस्मृति : २३।२६)

(ब्राह्मणलाई कुकुरले टोकेमा समुद्रगामिमी नदीमा गएर एक सय प्राणायाम गरी घिउ खाएपछि शुद्ध हुन्छ ।)

अङ्गिरा—

ब्रह्मचारी शुना दष्टस्त्रिरात्रेणैव शुद्धयति ।
गृहस्थस्तु द्विरात्रेण ह्येकाहेनाऽग्निहोत्रवान् ।।
नाभेरूर्ध्वं तु दष्टस्य तदेव द्विगुणं भवेत् ।
तदेव त्रिगुणं वक्त्रे मूर्ध्नि चेत्स्याच्चतुर्गुणम् ।।
क्षत्रविट् शूद्रयोनिस्तु स्नानेनैव शुचिर्भवेत् ।
द्विगुणं तु वनस्थस्य तथा प्रव्रजितस्य च ।।
ब्राह्मणी तु शुना दष्टा सोमे दृष्टिं निपातयेत् ।
यदा न दृश्यते सोमः प्रायश्चित्तं तदा कथम् ।।
यां दिशं तु गतः सोमस्तां दिशं त्ववलोकयेत् ।
सोममार्गेण सा पूता पञ्चगव्येन शुद्धयति ।।

– अङ्गिरा स्मृति ।

कुकुरले टोकेमा ब्रह्मचारी तीन रातमा शुद्ध हुन्छन् । गृहस्थ दुई रातमा र अग्निहोत्री एक रातमा शुद्ध हुन्छन् । नाभिभन्दा माथि टोकेमा त्यसको दुई गुनामा, मुखमा टोकेमा पूर्वोक्तको तीन गुनामा, शिरमा टोकेमा पहिले बताएको चार गुनामा शुद्ध हुन्छन् । क्षत्री, वैश्य र शूद्र केवल स्नानले शुद्ध हुन्छन् । वानप्रस्थी र सन्यासीलाई कुकुरले टोकेमा त्यसको दुई गुनामा शुद्ध हुन्छन् । ब्राह्मणीलाई कुकुरले टोके चन्द्रमाको दर्शन गर्नू । चन्द्र नदेखिए जता चन्द्रमा छन् त्यतै हेर्नू । उनी सोममार्गतर्फ हेर्दैमा पवित्र हुन्छिन् । त्यसपछि पञ्चगव्य पिउनू ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सू. – प्रक्षाल्य वा तं देशमग्निना संस्पृश्य पुनः प्रक्षाल्य पादौ च प्रक्षाल्य पश्चादाचम्य प्रयतो भवति ।।१७।।

अनु. – अथवा कुकुरले छोएको ठाउँ पखालेर अग्निद्वारा स्पर्श गराई फेरि पयर धोएर आचमन गरेपछि शुद्ध हुन्छ ।।१७।।

मनुले पनि भनेका छन्—

ऊर्ध्वं नाभेः करौ मुक्त्वा यदङ्गमुपहन्यते ।

तत्र स्नानाविधिः प्रोक्तो ह्यधः प्रक्षालनं स्मृतम् ।।

(दुई हातलाई छोडेर नाभिभन्दा माथि कुकुरले टोक्यो भने जुन अङ्ग टोके पनि स्नान गर्नू । नाभिभन्दा मुनि टोके टोकेको ठाउँ पखाल्दिनू ।)

सू. – अग्नि नाऽ प्रयत आसीदेत् ।।१८।।

अनु. – अपवित्र अवस्थामा अग्निका समीपमा (जहाँसम्म तातो आउँछ) नजानू ।।१८।।

सू. – इषुमात्रादित्येके ।।१९।।

अनु. – कुनै धर्माचार्यको मतअनुसार अग्निदेखि एक वाणभन्दा कम दूरीमा नजानू ।।१९।।

सू. – न चैनमुपधमेत् ।।२०।।

अनु. – अपवित्र अवस्थामा मुखले आगो नफुक्नू ।।२०।। (पवित्र अवस्थामा त मुखैले फुक्नू ।)

मनुले पनि भनेका छन्—

'मुखेनोपधमेदग्निं मुखाद्ध्यग्निरजायत ।

(अग्निलाई मुखैले फुक्नू किनभने अग्निको उत्पत्ति मुखैवाट भएको हो)

सू. – खट्वायां च नोपदध्यात् ।।२१।।

अनु. – खाटमुनि अग्नि नराख्नू ।।२१।।

सू. – प्रभूतैधोदके ग्रामे यत्राऽऽत्माधीनं प्रयमणं तत्र वासो धार्म्यो ब्राह्मणस्य ।।२२।।

अनु. – ब्राह्मणको लागि त्यस्ता गाउँमा वास गर्नु धर्मयुक्त एवं ठीक हुन्छ जहाँ पानी र दाउरा पर्याप्त मात्रामा पाइन्छन्, चोखीनीतिको लागि पूर्ण स्वतन्त्रता हुन्छ ।।२२।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सू. – **मूत्रं कृत्वा पुरीषं वा मूत्रपुरीषलेपानन्नलेपानुच्छिष्टलेपान् रेतसश्च ये लेपास्तान् प्रक्षाल्य पादौ चाऽऽचम्य प्रयतो भवति ।।२३।।**

अनु. – दिसा वा पिशाव गरेर दिसा पिसाबका लेपहरू, अन्नका लेपहरू, अरू विभिन्न खाद्य पदार्थका जूठा लेपहरू, वीर्यका लेपहरू, यी सबै प्रकारका लेपहरूलाई (माटो पानी आदिद्वारा) धोएर पयर पनि धोएर आचमन गरी व्यक्ति पवित्र हुन्छ ।।२३।।

यस प्रसङ्गमा याज्ञवल्क्य ऋषि–

गन्धलेपक्षयकरं शौचं कुर्यादतन्द्रितः (याज्ञवल्क्य स्मृति १।१७)

(गन्ध र लेप नरहने गरी अल्छचाइँ नगरी शौच गर्नुपर्छ ।)

देवल:–

यावत् स शुद्धि मन्येत तावच्छौचं समाचरेत् ।
प्रमाणं शौचसङ्ख्याया न शिष्टैरुपदिश्येत ।।

(जति शौच हुनाले व्यक्ति आफूलाई पवित्र भएको ठान्दछ त्यति शौच गर्नू । यतिपल्ट शौच गर्नुपर्छ भनेर शिष्टहरूद्वारा उपदेश गरिदैन ।)

इति आपस्तम्ब-धर्मसूत्रे पञ्चदशी कण्डिका ।

यसरी आपस्तम्व–धर्मसूत्रको नेपाली अनुवादमा पन्ध्रौं कण्डिका पूरा भयो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अथ षोडशी कण्डिका

(अब सोह्रौं कण्डिका सुरू हुन्छ)

सू. – **तिष्ठन्नाऽऽचामेत् प्रह्वो वा ।।१।।**

अनु. – उठीउठी अथवा झुकेर आचमन नगर्नू ।।१।।

आचमनविधि—

सू – **आसीनस्त्रिराचामेद् धृदयङ्गमाभिरद्भिः ।।२।।**

अनु. – बसेर हृदयसम्म पुग्ने जलले तीन पल्ट आचमन गर्नू ।।१।।

टिप्पणी – यसमा क्षत्रियले गलासम्म पुग्ने जलले आचमन गर्नू, वैश्यले तालुसम्म पुग्ने जलले र शूद्रले जिभ्रोलाई छुने जलले आचमन गर्नू। (ब्राह्मणले मात्र हृदयसम्म पुग्ने जलले आचमन गर्नू भन्ने बुझ्नुपर्‍यो)

सू. – **त्रिरोष्ठौ परिमृजेत् ।।३।।**

अनु. – आचमनपछि तीन पल्ट ओठ पुच्छनू ।।३।।

सू. – **द्विरित्येके ।।४।।**

अनु. – केही धर्मशास्त्रीको मतअनुसार केवल दुई पल्ट ओठ पुछ्नू।।४।।

सू. – **सकृदुपस्पृशेत् ।।५।। द्विरित्येके ।।६।।**

अनु. – माझका तीन औँलाले एकपल्ट ओठ छुनू। कुनै आचार्य दुईपटक ओठ छुनू भन्दछन् ।।५-६।।

सू. – **दक्षिणेन पाणिना सव्यं प्रोक्ष्य, पादौ शिरश्चेन्द्रियाण्युपस्पृशेत् चक्षुषी नासिके श्रोत्रे च ।।७।।**

अनु. – दाहिने हातले बायाँ हात सिंचेर दुवै पाउ, शिर एवम् आँखा, नाक र कानमा रहने इन्द्रियहरूलाई छुनू ।।७।।

टिप्पणी – छुँदा अङ्गुष्ठ र अनामिकाले आँखा छुनू, अङ्गुष्ठ र चोर औँलाले नाकका छिद्र छुनू, अङ्गुष्ठ र कान्छी औँलाले कान छुनू। यसमा कुनै आचार्य अङ्गुष्ठ र अनामिकाले सबै इन्द्रियहरूलाई छुनू भन्दछन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सू. – **अथाऽऽप उपस्पृशेत् ।।८।।**

अनु. – यसपछि इन्द्रियहरूलाई छुने हात धुनू ।।८।।

सू. – **भोक्ष्यमाणस्तु प्रयतोऽपि द्विराचामेद्विः परिमृजेत् सकृदुपस्पृशेत्।।९।।**

अनु. – खान लाग्दा खानुभन्दा पहिले शुद्ध भए पनि दुईपल्ट आचमन गर्नू, दुईपल्ट मुख पुछ्नू एवं एकपल्ट ओठ छुनू ।।९।।

अरू स्मृतिमा बताइएको छ—

भुक्त्वा क्षुत्वा च सुप्त्वा च ष्ठीवित्वोक्त्वाऽनृतं वचः ।
आचान्तः पुनराचामेद् वासो विपरिधाय च ।।

(खाएर, हाच्छिउँ गरेर, निदाएर, थुकेर, झूटो बोलेर र नयाँ कपडा पहिरेर दुईपल्ट आचमन गर्नू ।)

सू. – **श्यावान्तपर्यन्तावोष्ठावुपस्पृश्याऽऽचामेत् ।।१०।।**

अनु. – दाँतका जरादेखि ओठसम्मको भागलाई औंला वा दतिवन काठले रगडेर आचमन गर्नू ।।१०।। श्याव = दन्तमूलदेखि ओठसम्मको भाग।

सू. – **न श्मश्रुभिरुच्छिष्टो भवत्यन्तरास्ये सद्भिर्यावन्न हस्तेनोपस्पृशति।।११।।**

अनु. – दाह्री जुँगाका रौं मुखभित्र पसे पनि जबसम्म हातले छोइँदैनन् तबसम्म अशुद्ध हुँदैनन् ।।११।। (हातले स्पर्श गरेपछि अशुद्ध हुन्छन् ।)

सू. – **य आस्याद् विन्दवः पतन्त उपलभ्यन्ते तेष्वाचमनं विहितम् ।।१२।।**

अनु. – बोल्दा मुखबाट थूक वा रालका थोपा ग्रिर्दै गरेका पाइए भने त्यसमा आचमन गर्नुपर्छ भन्ने विधान छ ।।१२।।

सू. – **ये भूमौ न तेष्वाचामेदित्येके ।।१३।।**

अनु – थूक या रालका थोपा (शरीरमा नगिरेर) जमीनमा गिरे भने आचमन गर्नु पर्दैन भन्ने कसैको मत छ । ग्रन्थकारको मतमा आचमन गर्नुपर्छ ।।१३।।

सू. – **स्वप्ने क्षवथौ शिङ्घाणिकाश्वालम्भे लोहितस्य केशानामग्नेर्गवां ब्राह्मणस्य स्त्रियाश्चालम्भे महापथं च गत्वाऽमेध्यं चोपस्पृश्याऽप्रयतं च मनुष्यं नीवीं च परिधायाऽप उपस्पृशेत् ।।१४।।**

अनु. – निदाएमा, हाच्छिउँ गरेमा, सिंगान, आँसुहरूको स्पर्श गरेमा रगत, केश, आगो, गाई, ब्राह्मण, स्त्रीहरूलाई छोएमा, चौबाटोमा गएर, अपवित्र पदार्थ छोएमा, अपवित्र मनुष्यलाई छोएमा कम्मरभन्दा मुनि कपडा पहिरेर जलस्पर्श गर्नू ।।१४।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सू. – आर्द्रं वा शकृद्दोषधीर्भूमिं वा ।।१५।।
अनु. – पूर्वोक्त १४ धौं सूत्रमा वताइएका कुराहरू छोएर जलको सट्टा आगो गोबर, बूटी (बोट) वा भुइँ छोए पनि हुन्छ ।।१५।।

सू. – हिंसार्थेनाऽसिना मांसं छिन्नमभोज्यम् ।।१६।।
अनु – पकाउने बेलामा प्राणीलाई मार्ने हतियारले काटेको मासु नखानू।।१६।।

सू. – दद्भिरपूपस्य नाऽपच्छिन्द्यात् ।।१७।।
अनु. – दाँतहरूले मालपुवा नटुक्र्याउनू ।।१७।।
टिप्पणी – यहाँ मालपुवा उपलक्षण मात्र हो। त्यस कारण फल कन्द मूल आदि सबै कुरा दाँतले टुक्र्याएर नखानू ।।१७।।

सू. – यस्य कुले म्रियते न तत्राऽनिर्दशे भोक्तव्यम् ।।१८।।
अनु. – जसको कुलमा कोही मर्छ उसको कुलमा दश दिन नपुगी नखानू।।१८।।
टिप्पणी – दश दिन भनेको आशौचकालको उपलक्षण हो त्यसो हुँदा शास्त्रीय मर्यादाअनुसार जति दिन (क्षत्रिय आदिको अधिक) आशौच लाग्छ त्यति दिन नखानू ।

सू. – तथाऽनुत्थितायां सूतकायाम् ।।१९।।
अनु. – जुन घरमा सुत्केरीले सुत्केरीकोठा छोडेर हिंडेकी छैनन् अर्थात् आशौच सकिएको छैन त्यस घरमा नखानू ।।१९।।

सू. – अन्तः शवे च ।।२०।।
अनु. – भित्र शव भएको घरमा पनि नखानू ।।२०।।

सू. – अप्रयतोपहतमन्नमप्रयतं न त्वभोज्यम् ।।२१।।
अनु. – अपवित्र अवस्थाका ब्राह्मणादि उच्चजातका व्यक्तिले छोएको अन्न अपवित्र हुन्छ, किन्तु अभोज्य हुँदैन । (त्यस्तो अपवित्र अन्न आगोमा बसाली पानीले सिंचेर माटो वा खरानी छ्वाएर बोलीले) (प्रशंसा) गरी भोजन गर्न लायक हुन्छ । लसुन छयापी आदि अभोज्य हुन्छन् ।।२१।।

सू. – अप्रयतेन तु शूद्रेणोपहृतमभोज्यम् ।।२२।।
अनु. – अपवित्र शूद्रले उपहार चढाएको वा दिएको अन्न अभोज्य हुन्छ । (छोएको भए पनि नछोएको भए पनि) ।।२२।।

सू. – यस्मिंश्चाऽन्ने केशः स्यात् ।।२३।।
अनु. – जुन अन्नमा केश परेको छ त्यो अभोज्य हुन्छ ।।२३।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

टिप्पणी – पकाउने अवस्थामा केश परी त्यस केशसँगै पाकेको अन्न अभोज्य हुन्छ। (पाकिसकेपछि केश परेमा त्यसलाई हटाएर घिउ छर्किई भोजन गर्न सकिन्छ) ।।२३।।

सू. – **अन्यद् वाऽ मेध्यम्** ।।२४।।

अनु. – नङ आदि अरू अपवित्र कुरा परे पनि अभोज्य हुन्छ ।।२४।।

टिप्पणी – आदि शब्दले कीरा मुसाका लीँडहरू लिइन्छन् । बौधायनको मत-अनुसार केश, कीरा, नख, रोम मुसाको लीँड देखेर त्यति मात्र अन्न झिकेर फालेर शेष खानू। वसिष्ठको मतअनुसार केश, कीरा इत्यादिलाई फालेर जलले प्रोक्षण गरेर भस्म छरेर वचनले प्रशंसा गरेर उपयोग गर्नू।

सू. – **अमेध्यैरवमृष्टम्** ।।२५।।

अनु. – अपवित्र पदार्थले (कलञ्च पलाण्डु आदिले) स्पर्श गरेको भोजन पनि अपवित्र, अभोज्य हुन्छ।।२५।।

सू. – **कीटो वाऽमेध्यसेवी** ।।२६।।

अनु. – जुन भोजनमा अपवित्र पदार्थको सेवन गर्ने कीरा परेको छ त्यो पनि अभोज्य हुन्छ ।।२६।।

सू. – **मूषिकलाङ्गं वा** ।।२७।।

अनु. – जुन भोजनमा मुसाको अवयव वा विष्टा परेको छ त्यो अभोज्य हुन्छ ।।२७।।

सू. – **पदा वोपहतम्** ।।२८।।

अनु. – गोडाले छोइएको खाद्य पनि अभोज्य हुन्छ ।।२८।।

सू. – **सिचा वा** ।।२९।।

अनु. – पहिरेको कपडाको छेउले स्पर्श गरेको भोजन पनि अभोज्य हुन्छ।।२९।। (सिक् – कपडाको छेउ) ।

सू. – **शुना वाऽ पपात्रेण वा दृष्टम्** ।।३०।।

अनु. – कुक्कुर अथवा पतित, सुत्केरी, रजस्वला चाण्डाल जस्ता अपपात्रले देखेको खाद्य पनि अभोज्य हुन्छ ।।३०।।

सू. – **सिचा वोपहृतम्** ।।३१।।

अनु. – नलगाएका शुद्ध कपडाका छेउमा ल्याइएको (छोएको) भोजन पनि अभोज्य हुन्छ ।।३१।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सू. – **दास्या वा नक्तमुपहृतम् ।।३२।।**

अनु. – नोकर्नीले रातमा ल्याएर टक्र्याएको खाद्य पनि अभोज्य हुन्छ ।।३२।।

टिप्पणी – दासी स्त्रीलिङ्गको निर्देशले दासले ल्याएकोमा दोष छैन । रातमा भनेकोले दिनमा दोष छैन ।

सू. – **भुञ्जानं वा ।।३३।।**

अनु. – खाँदाखाँदै ल्याएको अन्न पनि अभोज्य हुन्छ ।।३३।।

इत्यापस्तम्ब–धर्मसूत्रे षोडशी कण्डिका ।

यसरी आपस्तम्ब-धर्मसूत्रको नेपाली अनुवादमा सोह्रौं कण्डिका पूरा भयो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अथ सप्तदशी कण्डिका

(अब सत्रौं कण्डिका प्रारम्भ हुन्छ)

सू. – यत्र शूद्र उपस्पृशेत् ॥१॥

अनु. – भोजनको अवस्थामा शूद्रले छोएको बाँकी अन्न अभोज्य हुन्छ ॥१॥

टिप्पणी – भोजन गर्दा गर्दै भनेकोले अन्यकालमा शूद्रस्पर्शमा अपवित्र हुँदैन यो कुनैको मत छ। अरूको मतानुसार शूद्र सदैव स्पष्ट अपवित्र हुन्छ।

सू. – अनर्हद्भिर्वा समानपङ्क्तौ ॥२॥

अनु. – कुल विद्या र आचरणमा हीन व्यक्तिहरूका समान-पङ्क्तिमा दिइएको जेसुकै भोज्य पनि अभोज्य हुन्छ। नखानू ॥२॥

सू. – भुञ्जानेषु वा तत्राऽयत्राऽनुत्थायोच्छिष्टं प्रयच्छेदाचामेद् वा ॥३॥

अनु. – एउटै पङ्क्तिमा धेरैले खाँदा खाँदै एक व्यक्ति खान छोडेर बाँकी उच्छिष्ट (जूठो भोजन) अरूलाई दिन्छ वा आचमन गर्छ भने त्यस पङ्क्तिमा बसेर नखानू। (धेरैले खाँदाखाँदै एउटाले मात्र खान छोड्नु हुँदैन त्यस्तालाई भोजनकण्टक भनिन्छ)

सू. – कुत्सयित्वा यत्राऽन्नं दद्युः ॥४॥

अनु. – जहाँ निन्दा गरेर अन्न दिइन्छ। त्यस्तो अन्न अभोज्य हुन्छ। नखानू ॥४॥

सू. – मनुष्यैर्वाऽन्यैरवघ्रातममेध्यैः (मनुष्यैरव घ्रातमन्यैर्वाऽमेध्यै) ॥५॥

अनु. – मनुष्यले अथवा बिरालो आदि अपवित्र प्राणीले सुँघेको अन्न (अभोज्य) नखानू ॥५॥

टिप्पणी – हरदत्तको व्याख्याअनुसार टाढाबाट सुँघेमा दोष हुँदैन।

सू. – नावि न भुञ्जीत ॥६॥

अनु. – नाउमा (डुङ्गामा) बसेर नखानू ॥६॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सू. – **तथा प्रासादे ।।७।।**

अनु. – काठको मेचमा बसेर नखानू ।।७।। प्रासाद=दारुमयो मञ्चः

सू. – **कृतभूमौ तु भुञ्जीत ।।८।।**

अनु. – गोबर आदिले लिपे–पोतेको जमीनमा बसेर त खानू ।।८।।

टिप्पणी – काठको मेचमाथि माटो छापेको भए त्यसमा बसेर खानमा दोष छैन भन्ने कसैको भनाइ छ ।

सू. – **अनाप्रीते मृण्मये भोक्तव्यम् ।।९।।**

अनु. – पहिले भोजन निर्माण आदि आप्रीतः (अरू काममा प्रयोग नगरिएका) माटाका भाँडामा खानू ।।९।।

सू. – **आप्रीतं चेदभिदग्धे ।।१०।।**

अनु. – अरू काममा लगाइएका माटाका भाँडामा खानुपरे भाँडो आगोमा पोलेर मात्र खानू ।।१०।।

सू. – **परिमृष्टं लौहं प्रयतम् ।।११।।**

अनु. – राम्ररी माझेका लोहाको विकार भएको काँसो आदिको धातुको भाँडो पवित्र हुन्छ ।।११।।

टिप्पणी – सफा गर्ने साधन विभिन्न धातुमा खरानीले फलाम र काँसो, साफ हुन्छ, अमिलोले तामो, गोबरले चाँदी, पानीले सुन, इत्यादि ।

सू. – **निर्लिखितं दारुमयम् ।।१२।।**

अनु. – काठको भाँडो ताछेर शुद्ध हुन्छ ।।१२।।

सू. – **यथागमं यज्ञे ।।१३।।**

अनु. – यज्ञपात्र वेदशास्त्रमा बताइएअनुसारको विधिले पवित्र हुन्छ; जस्तै–अग्निहोत्रमा हवन गर्ने पात्र कुशपानीले धुँदा पवित्र हुन्छ, सोमरसका पात्र सोमयागको सदोनामक मण्डपको आग्नेय कोणमा पखाल्नाले पवित्र हुन्छ, आज्यपात्रहरू तातोपानीले पखाल्दा पवित्र हुन्छन् आदि ।।१३।।

सू. – **नाऽऽपणीयमन्नमश्नीयात् ।।१४।।**

अनु. – बजारमा पाकेको भोज्य नखानू ।।१४।।

सू. – **तथा रसानामामम्मांसमधुलवणनीति परिहाप्य ।।१५।।**

अनु. – त्यस्तै काँचो मासु, मह, नूनहरूलाई छोडेर बजारमा तैयार गराएका अरू रस वा रसिला पदार्थ पनि नखानू ।।१५।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सू. – तैलसर्पिषी तूपयोजयेदुदकेऽऽ वधाय ।।१६।।

अनु. – तेल र घीउ चाहिँ पानीले सिंचेर काममा लाउनू।।१६।।
(घ्यू र तेल पकाएर (तताएर) काममा ल्याउनू भन्ने पक्ष पनि छ ।)

सू. – कृतान्नं पर्युषितमखाद्यापेयानाद्यम् ।।१७।।

अनु. – अघिल्ला दिनमा तैयार गरिएको बासी पक्कान्न अखाद्य, (खान नहुने), अपेय (पिउन नहुने, अनाद्य (निल्न नहुने) हुन्छन् ।।१७।।

सू. – शुक्तं च ।।१८।।

अनु. – अमिल्याएर तयार गरिएको खाद्य पदार्थ पनि नखानू ।।१८।।

सू. – फाणितपृथुकतण्डुलकरम्बभरूजसक्तुशाकमांसपिष्टक्षीरविकारौषधिवनस्पतिमूलफलवर्जम् ।।१९।।

अनु. – खुदो, चिउरा, चामल, दही, सातु, भुटिएको जौ, केवल सातु, साग, मासु, आटा, दूध, दूधबाट बन्ने दही, कुराउनी, घिउ आदि औषधि, रूखका जरा, फललाई छोडेर । अर्थात् यी शुक्त (बासी) चीजहरूलाई खानेकाममा प्रयोग गर्न सकिन्छ । यीं बाहेक अरूमा मात्र पूर्वोक्त नियम लागू हुन्छ ।।१९।।

सू. – शुक्तं चाऽपरयोगम् ।।२०।।

अनु. – अर्को पदार्थ नमिलाई अमिल्याएको पदार्थ नखानू ।।२०।।

सू. – सर्वं मद्यमपेयम् ।।२१।।

अनु. – सबै (बीस प्रकारका[1]) मदिरा ब्राह्मणले पिउन हुँदैन ।।२१।।
मनुले भनेका छन्—

गौडी पैष्टी च माध्वी च विज्ञेया त्रिविधा सुरा ।
यथैवैका न पातव्या तथा सर्वा द्विजोत्तमैः ।।

(सखरबाट बन्ने, पीठोबाट बन्ने, महबाट बन्ने, तीन प्रकारका सुरा हुन्छन्, तिनमा पीठोबाट बन्ने एक मदिरा जसरी ब्राह्मणले पिउन हुँदैन त्यसै गरी सबै प्रकारका मदिरा पिउन हुँदैन ।)

सू. – तथैलकं पयः ।।२२।।

अनु. – त्यसरी नै एलका (भेडा) को दूध पिउनु हुँदैन ।।२२।।

सू. – उष्ट्रीक्षीर मृगीक्षीरसन्धिनीक्षीरयमसूक्षीराणीति ।।२३।।

अनु. – ऊँटीको दूध, मृगीको दूध, गोरु लागेको गाईको दूध, जुम्ल्याहा बाच्छा पाउने गाईको दूध, एकखुरे प्राणीको दूध पिउनु हुँदैन ।।२३।।

---

१. आयुर्वेदमा बीस प्रकारका मदिरा बताइएका छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मनु – भैंसी बाहेक सबै जङ्गली शिकार गरिने प्राणीको दूध, स्त्रीको दूध, ब्याएपछि १० दिन नपुगेकी गाईको दूध, ऊँटीको दूध, एकखुरे प्राणी-को दूध नपिउनू । सबै अमिल्याएका पदार्थ पनि नखानू ।

"आरण्यानां च सर्वेषां मृगाणां महिषीं विना ।
स्त्रीक्षीरं चैव वर्ज्यानि सर्वशूक्तानि चैव हि ।।
अनिर्दशाया गोः क्षीरमौष्ट्रमैकशफं तथा ।।"

आविकं सन्धिनीक्षीरं विवत्सायाश्च गोः पय ।। इति ।।

सू. – धेनोश्चाऽनिर्दशायाः ।।२४।।

अनु. – ब्याएको दश दिन नपुग्दै गाईको पनि दूध नपिउनू । (भैंसी बाख्राको पनि) ।।२४।।

सू. – तथा कीलालौषधीनां च ।।२५।।

अनु. – मदिरा बनाउने काममा प्रयोग गरिने औषधि 'कीलालौषधि भनिन्छ, त्यो मिलेको अन्न पनि नखानू ।।२५।।

सू. – करञ्जपलाण्डुपरारीकाः ।।२६।।

अनु. – रातो लसुन (करञ्ज), सेतो लसुन (पलाण्डु), कालो लसुन (परारीका) यी तीनै थरी लसुनहरू अभक्ष्य हुन् नखानू ।।२६।।

सू. – यच्चाऽन्यत् परिचक्षते ।।२७।

अनु. – यी बाहेक अरू चीजहरू जसलाई धर्मज्ञ व्यक्तिहरू अभक्ष्य बताउँछन् ती चीजहरू नखानू ।।२७।।

जस्तो मनु—

लसुनं गृञ्जनं चैव पलण्डुं कवकानि च ।
अभक्षाणि द्विजातीनाममेद्धच प्रभवानि च ।।

लसुन, गाजर, प्याज, च्याऊ र अपवित्र स्थानबाट उत्पन्न हुने द्रव्य द्विजाति (ब्राह्मण, क्षत्रिय र वैश्य) ले नखानू ।

सू. – क्याक्वभोज्यमिति हि ब्राह्मणम् ।।२८।।

अनु. – च्याउ (क्याकु) अभोज्य हो भनेर ब्राह्मण ग्रन्थमा बताइएको छ।।२८।।

सू. – एकखुरोष्ट्रगवयग्राम्यसूकरशरभगवाम् ।।२९।।

अनु. – घोडा आदि एउटा मात्र खुर हुने प्राणी, ऊँट, गौरीगाई (गवय) गाउँले सुँगुर, शरभहरूको मामु अभक्ष्य हुन्छ ।।२९।।

सू. – धेन्वनडुहोर्भक्ष्यम् ।।३०।।

अनु. – गाई र साँढेको मासु भक्ष्य हुन सक्छ ।।३०।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

टिप्पणी – धेनुः स्यान्नव सूतिका लैनु गाई धेनु भनिन्छ किन्तु यहाँ सामान्य अवड्हले गाडा तान्ने गोरु बुझिन्छ, यी भक्ष्य भने पनि कलि वर्ज्य भएकोले खानु हुँदैन ।

सू. – **मेध्यमानडुहमिति वाजसनेयकम् ॥३१॥**

अनु. – वाजसनेयकोमतअनुसार साँढेको मासु पवित्र मानिन्छ ॥३१॥

टिप्पणी – कलियुगभिन्न – अरू युगको निमित्त यो वाक्य हो ।

सू. – **कुक्कुट्टो विकिराणाम् ॥३२॥**

अनु. – पतिङ्गर खोस्रे र आफ्नो खाना खोज्ने मयूर आदि प्राणीहरूमा गाउँको अभक्ष्य हो नखानू ॥३२॥

सू. – **प्लवः प्रतुदानाम् ॥३३॥**

अनु. – चुच्चाले काठलाई ठुँगेर आफ्नो भोज्य निकाल्ने टेउवा आदि पक्षीमा प्लव पक्षी अभक्ष्य हुन्छ ॥३३॥

टिप्पणी – प्लव भने शकटवल नाम बकुल्लो हो।

सू. – **क्रव्यादः ॥३४॥**

अनु. – गिद्ध आदि काँचो मासु खाने पक्षी अभक्ष्य हुन्छ ॥३४॥

सू. – **हंसभासचक्रवाक सुपर्णाश्च ॥३५॥**

अनु. – हाँस, भासपक्षी, चखेवा, गरूड या बाज यी पक्षीहरू पनि अभक्ष्य हुन्। यिनको मासु खानु हुँदैन ॥३५॥

सू. – **क्रुश्चक्रौञ्चवार्ध्राणसलक्ष्मणवर्जम् ॥३६॥**

अनु. – कन्याङकुरुङ (क्रुञ्च) भाले पोथी मात्र एक्लै हिंड्ने पक्षि विशेष (क्रौञ्च), यी दुई थरी पक्षीहरू अभक्ष्य हुन्छन् । केवल छाला जस्तो नाक हुने सेतो अथवा रातो शिर हुने पोथी सारसलाई छोडेर ॥३६॥

सू. – **पञ्चनखानां गोधाकच्छपश्वाविट्छ्वर्यकखड्गशशपूतिखषवर्जम् ॥३७॥**

अनु. – पाँच नङ हुने वनमानुष वानर, वनढाडे आदिमध्ये गोहोरो, कछुवा, खाषिड (एक प्रकारको बनेल), दुम्सी, गैंडा, खरायो, खरायोको आकारको हिमाली पूतिखष नामको जन्तुलाई छोडेर पाँच नङ हुने प्राणी अभक्ष्य हुन्छन् ॥२७॥

सू. – **अभक्ष्यश्चेटो मत्स्यानाम् ॥३८॥**

अनु. – माछाहरूमा चेट नामको माछो अभक्ष्य हो ॥३८॥

सू. – **सर्पशीर्षी मृदुरः क्रव्यादो ये चान्ये विकृता यथा मनुष्यशिरसः॥३९॥**

अनु. – सर्पको जस्तो शिर हुने माछो, गोही, शिशुमार आदि, काँचो मासु

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मात्र खाने माछा, जलमानुष जस्ता मनुष्यको शिर हुने जलजन्तु यी सबै अभक्ष्य (खान नहुने) प्राणी हुन् ।।३९।।

यसबारे मनु—

अनुमन्ता विशसिता निहन्ता क्रयविक्रयी ।
संस्कर्ता चोपहर्ता च खादकश्चैति घातका: ।।
मांसभक्षयिताऽमुत्र यस्य मांसमिहाद्म्यहम् ।
एतन्मांसस्य मांसत्वं प्रवदन्ति मनीषिण: ।।
न मांसभक्षणे दोषो न मद्ये न च मैथुने ।
प्रवृत्तिरेषां भूतानां निवृत्तिस्तु महाफला: ।। 'इति'

(मार्ने अनुमति दिने, हतियार चलाउने, मार्ने, मासु किनबेच गर्ने, सफाइ गर्ने, मान्ने प्राणीलाई मार्ने ठाउँमा ल्याउने र मासु खाने यी सबै घातक हुन् । जुनलाई मैले अहिले खाँदैछु, त्यसले पनि मेरो मासु खाने छ, यो नै मांस (मासु) शब्दको व्युत्पत्ति हो यद्यपि मांस भक्षमा मद्यमान मैथुनमा दोष छैन तथाऽपि नखानुमा ठूलो फल छ, नखानु नै बेश हो ।

आपस्तम्ब-धर्मसूत्रे सप्तदशी कण्डिका

आपस्तम्ब–धर्मसूत्रमा सत्रौं कण्डिका पूरा भयो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अथ षष्ठः पटलः

(अब छैठौं पटल शुरु हुन्छ)

यस प्रकरणमा स्वीकार्य र अस्वीकार्य दानबारे विचार गरिन्छ–

सू. – मध्वामं मार्गं मांसं भूमिर्मूलफलानि रक्षा गव्यूतिर्निवेशनं युग्य घासश्चोग्रतः प्रतिगृह्याणि ।।१।।

अनु. – मह, कच्चा अन्न, दाल, चामल आदि मृगको मासु, जमीन, कन्दमूल, फल, अभयदान, गाई हिंड्ने बाटो, घर, दाएको गोरु, घाँस आदि पशुको खाना यति कुरा उग्र पाप गर्ने ब्राह्मण, क्षत्रिय, वैश्य र वैश्य-बाट शूद्रा स्त्रीमा उत्पन्न उग्र व्यक्तिबाट पनि दानका रूपमा लिन हुन्छ ।।१।।

सू. – एतान्यपि नाऽनान्तेवास्याहृतानीति हारीतः ।।२।।

अनु. – हारित महर्षिकाअनुसार पूर्वोक्त मह आदि पदार्थ पनि उग्रबाट सीधै प्रतिग्रहको रूपमा लिनु हुँदैन, किन्तु विद्यार्थीको माध्यमबाट ल्याएको मात्र लिनु हुन्छ ।।२।।

सू. – आमं वा गृह्णीरन् ।।३।।

अनु. – अथवा पहिले बताइएका पदार्थमा दाल, चामल आदि कच्चा अन्न मात्र स्वयं लिन सकिन्छ ।।३।। (हारीतको मत)

सू. – कृतान्नस्य वा विरसस्य ।।४।।

अनु. – (हारीतको मतअनुसार) काँचो अन्न नमिले नून नराखी पकाएको मासु आदि कम मात्रामा लिन सकिन्छ ।।४।।

सू. – न सुभिक्षाः स्यु ।।५।।

अनु. – लगत्तै पहिले बताइएका दुई प्रकारका प्रतिग्रह (दान लिने विधान) केवल प्राण बचाउनको लागि मात्र लिनू । जति पायो उति (तृप्ति पर्यन्त) नलिनू ।।५।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सू. – **स्वयमप्यवृत्तौ सुवर्णं दत्वा पशुं वा भुञ्जीत ॥६॥**

अनु. – जीविका-निर्वाह सम्भव नभएमा पक्वान्न अपक्वान्न जस्तो मिल्छ स्वयं दान लिएर पनि सुन वा अग्निको त्यस अन्नमा स्पर्श गराएर खानू । यहाँ 'पशु' शब्दको अर्थ अग्नि हो ॥६॥

सू. – **नाऽत्यन्त मन्ववस्येत् ॥७॥**

अनु. – यस्ता जीविकामा अधिक आग्रह नगर्नू ॥७॥

सू. – **वृत्तिं प्राप्य विरमेत् ॥८॥**

अनु. – शास्त्रविहित वृत्ति पाएपछि निषिद्ध वृत्तिलाई छोडि दिनू ॥८॥

टिप्पणी – व्याख्याकारले यस प्रसङ्गमा ऋग्वेद र छान्दोग्योपनिषद्को उदाहरण दिएर आपतको अवस्था कुकुरका आन्द्रा पकाएर खाए पनि अधर्म हुँदैन भनेको छ ।

आपत्को वृत्ति बताएर स्वस्थ अवस्थाको वृत्ति बताइन्छ–

सू. – **त्रयाणां वर्णानां क्षत्रिय प्रभृतीनां समावृत्तेन न भोक्तव्यम् ॥६॥**

अनु. – समावर्तन-संस्कार गरेका ब्राह्मणले क्षत्रिय, वैश्य र शूद्रका घरमा नखानू ॥९॥

सू. – **प्रकृत्या ब्राह्मणस्य भोक्तव्यमकारणादभोज्यम् (भोक्तव्यम) ॥१०॥**

अनु. – स्वभावतः ब्राह्मणले ब्राह्मणको घरमा भोजन गर्नुपर्छ । विशेष कारण परेमा खानु हुँदैन ॥१०॥

सू. – **यत्राऽप्रायश्चित्तं कर्माऽऽसेवते प्रायश्चित्तवति ॥११॥**

अनु. – जुन ब्राह्मण स्वयं प्रायश्चित्त गर्नुपर्ने प्रायश्चित्तवास् भएर पनि प्राणायाम, उपवास कृच्छ्रचान्द्रायण जस्ता प्रायश्चित्तीले गर्नुपर्ने काम नगरी साधारण बलि वैश्वदेव आदि मात्र गर्दछ त्यस्ता ब्राह्मणको अन्न अभोज्य हुन्छ । त्यस्ताको अन्न नखानू ॥११॥

सू. – **चरितनिर्वेषस्य भोक्तव्यम् ॥१२॥**

अनु. – जसले प्रायश्चित्त गरिसकेको छ । त्यसको अन्न खानुपर्छ । यस सूत्रमा भूतकालका वाक्यको प्रयोग हुनाले प्रायश्चित्त गर्दै गरेका ब्राह्मणको अन्न खानु हुँदैन ॥१२॥

सू. – **सर्ववर्णानां स्वधर्मे वर्तमानानां भोक्तव्यं शूद्रवर्जमित्येके ॥१३॥**

अनु. – कुनै धर्माचार्यहरूका मतमा शूद्रलाई छोडेर आ-आफ्नो धर्ममा रहेका ब्राह्मण, क्षत्रिय र वैश्य यी तीनै जातका व्यक्तिको अन्न खानुपर्छ ॥१३॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सू. – **तस्याऽपि धर्मोपनतस्य ।।१४।।**

अनु. – शूद्र पनि धर्मको लागि आफ्ना शरणमा आएको छ भने उसको पनि अन्न खानुपर्छ । यो आपत्कालिक व्यवस्था हो ।।१४।।

सू. – **सुवर्णं दत्त्वा पशुं वा भुञ्जीत नाऽत्यन्तमन्ववस्येद् वृत्तिं प्राप्य विरमेत् ।।१५।।**

अनु. – शूद्रको अन्न खानुपर्दा सो अन्नमा सुनको वा अग्निको स्पर्श गराई खानू । तर त्यसमा आग्रह नबढाउनू । राम्रो जीविका पाउनासाथ त्यसबाट हट्नू ।।१५।।

सू. – **सङ्घान्नमभोज्यम् ।।१६।।**

अनु. – समूहको अन्न खान लायक हुँदैन ।।१६।।

सू. – **परिक्रुष्टञ्च ।।१७।।**

अनु. – 'खान चाहने व्यक्तिहरू पाल्नुहोस्' भनी चारैतर्फ उद्घोषणा गरेको अन्न नखानू ।।१७।।

सू. – **सर्वेषां च शिल्पाजीवानाम् ।।१८।।**

अनु. – चित्र बनाउने आदि सीपको कामबाट जीविका चलाउने ब्राह्मण आदि व्यक्तिको अन्न पनि नखानू ।।१८।।

सू. – **ये च शस्त्रमाजीवन्ति ।।१९।।**

अनु. – क्षत्रिय जाति बाहेक जो हतियार चलाएर जीविका चलाउँछन् तिनको अन्न पनि नखानू ।।१९।।

सू. – **यो चाऽऽधिम् ।।२०।।**

अनु. – कुनै व्यक्ति पराईको जमीन वा घर भाडामा लिएर त्यहाँ कुटी बनाएर वा त्यसै बस्छन् । त्यस्ताले घर वा जमीनका मालिकलाई दिइने मासिक वा वार्षिक निश्चित रकमलाई आधि वा स्तोम (भाडा) भन्दछन् । त्यस्तो भाडा लिएर जीविका गर्ने व्यक्तिको अन्न नखानू ।।२०।।

सू. – **भिषक् ।।२१।।**

अनु. – व्यवसायको रूपमा चिकित्सा उपचार गर्ने व्यक्तिको अन्न अभोज्य हुन्छ नखानू ।।२१।।

सू. – **वार्धुषिकः ।।२२।।**

अनु. – जुन व्यक्ति व्याजबट्टा लगाएर त्यसबाट आएको धनले जीविका चलाउँछ त्यस्ता व्यक्तिको अन्न नखानू ।।२२।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सू. – **दीक्षितोऽक्रीतराजकः[1] ॥२३॥**

अनु. – यज्ञमा दीक्षणीय इष्टि गरेका यजमानको अन्न उसले सोमलता नकिनेसम्म खानु हुँदैन ॥२३॥

सू. – **अग्निसो (अग्नीषो) मीयसंस्थायामेव ॥२४॥**

अनु. – दीक्षणीया इष्टि गरेका यजमानको अन्न अग्नि र सोम देवताको लागि पशुवलि दिएपछि मात्र खानु हुन्छ ॥२४॥

सू. – **हुतायां वपायां दीक्षितस्य भोक्तव्यम ॥२५॥**

अनु. – अग्नि र सोम देवताको लागि बलि बनेको पशुको बोसो ती दुवै देवताको प्रीतिको लागि हवन गरेपछि मात्र दीक्षितको अन्न खानु हुन्छ॥२५॥

अथवा

सू. – **यज्ञार्थे वा निर्दिष्टे शेषाद् भुञ्जीरन्निति हि ब्राह्मणम् ॥२६॥**

अनु. – ब्राह्मणग्रन्थमा बताइएको छ– 'यो यति यज्ञको लागि नचलाउने भनी छुट्ट्याएर बाँकी अंश भोजन गर्न सक्छन् ॥२६॥

सू. – **क्लीबः ॥२७॥**

अनु. – जो नपुंसक छ, त्यसको अन्न खानु हुँदैन ॥२७॥

सू. – **राज्ञां प्रैषकरः ॥२८॥**

अनु. – जो राजाहरूको (बहुवचन भएकोले गाउँलेहरूको पनि) सन्देश निर्दिष्ट स्थान पुऱ्याउने दूत हुन्छ, उसको अन्न खानु हुँदैन॥२८॥

सू. – **अहविर्याजी ॥२९॥**

अनु. – जुन ब्राह्मण मारण–मोहनको लागि घिउ आदि हवनीय पदार्थको सट्टामा मानिसका रगत आदिले हवन गराउँछ त्यसको अन्न खानु हुँदैन ॥२९॥

सू. – **चारी ३०॥**

अनु. – जो व्यक्ति गुप्तचर (जासूस)को काम गर्छ, त्यसको अन्न पनि खानु हुँदैन ॥३०॥

---

१. राजकः = सोमलता । अग्निस्टोम यज्ञमा यजमानको संस्कार गर्नको लागि दीक्षेणीयेष्टि नामक सानो यज्ञको विधान पूर्वमोमांसाको पाँचौं अध्यायमा छ । त्यस यज्ञले संस्कार गरिएको यजमान जबसम्म यज्ञको मुख्य सामग्री सोमलता किन्दैन तवसम्म उसको अन्न खानु हुँदैन ।

पहिलो दिन अपराह्णमा दीक्षा लिनुपर्छ । दोस्रो दिन सोमलता किन्नुपर्छ । पहिलै दिन पूर्वाह्णमा दीक्षणीयेष्टि गरिन्छ । अतः पहिलो दिन अपराह्णदेखि दोस्रो मध्याह्णसम्म यज्ञमा दीक्षा लिएका दीक्षितको अन्न खानु हुँदैन । यो सबै कुरा एउटै दीक्षा लिएका व्यक्तिमा मात्र लागु हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सू. – अविधिना च प्रव्रजितः ।।३१।।

अनु. – शास्त्रीय विधानविना सन्यास लिने व्यक्तिको अन्न पनि अभोज्य हुन्छ ।।३१।।

टिप्पणी – यस सूत्रले शास्त्रीय विधानविना सन्यास लिने र विशेष गरी बौद्ध भिक्षुहरूप्रति सङ्केत गरेको पाइन्छ ।

सू. – यश्चाग्नीनपास्यति ।।३२।।

अनु. – जो व्यक्ति अग्निहोत्र लिएर पनि आपत् नपरी अग्निको उपासनै नगरी खान्छ र प्रायश्चित्त पनि गर्दैन त्यो र उत्सर्गेष्टि नगरी त्यसै अग्नि छोड्ने व्यक्तिको अन्न पनि नखानू ।।३२।।

सू. – यश्च सर्वान् वर्जयते सर्वान्नी च श्रोत्रियो निराकृतिर्वृषलीपतिः।।३३।।

अनु. – जो वैदिक विद्वान् कसैको पनि अन्न खाँदैन, कसैलाई खवाउँदैन पनि त्यस्तो र जो सबैको अन्न खान्छ त्यस्ताको अन्न खानु हुँदैन । जो वैदिक विद्वान् भएर पनि कहिल्यै स्वाध्याय गर्दैन त्यस्ताको पनि अन्न खानु हुँदैन । जुन वैदिक विद्वान्ले ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्र यी चारै जातका लडकीहरूसँग विवाह गरेको छ र ब्राह्मण, क्षत्रिय, वैश्यका पुत्रीहरू मरेर शूद्रा पत्नीसँग मात्र बसेको छ त्यस्ताको अन्न पनि लिनु हुँदैन ।।३३।।

इत्यापस्तम्ब-धर्मसूत्रे अष्ठादशी कण्डिका

यसरी आपस्तम्ब–धर्मसूत्रको नेपाली अनुवादमा अठारौं कण्डिका पूरा भयो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अथ एकोनविंशी कण्डिका

(अब उन्नाइसौं कण्डिका सुरु हुन्छ)

सू. – मत्त उन्मत्तो बद्धोऽणिकः प्रत्युपविष्टो यश्च प्रत्युपवेशयते तावन्तं कालम् ।।१।।

अनु. – ज्यादा मदिरा पिएर मातेको, पागल वनेको, जेलमा परेको, आफ्नै छोरालाई गुरु मानेर उससँग पढ्ने (अणिक), ब्याजमा आसामी लगाएर भाकामा पैसा बुझाउन नसक्ता आसामीलाई बाँधी उसका छेउमा वसेर चाँडोचाँडो हिसाब फर्काउन धम्क्याउने (प्रत्युपविष्टः) तपाईंको धन नखाएको होइन खाएकै हो तर तिरुँला नि भनी टार्ने यी सबै प्रकारका व्यक्तिहरूमा यस्ता आ-आफ्ना व्यवहार रहेसम्म यिनीहरू सबैका अन्न खानु हुँदैन ।।१।।

सू. – क आश्यान्नः ।।२।।

अनु. – यी पूर्वोक्त व्यक्तिहरूको अन्न खानु हुँदैन भने कस्ता व्यक्तिको अन्न खानु त ? ।।२।।

सू. – य ईप्सेदिति कण्वः ।।३।।

अनु. – कण्व ऋषिको मतअनुसार जो व्यक्ति दानपात्रको रूपमा आफूलाई प्राप्त गर्न चाहन्छ, उसैको अन्न खानू वही खान लायक अन्नवाला हुन्छ। प्रतिषिद्धलाई वर्जन गरेर ।।३।।

सू. – पुण्य इति कौत्सः ।।४।।

अनु. – कौत्स ऋषिको मतअनुसार तप-होम, यज्ञ र स्वधर्ममा रहेको व्यक्तिको अन्न पवित्र हुन्छ, भोज्य हुन्छ ।।४।।

सू. – यः कश्चिद् दद्यादिति वार्ष्यायणिः ।।५।।

अनु. – वार्ष्यायणि आचार्यको मतमा निरन्तरशील छ उसैको अन्न भोजन गर्न लायक हुन्छ ।।५।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यस विषयमा मनु—

सू. – श्रद्धापूतं वदान्यस्य हतमश्रद्धयेतरत् ।

अनु. – श्रद्धाले (दिएको) पवित्र भएको अन्न व्याज लिनेको पनि खान हुन्छ, कृपणको भने अश्रद्धाले दूषित हुन्छ, नखानू ।

यसमा उपपत्ति—

सू. – यदि हि रजः स्थावरं पुरुषे भोक्तव्यमथ चेच्चलं दानेन निर्दोषो भवति ।।६।।

अनु. – 'रजस' शब्दको अर्थ पाप हो । यदि पाप पुरुषमा स्थिर हुन्छ भने उसले उपभोगै नगरी सर्विदैन । अनि त्यो पाप चञ्चल हुन्छ भने दानशील व्यक्तिले गरेको पाप उसका दानका पुण्यले काटि हाल्छ । त्यस कारण त्यो निष्पाप भयो । त्यसको अन्न खानमा के दोष ।।६।।

सू. – शुद्धा भिक्षा भोक्तव्यैककुणिकौ काण्वकुत्सौ तथा पुष्करसादिः ।।७।।

अनु. – एक, कुणिक, काण्व, कुत्स तथा पौष्करसादि यी पाँच आचार्यको मत-अनुलार धार्मिक व्यक्तिले ल्याएको भिक्षा शुद्ध हुन्छ, त्यो खान हुन्छ ।।७।।

सू. – सर्वतोपेतं वार्ष्यायणीयम् ।।८।।

अनु. – वार्ष्यायणीय आचार्यको मतअनुसार आफूले प्राप्त गर्ने प्रयास नगरीकन स्वतः प्राप्त भएको अन्न जहाँबाट प्राप्त भए पनि भोज्य हुन्छ ।।८।।

सू. – पुण्यस्येप्सतो भोक्तव्यम् ।।९।।

अनु. – आफूलाई दिन चाहने असल आचरण भएका पुण्यवान् व्यक्तिको अन्न भोज्य हुन्छ ।।९।।

सू. – पुण्यस्याऽप्यनीसप्तो न भोक्तव्यम् ।।१०।।

अनु. – परन्तु आफूलाई दिन नचाहने सदाचारी व्यक्तिकै अन्न पनि नखानू ।।१०।।

सू. – यतः कुतश्चाऽभ्युद्यतं भोक्तव्यम् ।।११।।

अनु. – आफूलाई दिन भनी उठाएको जोसुकैको अन्न पनि खान हुन्छ ।।१०।।

सू. – नाऽनियोगपूर्वमिति हारीतः ।।१२।।

अनु. – हारीतनामक धर्माचार्यका अनुसार– पहिले 'आज म तपाईँलाई यति भोजन टक्र्याउँछु लिनु होला' भनी निवेदन गरेर आफूलाई दिन उठाएको अन्न लिन खान हुँदैन ।।१२।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यस प्रसङ्गमा मूलमा भविष्यादि पुराणमा भनिएका किन्तु मनुस्मृति ४.२५१-२५२ मा पाइने दुई पद्य यस प्रकार छन्—

सू. – **उद्यतामाहृतां भिक्षां पुरस्तादप्रवेदिकाम् ।**
भोज्यां मेने प्रजापतिरपि दुष्कृतकर्मणः ॥
न तस्य पितरोऽश्नन्ति दश वर्षाणि पञ्च च ।
न च हव्यं वहत्यग्निर्यस्तामभ्यव (भ्यधि) मन्यते ॥ इति ॥१३॥

अनु. – पहिले 'म तपाईंलाई यति अन्न भिक्षाको रूपमा दिनेछु' नभनी आफ्ना अगाडि दिन ल्याएको भिक्षा दाता दुष्कर्मकारी नै भए पनि लिन खान हुन्छ भनी प्रजापतिले भनेका छन् । त्यस्तो भिक्षालाई जसले तिरस्कार गर्छ त्यसका पितृहरू १५ वर्षसम्म त्यसले दिएको पिण्डपानी लिंदैनन् ।।१३।।

सू. – **चिकित्सकस्य मृगयोश्शल्यकृन्तस्य पाशिनः ।**
कुलटायाः षण्डकस्य च तेषामन्नमनाद्यम् ।।१४।।

अनु. – औषधोपचार गर्ने व्यक्तिको, शिकारीको, वाण बनाउने व्यक्तिको, पाशो जाल हाली जङ्गली पशुलाई त्यसमा फसाउने व्यक्तिको, वेश्याको र नपुंसकको अन्न नलिनू ।।१४।।

अरू पनि उदाहरण दिइन्छन्—

सू. – **अन्नादे भ्रूणहा मर्ष्टि अनेना अभिशंसति ।**
स्तेनः प्रमुक्तो राजनि याचन्ननृतसङकरे ॥

अनु. – गर्भघात गर्ने व्यक्ति आफ्नो अन्न खाने व्यक्तिमा आफ्नो पाप पुछ्छ । षडङ्ग वेदको अध्ययन गर्ने व्यक्तिलाई पनि भ्रूण भन्दछन् । तिनलाई मार्ने व्यक्ति पनि भ्रूणहा हो । तिनलाई मार्ने व्यक्तिले पनि आफ्नो अन्न खानेमा आफ्नो पाप पुछ्छ । निरपराध व्यक्तिमाथि 'तैंले यो दुष्कर्म गरेकै हो' भनी मुद्दा लगाएमा उसले पहिले गरेका पाप त्यस मुद्दा लगाउनेमा पुछ्छ । चोरलाई राजाले दण्ड नदिई छोडेमा उसले आफ्ना पाप राजामा पुछ्छ । जो व्यक्ति कसैलाई 'म तिमीलाई यो कुरा दिन्छु' भनी प्रतिज्ञा गर्दछ र माग्न आउँदा दिंदैन, त्यस नदिनेमा माग्न आउनेले आफ्ना पाप पुछ्छ । यहाँ सङ्कर नभएर 'सङ्गर' पाठ हुनुपर्ने ।१५।।

इत्यापस्तम्ब धर्मसूत्रे एकोनविंशी कण्डिका

यसरी आपस्तम्ब धर्मसूत्रको नेपाली अनुवादमा उन्नाइसौं कण्डिका पूरा भयो ।

---

१. न तेषामन्नमाप्नुयादिति पाठः साधुः स्यात ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अथ सप्तमः पटलः

(अब सातौं पटल सुरू हुन्छ)

सू. – नेमं लौकिकमर्थं पुरस्कृत्य धर्मांश्चरेत् ।।१।।

अनु. – यस संसारमा मात्र काम लाग्ने शत्रुविजय कीर्तिलाभ प्रतिष्ठाप्राप्ति जस्ता लौकिक कुराहरूको मात्र लख गरेर धर्म-कर्म नगर्नू ।।१।।

सू. – निष्फला ह्यभ्युदये भवन्ति ।।२।।

अनु. – किनभने फल दिने वेलामा त्यस्ता कर्महरूले फल दिँदैनन् । कर्तव्य बुद्धिले श्रद्धासँग गरिएका कर्मले मात्र यो लोक परलोक दुवैमा काम लाग्ने फल दिन्छन् ।।२।।

सू. – तद्यथाऽऽम्रे फलार्थे निमित्ते छाया गन्ध इत्यनूत्पद्येते, एवं धर्मं चर्यमाणमर्था अनूत्पद्यन्ते ।।३।।

अनु. – जसरी फलको निमित्त आँपको रुख लगाउँदा त्यस रूखमा त्यसको छाया र गन्ध पछि आफैं उत्पन्न हुन्छन् तिनको लागि अलग मिहिनत गर्ने जरुरत हुँदैन, त्यस्तै गरी मुख्य फल आध्यात्मक समुन्नतिको लागि र ईश्वरत्व प्राप्तिको लागि धर्म गर्नुपर्छ । कीर्तिलाभ, प्रतिष्ठा-प्राप्ति, शत्रुविजय, नीरोगता जस्ता कुरा आनुषङ्गिक रुपमा स्वतः हुन्छन् ।।३।।

सू. – नो चेदनूत्पद्यन्ते न धर्महानिर्भवति ।।४।।

अनु. – कदाचित् आनुषङ्गिक रुपमा ती लौकिक फल उत्पन्न भएनछन् भने पनि धर्ममा कमी त आएन। धर्म एक प्रमुख पुरुषार्थ हो, चार पुरुषार्थमध्ये ।।४।।

सू. – अनसूयुर्दुष्प्रलम्भः स्यात् कुहकशठनास्तिकबाल वादेषु ।।५।।

अनु. – कुहकदुष्ट (अरूले देख्ता साधु एकान्तमा मनपरी गर्ने)। शठ = बदमाश (बाङ्गो दिल भएको) । नास्तिक = परलोकको अस्तित्व वा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वेदशास्त्रको प्रामाणिकता नमान्ने । बाल – अध्ययनरहित व्यक्ति, यी कुहक शठ नास्तिक बालकहरूका कुराकानीमा गर्माउन नगर्नू । उनीहरूले ठग्न सकिने पनि नहुनू ।।५।।

सू. – **न धर्माधर्मौ चरतः 'आव स्व' इति, न देवगन्धर्वा न पितर इत्याचक्षते अयं धर्मोऽयमधर्म, इति ।।६।।**

अनु. – धर्म र अधर्म गाई, वाघ हिँडे जस्तो गरी हिँड्दैनन्, हामी यहाँ छौँ पनि भन्दैनन् । देवता, गन्धर्व, पितृहरू कोही पनि 'यो धर्म हो, यो अधर्म हो' भनी भन्दैनन् । (यिनलाई प्रत्यक्ष देख्न पनि सकिदैन त्यस कारण कुहक आदिका कुराले ठगिन सक्छ । किन्तु नित्य निर्दोष वेदशास्त्रबाट मात्र यिनलाई जान्न सकिन्छ) ।।६।।

सू. – **यं त्वार्याः क्रियमाणं प्रशंसन्ति स धर्मो, यं गर्हन्ते सोऽधर्मः ।।७।।**

अनु. – जसलाई तीन आचार उच्च वर्णका तीन वर्णका आर्यहरू तारीफ (प्रशंसा) गदर्छन्, त्यो धर्म हो । जसको निन्दा गदर्छन् त्यो अधर्म हो ।।७।।

याग्यवल्क्यले पनि भनेका छन् —

(चत्वारो वेदधर्मज्ञा· पर्षत्त्रै विद्यमेव वा ।
सा ब्रूते यं स धर्मस्स्यादेको वाऽध्यातमवित्तम: ।। इति ।।

(वेद धर्म जान्ने चारजना अथवा तीन वेद जान्ने तीनजनाको सभाले जसलाई धर्म भन्दछन् त्यो धर्म हो । अथवा पूर्ण रूपमा अध्यात्मशास्त्र जान्ने एकैजना जेलाई धर्म भन्दछन् त्यो धर्म हो ।

सू. – **सर्वजनपदेष्वेकान्तसमाहितमार्याणां वृत्तं सम्यग् विनीतानां वृद्धानामात्मवतामलोलुपानामदाम्भिकानां वृत्तसादृश्यं भजेत ।।८।।**

अनु. – सबै मुलुकहरूमा तलमाथि नपारी एक मतले स्वीकारिएको, ठीकसँग शिक्षा पाएका, वूढापाका, इन्द्रिय जितेका लोभरहित, ढोंग नदेखाउने आर्यजनको चालचलन जस्तो आफ्नो आचरण बनाउनू ।।८।।

सू. – **एवमुभौ लोकावभि जयति ।।९।।**

अनु. – यसरी वेद-धर्मशास्त्रमूलक सदाचारको अनुसरण अनुष्ठान गर्दा यो लोक परलोक दुवै जित्तछ ।।९।।

सू. – **अविहिता ब्राह्मणस्य वाणिज्या ।।१०।।**

अनु. – ब्राह्मणको लागि किनवेचको व्यवहार अपनाउनुपर्ने वाणिज्यवृत्ति शास्त्रविहित छैन ।।१०।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सू. — आपदि व्यवहरेत पण्यानामपण्यानि व्युदस्यन् ।।११।।
अनु. — ब्राह्मणवृत्तिद्वारा जीवन-निर्वाह हुन नसकी आपत् परेको अवस्थामा ब्राह्मणले खरीद-बिक्री गर्न नहुने भनी अगाडिका सूत्रमा बताइएका पदार्थलाई छोडेर अरू पदार्थको खरीद-बिक्री रूप वाणिज्य व्यवसाय अपनाउनू ।।११।।

सू. — मनुष्यान् रसान् रागान् गन्धानन्नं चर्मगवांवशां श्लेष्मोदके तोक्मकिण्वे पिप्पलीमरीचे धान्यं मांसमायुधं सुकृताशां च ।।१२।।
अनु. — स्त्री, नोकर आदि मनुष्य; सखर, नून, दूध, दही, घिउ आदि रसहरू, कुसुमे, रातो, पहेंलो, नीलो आदि रङ्गहरू, श्रीखण्ड चन्दन, विभिन्न प्रकारका अत्तर आदि सुगन्ध द्रव्यहरू, सम्पूर्ण प्रकारका अनाजहरू, छाला र छालाले तयार गरिएका, झोला–झोली आदि, बाँझीगाई, लाहा, वज्र (निर्माणमा लगाइने), जलको घडा, फलेको अनाज (तोक्म) उम्रन लागेको धान आदि मदिराका जस्ता द्रव द्रव्यहरू पिपला, मरीच, धनिया, मासु, हतियार, पुण्यको फल, यी चीज नबेच्नू ।।१२।।

यस प्रसङ्गमा मनु—

सर्वान् रसानपोहेत कृतान्नं च तिलैः सह ।
अश्मनो लवणं चैव पशवो ये च मानवाः ।।
सर्वं च तान्तवं रक्तं शण क्षौमाविकानि च ।
अपि चेत् स्युरलक्तानि फलमूले तथौषधीः
अपः शस्त्रं विषं मांसं सोमं गन्धांश्च सर्वशः ।।
क्षीरं क्षौद्रं दधि घृतं तैलंमधु गुडं कुशान् ।
आरण्यांश्च पशून् सर्वान् दंष्ट्रिणश्च वयांसि च ।
मद्यं नीलीं च लाक्षां च सर्वांश्चेकशफान् पशून् ।।

(सबै प्रकारका रसहरू, पकाएको अन्न, तिल, पत्थर, नून, पशु, मनुष्य, लाहा माहुर, फल, जरा, औषधि, पानी, हतियार, विष, मासु, सोमलता, गन्धद्रव्य सबै, दूध, मह, दही, घिउ, तेल, फलको मदिरा, सखर, कुश, जङ्गली जनावर दाह्राभएका पक्षी अन्नका मदिरा निलोरङ्ग लाहा एकखुरे जनावर यी पदार्थ त्याग्नू, नबेच्नू) ।

सू. — तिलतण्डुलांस्त्वेव धान्यस्य विशेषेण न विक्रीणीयात् ।।१३।।
अनु. — अनाजमा तिल र चामल विशेष गरी नबेच्नू ।।१३।।

यसमा मनु—

काममुत्पाद्य कृष्यां तु स्वयमेव कृषीबलः ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विक्रीणीत तिलाञ्छुद्धान् धर्मार्थमचिरस्थितान् ।।

(खेतीवाल आफैं शुद्ध तिल फलाएर धेरै दिन नराखी वेचि हाल्छ धर्मकार्यको लागि भने दोष लाग्दैन ।)

सू. – **अविहितश्चैषां मिथो विनिमयः ।।१४।।**

अनु. – यस प्रकरणमा बेच्न निषेध गरिवका पदार्थको एक अर्कोसँग साटासाट गर्न पनि निषेध गरिएको छ ।।१४।।

तिनमा केहीको साटासाटमा अनुमति—

सू. – **अन्नेन चाऽन्नस्य, मनुष्यांणा च मनुष्यै, रसानां च रसैर्गन्धानां च गन्धैर्विद्यायां च विद्यया ।।१५।।**

अनु. – अन्नको अन्नसँग, मनुष्यको मनुष्यसँग, रसको रससँग, गन्धद्रव्यको गन्धद्रव्यसँग, विद्याको विद्यासँग साटोपाटो गर्न हुन्छ ।।१५।।

यसमा मनु—

रसा रसैर्निमातव्या न त्वेव लवणं रसैः ।
कृतान्नं चाऽकृतान्नेन तिला धान्येन तत्समाः ।।

(रससँग रस, पकाएका अन्नसँग कच्चा अन्न, अनाजसँग वरावर तिल साटासाट गर्न हुन्छ । रसहरूसँग नून साट्न हुँदैन ।)

सू. – **अक्रीतपण्यैर्व्यवहरेत ।।१६।।**

अनु. – आफैले उत्पन्न गराएका वा नकिनी ल्याइएका पदार्थले व्यापार गर्नू । किनेर ल्याइएका पदार्थले व्यापार नगर्नू ।।१६।।

इत्यापस्तम्ब धर्मसूत्रे विंशति कण्डिका

आपस्तम्ब-धर्मसूत्रको बीसौं कण्डिका पूरा भयो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अथ एकविंशी कण्डिका

(अब एक्काइसौं कण्डिका सुरु हुन्छ)

सू. – **मुञ्जबल्बजैर्मूलफलैः ।।१।।**

अनु. – आफैले उत्पादन गरेका मूज, बाबियो, तरुल, कन्दफलहरूद्वारा व्यापार गर्न सकिन्छ ।।१।।

सू. – **तृण काष्ठैरविकृतैः ।।२।।**

अनु. – डोरी, लठारो, गुन्द्री, पिरा आदि रूपमा परिणत गराइएका तृण (झार) हरूको र कुर्सी, टेबुल, दराज, खाट आदि रूपमा परिणत नभएका काठद्वारा व्यापार गर्न सकिन्छ ।।२।।

सू. – **नाऽत्यन्तमन्ववस्येत् ।।३।।**

अनु. – अत्यन्त दयनीय स्थितिमा नरहनू । क्षत्रियवृत्ति वैश्यवृत्तिद्वारा पनि जिउनू ।।३।।

यस प्रसङ्गमा मनु—

जीवितात्ययमापन्नो योऽन्नमत्ति यतस्ततः ।
आकाशमिव पङ्केन न स दोषेण लिप्यते ।।

(जो जीविका समाप्त भएर आपत्मा परेको, यताउताबाट अन्न खान्छ । यो हिलाले आकाश लतपत नभएझैं त्यस दोषले लिप्त हुँदैन ।

सू. – **वृत्तिं प्राप्य विरमेत् ।।४।।**

अनु. – योग्य जीविका प्राप्त भएपछि अव्यवस्थित अवैध जीविकाबाट हट्नू ।।४।।

सू – **न पतितैस्संव्यवहारो विद्यते ।।५।।**

अनु. – चोर आदि पछि बताइने पतित व्यक्तिहरूसित कुनै प्रकारको राम्रो व्यवहार सम्भव छैन ।।५।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यस प्रसङ्गमा मनु—

संवत्सरेण पतति पतितेन सहाऽऽचरन् ।

याजनाध्यापनाद्यौनान्न तु यानासनाशनात् । इति ।

(पतित व्यक्तिसित मिलेर काम-कारबाई गर्नाले एकै वर्षमा पतित हुन्छ । यस्ता पतितहरूलाई यज्ञ गराउनू र अध्यापन गर्नू, अनि उनीहरूसँग यौन सम्वन्धराख्नु पनि हुँदैन । एकै सवारीमा यातायात गर्नू, वस-उठ गर्नु सँगै भोजन गर्नुले व्यक्ति पतित हुँदैन ।

सू. – **तथाऽपपात्रैः ॥६॥**

अनु. – यसैगरी चाण्डाल आदि अपपात्र व्यक्तिहरूसँग पनि व्यवहार नगर्नू।।६।।

सू. – **अथ पतनीयानि ॥७॥**

अनु. – अब के-कस्ता क्रियाकलापबाट व्यक्ति पतित हुन्छ, त्यस्ता कामहरूको निर्देशन गरिन्छ ।।७।।

सू. – **स्तेयमाभिशस्त्यं पुरुषवधो ब्रह्मोज्झं गर्भशातनं मातुः पितुरिति योनिसम्बन्धे सहापत्ये स्त्रीगमनं सुरापानमसंयोगसंयोगः ॥८॥**

अनु. – सुन चोर्नु, ब्रह्महत्या गर्नु, नरहत्या (मनुष्य जातिको हत्या) गर्नु, पढेको वेदविद्या बिर्सनु, औषधिको प्रयोग गरेर गर्भपात गर्नु, सन्तान सहितका आमा बाबुका योनिसम्बन्धी नातेदार (ठुली आमा सानी आमा क्रूरहरू र उनीहरूका छोरीहरू) स्त्रीहरूसँग संभोग गर्नु, मदिरा पिउनु, जोसँग संभोग गर्न शास्त्रले निषेध गरेको छ त्यस्ता स्त्रीहरूसँग सम्भोग गर्नु, यी सब कार्य व्यक्तिलाई पतित गराउने कारण हुन् । साथै सुरापान (गुड–सखरले बनाएको, पीठोले बनाएको र मधूक पुष्प (महुवाको फूल) ले बनाएको रक्सी जाँड पिउनु तथा संयोग गर्न योग्य नभएका प्रतिलोम जातिका मनुष्यहरूसँग एकै घरमा वास, यी सबै कार्य पतित गराउने कारण हुन् ।।८।।

सू. – **गुर्वीसखिं (?) गुरुसखिं (?) च गत्वाऽन्यांश्च परतल्पान् ॥९॥**

अनु. – माताका प्यारा साथी स्त्रीहरू (माता सँनीहरू) पिताका हितैषिणी प्रिय स्त्रीहरूमा (पिताका सँनीहरूमा) र यस्तै अरूका विवाहिता पत्नीहरूमा मैथुन गरेर व्यक्ति पतित हुन्छ ।।९।।

सू. – **नागुरुतल्पे पततीत्येके ॥१०॥**

अनु. – आफ्ना मान्यजनका सम्वन्धी स्त्रीहरू र साथी हितैषी प्रिय स्त्रीहरू

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बाहेक अरू विवाहिता तर असम्बन्धी स्त्रीहरूलाई भोगेर पतित होइँदैन भन्ने कसैको राय छ ।।१०।।

सू. — अधर्माणां तु सततमाचारः ।।११।।

अनु. — यी यहाँ बताइएका बाहेक अरू अधर्मको बारंबार आचरण गर्नाले पनि व्यक्ति पतित हुन्छ ।।११।।

सू. — अथाऽशुचिकराणि ।।१२।।

अनु. — अब व्यक्तिलाई अपवित्र बनाउने क्रियाहरूबारे बताइन्छ ।।१२।।

सू. — शूद्रगमनमार्यस्त्रीणाम् ।।१३।।

अनु. — आर्य महिला अर्थात् ब्राह्मण, क्षत्रिय र वैश्य जातका महिलाहरूले शूद्र जातका पुरुषसँग यौन सम्पर्क राख्नु अपवित्रताको कारण हो ।।१३।।

सू. — प्रतिषिद्धानां मांसभक्षणम् ।।१४।।

अनु. — जुन जनावरहरूको मासु खान शास्त्रले निषेध गरेको छ, त्यस्ता जनावरको मासु खानु अपवित्रताको कारण हो ।।१४।।
त्यसमा उदाहरण प्रस्तुत छ—

सू. — शुनो मनुष्यस्य च कुक्कुटशूकराणां ग्राम्याणां क्रव्यादसाम् ।।१५।।

अनु. — कुक्कुरको, मनुष्यको, गाउँमा पालिने कुखुराको, सुँगुरको र काँचो मासु मात्र खाने जनावरको या पक्षीहरूको मासु खानु अपवित्रताको कारण हो ।।१५।।

सू. — मनुष्याणां मूत्रपुरीषप्राशनम् ।।१६।।

अनु. — मनुष्यहरूको पिशाब, पिष्ठा वीर्य खानु अपवित्रताको कारण हो।।१६।।

सू. — शूद्रोच्छिष्टमपपात्रगमनं चाऽऽर्याणाम् ।।१७।।

अनु. — शूद्रको जूठो खानु र ब्राह्मण, क्षत्रिय र वैश्य पुरुषहरूले शूद्रा स्त्रीसँग यौन सम्बन्ध राख्नु अपवित्रताको कारण हो ।

सू. — एतान्यपि पतनीयानीत्येके ।।१८।।

अनु. — यी भर्खरै बताइएका अपवित्रताका कारणहरूलाई केही धर्माचार्यहरू पतनका पनि कारण मान्छन् । अर्थात् यस्ता काम गर्नेहरू अपवित्र मात्र नभएर पतितै हुन् भन्दछन् ।।१८।।

सू. — अतोऽन्यानि दोषवन्त्य शुचिकराणि भवन्ति ।।१९।।

अनु. — यी यहाँ बताइएका बाहेक अरू पनि दोष युक्त क्रियाहरू दुष्प्रतिग्रह र हिंसा आदि कार्य अपवित्रता ल्याउने हुन्छन् ।।१९।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सू. – दोषं बुध्वा न पूर्वः परेभ्यः पतितस्य समाख्याने स्याद् वर्जयेत्त्वेनं धर्मेषु ॥२०॥

अनु. – कुनै पतित व्यक्तिको दोष थाहा पाएर पनि अरू व्यक्तिहरूसँग त्यो पतित भएको कुरा पहिले आफू नगर्नू । किन्तु धार्मिक क्रियाकलापमा स्वयं त्यस व्यक्तिलाई छोडिदिनू ॥२०॥

इत्यापस्तम्ब धर्मसूत्रे एकविंशी कण्डिका

यसरी आपस्तम्ब-धर्मसूत्रको नेपाली अनुवादमा एक्काइसौं कण्डिका र सातौं पटल पूरा भयो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अथ अष्टमः पटलः

(अध्यात्मपटलः)

(अब आठौं पटल सुरू हुन्छ)

सू. — **आध्यात्मिकान् योगाननुतिष्टेन्न्यायसंहितानैश्चारिकान् ।।१।।**

अनु. — इन्द्रियहरूसमेतको मनलाई बाहिरी विषयहरूमा भौंतरिनुबाट रोक्के उपपत्तियुक्त आध्यात्मिक योगहरूको अभ्यास गर्नू ।।१।।

टिप्पणी — चित्तमा उब्जने विभिन्न कल्पनाहरूलाई रोकेर आत्मचिन्तनमा लगाउनुको नाम योग हो । भित्री मनलाई बाहिरी भोग्य विषयहरूमा घुम्न दिनुलाई निश्चार भन्दछन् । यहाँ अनैश्चारिक शब्द योगको विशेषणको रूपमा छ । अतः अनैश्चारिकको अर्थ मनलाई विषय-प्रदेशमा घुम्न नदिने हो ।

यस प्रसङ्गमा याज्ञवल्क्य—

इज्याचारदमाहिंसादानस्वाध्यायकर्मणाम् ।
अयं तु परमो लाभो यद् योगेनात्मदर्शनम् ।।

(यज्ञ गर्नु, सदाचारको पूर्ण परिपालन गर्नु. मनलाई दबाउनु, कसैलाई दुःख नदिनु, दान गर्नु, स्वाध्याय गर्नु, यी सबै कुराहरूभन्दा सर्वोत्तम लाभ मनका कल्पनाहरूलाई रोकेर आत्मचिन्तमा लगाई त्यस आत्माको साक्षात्कार गर्दा हुन्छ ।)

छोरा सम्पत्ति आदिको प्राप्ति दुनियाँमा सर्वोत्तम मानिन्छ । आत्म लाभले के गर्नु ? भन्नेहरूलाई भनिन्छ—

सू. — **आत्मलाभान्न परं विद्यते ।।२।।**

अनु. — आत्माको साक्षात्कारभन्दा ठूलो उपलब्धि केही पनि छैन दुनियाँमा आत्मा भनेको आफू (स्वयं) हो, त्यो त आफूलाई स्वतः प्राप्त छ । फेरि त्यसको प्राप्ति भनेको के हो ? यसको उत्तर— दूधमा मिलाएको पानी जस्तै फलामको डल्लामा सल्केको आगो जस्तै सानैमा कारणवश

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शवरका छोराहरूसँगै पालिएर उनीहरूसँगै खेल्ने खाने डुल्ने बस्ने राजकुमारले आफूलाई शवरै मानेजस्तै जड प्रकृतिसँग एकाकार भएर रहेको जीवात्माले प्रकृतिका गुण दोषलाई आफ्नै गुण दोष, आफ्ना गुण प्रकृतिकै गुण सम्झने गर्छ र प्रकृतिका सुख-दुःखले आफू सुखी-दुःखी भएको अनुभव गर्दछ। यसको अध्ययन गर्ने अरू व्यक्तिहरूले पनि यसलाई सही रूपमा जान्न वुझ्न वुज्रुकहरूले लेखेका यस विषयका अनेक ग्रन्थहरूको अध्ययन मनन गर्दै निकै गहिरिएपछि मात्र यी दुई प्रकृति र आत्माको भिन्नता विस्तारै समझमा आउँछ। नआउन पनि सक्छ। यसरी आत्माको विशुद्ध रूप सम्झनु नै आत्म साक्षात्कार हो। यो थोरै प्रयासले सजिलैसँग प्राप्त हुने कुरा होइन। प्राप्ति चाहिं यसको महत्त्वपूर्ण हो ।।२।।

सू. – तत्राऽऽत्मलाभीयाञ्छ्लोकानुदा हरिष्पामः ।।३।।

अनु. – त्यस प्रसङ्गमा हामी आत्मसाक्षात्कार गर्नमा सघाउ पुऱ्याउने उपनिषद्-का पद्यहरू उदाहरणका रूपमा प्रस्तुत गर्नेछौं ।।३।।

श्लोकहरू—

नीचानां वसतौ तदीयतनयैः सार्धं चिरं वर्धित–
स्तज्जातीयमवैति राजतनयः स्वात्मानमप्यञ्जसा।
सङ्घाते महदादिभिस्सह वसंस्तद्वत् परः पूरुषः
स्वात्मानं सुखदुःखमोहकलिलं मिथ्यैव धिङ्‌ मन्यते ।।१।।

दाता भोगपरः समग्रविभवो यः शासिता दुष्कृतां
राजा स त्वमसीति मातृमुखतः श्रुत्वा यथावत्स तु।
राजीभूय जमार्थमेव यतते तद्वत् पुमान् बोधितः
श्रुत्वा तत्त्वमसीत्यपास्य दुरितं ब्रह्मैव सम्पद्यते ।।२।।

इत्येवं बहवोऽपि राजतनयाः प्राप्ता दशामीदृशीं
नैवान्योऽन्यभिदामपास्य सहसा सर्वे भजन्त्येकताम्।
किन्तु स्वे परमे पदे पृथगमी तिष्ठन्ति भिन्नास्तथा
क्षेत्रज्ञा इति तत्त्वमादिवचसः का भेदवादे क्षतिः ।।३।।

तेष्वेको यदि जातु मातृवचनात् प्राप्तो निजं वैभवं
नान्येन क्षतिरस्य यत्किल परे सन्त्यन्यथा च स्थिताः।
यद्वाऽन्येन भवेयुरेवमपि को लाभोऽस्य तद्वद्गतिः
पुंसामित्यभिदां भिदां च न वयं निर्बद्ध्य निश्चिन्महे।।४।। इति।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(नीचा जातका व्यक्तिका घरमा उसका छोराहरूका साथ धेरै काल बसेर बढेका राजकुमारले आफूलाई पनि सजिलैसँग उसै जातको ठान्छ। त्यसै गरी बुद्धि, अहङ्कार, मन, दश इन्द्रियहरूका साथ समूहमा बसेका आत्मा पनि आफूलाई झूटा सुख दु:ख मोहहरूले विकल भएको ठान्छ ।।१।। त्यही राजकुमार आफ्नो आमाका मुखबाट- तिमी त अरूहरूलाई दिन खान भोग्न सक्ने पूरा ऐश्वर्यका मालिक, पापीलाई दण्ड दिने राजा पो हौ त। यस्तो वास्तविक तथ्य सुनेर 'ए ? म त राजा पो रहेछु' भन्ने सम्झी राजभावमा आएर राजकाल समाल्न शत्रु राष्ट्रमा आफ्नो प्रभुत्व जमाउन थाल्छ । ठीक त्यसैगरी आमाले जस्तै हित गर्ने उपनिषद्-विद्याले जस्तो जातिको शरीर पायो उसैअनुसारको स्थितिमा सन्तोष गरी बसेका जीवलाई 'ए तिमी त उही ईश्वरै त हौ नि' (तत्त्वमसि) भनेर सम्झाएपछि आफ्नो सच्चा रूप सम्झेर ऊ ईश्वर हुन पुग्छ र सांसारिक बन्धनबाट मुक्त हुन्छ ।।२।। यसै गरी बेगिन्ती राजकुमारहरू यस्तो अवस्थामा पुगेर परस्पर भेदभाव नछोडीकन पनि एकजुट हुन पुगे । यसरी परस्पर अलग-अलग अस्तित्व कायम राखेर पनि एकजूट हुन सकिन्छ भने राजकुमार जस्ता जीवात्माहरू अनेक क्षेत्रज्ञको रूपमा एकजुट भएर रहने राज- कुमार जस्ता आदि वाक्यको भेदवादमा के आपत्ति ।।३।। पूर्वोक्त स्थितिमा रहेका अनेक राजकुमारहरूमध्ये एक राजकुमारले आमाले भनेको मानेर राजाको ऐश्वर्य पायो । अरूले आमाका वाक्यको तात्पर्य बुझेनन् वा पत्याएनन् र आफ्नै यथावत् स्थितिमा रहे, अथवा एकको समुन्नतिमा सबै समाविष्ट भए । यसरी द्वैतवाद अद्वैतवाद दुवैतर्फ मूलवेदवाक्यमै पर्याप्त तर्क पाइने हुँदा निश्चयसाथ यही तथ्य हो भन्न मुस्किलै पर्दछ ।

सू. – पूः प्राणिनः सर्व एव गुहाशयस्याऽ हन्यमानस्य विकल्मषस्याऽचलं चलनिकेतं येऽनुतिष्ठन्ति तेऽ मृताः ।।४।।

अनु. – प्रकृतिसँग दूध र पानी झैं अभिन्न भई मिलेर रहने, शरीरभित्र रहेता पनि शरीर मार्दा पनि नमर्ने, पुण्य पाप जस्ता कुनै प्रकारको लेप दाग नभएको, ब्रह्मादेखि लिएर कीट-पतङ्गसम्मका प्राणीका शरीर रूपी घुम्ती घरहरूमा विराजमान रहने, सर्वव्यापी हुनाले अविचल रूपको आत्माको जो उपासना गर्दछन् ती अमर हुन्छन् ।।४।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

टिप्पणी – यहाँ पू॥ शरीर, गुहा = प्रकृति, कल्मष = कर्मसंस्कार पुण्य पाप सम्झनुपर्छ। राजधानीका शहरमा विराजमान राजाले कर्मचारी-द्वारा उपस्थापित विषयको भोग गरेझैं सम्पूर्ण जङ्गम प्राणीका शरीर रूपी घुमन्ते शहर जस्ता घरहरुमा रही आत्मा कर्मचारी जस्ता इन्द्रियहरुले उपस्थापित गराएका बुद्धि र मनले परीक्षण गरेका भोग्य वस्तुको भोग गर्दछ।

सू. – यदिदमिदिहेदिह लोके विषयमुच्यते।
विधूय तत् कविरेतदनुतिष्ठेद् गुहाशयम् ॥५॥

अनु. – यस लोकमा जो कुछ इन्द्रियहरुका भोग्य वस्तु छन्, परलोक अर्थात् स्वर्गलोकमा जेजति भोग्य वस्तु छन्। (जातिमा एक वचनको प्रयोग) ती सबलाई हटाएर क्रान्तदर्शी बुद्धिमान् व्यक्तिले बुद्धिरूप गुहामा रहेको अथवा दूध र पानी जस्तै गरी प्रकृतिसँग मिलेको आत्मतत्त्वको अनुशीलन गर्नू ॥५॥

टिप्पणी – यहाँ दुईपल्ट इह शब्द आएको छ यसको अर्थ केही हो। एक इह शब्दको अर्थ यो लोक र दोस्रा इह शब्दको अर्थ परलोक हो।

सू. – आत्मन्नेवाऽह मलब्ध्वैतद्धित सेवस्व नाऽहितम्।
अथाऽन्येषु प्रतीच्छामि साधुष्ठानमनपेक्षया।
महान्तं तेजसस्कायं सर्वत्र निहितं प्रभुम् ॥६॥

अनु. – यो आचार्यद्वारा शिष्यप्रतिको उपदेश हो। यसप्रकार छ– इन्द्रियभोग्य सुख पराधीन छ त्यसले वास्तविक हित पनि गर्दैन। आत्मा सबभन्दा महान् छ, सर्वत्र व्यापक छ समर्थ छ, अत एव स्वतन्त्र छ, तेजोमय शरीरवाला छ। यसको चिन्तन-मननले वास्तविक हित पनि गर्छ। त्यस कारण विषयसुख पाउनभन्दा आत्मसुख पाउनुतर्फ लाग्नुपर्छ। आत्मा परमात्मा एकै जातका एकै हुन्। अतः परमात्मालाई आत्मामै पाउन जति सजिलो छ त्यति बाहिरी वस्तुमा पाउन सजिलो छैन। म पहिले सूर्य आदि अरू पदार्थमा परमात्मालाई पाउन भौंतारिएँ, तर पाइनँ र आत्मामै उसलाई पाउने प्रयासमा लागें। पाएँ। अहिले म पहिले जस्तो छैन। मैले पाउनुपर्ने कुरा पाइसकें। आनन्दविभोर छु। तिमी पनि यसमै लाग ॥६॥

त्यसै परमात्माको अरू परिचय–

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सू. – **सर्वभूतेषु यो नित्यो विपश्चिदमृतो ध्रुवः ।**
अनङ्गोऽशब्दोऽशरीरोऽस्पर्शश्च महाञ्छुचिः ।।
स सर्वं परमा काष्ठा स वैषुवतं स वै वैभाजन पुरम् ।।७।।

अनु. – ब्रह्मादेखि लिएर स्तम्ब[1] (घाँस) सम्मका विनाशी शरीरवाला प्राणी-हरूमा जो अविनाशी (नित्य) छ, जसमा धारणावती बुद्धि रहन्छ, जो कहिल्यै नष्ट नहुने अमृत र विकाररहित ध्रुव (निश्चल) छ, जो अङ्ग-प्रत्यङ्गवाला स्थूल शरीर पनि होइन, जसमा शब्द पनि रहँदैन, मन बुद्धि, अहङ्कार आदि दश इन्द्रिय. पञ्चतन्मात्राको समूह-बाट तयार भएको सूक्ष्म शरीर पनि जो होइन, जसमा स्पर्शगुण पनि रहँदैन, जो विभु हुनाले सबभन्दा ठूलो छ सबभन्दा पवित्र छ, जो सबभन्दा पल्लो टुङ्गो हो जो सबको माझ हो सबै मार्गबाट पुगिने एक मात्र स्थान हो ।।७।।

सू. – **तं योऽनुतिष्ठेत् सर्वत्र प्राध्वं चास्य सदाऽऽचरेत्।**
दुर्दर्शं निपुणं युक्तो यः पश्येत् स मोदेत विष्टपे ।।८।।

अनु. – यस कारण जो व्यक्ति साधारण सांसारिक दृष्टिलाई छोडेर शास्त्रीय विधाका दृष्टिद्वारा उसको उपासना गर्दछ, उसकै अनुकूल आचरण अर्थात् सम्पूर्ण सांसारिक चाहनालाई छोडेर उसमै एकसुरे हुने जस्ता व्यवहार गर्दछ र सर्वथा लागिपरेर चलाखीसाथ सबै सांसारिक चाहना छोड्नुपर्ने हुँदा देख्न गाह्रो पर्ने उसको साक्षात्कार गर्दछ त्यही व्यक्ति कुनै पनि सन्ताप नभएको ब्रह्मरूपमा सर्वोत्तम आनन्द प्राप्त गर्दछ ।।८।।

इत्यापस्तम्ब-धर्मसूत्रे द्वाविंशी कण्डिका

यसरी आपस्तम्ब-धर्मसूत्रको नेपाली अनुवादमा बाइसौं कण्डिका पूरा भयो ।

---

१. जो पानीविना जिउँदैनन् ती सबै प्राणी हुन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अथ त्रयोविंशी कण्डिका

(अब तेइसौं कण्डिका सुरू हुन्छ)

सू. – आत्मन् पश्यन् सर्वभूतानि न मुह्येत् चिन्तयन् कविः ।
आत्मानं चैव सर्वत्र यः पश्येत् स वै ब्रह्मा नाकपृष्ठे विराजति।।९।।१।।

अनु. – सम्पूर्ण प्राणीहरूलाई आफ्नो आत्मामै देख्ने एवँ युक्तिद्वारा चिन्तन गर्ने तथा आफूलाई पनि सम्पूर्ण प्राणीहरूका आत्मामा देख्ने, बीच-बीचमा मोहमा नपर्ने जो ब्राह्मण छ त्यो स्वर्ग जस्तै आफ्ना महिमामा विराजित हुन्छ ।।९।। (१)

सू. – निपुणोऽणीयान् बिसोर्णाया यस्सर्वमावृत्य तिष्ठति। वर्षीयांश्च पृथिव्या ध्रुवः सर्वमारभ्य तिष्ठति । स इन्द्रियैर्जगतोऽस्य ज्ञानादन्योऽ नन्यस्य ज्ञेयात् परमेष्ठी विभाजः । तस्मात् कायाः प्रभवन्ति सर्वे स मूलं शाश्वतिकः स नित्यः ।।१०।। (२)

अनु. – यस सूत्रमा शब्दचित्रद्वारा ब्रह्मतत्त्वलाई प्रस्टयाउन प्रयास गरिएको छ– यो ब्रह्म भनिने पदार्थ विश्वब्रह्माण्डको ज्ञानको केन्द्र या ज्ञानरूप हुनाले यसबाट कहिल्यै कुनै गल्ती हुँदैन, सबै क्रियाकलाप ठीकठीक समयमा समुचित रूपमा हुन्छन् । यो कमलका डाँठभित्रका तन्तुभन्दा पनि अत्यन्त सूक्ष्म छ । यो व्यापक हुनाले सब विश्वब्रह्माण्डलाई आकाशले झैं ढाकेर रहन्छ । यो पृथिवीभन्दा कहाँ हो कहाँ जेठो मात्र नभई अत्यन्त विशाल पनि छ । यो सधैं विकाररहित भएर एकरूपमा रहिरहने नित्य छ एवं सबैलाई टेवा दिएर रहन्छ । अत एव सबैभन्दा शक्तिशाली सब कुरा जान्ने सबैले जान्नुपर्ने एकमात्र ज्ञेय वस्तु यही हो । यही परमात्मा हो । यो इन्द्रियहरूको माध्यमबाट जानिने ज्ञान-भन्दा भिन्नै खालको हुनाले ज्ञानस्वरूपै छ । यस्तो ज्ञानस्वरूप भएता पनि यो संसार उसभन्दा भिन्न छैन, जस्तो माटोभन्दा भिन्न घडा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हुँदैन । यो ज्ञेय वस्तुभन्दा भिन्न पनि छैन । यो आफ्नो सर्वोत्तम महत्तामा हृदयाकाशमा रहने गर्छ । संसारमा देखा पर्ने देवता, पितृ, मनुष्य, पशु, कीट, पतङ्ग, ज्ञाता, ज्ञेय, ज्ञान आदि भेदहरू यसैले गराएका हुन् । ब्रह्मादेखि लिएर कीरा तृणसम्मका सबै शरीरहरू उसैबाट उत्पन्न हुन्छन् । यस कारण यस संसारको मूल कारण यही हो । यो अविनाशी नित्य छ । यो बाहेक सबै नाशवान् छ । यसमा कुनै विकृति आउँदैनन् । हरसमय एकरूपमा रहने सत्य नित्य यही हो ।।२।। (२)

यस्तो आत्मतत्त्व जान्ने व्यक्तिकहाँ न्याययुक्त आध्यात्मिक योगहरू विना रोकतोक आउने गर्छन् । दोषहरू मिथ्याज्ञानबाट उत्पन्न हुने र दोषकै आधारमा धर्माधर्मबाट उत्पन्न संसार मौलाउने हुँदा दोष हटेपछि संसार स्वतः हट्छ भन्ने कुरा अगाडिका सूत्रले बताउँछ—

सू. — **दोषाणां तु निर्घातो योगमूल इह जीविते ।**
निर्हृत्य भूतदाहीयान् क्षेमं गच्छति पण्डितः ।।११।। (३)

अनु. — यस जीवनमा क्रोध आदि दोषहरूको विनाश क्रोधाभाव आदि योगद्वारा मात्र हुन सक्छ । त्यस कारण प्राणीलाई जलाउने क्रोध आदि पछि बताइने दोषहरूलाई क्रोधाभाव आदि वक्ष्यमाण योगहरूद्वारा समाप्त गरेर आत्मवेत्ता पण्डित कल्याण प्राप्त गर्न सक्छ ।।११।। (३)

सू. — **अथ भूतदाहीयान् दोषानुदाहरिष्यामः ।।१२।। (४)**

अनु. — अब हामी प्राणीहरूलाई जलाउने क्रोध आदि दोषहरू उदाहरणका रूपमा प्रस्तुत गर्दछौं ।।१२।। (४)

सू. — **क्रोधो हर्षो रोषो लोभो मोहो दम्भो द्रोहो मृषोद्यमत्याशपरीवादा वसूया कामसन्यू अनात्म्यमयोगस्तेषां योगमूलो निर्घातः ।।१५।। (५)**

अनु. — क्रोध पिट्नु गाली दिनु आदिबाट हुने मन, बुद्धि र अहङ्कारको अशान्ति क्रोध भन्दछन् । यसमा जीउ काँम्छ, पसीना आउँछ ।

हर्ष = क्रोधको विपरीत चाहेको कुरा पाउनुबाट हुने मानसिक भाव हो । यसमा आँसु आउँछ, रोमाञ्च हुन्छ ।

रोष = मन नपर्दो कामबाट मनमा आउने विकृति ।

लोभ = अरूका सम्पत्तिमा लालच, मौकामा धन खर्च गर्न नसक्नु । यसले धर्मको व्ययलाई पनि रोक्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मोह = विवेकको अभाव ।

दम्भ = ढोंग, (आफूलाई धार्मिक सावित गरेर दुनिया ठग्नु।)

द्रोह = अपकार गर्नु ।

मृषोद्यम् = झूटो बोल्नु ।

अत्याश = ज्यादा खानु ।

परीवाद = अदेखमा बदनाम गर्नु ।

परोक्षमा = नदेखने गरी पर दोष कथन ।

असूया = अरूका गुण नसहनु ।

काम = स्त्रीसँग सम्बन्ध राख्न चाहनु ।

मन्यु = बाधा पुऱ्याउनेमाथि द्वेष गर्नु ।

अनात्यम् = अजितेन्द्रिय हुनु अर्थात् जिह्वाको चपलत्ता आदि व्यक्तिमा हुनुपर्ने गुण नहुनु ।

अयोग = चित्तको विक्षिप्तता ।

यिनीहरुलाई योगद्वारा नष्ट गराउनुपर्छ ।।१३।। (५)

ती योगहरू कुन हुन्—

सू. – अक्रोधोऽहर्षोऽ रोषोऽ लोभोऽ मोहोऽ दम्भोऽ द्रोहः सत्यवचनमनत्याशोऽ पैशुनमनसूया संविभागस्त्याग आर्जवं मार्दवं शमो दमः सर्वभूतैर-विरोधो योग आर्यमानृशंसं तुष्टिरिति सर्वाश्रमाणां समयपदानि तान्यनुतिष्ठन् विधिना सार्वगामी भवति ।।१४।। (६)

अनु. – यहाँ दिइएका अक्रोध आदि पदार्थ क्रोधका अभाव रूप मात्र नभई भावात्मक पदार्थ हुन् । समाधिका सहयोगी हुनाले यिनलाई योग भनेको हो ।

१. अक्रोध = रिसाउन बाध्य हुँदा पनि नरिसाउने संकल्प लिनु,

२. अहर्ष = मनपर्दो वस्तु पाए पनि नपाए पनि मन:स्थितिलाई एक समान राख्नु ।

३. अरोष = आफ्ना मित्रहरू विरोधी हुँदा पनि मन:स्थिति एक समान राख्नु ।

४. अलोभ = सन्तोष, भैगयो भन्ने सोचाइ ।

५. अमोह = सावधानी ।

६. अदम्भ = ढोंग नदेखाइ दिलैदेखि धर्म गर्नु ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

७. अद्रोह=अरूले अपकार गरे पनि प्रत्यपकार नगर्नु ।
८. अनसूया=अरूका गुणको अनुमोदन गर्नु ।
९. सत्यवचन=सही कुरा मात्र बोल्नु ।
१०. संविभाग=आफैलाई नपुग्ने भए पनि यथासम्भव बाँडी खानु ।
११. त्याग=अत्यावश्यकभन्दा बढी नबटुल्नू ।
१२. आर्जव=सोझोपन, (मन, वचन र शरीरले एकै प्रकारको काम गर्नु ।
१३. मार्दवन=रमपन (कडा नहुनु)
१४. शम=अन्तःकरण (मन, बुद्धि र अहङ्कारीलाई शान्त राख्नु ।
१५. दम=बाहिरी इन्द्रियलाई शान्त राख्नु ।
१६. सर्वभूताविरोध=कसैलाई कष्ट नदिनु ।
१७. अक्षुद्रता=छुद्र नहुनु (सानो दिल) नगर्नु ।
१८. आर्य=आर्य हुनु, शिष्टाचारको पालन गर्नु ।
१९. आनृशंस्य=घातक नबन्नु । क्रूर नबन्नु, निष्ठुर नहुनु ।
२०. तुष्टि=पाउनुपर्ने कुरा नपाए पनि दिल प्रसन्न राख्नू ।

यहाँ बताइएका बीस प्रकारका यी योगहरू सबै आश्रमका व्यक्तिहरूले समान रूपमा ग्रहण गर्नुपर्ने नियम हुन् । यिनको यथाविधि अनुष्ठान गर्दा ज्ञान अभिव्यक्त हुने क्रमले व्यक्ति युक्त हुन्छ ।

इत्यापस्तम्ब-धर्मसूत्रे त्रयोविंशी कण्डिका

यसरी आपस्तम्ब-धर्मसूत्रको तेइसौं कण्डिका पूरा भयो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अथ नवमः पटलः

(अब नवौं पटल सुरू हुन्छ)

सू. – क्षत्रियं हत्वागवां सहस्रं वैरयातनार्थं दद्यात् ।।१।।

अनु. – क्षत्रियलाई मारेको पापको प्रायश्चित्तको लागि एक हजार गाई ब्राह्मणालाई दान गर्नू ।।१।।

टिप्पणी – वैरयातनार्थ शब्दको अर्थ संस्कृत टीकाकार हरदत्तले पापहरण गर्नको लागि भनेका छन् । परन्तु वैरयातनको मुख्य अर्थ हो अपकारको बदला लिनु, या वैरभाव हटाउनु हो । सो अर्थ पनि यहाँ साङ्गतिलै देखिने हुँदा सो पनि गर्न सकिन्छ ।

सू. – शतं वैश्ये ।।२।।

अनु. – वैश्यलाई मारेमा एक सय गाई दान गर्नू ।।२।।

सू. – दश शूद्रे ।।३।।

अनु. – शूद्रलाई मारेमा दश गाई दान गर्नू ।।३।।

सू. – ऋषभश्चात्राधिकः सर्वत्र प्रायश्चित्तार्थः ।।४।।

अनु. – यस प्रकरणमा बताइएका सबै प्रायश्चित्तहरूमा एक एक गाईको बाच्छो (साँढे) पनि दान गर्नुपर्छ ।।४।।

यसबारे मनु —

अकामतस्तु राजन्यं विनिपात्य द्विजोत्तमः ।
ऋषभैकसहस्रा गा दद्याच्छुद्ध्यर्थमात्मनः ।।
अब्दं चरेद्वा नियतो जटी ब्रह्महणो व्रतम् ।
वसन् दूरतरे ग्रामाद् वृक्षमूलनिकेतनः ।।
एतदेव चरेदब्दं प्रायश्चित्तं द्विजोत्तमः ।
प्रमाप्य वैश्यं वृत्तस्थं दद्याद् वैकशतं गवाम् ।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एतदेव व्रतं कृत्स्नं षण्मासान् शूद्रहा चरेत् ।
ऋषभैकदशा वाऽपि दद्याद् विप्राय गाः सिताः ।।इति।।४।।

मार्ने इच्छा नभई कारणवश उत्तम ब्राह्मणले क्षत्रियलाई मारेमा आत्मशुद्धिको लागि एक साँढे र एक हजार गाई दान गर्नू ।।१।। अथवा गाउँभन्दा टाढा रूखको फेदमा बसी तीन वर्षसम्म नियममा रहेर जटा पालेर ब्रह्महत्याको व्रत गर्नू ।।२।। उत्तम ब्राह्मणले आफ्नो धर्ममा रहेको वैश्यलाई मारेमा यही व्रत गर्नू अथवा एक सय गाई र एक साँढे ब्राह्मणलाई दान दिनू । उत्तम ब्राह्मणले आफ्नो धर्ममा रहेको शूद्रलाई मारेमा पनि छ महीनासम्म ठीक यही व्रत गर्नू अथवा एक साँढे र दश सेता गाई दान गर्नू ।

सू. – **स्त्रीषु चैतेषामेवम् ।।५।।**

अनु. – यी क्षत्रिय, वैश्य र शूद्रका स्त्रीहरूलाई मारेमा पनि उनका पुरुषहरूलाई मार्दा जुन प्रायश्चित्त बताइयो त्यही प्रायश्चित्त गर्नू ।।५।।

सू. – **पूर्वयोर्वर्णयोर्वेदाध्यायं हत्वा सवनगतं वाऽभिशस्त[1]: ।।६।।**

अनु. – यस प्रकरणका पूर्व वर्ण (क्षत्रिय र वैश्य) जातिका व्यक्तिमा वेदको अध्ययन गरेको व्यक्ति वा सोमयागमा दीक्षित भएको व्यक्तिलाई मारेर व्यक्ति ब्रह्मघाती महापातकी हुन्छ ।।६।।

टिप्पणी – टीकाकार हरदत्तको मतमा यो नियम क्षत्रिय र वैश्य जातका पुरुषबाट शूद्रामा उत्पन्न क्रमशः करण र अम्बष्ठमा लागु हुँदैन ।

सू. – **ब्राह्मणमात्रं च ।।७।।**

अनु. – कुल-घरान विद्या संस्कार केही नभएको जातका मात्र ब्राह्मणलाई मारेर पनि व्यक्ति ब्रह्मघाती महापातकी हुन्छ ।।६।।

सू. – **गर्भं च तस्याऽविज्ञातम् ।।८।।**

अनु. – जातका मात्र ब्राह्मणको लिङ्ग स्पष्ट नभएको गर्भलाई मारे पनि मार्ने ब्रह्मघाती महापातकी हुन्छ ।।८।।

सू. – **आत्रेयीं च स्त्रियम् ।।९।।**

अनु. – ऋतुस्नाता ब्राह्मणीलाई मारेर पनि व्यक्ति ब्रह्मघाती पातकी हुन्छ । आत्रेयी = ऋतुस्नाता स्त्री ।।९।।

---

१. **अभिशस्त** शब्दको अर्थ मुद्दा लागेको हो, तर यहाँ ब्रह्मघाती महापातकीको अर्थमा प्रयुक्त छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

टिप्पणी – केही व्यक्तिहरू आत्रेयी शब्दबाट अत्रिगोत्रमा उत्पन्न स्त्री मात्र मान्छन्, तर यसो भन्न मिल्दैन ।

सू. – तस्य निर्वेषः ॥१०॥

अनु. – निर्वेष शब्दको अर्थ प्रायश्चित्त हो । अब त्यस्ता ब्रह्मघाती व्यक्तिले गर्नुपर्ने प्रायश्चित्त बताइन्छ ॥१०॥

सू. – अरण्ये कुटिं कृत्वा वाग्यतः शवशिरध्वजोऽर्धशाणीपक्षमघोनाभ्युपरि जान्वाच्छाद्य ॥११॥

अनु. – जङ्गलमा कुटी बनाएर मुर्दाको शिरको ध्वज गाडी सनपाटको कपडाको लम्बाइ चौडाइ दुवैतर्फ आधा फाडेर नाभिमुनि घुँडामाथि बेरी रहनू ॥११॥

सू. – तस्य पन्था अन्तरा वर्त्मनी ॥१२॥

अनु. – भिक्षाको लागि गाउँमा पस्ता सडकमा गाडीका चक्काले जमिन दबाएर धसाएकोले अपेक्षाकृत आल्ले बीचको भागबाट उसले हिँड्नू, अन्यले भनेका छन् गल्ली आदिमा दुवै छेउमा बाटो हुन्छन्, माझको बाटोबाट जानू ॥१२॥

सू. – दृष्ट्वा चाऽन्यमुत्क्रामेत् ॥१३॥

अनु. – दोस्रो कोही आर्य व्यक्ति सडकमा आउन लागेको भए सडकबाट हट्नू ॥१३॥

टिप्पणी – आचार्य कौटल्यको मतानुसार दुई हातपर हट्नू ।

सू. – खण्डेन लोहितकेन शरावेण ग्रामे प्रतिष्ठेत ॥१४॥

अनु. – भिक्षाको लागि गाउँमा जाँदा केही रातो रङ्गको फुटेको कहतारोको टुक्रो साथमा लिएर जानू ॥१४॥

सू. – कोऽभिशस्ताय भिक्षामिति सप्ताऽगारं चरेत् ॥१५॥

अनु. – 'म ब्रह्मघाती पातकीलाई को धर्मात्मा भिक्षा देला' भन्दै जम्मा सात घर मात्र घुम्नू ॥१५॥

सू. – सा वृत्तिः ॥१६॥

अनु. – उसको जीविका त्यत्ति हो । पुगे पनि नपुगे पनि ॥१६॥

सू. – अलब्ध्वोपवासः ॥१७॥

अनु. – कुनै दिन भिक्षा पाइएन भने त्यसदिन उपवास गर्नू ॥१७।

सू. – गाश्च रक्षेत् ॥१८॥

अनु. – यसरी प्रायश्चित्त गर्ने व्यक्तिले दिनका दिन गाईको रक्षा गर्नू ॥१८॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सू. – तासां निष्क्रमणप्रवेशने द्वितीयो ग्रामेऽर्थः ।।१९।।

अनु. – ती गाईहरू गाउँबाट निस्कँदा र त्यहाँ प्रवेश गर्दा दोस्रोपल्ट उसले गाउँमा प्रवेश गर्नु पर्ने हुन्छ ।।१९।।

सू. – द्वादश वर्षाणि चरित्वा सिद्धस्सद्भिः सम्प्रयोगः ।।२०।।

अनु. – बाह्र वर्षसम्म यो व्रत गरेपछि ऊ सिद्ध (सफल) हुन्छ। त्यसपछि शास्त्रमा बताइएको शिष्टाचार गरेर ऊ समाजमा मिल्न लायक हुन्छ। शिष्टाचार यस प्रकार छ– यसरी प्रायश्चित्त गरेको व्यक्तिले कलिलो हरियो घाँस आफ्ना हातमा लिएर गाईलाई बोलाउनू। गाईले आएर खुशीसाथ घाँस खायो भने उसको प्रायश्चित्त पूरा भयो। नत्र भएन ।।२०।।

सू. – [1]आजिपथे वा कुटिं कृत्वा ब्राह्मणगव्योऽपजिगीष[3]माणो वसेद् त्रिः प्रति[2]राद्धोऽपजित्य[4] वा मुक्तः ।।२१।।

अनु. – युद्ध गरेर मात्र जित्न सकिने चोरहरूको गाउँ पस्ने बाटोमा कुटि बनाई त्यहाँ बस्नू र त्यस बाटोबाट चोरहरूले ब्राह्मणका गाई चोरेर लान लाग्दा ती चोरहरूसँग युद्ध गरेर तीनपल्ट हारेपछि अथवा चोरहरूलाई जितेर ब्राह्मणका गाई फिर्ता ल्याएपछि पापबाट मुक्त हुन्छ ।।२१।

सू. – आश्वमेधिकं वाऽवभृथमवेत्य मुच्यते ।।२२।।

अनु. – अथवा अश्वमेध यज्ञको यज्ञान्त स्नान गरेपछि त्यस पापबाट मुक्त हुन्छ ।।२२।।

सू. – धर्मार्थसन्निपातेऽर्थग्राहिण एतदेव ।।२३।।

अनु. – धार्मिक कर्तव्य र आर्थिक फाइदा यी दुवै एकैपल्ट आइपर्दा धार्मिक कर्तव्यलाई छोडी अर्थाजनतर्फ जो लाग्दछ त्यसको प्रायश्चित्त पनि यही (२१।२२ सूत्रले बताएको) हो ।।२३।।

यस सम्बन्धमा गौतम—

कौटसाक्ष्यं राजगामि पैशुनं गुरोरनृताभिशंसनं महापातकसमानि इति (झुट्टा साक्षी बक्नु, राजदरबारसम्म पुग्ने छुल्याइँ गर्नु र गुरुलाई झूटो मुद्दा लगाउनु– यी तीन महापातक बराबर हुन्।)

---

१. आजिपथः=युद्ध गरेर मात्र जित्न सकिने, चोरहरूको गाउँमा बस्ने बाटो

२. प्रतिराद्ध=पराजितः

४. अपजित्यः=जितेर

३. अपजिगीषमाण=जितेर फिर्ता लिन चाहँदै।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मनुले पनि भनेका छन्—

अनृतं च समुत्कर्षे राजगामि च पैशुनम् ।
गुरोश्चाऽलीकनिर्बन्धः समानि ब्रह्महत्यया ॥

(उत्कृष्ट व्यक्तिमा झूटो व्यवहार गर्नु वा बोल्नु, राजासम्म पुग्ने छुल्याइँ गर्नु, गुरुलाई झूटो मुद्दा लगाउन ढिपी लिनु यी ब्रह्महत्या बराबर हुन् ।

सू — गुरुं हत्वा श्रोत्रियं वा कर्मसमाप्तमेतेनैव विधिनोत्तमादुच्छ्वासाच्चरेत् ॥२४॥

अनु. - पिता आचार्य आदि गुरुजनलाई अथवा वेदविद्याको ठीक अध्ययन गरेका वैदिक विद्वान् जसले सोमयागसम्मका सबै कर्महरू गरिसकेका छन् तिनलाई मारेर पनि यही (२१।२२) सूत्रले बताएको प्रायश्चित्त अन्तिम श्वासतक गर्नू ॥२४॥

सू. — नास्याऽस्मिँल्लोके प्रत्यापत्तिर्विद्यते ॥२५॥

अनु — यस संसारमा यस जन्ममा त्यस्तो व्यक्ति प्रायश्चित्तले शुद्ध हुन सक्दैन । २५॥

सू. — कल्मषं तु निर्हण्यते ॥२६॥

अनु. — पाप चाहिँ नष्ट हुन्छ । त्यस कारण उसका छोराहरूले उसको क्रिया गर्न हुन्छ ॥२६॥

इत्यापस्तम्ब-धर्मसूत्रे चतुर्विंशी कण्डिका

यसरी आपस्तम्ब–धर्मसूत्रको नेपाली अनुवादमा चौबीसौं कण्डिका पूरा भयो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अथ पञ्चविंशी कण्डिका

(अब पच्चिसौं कण्डिका सुरु हुन्छ)

सू. – गुरुतल्पगामी सवृषणं शिश्नं परिवास्याऽञ्जला वाधाय दक्षिणां दिशमनावृत्ति व्रजेत् ।।१।।

अनु. – आफ्नो माताका साथ सम्भोग गर्ने व्यक्तिले (पापको प्रायश्चित्तको लागि) अण्डकोष समेतको आफ्नो लिङ्ग काटेर त्यसलाई आफ्ना अँजुलीमा लिएर नफर्कने गरी दक्षिण दिशातर्फ (शरीरमा प्राण रहेसम्म) जानू। (जसका घरदेखि दक्षिणतर्फ समुद्र या नदी पर्दछ तिनले पनि पानीमा गई मर्नू) ।।१।।

यसबारे नारद—

माता मातृष्वसा श्वश्रूर्मातुलानी पितृष्वसा ।
पितृव्यपत्नी शिष्यस्त्री भगिनी तत्सखी स्नुषा ।।
दुहिताऽऽचार्यभार्या च सगोत्रा शरणागता ।
राज्ञी प्रव्रजिता धात्री साध्वी वर्णोत्तमा च या ।।
अग्सामन्यतमां गत्वा गुरुतल्पग उच्यते ।
शिश्नस्योत्कन्तनं तत्र नाऽन्यो दण्डो विधीयते।।

(माता, सानीमा, ठुली आमा, सासू, माइजू, फुपू, काकी, शिष्यकी पत्नी, दिदी-बहिनी, उनकी साथी, (सँपी) बुहारी, छोरी, गुरुमा, सगोत्रकी स्त्री, आफ्नो शरणमा आएकी स्त्री, रानी, संन्यासि राष्ट्रबाट निकालिएकी स्त्री, धाई, पतिव्रता ब्राह्मणी, यी यहाँ बताइएका स्त्रीहरूमध्ये कुनै एकसँग सम्भोग गरे पनि गुरुतल्पगामी भनिन्छ यसमा शिश्न (लिङ्ग) काट्नुको अतिरिक्त अन्य दण्डको विधान छैन।

टिप्पणी – यस सूत्रमा आएका गुरु शब्दले केवल 'पिता' अर्थ बुझाउँछ,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आचार्य आदि होइन । तल्पशब्दको मुख्य अर्थ विस्तरा भए पनि यहाँ त्यसको लाक्षणिक अर्थ **पत्नी** लिइएको छ । यस्तै **मातृगमन** शब्दले आफूलाई जन्म दिने **आमासँग सम्भोग गर्नु** भन्ने अर्थ बुझिन्छ, सौतेनी आमाहरूसँग होइन ।

सू. – **ज्वलितां वा सूर्मिं परिष्वज्य समाप्नुयात् ॥२॥**

अनु. – अथवा बल्दो रातो भएको फलामको वा तामाको स्त्रीमूर्तिलाई अँगालेर आफूलाई समाप्त गरिदिनू ॥२॥

सू. – **सुरापोऽग्निस्पर्शां सुरां पिबेत् ॥३॥**

अनु. – मदिरा पिउने व्यक्तिले (त्यसको प्रायश्चित्त गर्दा) आगोमा उम्लिइ-रहेको मदिरा तत्काल पिउनू ॥३॥

सू. – **स्तेनः प्रकीर्णकेशोऽसे मुसलमाधाय राजानं गत्वा कर्माऽऽचक्षीत । स तेनैनं हन्याद् वधे मोक्षः ॥४॥**

अनु. – चोरले विशेष गरी ब्राह्मणको सुन चोर्ने चोरले केश फुकाइ मुसल काँधमा राखेर राजाकहाँ गएर आफ्नो काम सत्य सत्य बताउनू । राजाले त्यसै मुसलद्वारा यसलाई हान्नू, मऱ्यो भने त्यस पापबाट मुक्त हुन्छ ॥४॥

सू. – **अनुज्ञातेऽनुज्ञातारमेनः स्पृशति ॥५॥**

अनु. – राजाले दयालु भएर 'अब तँ शुद्ध भइस् जा' भनी आज्ञा दिए भने त्यस पापले राजालाई छुन्छ (चोर पापमुक्त हुन्छ) ॥५॥

सू. – **अग्निं वा प्रविशेत् ॥६॥**

अनु – अथवा चोरले पापको प्रायश्चित्त गर्न स्वयं अग्निमा प्रवेश गर्नू ॥६॥

सू. – **तीक्ष्णं वा तप आयच्छेत् ॥७॥**

अनु. – अथवा महापराक जस्ता अत्यन्त कडा तपस्या सुरु गर्नू ॥७॥

सू. – **भक्तापचयेन वाऽऽत्मानं समाप्नुयात् ॥८॥**

अनु. – अथवा आफ्नो दैनिक भोजनमा क्रमशः कमी कमी गर्दै लगी आफूलाई सुकाएर मार्नू ॥८॥

सू. – **कृच्छ्रसंवत्सरं वा चरेत् ॥९॥**

अनु. – अथवा एक वर्षसम्म कृच्छ्रचान्द्रायण व्रत गर्नू ॥९॥
(पापको मात्रा जति गहकिलो छ तपस्याको मात्रा पनि उत्ति नै गहकिलो गराउनू)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सू. – अथाऽप्युदा हरन्ति ।।१०।।

अनु. – तैपनि पुराणहरूका श्लोक पनि उदाहरणको रूपमा प्रस्तुत गर्दछन् ।।१०।।

सू. – स्तेयं कृत्वा, सुरां पीत्वा, गुरुदारं च गत्वा ब्रह्महत्यामकृत्वा ।
चतुर्थकाला मित भोजिनः स्युरपोऽभ्यवेयुः सवनानुकल्पम् ।।
स्थानाऽऽसनाभ्यां विहरन्त एते त्रिभिर्वर्षैरपपापं नुदन्ते ।।११।।

अनु. – एकमात्र ब्रह्महत्यालाई छोडी, चोरी गरी, मदिरा पिइ, गुरुतल्पगमन गरीकन पनि तीन वर्षसम्म दिनमा उभिइरहने रातमा बसिरहने दिनको चौथो प्रहरमा एक बार मात्र अल्पाहार गर्ने प्रतिदिन बिहान, दिउँसो, बेलुका यी तीन समयमा जमिनमा पानीमा स्नान गर्ने गर्नाले पापबाट छुट्टी मिल्छ । ब्रह्महत्याको प्रायश्चित्त चाहिँ यसबाट हुँदैन ।।११।।

सू. – प्रथमं वर्णं परिहाप्य प्रथमं वर्णं हत्वाऽ सङ्ग्रामं गत्वा ऽवतिष्ठेत तत्रैनं हन्युः ।।१२।।

अनु. – ब्राह्मणलाई छोडेर अरू जातका मानिसहरूले ब्राह्मणलाई मारेमा त्यो मार्ने व्यक्ति युद्धमा गएर खडा हुनु र उसलाई लडाकुहरूले मार्नू । अनि मात्र त्यो शुद्ध हुन्छ ।।१२।।

सू. – अपि वा लोमानि त्वचं मांसमिति हावयित्वाऽ ग्नि प्रविशेत् ।।१३।।

अनु. – अथवा ब्रह्महत्या गर्ने व्यक्तिले आफ्नो शरीरबाट रौं, छाला, मासु, बोसो, रगत आदि निकाल्न लगाएर पुरोहितद्वारा अग्निसंस्कार गराई त्यस अग्निमा अगाडिका मन्त्रहरूले रौं, रगत, मासु, बोसो आदि हवन गराई अन्तमा स्वयं पनि त्यसै अग्निमा प्रवेश गर्नू । व्यक्ति मरेपछि शुद्ध हुन्छ ।।१३।।

मन्त्रहरू यस प्रकार छन्— ॐ लोमानि मृत्योर्जुहोमि । ॐ लोमभिर्मृत्युं वासये स्वाहा। ॐ त्वचं मृत्योर्जुहोमि, ॐ त्वचा मृत्युं वासये स्वाहा । ॐ लोहितं मृत्योर्जुहोमि । ॐ लोहितेन मृत्युं वासये स्वाहा। ॐ स्नावानि मृत्योर्जुहोमि। ॐ स्नावभि र्मृत्युं वासये स्वाहा। ॐ मांसानि मृत्योर्जुहोमि । ॐ मांसैर्मृत्युं वासये स्वाहा । ॐ अस्थिनिमृत्योर्जुहोमि । ॐ अस्थिभिर्मृत्युं वासये स्वाहा । ॐ मज्जानं मृत्योर्जुहोमि । ॐ मज्जभि मृत्युं वासये स्वाहा । ॐ मेदो मृत्योर्जुहोमि । ॐ मेदसा मृत्युं वासये स्वाहा । यी मन्त्र वसिष्ठ ऋषिले पढेका हुन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सू. – **वायसप्रचलाकर्बहिणचक्रवाकहंसभासमण्डूकनकुलडेरिका श्वहिंसायां शूद्रवत् प्रायश्चित्तम् ॥१४॥**

अनु. – वायस = काग, प्रचलाक = छेपारो, वर्हिण = मुजूर, चक्रवाक = चखेवा, हंस = हाँस, भास = भासपक्षी, मण्डूक = भ्यागुतो, नकुल = न्याउरीमूसो, डेरिका = गन्धेनुसो (छुचुन्द्रो) श्वा = कुकुर, यी यहाँ वताइएका प्राणीहरूलाई मारेमा शूद्रलाई मार्दा जस्तो प्रायश्चित्त गर्नू ॥१४॥

इत्यास्पम्ब-धर्मसूत्रे पञ्चविंशी कण्डिका

आपस्तम्ब-धर्मसूत्रको नेपाली अनुवादमा पच्चीसौं कण्डिका पूरा भयो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अथ षड्विंशी कण्डिका

(अब छब्बीसौं कण्डिका सुरु हुन्छ)

सू. – धेन्वनडुहो श्चाऽकारणात् ।।१।।

अनु. – दूध दिने गाई र गाडामा जोतिने गोरुलाई विनाकारण मारेमा शूद्रलाई मार्दा जस्तो प्रायश्चित्त गर्नू ।।१।।

सू. – धुर्यवाहप्रवृत्तो चेतरेषां प्राणिनाम् ।।२।।

अनु. – एक भारी बोक्ने साँढेले बोक्न सके जति हड्डी नभएका प्राणीलाई मारेमा शूद्रलाई मारेमा गर्नुपर्ने जति प्रायश्चित्त गर्नुपर्छ ।।२।।

सू. – अनाक्रोश्यमाक्रुश्याऽनृतं वोक्त्वा त्रिरात्रमक्षीराक्षारलवण भोजनम् ।।३।।

अनु. – गाली दिन नहुने व्यक्तिलाई गाली दिएर वा झूठ कुरा बोलेर तीन रातसम्म दूध र दूधबाट बन्ने सबै पदार्थहरू एवं क्षार (थिगर) एवं नून नखानू ।।३।।

सू. – शूद्रस्य सप्तरात्रमभोजनम् ।।४।।

अनु. – शूद्रले यही अपराध गरेमा अर्थात् गाली दिन नहुने व्यक्तिलाई गाली दिएमा वा झूटो बोलेमा सात रातसम्म उपवास गर्नू ।।४।

सू. – स्त्रीणां चैवम ।।५।।

अनु. – स्त्रीहरूले पनि उक्त अपराध गरेमा उनीहरूलाई यसै गरी सात रात उपवास गराउनू ।।५।।

यस प्रसङ्गमा भार्गव—

> अशीतिर्यस्य वर्षाणि बालो वाप्यूनषोडशः ।
> प्रायश्चित्तार्धमर्हन्ति स्त्रियो व्याधित एव च ।।

(असी वर्ष उमेर पुगेको व्यक्ति र सोह्र वर्षभन्दा कम उमेरको बालक एवं स्त्रीहरू र रोगी व्यक्तिहरू पनि आधा प्रायश्चित्त गर्न लायक हुन्छन् ।)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सू. – येष्वाभिशस्त्यं तेषामेकाङ्गं छित्वाऽ प्राणिहिंसायाम् ॥६॥

अनु. – जसलाई मार्नाले मार्नेलाई ब्रह्महत्या लाग्छ, त्यस्ता व्यक्तिको एक अङ्ग काटेर उसलाई शूद्रको जस्तो प्रायश्चित्त गराउनू। यदि काटिएको अङ्गको शक्ति समाप्त हुँदैन भने ॥६॥

सू. – अनार्यवपैशुनप्रतिषिद्धाचारेष्वभक्षा भोज्यापेय प्राशने शूद्रायां च रेत स्सिक्त्वाऽ योनौ च दोषवच्च कर्माभिसन्धिपूर्वं कृत्वाऽनभिसन्धिपूर्वं वाऽब्लिङ्गाभिरप उपस्पृशेद्वारुणीभिर्वाऽन्यैर्वा पवित्रमन्त्रैर्यथा कर्माभ्यासः ॥७॥

अनु. – आर्य भाव नभएका झूटो बोल्नु, छुल्याइँ गर्नु, शास्त्रद्वारा निषेद्ध गरेका कामहरू गर्नु, अभक्ष्य-अभोज्य कुरा खानु, पिउन नहुने कुरा पिउनु, शूद्रजातिकी स्त्रीमा वीर्य सिच्नु (मैथुन गर्नु), योनि बाहेक अन्यत्र वीर्य चुहाउनु, जानी–जानी दोषयुक्त काम गर्नु अथवा नजानीकन दोषी काम गर्नु, वेदादि शास्त्रमा बताइएकै अरूलाई पीडा दिने आभिचारिक कामहरू पनि जानीजानी गर्नु जस्ता अरूलाई कष्ट दिने काम गरेर पहिले चूपचाप स्नान गरी त्यसपछि जलको चिन्ह भएका आपो हिष्ठा मयोभुव आदि तीन मन्त्रले त्यसपछि हिरण्यवर्णाशशुचय पावका आदि चार मन्त्रले अथवा वरुण देवता भएका इमं मे वरुण, तत्वा यामि, त्वन्नो अग्ने आदि मन्त्रले वा अरू नै पवित्र तरत्समन्दियेन आदि मन्त्रहरूले मार्जन गर्नू। मार्जन गर्दा जति मार्जन गर्ने पद्धतिहरूमा अभ्यास छ त्यति मार्जन गर्नू। यो रहस्य प्रायश्चित्त हो भनेका छन् ॥७॥

सू. – गर्दभेनाऽ वकीर्णी निर्ऋतिं पाकयज्ञेन यजेत ॥८॥

अनु. – ब्रह्मचर्यव्रतमा रहेका व्यक्तिले स्त्री सम्पर्क गरेमा त्यो अवकीर्णी (व्रत नष्ट भएको) हुन्छ। त्यस्ता अवकीर्णी व्यक्तिले व्रत भङ्गको प्रायश्चित्त गर्नुपर्दा स्थालीपाक-विधानद्वारा चौबाटोमा काना गधाको बलि दिएर निर्ऋतिको पाकयज्ञ विधिद्वारा यज्ञ गर्नू ॥८॥

यसबारे मनु—

अवकीर्णी तु काणेन गर्दभेन चतुष्पथे।
पाकयज्ञविधानेन यजेत निर्ऋतिं निशि ॥

(ब्रह्मचर्यव्रत नष्ट गराएका अवकीर्णी व्यक्तिले रातमा कानो गधाको बलि दिएर पाकयज्ञका विधिले चौबाटोमा निर्ऋतिको यज्ञ गर्नू। (त्यसमा आचार्यले कामावकीर्णोऽस्म्यल कीर्णोऽस्मि कामकानाय

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्वाहा । कामाभिद्रुग्धो स्म्यभिद्रुग्धोऽस्मि कामकामाय स्वाहा । यी मन्त्रले हवन गर्नू ।)

सू. – तस्य शूद्रः प्राश्नीयात् ॥९॥

अनु. – त्यस गधाको घिउसमेतको वचेको मासु ब्राह्मणको सट्टा शूद्रलाई खुवाउनू ॥९॥

सू. – मिथ्याऽधीतप्रायश्चित्तम् ॥१०॥

अनु. – अव यसपछि नियमलाई नाघेर अध्ययन गर्ने ब्रह्मचारीका दोषको प्रायश्चित्त वताइन्छ ॥१०॥

सू. – संवत्सरमाचार्यहिते वर्तमानो वाचं यच्छेत् स्वाध्याय एवोत्सृजमानो वाचमाचार्य आचार्यदारे वा भिक्षाचर्ये च ॥११॥

अनु. – एक वर्षसम्म गुरुको हित हुने कुरा गर्दै मौन व्रत लिनू । गुरुजीसँग केवल स्वाध्यायका सम्वन्धमा र गुरुपत्नीसँग भिक्षा गर्दा मात्र वोल्नू ॥११॥

सू. – एवमन्येष्वपि दोषवत्स्वपतनीयेषूत्तराणि यानि वक्ष्यामः ॥१२॥

अनु. – यसै गरी व्यक्तिलाई पतितै चाहिँ नगराउने किन्तु दोपयुक्त जो कर्महरू छन् तिनका उत्तर अर्थात् प्रायश्चित्तविधि वताइनेछ ॥१२॥

सू. – काममन्युभ्यां वा जुहुयात् कामोऽकार्षीन्मन्युरकार्षीदिति ॥१३॥

अनु. – अथवा यो गल्ती मैले गरेको होइन कामवासनाले गरेको, यो दोष मैले गरेको होइन मन्युले गरेकै भन्ने अभिप्राय भएका **कामोऽकार्षीत्, मन्युरकार्षीत्** यी वाक्यद्वारा काम र मन्युलाई लख गरेर हवन गर्नू ॥१३॥

सू. – जपेद्वा ॥१४॥

अनु. – अथया काम र मन्युका पूर्वकथित मन्त्रको जप गर्नू ॥१४॥

सू. – पर्वणि वा तिलभक्ष उपोष्य वा श्वोभूत उदकमुपस्पृश्य सावित्रीं प्राणायामशस्सहस्रकृत्व आवर्तयेदप्राणायामशो वा ॥१५॥

अनु. – अथवा पर्व (औंसी र पूर्णिमा) का दिन तिल मात्र खाएर अथवा उपवास गरेर भोलिपल्ट स्नान गरी प्राणायाम समेत गायत्री मन्त्रलाई एक हजार पल्ट दोहो-याउनू । अथवा प्राणायाम विना नै गायत्री जप गर्नू ॥१५॥

इत्यापस्तम्ब-धर्मसूत्रे षड्विंशी कण्डिका

यसरी आपस्तम्ब-धर्मसूत्रको नेपाली अनुवादमा छव्वीसौं कण्डिका पूरा भयो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अथ सप्तविंशी कण्डिका

(अब सत्ताइसौं कण्डिका सुरु हुन्छ)

सू. – श्रावण्यां वा पौर्णमास्यां तिलभक्ष उपोष्य वा श्वो भूते माहानद मुदकमुपस्पृश्य सावित्र्या समित्सहस्रमादध्याज्जपेद्वा ॥१॥

अनु. – अथवा श्रावणी पूर्णिमामा तिल मात्र खाएर अथवा उपवास गरेर भोलिपल्ट पहाडबाट उत्पन्न भएर समुद्रमा पुग्ने महानदीको जलमा स्नान गरी गायत्री मन्त्रले यज्ञिय वृक्षका एक हजार समिधा अग्निमा हवन गर्नू । अथवा एक हजार गायत्रीमन्त्र जप गर्नू ॥१॥

सू. – इष्टियज्ञक्रतून् वा पवित्रार्थो नाहरेत् ॥२॥

अनु. – कर्ताका शरीर इन्द्रिय र मनसमेतलाई पवित्र पार्नको लागि गरिने दृष्टि, यज्ञ, क्रतुहरू गर्नू' दृष्टि मृगारादि यज्ञक्रतु सोममान आग्रेष्टोम आदि हुन । यी छ ओटा प्रायश्चित्त ठूलो पापमा ठूलो र सानोमा पापमा सानो गर्नू ॥२॥

सू. – अभोज्यं भुक्त्वा नैष्पुरीष्यम् ॥३॥

अनु. – खान नहुने निषिद्ध कुरा खाएमा पेटमा पूरा मल समाप्त नभएसम्म उपवास बस्नू ॥३॥

सू. – तत् सप्तरात्रेणाऽवाप्यते ॥४॥

अनु. – पेट पूर्ण रूपमा मलरहित सात दिनमा हुन्छ । सात रात नै उपवास गर्नू भन्नुपर्नेमा मल समाप्त नभएसम्म भन्नुको आशय जसको तीन रातमा नै मल समाप्त हुन्छ उनको त्यतिमा नै शुद्ध हुन्छ भन्ने हो॥४॥

यस प्रसङ्गमा गौतम—

अभोज्यभोजने निष्पुरीषभावः, त्रिरात्रावरंमभोजनं सप्तरात्रं वा ।

(अखाद्य वस्तु खाइएकोमा पेटलाई मलरहित बनाउनु त्यसको प्रायश्चित्त हो) त्यो कम्तिमा तीन रातको उपवासले बन्छ, बढीमा सात रातको उपवासले ।)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सू. – **हेमन्त शिशिरयोर्वोभयोर्सन्ध्ययो र्वोदकमुपस्पृशेत् ॥५॥**

अनु. – अथवा हेमन्त र शिशिर ऋतुमा साँझ विहान भूमिगत ठन्डा पानीले स्नान गर्नू । (उक्त प्रायश्चित्तको लागि) ॥५॥

सू. – **कृतछ्रद्वादशरात्रं वा चरेत् ॥६॥**

अनु. – बाह्र रातमा पूरा हुने एक प्रकारको व्रत हो कृच्छ्र द्वादशरात्र अथवा त्यस्तो व्रत गर्नू ॥६॥

त्यसको विधि यो अगाडिको सूत्रमा बताइन्छ—

सू. – **त्र्यहमनक्ताश्यदिवाशी ततस्त्र्यहम्, त्र्यहमयाचितव्रतस्त्र्यहं नाश्नाति किञ्चनेति कृच्छ्रद्वादशरात्रस्य विधिः ॥७॥**

अनु. – सुरुका तीन दिनहरूमा रातमा नखानू । त्यसपछिका तीन दिनहरूमा दिनमा नखानू । त्यसपछिका तीन दिनहरूमा अयोचित व्रत गर्नू । (अयोचित व्रत भनेको आफूले मागेर केही पनि खान नहुने । अरूले जानेर दिए खान हुने) । त्यसपछिका तीन दिन उपवास गर्नू । यही कृच्छ्र द्वादशरात्र व्रतविधान हो । स्मृत्यन्तरअनुसार हविष्य अन्न ब्रह्मचर्य, स्त्री-शूद्र आदिसँग असम्भाषण (नबोल्नु) पनि बुझ्नुपर्छ ॥७॥

सू. – **एतमेवाभ्यस्येत् संवत्सरं स कृच्छ्रसंवत्सरः ॥८॥**

अनु. – यही व्रतलाई एक वर्षसम्म लगातार चलाइरहेमा कृच्छ्रसंवतसरनामक व्रत हुन्छ ॥८॥

सू. – **अथाऽपरं बहून्यप्यपतनीयानि कृत्वा त्रिभिरनश्नन् पारायणैः कृतप्रायश्चित्तो भवति ॥९॥**

अनु. – अब अर्को प्रायश्चित्तविधि बताइन्छ— धेरै पतित चाहिं नभइने पापहरु गरेर केही नखाई उपवास गरेर आफ्ना शाखाको वेद सुरुदेखि अन्तसम्म तीनपटक पारायण गऱ्यो भने उसका पापको प्रायश्चित्त हुन्छ ।९॥

सू. – **अनार्यां शयेन विभ्रद् ददद्वृद्धि कषायपः ।**
अब्राह्मण इव वन्दित्वा तृणेष्वासीत पृष्ठतप् ॥१०॥

अनु. – शूद्रा स्त्रीलाई आफ्ना विछयौनामा सुताएर व्याजमा ती शूद्रालाई भरणपोषण गर्न पुग्ने पैसा लगानी गरेर अन्नबाट बनेको सुराबाहेकको कषाय वस्तु (मदिरा) पिएर, अब्राह्मणले जस्तै गरी सबको तारीफ गरेर (त्यस पापको प्रायश्चित्तको लागि) सूर्योदयदेखि सूर्यास्तसम्म घाँसको विस्तरमा बसी पिठ्यूँ तताउनू । जतिले ऊ आफूलाई शुद्ध भएको सम्झन्छ त्यति समयसम्म त्यसपछि शुद्ध हुन्छ ॥१०॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सू. – **यदेकरात्रेण करोति पापं कृष्णं वर्णं ब्राह्मणः सेवमानः ।**
चतुर्थकाल उदकाभ्यवायी त्रिभिर्वर्षैस्तदपहन्ति पापम् ।।११।।

अनु. – (कृष्णो वर्णः शूद्रः) ब्राह्मण जीविकाको लागि शूद्रको आज्ञाकारी भएर एक रातमा जति पाप कमाउँछ । त्यो सबको प्रायश्चित्त गर्न उसले तीन वर्षतक दिनको चौथा प्रहरमा एकपल्ट पानी मात्र पिएर तपस्या गर्नुपर्छ, अनि मात्र त्यस पापबाट छुटकारा पाउँछ ।।११।।

यस प्रसङ्गमा मनु—

वृषलीफेनपीतस्य निःश्वासोपहतस्य च ।
तस्यां चैव प्रसूतस्य निष्कृतिर्न विधीयते ।।

(शूद्रा स्त्रीको फिंज पिएका उसका श्वासले धक्का दिइएका र त्यसमै जन्मेका व्यक्तिको प्रायश्चित्त-विधान गरिँदैन)

इत्यास्तम्ब-धर्मसूत्रे सप्तविंशी कण्डिका

यसरी आपस्तम्ब-धर्मसूत्रको नेपाली अनुवादमा प्रथम प्रश्नको सत्ताइसौं कण्डिका पूरा भयो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अथ दशमः पटलः

(अब दशौं पटल सुरू हुन्छ)

सू. – यथा कथा च परपरिग्रहमभिमन्यते स्तेनो ह भवतीति कौत्सहारीतौ तथा काण्वपुष्करासादी ॥१॥

अनु. – आपत् सम्पत् जस्तोसुकै वेलामा धेरै-थोरै जति भए पनि अर्काको स्वामित्वभिन्नको वस्तुलाई आफ्नो पार्न खोज्छ भने त्यो व्यक्ति चोर हो भन्ने कौत्स, हारीत, काण्व, पुष्करादि ऋषिहरूको मत हो ।१॥

सू. – सन्त्यपवादाः परपरिग्रहेष्विति वार्ष्यायणिः ॥२॥

अनु. – अरूको स्वामित्व भएका पदार्थ लिन खोज्ने व्यक्ति चोर हुन्छ भन्ने विषयमा अपवाद पनि छन् भन्ने वार्ष्यायणिको राय छ । अगाडिका सूत्रमा तिनको उदाहरण प्रस्तुत छ– ॥२॥

सू. – शम्योषा युग्यघासो न स्वामिनः प्रतिषेधयन्ति ॥३॥

अनु. – कोसै भित्र पाक्ने कोसेवाली मुगी, मास, चना आदि र गाडिमा जोतिने गोरुको घाँस आफै लिए पनि उनका स्वामीले निषेध गर्दैनन् । अतः यिनमा चोरीको दोष लाग्दैन ॥३॥

यस विषयमा स्मृत्यन्तरमा विशेष—

चणक व्रीहि गोधूमयवानां मुद्गमाषयोः ।
अनिषिद्धैर्ग्रऽहीतव्यो मुष्टिरेकाऽध्वनिस्थितैः ॥

चना, धान, गहुँ जौ मुगी मासको एकमुठीसम्म बटुवाले लिनू ।
यसबारे मनु—

द्विजोऽध्वगः क्षीणवृत्तिर्द्वाविक्षू द्वे च मूलके ।
आददानः परक्षेत्रान्न दण्डं प्राप्तुमर्हति ॥

(वृत्तिक्षीण ब्राह्मणले यात्रा गर्न लाग्दा दुई उखु र दुई मूला अरूका जमिनबाट लिन लाग्दा दण्ड पाउन लायक हुँदैन ।)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सू. – **अतिव्यवहारो व्यृद्धो भवति ।।४।।**

अनु. – उपर्युक्त चीज पनि अधिक मात्रामा लिएमा लिने व्यक्ति दोषी हुन्छ अर्थात् चोर कहलाउँछ ।।४।।

सू. – **सर्वत्राऽऽनुमतिपूर्वमिति हारीतः ।।५।।**

अनु. – हारीत आचार्यको मतमा सबै ठाउँमा सबै अवस्थामा स्वामीको अनुमति लिएर मात्र लिनुपर्छ ।।५।।

सू. – **न पतितमाचार्यं ज्ञातिं वा दर्शनार्थो गच्छेत् ।।६।।**

अनु. – पतित आचार्य र नगिचका सम्वन्धीलाई दर्शन गर्न नजानू ।।६।।

सू. – **न चास्माद् भोगानुपयुञ्जीत ।।७।।**

अनु. – यस्ता पतित आचार्य र पतित बन्धुबाट कुनै भोगको सामग्री नलिनू ।।७।।

सू. – **यदृच्छासन्निपात उपसंगृह्य तूष्णीं व्यतिव्रजेत् ।।८।।**

अनु. – अचानक जम्काभेट भएमा पयर छुनु र चुपचाप अर्कोतर्फ लाग्नू ।।८।।

सू. – **माता पुत्रत्वस्य भूयांसि कर्माण्यारभते तस्यां शुश्रूषा नित्या पतितायामपि ।।९।।**

अनु. – माता छोराको लागि अनेक काम गर्दछिन् । त्यस कारण उनी पतित भए तापनि उनको सेवा सधैं गर्नुपर्छ ।।९।।

सू. – **न तु धर्मसन्निवापः स्यात् (धर्मसन्निवायः = धर्मे सहानुसरणम्) ।।१०।।**

अनु. – पतिता मातासँग धर्मका काममा सह-व्यवहार नगर्नू, अर्थात् धार्मिक क्रिया-कलापमा पतिता मातासित कुनै व्यवहार नगर्नू ।।१०।।

सू. – **अधर्माहृतान् भोगाननुज्ञाय न वयं चाऽधर्मश्चेत्यभिव्याहृत्याऽधो नाभ्युपरिजान्वाच्छाद्य त्रिषवणमुदकमुपस्पृशन्नक्षीराक्षारलवणं भुञ्जानो द्वादश वर्षाणि नाऽगारं प्रविशेत् ।।११।।**

अनु. – अधर्मद्वारा प्राप्त भोगलाई स्वीकार नगर्नु र 'हामी र अधर्म एक साथ रहँदैनौं' यस्तो प्रैषवाक्य बोल्दै नाभिमुनि घुँडासम्म मात्र आउने कपडा पहिरिएर बिहान, दिउँसो र बेलुका तीनपल्ट स्नान गरी दूध, क्षार (थिगर) नून बाहेकको खाना खाँदै बाह्र वर्षतक प्रायश्चित्त गर्नू, घरमा प्रवेश नगर्नू ।।११।।

सू. – **ततस्सिद्धिः ।।१२।।**

अनु. – त्यसपछि पापबाट मुक्त हुन्छ ।।१२।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सू. – अथ सम्प्रयोगः स्यादार्यैः ।।१३।।
अनु. – यसपछि आर्यहरूसँग सम्पर्क गर्न सक्छ ।।१३।।

सू. – एतदेवाऽन्येषामपि पतनीयानाम् ।।१४।।
अनु. – यो प्रायश्चित्त यस्तै पतित हुने खालका काम गर्ने अरूहरूको लागि पनि हो ।।१४।।

सू. – गुरुतल्पगामी तु सुषिरां सूर्मिं प्रविश्यो भयत आदीप्याऽभिदहेदात्मानम् ।।१५।।
अनु. – गुरुपत्नीसँग सम्भोग गर्ने व्यक्तिले भित्र खाली भएको फलामको स्त्रीमूर्तिमा प्रवेश गरेर वाहिर दुवैतिर आगो लगाउन लगाई आफूलाई जलाउनू ।।१५।।

सू. – मिथ्यैतदिति हारीतः ।।१६।।
अनु. – हारीत ऋषि भने यस्तो मरणान्त प्रायश्चित्त गर्नु व्यर्थ हो भन्छन् ।।१६।।
किनभने—

सू. – यो ह्यात्मानं परं वाऽभिमन्यतेऽभिशस्त एव स भवति ।।१७।।
अनु. – जो व्यक्ति आफ्नो या अरूको जीवन समाप्त गर्दछ त्यो ब्रह्मघाती नै हुन्छ ।।१७।।

सू. – एतेनैव विधिनोत्तमादुच्छ्वासाच्चरेन्नाऽस्याऽस्मिंल्लोके प्रत्यापत्तिर्विद्यते कल्मषं तु निर्हण्यते ।।१८।।
अनु. – यसै कण्डिकाको एघारौं सूत्रमा वताइएअनुसार आफ्नो अन्तिम श्वास तक आचरण गर्नू । यस दुनियामा उसको प्रायश्चित्त छैन । किन्तु पाप चाहिं समाप्त हुन्छ ।।१८।।

सू. – दारव्यतिक्रमी खराजिनं बहिर्लोम परिधाय 'दारव्यतिक्रमिणे भिक्षा' मिति सप्ताऽगाराणि चरेत् । सा वृत्तिः षाण्मासान्।।१९।।
अनु. – विनाकारण कुमारी युवती पत्नीलाई त्याग्ने व्यक्तिले बाहिर रौं पारेको गधाको छाला पहिरेर 'पत्नीमा अत्याचार गर्ने व्यक्तिलाई भिक्षा देओ' भन्दै प्रतिदिन सात घर घुम्नू । उसको जीविका त्यही हो । यसरी छ महीना विताउनू ।।१९।।

सू. – स्त्रियास्तु भर्तृव्यतिक्रमे कृच्छ्रद्वादशरात्राभ्यासस्तावन्तं कालम् ।।२०।।
अनु. – स्त्रीले विनाकारण आफ्ना श्रीमान्लाई छोडिदिएमा बाह्र राततक कृच्छ्रचान्द्रायण गरेर छ महीनासम्म प्रायश्चित्त गर्नू ।।२०।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सू. – अथ भ्रूण[1]हा श्वाजिनं खराजिनं वा बहिर्लोम परिधाय पुरुषशिरः प्रतीपानार्थमादाय ॥२१॥ (असमाप्तं प्रकरणमग्रिमसूत्रेण प्रकरण समाप्तिः)

अनु. – व्याख्या सहित वेदवेदाङ्ग शास्त्रको अध्ययन गरेको प्रयोगशास्त्र पनि जान्ने वैदिक कर्म गर्ने गराउने पण्डितलाई जसले मार्छ त्यस्ता व्यक्तिले पापको प्रायश्चित्तको लागि कुक्कुर वा गधाको छाला बाहिर रौं पारेर पहिरी खाने पिउने पात्रको लागि मानिसको शिर (खप्पर) लिएर[2] ('म भ्रूणघाती हुँ' भनी आफ्नो कामअनुसारको नाम लिंदै घुम्नू। भिक्षा गर्ने बेलामा पनि 'भ्रूणघातीलाई भिक्षा दिनुहोस्' भन्नू। यसरी प्राण धान्न मात्र गाउँमा घुमी बेलुका शून्य घरमा वा रूखको फेदमा बस्नू। मेरो आर्यहरूसँग बसउठ हुँदैन भन्ने सोच्नू।) ॥२१॥

इत्यास्तम्ब-धर्मसूत्रे अष्टाविंशी कण्डिका

यसरी आपस्तम्ब-धर्मसूत्रको अट्ठाइसौं कण्डिका पूरा भयो।

---

१. षडङ्गस्य वेदस्याऽध्येता, तदर्थवित्, प्रयोगशास्त्रस्य सव्याख्यस्यार्थवित् कर्मणामनुष्ठाताऽनुष्ठापयिता च ब्राह्मणो भ्रूणः। तथा च बौधायनः वेदानां किञ्चिदधीत्य ब्राह्मणः एकां शाखामधीत्य श्रोत्रियः। अङ्गाध्यायी अनूचानः। कल्पाध्यायी ऋषिकल्पः। सूत्रप्रवचनाध्यायी भ्रूणः। इति।

२. यो सूत्र यत्तिमैं अधुरै रूपमा छोडिएको छ। यस कारण छपाइमा गल्ती भएको अनुमान हुन्छ।

अनुवाद— छ अङ्गसहित वेदशास्त्र पढ्ने, त्यसको अर्थ पनि बुझ्ने र व्याख्या समेतको प्रयोगशास्त्रको अर्थ जान्ने एवं वैदिक कर्महरू गर्ने-गराउने ब्राह्मणलाई 'भ्रूण' भन्दछन्। तिनलाई जसले मार्छ त्यो भ्रूणहा हो।)
(यो सूत्र र अगाडिका सूत्रको एउटै व्याख्या छ)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अथ एकोनत्रिंशी कण्डिका

(अब उनन्सौं कण्डिका सुरु हुन्छ)

सू. – [1]··· खट्वाङ्गं दण्डार्थे कर्मनामधेयं प्रब्रुवाणश्चङ्क्रम्येत को भ्रूणघ्ने भिक्षामिति। ग्रामे प्राणवृत्तिं प्रतिलभ्य शून्यागारं वृक्षमूलं वाऽभ्युपाश्रयेन्न हि म आर्यैः सह सम्प्रयोगो विद्यते। एतेनैव विधिनोत्तमादुच्छ्वासाच्चरेत्। नाऽस्याऽस्मिल्लोके प्रत्यापत्तिर्विद्यते कल्मषं तु निर्हण्यते ॥१॥

अनु. – ···लट्ठीका लगि खाटको तेर्सो काठ लिएर कामअनुसारको आफ्नो नाम भन्दै 'को भ्रूणघ्नलाई भिक्षा देला' भन्दै हिंड्नू। गाउँमा घुमी प्राण यात्रासम्म जुटाएर खाली घरमा अथवा रूखको फेदमा आश्रय लिनू। आर्यहरूसँग मेरो बसउठ हुँदैन - भन्ने ठान्नु। यसै प्रकारले अन्तिम श्वासातक हिंड्नू। यस लोकमा उसको प्रायश्चित्त हुँदैन। पाप चाहिं नष्ट हुन्छ ॥१॥

सू. – यः प्रमत्तो हन्ति प्राप्तं दोषफलम् ॥२॥

अनु. – यस ग्रन्थको नवौं पटलको प्रारम्भदेखि यहाँसम्म बताइएका प्रायश्चित्तहरूका अपराधहरू जानेर गरे पनि नजानी गरे पनि दोषरूप फल प्राप्त भइजान्छ। त्यस कारण प्रायश्चित्त गर्नुपर्छ ॥२॥

सू. – सह सङ्कल्पेन भूयः ॥३॥

अनु – म यस व्यक्तिलाई मार्छु भन्ने सङ्कल्प लिएर जानाजान मारे दोष धेरै हुन्छ प्रायश्चित्त धेरै गर्नुपर्छ। अनजानमा मारे दोष पनि कम प्रायश्चित्त पनि कम ॥३॥

सू. – एवमन्येष्वपि दोषवत्सु कर्मसु ॥४॥

---

१. यो सूत्र अधुरो छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनु. – यसँगरी अरू पनि दोषयुक्त कामहरूमा दोष र प्रायश्चित्तको तारतम्य सम्झनू ।।४।।

सू. – तथा पुण्यक्रियासु ।।५।।

अनु. – यसरी नै पुण्यदायी कामहरूमा पनि यही नियम लागु हुन्छ ।।५।। (जस्तै– केही चोरहरू ब्राह्मणको सम्पत्ति चोरेर भाग्न लागेको बेला कोही सूरो व्यक्ति अपर्झट आइपुगी चोरहरूलाई मारी ब्राह्मणको धन फिर्ता गर्छ भने वा चोरहरुले उसलाई देखेर आफैं चोरेको धन छाडेर त्यो अपेक्षाकृत कर्म पुण्य हुन्छ । सबै फिर्ता गरे भने ब्राह्मणको धन बचाऊँ भन्ने लक्ष्य राखेर गरिएकोमा अधिक पुण्य हुन्छ। यस्तै स्वपत्नी बुद्धिले परदार-गमनमा अल्पपाप, अन्यथा महापाप हुन्छ ।

सू. – परीक्षार्थोऽपि ब्राह्मण आयुधं नाऽऽददीत ।।६।।

अनु. – परीक्षाको लागि पनि ब्राह्मणले हतियार नलिनू ।।६।। (गुण र दोषको सही जानकारी पाउन गरिने कार्य परीक्षा हो ।)

सू. – यो हिंसार्थमभिक्रान्तं हन्ति मन्युरेव मन्युं स्पृशति न तस्मिन् दोष इति पुराणे ।।७।।

अनु. – जो व्यक्ति मार्नेका लागि आइलाग्नेलाई मार्छ त्यसमा एकको असहिष्णुता अर्कोको असहिष्णुता (मन्यु) सँग भिड्छ । त्यसमा व्यक्तिको केही दोष हुँदैन भन्ने पुराणको मत छ ।।७।।

वसिष्ठ र बौधायनले पनि यस कुराको समर्थन गरेका छन् । जस्तै–

स्वाध्यायिनं कुले जातं यो हन्यादाततायिनम् ।
न तेन भ्रूणहा स स्यान्मन्युस्तं मन्युमृच्छति ।।

(स्वाध्याय गर्ने उच्च कुलमा उत्पन्न व्यक्ति पनि आफूलाई मार्न आइलाग्छ भने त्यसलाई मार्ने व्यक्ति भ्रूणघाती हुँदैन । त्यहाँ त एकको कोप अर्कोको कोपसँग जुध्छ । यहाँ भ्रूण शब्दको अर्थ = उच्च कुलमा जन्मेको सदाचारी वैदिक पण्डित हो । गर्भ होइन ।

१. – मनुले पनि भनेका छन् –
शास्त्रं द्विजातिभिर्ग्राह्यं धर्मो यत्रोपरुध्यते ।
द्विजातीनां च वर्णानां विप्लवे कालकारिते ।।
आत्मनश्च परित्राणे दक्षिणानां च सङ्गरे ।
स्त्रीविप्राभ्युपपत्तौ च घ्नन् धर्मेण न दुष्यति। इति ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२. गौतम ऋषिले पनि भनेका छन्—

'प्राणसंशये ब्राह्मणोऽपि शस्त्रमाद्दीत ।'

३. वसिष्ठले भनेका छन्—

अग्निदो गरदश्चैव शस्त्रपाणिर्धनापहः ।

क्षेत्रदारहरश्चैव षडेते ह्याततयिनः ॥

आततायिनमायान्तमपि वेदान्तपारगम् ।

जिघासन्तं जिघांसीयान्न तेन भ्रूणहा भवेत् ॥

१. जहाँ धर्ममा अवरोध आउँछ त्यहाँ र कालगतिले वर्णव्यवस्थै समाप्त हुन लागेमा ब्राह्मणले पनि हतियार उठाउनुपर्छ । आत्मरक्षाको लागि र दक्षिणासम्बन्धी युद्धमा एवं स्त्री र ब्राह्मणको उद्धारको लागि धर्मपूर्वक हतियार चलाउँदा दोषी बनिदैंन ।

२. आफ्ना प्राण नै संशयमा परेमा ब्राह्मणले हतियार लिनू ।

३. आगो लगाउने, विष दिने, हतियार हातमा लिई आइलाग्ने, धन लुट्ने, जमिन हर्ने, पत्नी हर्ने, यी ६ थरीलाई आततायी भन्दछन् । आततायी व्यक्ति आफूलाई मार्न आइलागेमा चाहे त्यो वेदान्तमा पारभएकै किन नहोस् मार्न खोज्नेलाई मार्नू त्यसलाई मार्नाले ब्रह्मघाती होइँदैंन । पतित हुने काम गरेर प्रायश्चित्त नगरी वसेका व्यक्तिहरूबाट उत्पन्न सन्तान पतित नै हुन्छन् भन्ने कुरा सिद्ध गर्न पूर्वपक्ष अघि सारिन्छ ।

सू. – **अथाऽभिशस्ताः समवसाय चरेयुर्धार्म्यमिति सांशित्येतरेतरयाजका इतरेतराध्यापका मिथो विवाहमानाः ॥८॥**

अनु. – यसपछि सबै पतित व्यक्तिहरू गाउँबाहिर एकै ठाउँमा झुरुप्प घर बनाएर घुमुन्, बसुन् । यसरी बस्नुलाई उनीहरू आफ्नो धर्मसम्मत चालचलन ठानुन् र परस्पर मिलेर एकजूट भएर रहने निधो गरुन् । परस्पर एकले अर्कोको पूजाआजा गराउन् । जान्नेले नजान्नेलाई पढाउन् । आफू–आफूमै विवाह गरुन् (र आफ्नै प्रकारको एक अलग समाज बनाएर रहुन् ।) ॥८॥

सू. – **पुत्रान् सन्निष्पाद्य ब्रूयुर्विप्रजताऽस्मदेवं ह्यस्मत्स्वार्यास्सम्प्रत्यपत्स्यतेति ॥९॥**

अनु. – अनि छोराहरू जन्माएर तिनीहरूलाई ती पतितहरूले भनुन्– नानी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हो' तिमीहरू हामीहरूलाई चटक्कै छोडेर आर्यहरूतर्फ जाओ। यसो गरेमा तिमीहरू पनि हाम्रा कुलमा पैदा भएर पनि सभ्य आर्य हुनेछौ ।।९।। (आर्यहरू पनि हामीलाई मात्र पतित मानेर तिमीहरूलाई सकार्नेछन् । पतितको सन्तान पतित नै हुनुपर्छ भन्ने नियम छैन ।)

सू. – **अथाऽपि न सेन्द्रियः पतति।।१०।।**

अनु. – पतित व्यक्ति इन्द्रियसहित पतित हुँदैन । व्यक्ति पतित भए पनि उसका इन्द्रियहरू विशुद्ध नै रहन्छन् ।।१०।। उदाहरणको लागि अगाडिको सूत्र—

सू. – **तदेतेन वेदितव्यमङ्गहीनोऽपि साङ्गं जनयति ।।११।।**

अनु. – त्यो पहिलो सूत्रले बताइएको कुरा यस उदाहरणद्वारा बुझ्न सकिन्छ— अङ्गहीन व्यक्तिले पनि पूरा अङ्ग भएकै सन्तान जन्माउँछ । (डुँडोको छोरो डुँडो हुँदैन, अन्धोको छोरो अन्धो हुँदैन ।।११।।

(सन्तान पैदा गर्भमा स्त्रीपुरुष दुवैको सहभागिता हुन्छ । पुरुषले गलत काम गरेकोले ऊ पतित भए पनि स्त्रीत विशुद्ध नै छ ।) हारीत ऋषि यसको खण्डन गर्छन् —

सू. – **मिथ्यैतदिति हारीतः ।।१२।।**

अनु. – यो लगत्तै पहिले बताइएको कुरा झूटो हो भन्ने हारीतको मत छ।।१२।। किनभने—

सू. – **दधिधानीसधर्मा स्त्री भवति ।।१३।।**

अनु. – स्त्री यज्ञको दही राख्ने भाँडो जस्ती हुन्छिन् ।।१३।।

सू. – **यो हि दधिधान्यामप्रयतं पय आयञ्च्य मन्थति न तेन धर्मकृत्यं क्रियेत एवमशुचि शुल्कं यन्निर्वर्तते न तेन सह सम्प्रयोगी विद्यते।।१४।।**

अनु. – जो व्यक्ति दही राख्ने भाँडो (ठेकी) मा कुकुर आदिले जुठ्याएको दूध मठ्ठा पानी राखेर मार्छ भने त्यसबाट उत्पन्न घीउले धार्मिक काम गरिंदैन यसै गरी शुद्ध स्त्रीमा (पतित व्यक्तिको) वीर्य सिंचेर उत्पन्न पुत्रसँग आर्यहरूको सहप्रयोग हुन सक्तैन ।।१४।।

टिप्पणी – ग्रन्थकर्ता हारीतको यस विचारसँग सहमत देखिन्छन् ।

सू. – **अभिचारानुव्यवहारावशुचिकरावपतनीयौ ।।१५।।**

अनु. – (कुनै ब्राह्मणका विरुद्ध) मार्ने मुग्ध गराउने जस्ता अभिचारिक क्रियाको प्रयोग गर्नू र श्राप दिनु यी दुवै काम प्रयोक्तालाई अपवित्र बनाउने मात्र हुन्छन् पतित बनाउँदैनन् ।।१५।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सू. – **पतनीयावृत्ति हारीत ।।१६।।**

अनु. – ब्राह्मणमा अभिचार गर्नाले वा श्राप दिनाले त्यो व्यक्ति पतित नै हुन लायक हुन्छ । यो हारीतको मत हो । १६।।

सू. – **पतनीयवृत्तिस्त्वशुचिकराणां द्वादश मासान् द्वादशाऽर्धमासान् द्वादश द्वादशाहान् द्वादश सप्ताहान् द्वादश त्र्यहान् द्वादश द्व्यहान्, द्वादशाहं सप्ताहं त्र्याहं द्व्यहमेकाहम् ।।१७।।**

अनु. – कर्तालाई केवल अपवित्र बनाउने खालका जुन जुन कर्महरूको सामूहिक प्रायश्चित्त ग्रन्थमा बताइएको छैन तिनको प्रायश्चित्त पनि कर्तालाई पतित बनाउने कर्मको जस्तै हुन्छ । प्रायश्चित्तको अवधि चाहिं अपवित्रता ल्याउने कर्मको गम्भीरतालाई दृष्टिमा राखी निर्णय गर्नुपर्छ; जस्तै– ज्यादा गम्भीरमा ३६५ दिन त्यो भन्दा निकै हल्कामा १८२½ दिन अझ हल्कामा १४४ दिन एवम् उत्तरोत्तर हल्का हल्कामा ८४ दिन ३६ दिन, २४ दिन, १२ दिन, ७ दिन, ३ दिन, २ दिन, १ दिन ।

सू. – **इत्यशुचिकरनिर्वेषो यथा कर्माभ्यासः ।।१८।।**

अनु. – यस प्रकार कर्तामा अशुचित्व ल्याउने खालका कर्मको प्रायश्चित्त अशुचित्व ल्याउने अपराधी काम, कर्ताले जानीजानी गरेको कि अनजानमा गरेको हो, कहिलेदेखि त्यस्तो काम ऊ गरिरहेको छ आदि सबै कुरामा दृष्टि पुऱ्याई पूर्वसूत्रले तोकेको अवधिअनुसार गर्नुपर्छ ।।१८।।

इत्यापस्तम्ब धर्मसूत्रे एकोनत्रिंशी कण्डिका

यसरी आपस्तम्ब-धर्मसूत्रको नेपाली अनुवादमा उनन्तिसौं कण्डिका पूरा भयो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अथैकादशः पटलः

(अब एघारौं पटल सुरू हुन्छ)

अब समावर्तनपछि हुने स्नानको समयबारे बताइन्छ—

सू. – **विद्यया स्नातीत्येके ॥१॥**

अनु. – कुनै आचार्यको रायअनुसार ब्रह्मचारीले कुनै एक वेदविद्याको अध्ययन पूरा गरेपछि विद्याव्रतान्त स्नान गर्छ ॥१॥

यस सम्बन्धमा मनु—

वेदानधीत्य वेदौ वा वेदं वाऽपि यथाक्रमम् ।
अविलुप्तब्रह्मचर्यो गृहस्थाश्रममावसेत् ॥

(सबै वेदहरू पढी दुई वेद मात्र पढी अथवा एकै वेद मात्र पढे तापनि पूर्ण रूपमा ब्रह्मचर्य व्रतमा नचुकी गृहस्थाश्रममा प्रवेश गर्नू ।)

सू. – **तथा व्रतेनाष्टचत्वारिंशत्परीमाणेन ॥२॥**

अनु. – प्रत्येक वेदको अध्ययनको लागि १२।१२ वर्षको हिसाबले चारै वेदको अध्ययनको लागि ४८ वर्षको ब्रह्मचर्य व्रतको समय तोकिएको छ । यो ४८ वर्षको समयसम्म पूर्ण ब्रह्मचर्यमा रहेर व्रतस्नातकता भयो चारै वेदको अध्ययन चाहिं पूरा गर्न सकेन भने त्यो केवल व्रतस्नातक हुन्छ ॥२॥

सू. – **विद्या व्रतेन चेत्येके ॥३॥**

अनु. – कोही आचार्य विद्या र व्रत दुवै पूरा गरेर मात्र स्नान गर्नू भन्दछन् ॥३॥

यसबारे याज्ञवल्क्य—

वेदं व्रतानि वा पारं नीत्वा ह्युभयमेव वा ।
अविलुप्तब्रह्मचर्यो लक्षण्यां स्त्रियमुद्वहेत् ॥

(वेदविद्याको अध्ययन पूरा गरेर अथवा ब्रह्मचर्यव्रतको अवधि पूरा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरेर वीर्यरक्षामा आँच आउन नदिई लक्षणयुक्त स्त्रीसँग विवाह गर्नू ।)

सू. – **तेषु सर्वेषु स्नातकवद्वृत्तिः ॥४॥**

अनु. – विद्यास्नातक, व्रतस्नातक, उभयस्नातक प्रकरणमा स्नातक हुन्छन् । ती तीनै प्रकारका स्नातकहरूमा समानरूपले स्नातक गर्नुपर्ने सत्कार गर्नू । कम–वेशी नगर्नू ॥४॥

यसो भए तापनि स्नातकको पूजामा हुने फलमा अन्तर हुन्छ—

सू. – **समाधिविशेषाच्छ्रुतिविशेषाच्च पूजायां फलविशेषः ॥५॥**

अनु. – पूजा गरिने स्नातकहरूमध्ये जस-जसमा जति-जति मात्रामा कर्तव्यमा सावधानी र अध्ययनमा तीव्रता हुन्छ त्यसै अनुसार उनीहरूमा गरिने पूजाका फलमा पनि अन्तर आउँछ ॥५॥

सू. – **अथ स्नातकव्रतानि ॥६॥**

अनु. – अब यसपछि स्नातकहरुले गर्नुपर्ने व्रतहरू वताइन्छन् ॥६॥ यद्यपि वक्ष्यमाण केही साधारण पनि हुन्छन् । यथापि आधिक्यले स्नातकव्रत भनिएका हुन् ।

सू. – **पूर्वेण ग्रामान्निष्क्रमणप्रवेशनानि शीलयेदुत्तरेण वा ॥७॥**

अनु. – स्नातकले गाउँबाट बाहिर निस्कनुपर्दा वा प्रवेश गर्दा गाउँको पूर्व तर्फबाट वा उत्तर तर्फबाट पस्ने निस्कने बानी गर्नू ॥७॥

सू. – **सन्ध्ययोश्च बहिर्ग्रामादासनं वाग्यतश्च ॥८॥**

अनु. – प्रातसायं दुवै सन्ध्याकालमा गाउँको सीमाभन्दा बाहिर वस्नू, मौन धारण पनि गर्नू ॥८॥

मनु भन्दछन्—

पूर्वां सन्ध्यां जपं स्तिष्ठेत् सावित्रीमार्कदर्शनात् ।
पश्चिमां तु समासीत सम्यगृक्षविभावनात् ॥

(प्रातःकालिक सन्ध्यामा सूर्योदयतक गायत्रीमन्त्र जप्तै रहनू । सायं सन्ध्यामा तारा राम्ररी नदेखिएसम्म जपिरहनू ॥)

टिप्पणी – यहाँ 'वाग्यतः' को अर्थ लौकिक विषयको चर्चा नगर्नू । गायत्री जप होइन भन्ने कसैको राय छ ।

अग्निहोत्रीमा यो नियम बाधित हुन्छ—

सू. – **विप्रतिषेधे श्रुतिलक्षणं बलीयः ॥९॥**

अनु. – वेदवर्णित विषय र धर्मशास्त्रवर्णित विषयको विरोध परेमा वेदवर्णित

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विषय नै बलवान् हुन्छ, जस्तै– गृहस्थले सन्ध्याकालमा गाउँबाहिर वस्नू' यो धर्मशास्त्रको वाक्य भयो। 'गृहस्थले साँझमा घरमा अग्निहोत्र गर्नू' यो वेदवाक्य हो। यसरी एउटै व्यक्तिलाई उही समयमा वेदले एक कर्तव्य बतायो, धर्मशास्त्रले अर्को कर्तव्य बतायो। ती दुई कर्तव्य परस्परविरोधी भए। त्यस कारण यस्तोमा वेदवर्णित अग्निहोत्रीले घरमा साँझमा अग्निहोत्र नै गर्नुपर्‍यो।

सू. – **सर्वान् रागान् वाससि वर्जयेत् ॥१०॥**

अनु. – (स्वयं पहिरने) कपडामा सम्पूर्ण रङ्गहरू त्यागि दिनू। (नरङ्गाउनू।) ॥१०॥

सू. – **कृष्णं च स्वाभाविकम् ॥११॥**

अनु – स्वभावले नै कालो कम्बल आदि पनि नपहिरनू ॥११॥

सू. – **अनूद्भासि वासो वसीत ॥१२॥**

अनु. – ज्यादा चम्किलो कपडा नपहिरनू ॥१२॥

सू. – **अप्रतिकृष्टं च शक्तिविषये ॥१३॥**

अनु. – पुगीसरी आए पुरानो मैलो मोटो जस्तो निकृष्ट कपडा पनि नपहिरनू ॥१३॥

सू. – **दिवा च शिरसः प्रावरणं वर्जयेन्मूत्रपुरीषयोः कर्म परिहाप्य ॥१४॥**

अनु. – मलमूत्र- त्याग गर्दा बाहेक अरू समयमा दिनमा शिर नढाक्नू ॥१४॥

सू. – **शिरस्तु प्रावृत्य मूत्रपुरीषे कुर्यात् भूम्यां किञ्चिदन्तर्धाय ॥१५॥**

अनु – खुला ठाउँमा मलमूत्र-त्याग गर्दा खाली जमिनमा सुकेका घाँसपात आदि केही बिछ्याएर कपडाले शिर ढाकेर गर्नू। खाली जमिनमा नगर्नू ॥१५॥

सू. – **छायायां मूत्रपुरीषयोः कर्म वर्जयेत् ॥१६॥**

अनु. – रूख आदिका छायामा मलमूत्र-त्याग नगर्नू ॥१६॥

सू. – **स्वां तु छाया मवमेहेत् ॥१७॥**

अनु. – आफ्नो छायामा ता मलमूत्र-त्याग गर्नू ॥१७॥

सू. – **न सोपान-मूत्रपुरीषं कुर्यात् ॥१८॥**

अनु. – जुत्तासँगै मलमूत्र-त्याग नगर्नू ॥१८॥

सू. – **कृष्टे ॥१९॥ पथि ॥२०॥ अप्सु च ॥२१॥**

अनु. – जोतेको जमिनमा ॥१९॥ बाटामा ॥२०॥ पानीमा पनि मलमूत्र त्याग नगर्नू ॥२१।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सू. – **तथा ष्ठेवनमैथुनयोः कर्माऽप्सु वर्जयेत् ॥२२॥**

अनु. – त्यस्तै थुक्ने मैथुन गर्ने काम पानीमा नगर्नू ॥२२॥

सू. – **अग्निमादित्यमपो ब्राह्मणं गा देवताश्चाऽभिमुखो मूत्रपुरीषयोः कर्म वर्जयेत् ॥२३॥**

अनु. – अग्नितर्फ, सूर्यतर्फ, जलाशयतर्फ, ब्राह्मणतर्फ, गाईतर्फ र देवताका प्रतिमातर्फ मुख गरेर दिशा-पिसाव गर्ने काम नगर्नू ॥२३॥

सू – **अश्मानं लोष्टमार्द्रानोषधिवनस्पतीनूर्ध्वानाच्छिद्य मूत्रपुरीषयोः शुन्धने वर्जयेत् ॥२४॥**

अनु. – पत्थरको टुक्रा, माटोको डल्लो, काँचा औषधि[1] वनस्पति[2]हरू खडा खडै भएका अवस्थामा तिनका मुनापात, हाँगा लुछेर तिनले दिशा-पिसाव नपुछ्नू ॥२४॥

सू. – **अग्निमादित्यमपो ब्राह्मणं गा देवताद्वारं प्रति पादं च शक्तिविषये नाऽभि प्रसारयीत ॥२५॥**

अनु – सकभर अग्नितर्फ, सूर्यतर्फ, जलतर्फ, ब्राह्मणतर्फ, गाईतर्फ, देवमन्दिरका ढोकातर्फ गोडा नपसार्नू ॥२५॥

सू. – **अथाऽप्युदाहरन्ति ॥२६॥**

अनु. – स्नातकका यी वाहेक अरू पनि कर्तव्यहरू आचार्यहरू वताउनुहुन्छ ॥२६॥

इत्यापस्तम्ब धर्मसूत्रे त्रिंशी कण्डिका

यसरी आपस्तम्ब-धर्मसूत्रको नेपाली अनुवादमा
तीसौं कण्डिका पूरा भयो ।

---

१. फल पाकेपछि वोट सुक्ने, धान, जौ, गहूँ, कोदो, मकै, तोरी, मास, भटमास, फापर, जुनेला आदि औषधि हुन् । फूल नफुली फल फल्ने कटहर आदि वनस्पति हुन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अथ एकत्रिंशी कण्डिका

(अब एकतीसौं कण्डिका सुरु हुन्छ)

सू. – प्राङमुखोऽन्नानि भुञ्जीत चोच्चरेद्दक्षिणा मुखः ।
मूत्रं चोदङमुख कुर्यात् प्रत्यक पादावनेजनम् ।।१।।

अनु. – पूर्वतर्फ मुख गराएर अन्न खानू, दक्षिणतर्फ मुख गराएर मल त्याग गर्नू । उत्तरतर्फ मुख गराएर मूत्रत्याग गर्नू । पयर धुने काम पश्चिमतर्फ मुख गरेर गर्नू ।।१।।

यस प्रसङ्गमा मनु—

आयुष्यं प्राङमुखो भुङते यशस्यं दक्षिणामुखः ।
श्रियं प्रत्यङमुखो भुङते ऋतं भुङते ह्युदङमुखः ।।

(पूर्वतर्फ मुख गरेर खानेले आयु बढाउने कुरा खान्छ । दक्षिणतर्फ मुख गरेर खानेले कीर्ति बढाउने कुरा खान्छ । पश्चिमतर्फ मुख गरेर खानेले सम्पत्ति बढाउने कुरा खान्छ । उत्तरतर्फ मुख गरेर खानेले सत्य व्यवहार बढाउने कुरा खान्छ ।)

यसै प्रसङ्गमा याज्ञवल्क्य—

दिव सन्ध्यासु कर्णस्थब्रह्मसूत्र उदङमुखः ।
कुर्यान्मूत्रपुरीषे तु रात्रौ खेद्दक्षिणामुखः ।।

(दिउँसो र सन्ध्याकालमा कानमा जनै राखेर उत्तरतर्फ मुख गराई दिशा-पिसाब गर्नू । रात्रिमा चाहिं दक्षिणतर्फ मुख गराई दिशा-पिसाब गर्नू ।)

सू. – आराच्चाऽऽवसथान्मूत्रपुरीषे कुर्यात् दक्षिणां दिशं दक्षिणपरां वा ।।२।।

अनु. – निवासस्थानभन्दा निकै टाढा दक्षिण दिशातर्फ वा नैर्ऋत्य कोणतर्फ गएर मलमूत्र त्याग गर्नू ।।२।।

दक्षिणपरा = नैऋत्यकोण ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सू. – अस्तमिते च बहिर्ग्रामादारादावसथाद्वा मूत्रपुरीषयोः कर्म वर्जयेत्॥३॥

अनु. – सूर्यास्त भइसकेपछि गाउँबाहिर वा घरदेखि टाढा मलमूत्र-त्याग नगर्नू। (चोर, बाघहरूले खतरा पुऱ्याउँलान् भनेर यसो भनिएको हो स्थान निर्भय भए केही आपत्ति छैन।)

सू. – देवताभिधानं चाऽप्रयतः ॥४॥

अनु. – अपवित्र रहेको अवस्थामा कुनै देवताको नाम नलिनू ॥४॥

सू. – परुषं चोभयोर्देवतानां राज्ञश्च ॥५॥

अनु. – अपवित्र अवस्थामा देवता र राजाको दुवैको निन्दा नगर्नू ॥५॥

सू. – ब्राह्मणस्य गोरिति पदोपस्पर्शनं वर्जयेत् ॥६॥

अनु. – ब्राह्मण र गाईलाई पयरले छुने नगर्नू ॥६॥
इति शब्दले विद्या र वयोवृद्ध भएको अब्राह्मणलाई पनि पाउले नछुनू।

सू. – हस्तेन चाऽकारणात् ॥७॥

अनु. – तेल मालिस गर्नु, कन्याउनु जस्ता कारण नपरी हातले पनि ब्राह्मणलाई र गाईलाई नछुनू। ७॥

सू. – गोर्दक्षिणानां कुमार्याश्च परीवादान् वर्जयेत् ॥८॥

अनु. – गाईका यज्ञयागादिकादक्षिणाका र कुमारी केटीका भएका दोष पनि नवताउनू ॥८॥ अनुकूल (सोझा) नभएका गाईको र अनुकूल गाईदेखि भिन्न पशुको र कुमारी कन्याको पनि दोष नभन्नु।

सू. – स्पृहतीं च गां नाऽऽचक्षीत ॥९॥

अनु. – गाईले कसैको खेतबारी आदिमा लगाएको हरियो अनाज खाइरहेको देखे पनि तिम्रो अनाज गाईले खाइरहेको छ भनेर जमिनको मालिकलाई नबताइदिनू ॥९॥
स्पृहती=खाइरहेकी।

सू. – संसृष्टां च वत्सेनाऽनिमित्ते ॥१०॥

अनु. – विशेष धार्मिक कारण नपरी (बन्धनबाट फुकेर आई बाच्छालाई दूध पिलाएर उसैसँग मिलेर बसिरहेकी गाईलाई 'तिम्री गाईले त बाच्छालाई दूध प्याई उसैसँग बसिरहेकी छन् भनेर गोस्वामीलाई नबताइदिनू।

यज्ञको हवनीय पदार्थ तयार गर्न माऊ गाईबाट बाच्छालाई अलग राखेको रहेछ भने सो भनिदिंदा दोष लाग्दैन ॥१०।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सू. – **नाऽ धेनुमधेनुरिति ब्रूयात् । धेनुभव्येत्येव ब्रूयात् ॥११॥**

अनु. – जुन गाईले दूध दिइरहेको छैनन् उनलाई 'अधेनु' नभन्नु किन्तु धेनुम्भव्या (भविष्यमा धेनु हुनेवाली) भन्नू ॥११॥

सू. – **किं तर्हि धेनुभव्येत्येव ब्रूयात् भविष्यन्ती धेनूर्धेनुभव्या । धेनोर्भव्यायां (मुम् वक्तव्य) इति मुम न भवति । च्व्यन्तत्वेनाऽव्ययत्वात् । वक्तव्यत्वे च सति शब्दनियमोऽयम् । न पुनरधेनुदर्शन एवं वक्तव्यम् ॥१२॥**

सू. – **न भद्रं भद्रमिति ब्रूयात् ॥१३॥**

अनु. – जो भद्र छ त्यसलाई भद्र[1] नभन्नू ॥१३॥

किन्तु—

सू. – **पुण्यं, प्रशस्त (प्रशस्त) मित्येव ब्रूयात् ॥१४॥**

अनु. – पुण्य, प्रशस्त शब्दद्वारा उसको उल्लेख गर्नू ॥१४॥

सू. – **वत्सतन्ती च नोपरि गच्छेत् ॥१५॥**

अनु. – बाच्छोलाई पघाहा लाएको (बाँधेको) डोरीलाई माथिबाट नाघेर नजानू ॥१५॥

यस प्रसङ्गमा मनु—

न लङ्घयेद् वत्सतन्त्रीं न प्रधावेच्च वर्षति ।

(बाच्छाको पगाहा डोरी नाघेर नजानू । बादलले जल बर्सिरहेको वेला नडीड्नू)

सू. – **प्रेङ्खावन्तरेणचु नाऽतीयात् ॥१६॥**

अनु – पिङ हाल्ने दुई लिङ्गोका बीचबाट नछिर्नू ॥१६॥

सू. – **नाऽसौ मे सपत्न इति ब्रूयात्, यद्यसौ मे सपत्न ब्रूयात् द्विषन्तं भातृव्यं जनयेत् ॥१७॥**

अनु. – बोल्दा वास्तविक शत्रुलाई पनि यो अमुक व्यक्ति मेरो शत्रु हो नभन्नू । किनभने आफूले पहिले त्यसरी स्पष्टचाउँदा घुसुघुसु आफूसँग शत्रुता गरिरहेको व्यक्ति यसले मलाई सम्पूर्ण रूपमा प्रतिपक्षी ठानेको रहेछ भन्ने बुझेर कडा प्रतिक्रियातर्फ तुरुन्त लाग्छ र आफूलाई झन् अप्ठ्यारो पर्छ ॥१७॥

सू. – **नेन्द्रधनुरिति परस्मै प्रब्रूयात् ॥१८॥**

अनु. – आकाशमा इन्द्रेनी परेको देखेर अरूलाई 'हेर ऊ! इन्द्रेणी परेछ'

---

१. एउटै शब्दलाई बारंबार विनाप्रयोजन दोहोऱ्याउँदा राम्रो लाग्दैन त्यस कारण भाषा प्रयोगको दृष्टिले त्यसको पर्याय राख्नु भएको ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भनी नदेखाउनू। (नभनी नहुने भएमा मणिधनु आदि अरू-अरू शब्दले सम्झाउनू) ।।१८।।

सू. – न पततः सञ्चक्षीत ।।१९।।

अनु. – आकाशमा समूह बनाएर उडिरहेका पक्षीहरूलाई नगन्नू। अथवा कमाएको पुण्यभोग गरिसकेर स्वर्गबाट ज्योतिहरू खस्न लागेका देखेमा अरूहरूलाई नदेखाउनू ।।१९।।

सू. – उद्यन्तमस्तं यान्तं चाऽऽदित्यं दर्शने वर्जयेत् ।।२०।।

अनु. – उदाउन र अस्ताउन लागेका सूर्यलाई नहेर्नू ।।२०।।

यस प्रसङ्गमा मनु—

नेक्षेतोद्यन्तमादित्यं नास्तं यान्तं कदाचन ।
नोपरक्तं न वारिस्थं न मध्यं नमसो गतम् ।।

(उदाउन लागेका र अस्ताउन लागेका सूर्यलाई कहिल्यै नहेर्नू। एवं ग्रहण लागेका, पानीमा प्रतिबिम्बित भएका, तथा आकाशको बीचमा रहेका सूर्यलाई पनि नहेर्नू।)

सू. – दिवाऽऽदित्यः सत्त्वानि गोपायति नक्तं चन्द्रमाः। तस्मादमावास्यायां निशायां स्वाधीय आत्मनो गुप्तिमिच्छेत्, प्रायत्य ब्रह्मचर्यकाले चर्यया च ।।२१।।

अनु. – दिनमा सूर्यले प्राणीहरूलाई बचाउँछन्, रातमा चन्द्रमा उनीहरूलाई जोगाउँछन्। त्यस कारण अमावास्यामा स्नान आदिबाट हुने पवित्रता, आठ प्रकारको मैथुनत्यागबाट हुने ब्रह्मचर्यव्रत एवं ठीक-ठीक समयमा गरिने जप, व्रत, उपासनाहरूद्वारा आफूलाई बचाउन चाहनू ।।२१।।

किनभने—

सू. – सह ह्येतां रात्रिं सूर्याचन्द्रमसौ वसतः ।।२२।।

अनु. – यो अमावास्याको रातभर सूर्य र चन्द्रमा साथ-साथ बस्छन्। (सूर्यका साथमा रहँदा चन्द्रमाको प्रकाश हुँदैन र रात्रिमा रक्षाको निमित्त चन्द्रमा हुँदैनन्) ।।२२।।

सू. – न हि कुसृत्या ग्रामं प्रविशेत् ।।२३।।

अनु. – प्रचलनमा नआएका कुबाटोबाट गाउँमा प्रवेश नगर्नू ।।२३।।

सू. – यदि प्रविशे न्नमो रुद्राय वास्तोष्पतये' इत्येतामृचं जपेदन्यां वा रौद्रीम् ।।२४।।

अनु. – यदि कुबाटोबाट गाउँ पस्न बाध्य हुनुपर्‍यो भने 'ॐ नमो रुद्राय वास्तोष्पतये··· ··· इत्यादि मन्त्र जप्नू, अथवा रुद्रदेवता भएको कुनै अर्को मन्त्र जप्नू ।।२४।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सू. – नाऽब्राह्मणायोच्छिष्टं प्रयच्छेत् ॥२५॥

अनु. – (अब्राह्मण शूद्र:) आफूले खाएर बचेको जूठो अन्न शूद्रलाई नदिनू ॥२५॥

सू. – यदि प्रयच्छेद्दन्तान् स्कुप्त्वा तस्मिन्नवधाय प्रयच्छेत् ॥२६॥

अनु, – यदि शूद्रलाई उच्छिष्ट अन्न दिनु पर्‍यो भने दाँत कोट्याएर दाँतको मल त्यसमा राखेर दिनू ॥२६॥

सू, – क्रोधादींश्च भूतदाहीयान् दोषान् वर्जयेत् ॥२७॥

अनु, – रिस आदि प्राणीहरूलाई जलाउने दोषहरूलाई छोडिदिनू ॥२७॥

इत्यापस्तम्ब-धर्मसूत्रे एकत्रिंशी कण्डिका

यसरी आपस्तम्ब-धर्मसूत्रको एकतीसौं कण्डिका पूरा भयो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अथ द्वात्रिंशी कण्डिका

(अब बत्तीसौं कण्डिका सुरू हुन्छ)

सू. – प्रवचनयुक्तो वर्षाशरदं मैथुनं वर्जयेत् ।।१।।

अनु. – स्नातकले अध्यापन प्रवचनलाई अपनाइरहनु र वर्षा र शरत् ऋतुमा मैथुन नगर्नू ।।१।।

सू. – मिथुनीभूय च न तया सह सर्वां रात्रिं शयीत ।।२।।

अनु – मैथुन गरेर पनि पूरा रातभर पत्नीका साथमा नसुत्नू । २।।

सू. – शयानश्चाऽध्यापनं वर्जयेत्।।३।।

अनु. – सुतीसुती अध्यापन गर्नु पनि छोड्नू । ३।।

सू. – न च तस्यां शय्यायामध्यापयेद्यस्यां शयीत ।।४।।

अनु. – त्यस बिछ्यौनामा बसेर पनि नपढाउनू जसमा पत्नीका साथ सुत्ला ।।४।।

सू. – अनार्विः स्रगनुलेपण (न) स्स्यात् ।।५।।

अनु. – शरीर सजाउन माला चन्दन अत्तर आदिको प्रयोग गरी त्यसको प्रदर्शन नगर्नू ।।५।।

सू. – सदा निशायां दारं प्रत्यलङ्कुर्वीत ।।६।।

अनु. – सधैं रातमा पत्नीसँग सहवासको लागि आफूलाई अलङ्कृत गर्नू ।।६।।

सू – सशिरावमज्जनमप्सु वर्जयेत् ।।७।।

अनु. – स्नातकले पानीमा शिरसमेत डुबुल्की लगाउन छोड्नू ।।७।।

सू. – अस्तमिते च स्नानम् ।।८।।

अनु. – सूर्यास्तपछि स्नान पनि छोड्दिनू ।।८।।

सू. – पालाशमासनं पादुके दन्तप्रक्षालनमिति च वर्जयेत् ।।९।।

अनु. – पलाशको आसन, खराउ, दाँत साफ गर्ने दतिउन आदि यी सबै छोडिदिनू ।।९।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सू. – स्तुतिं च गुरोः समक्षं यथा सुस्नातमिति ।।१०।।

अनु. – गुरुको सामु 'आज राम्रोसँग स्नान गरियो' जस्ता आत्म प्रशंसा परेका वाक्यको प्रयोग नगर्नू ।।१०।।

सू. – आ निशाया जागरणम् ।।११।।

अनु. – आधा रातपछि जागा रहनू ।।११।।

सू. – अनध्यायो निशायामन्यत्र धर्मोपदेशाच्छिष्येभ्यः ।।१२।।

अनु. – शिष्यहरूलाई धर्मोपदेश गर्नु बाहेक रातमा अध्ययन-अध्यापन नगर्नू ।।१२।।

सू. – मनसा वा स्वयम् ।।१३।।

अनु. – अथवा आफैं मनैमन अध्ययन गर्न सकिन्छ ।।१३।।

सू. – ऊर्ध्वमर्धरात्रादध्यापनम् ।।१४।।

अनु. – आधा रात बितिसकेपछि अध्यापनक्रिया गर्न सकिन्छ ।।१४।

सू. – नाऽपररात्रमुत्थायाऽनध्याय इति संविशेत् ।।१५।।

अनु. – रात्रिको तेस्रो भागलाई अपररात्र भन्दछन् । अर्ध रात्रपछि उठेर भोलिपल्ट अष्टमी आदि अनध्याय परेमा भोलि अनध्याय त हो नि भन्ने ठानी अपररात्रमा फेरि नसुत्नू ।।१५।।

यस सम्बन्धमा मनु—

न निशान्ते परिश्रान्तो ब्रह्माऽधीत्य पुनः स्वपेत् ।

(आधा रातपछि उठेर वेदको अभ्यास गरी थाकेर अपररात्रमा फेरि नसुत्नू ।)

सू. – काममपशयीत ।।१६।।

अनु. – निद्राले आकुल पारेमा बरू बसीबसी निदाउनू ।।१६।।

सू. – मनसा वाऽधियीत ।।१७।।

अनु. – अथवा आधा रातपछि उठेर मनमनै अध्ययन गर्नू ।।१७।।

सू. – क्षुद्रान् क्षुद्राचरितांश्च देशान्न सेवेत ।।१८।।

अनु. – तुच्छ विचारका व्यक्तिहरूसँग र निकृष्ट जातका मानिसहरूको बसोबास भएका प्रदेशमा सम्पर्क नगर्नू ।।१८।।

सू. – सभास्समाजांश्च ।।१९।।

अनु. – सभा एवं समाजहरूमा पनि नजानू ।।१९।।

सू. – समाजं चेद्गच्छेत् प्रदाक्षिणीकृत्याऽपेयात् ।।२०।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनु. – समाजमा गइहालियो भने पनि त्यसलाई दाहिनो पारी घुमेर निस्कनू ।।२०।।

सू. – **नगरप्रवेशानि च वर्जयेत् ।।२१।।**

अनु. – नगर–प्रवेक पनि छाड्नू ।।२१।।

सू. – **प्रश्नं च न विब्रूयात् ।।२२।।**

अनु. – प्रश्नको तुरुन्त निर्णयात्मक उत्तर नदिनू ।।२२।।

सू – **अथाप्युदाहरन्ति ।।२३।।**

अनु. – यस सम्बन्धमा श्लोकको रूपमा उदाहरण प्रस्तुत गर्दछन् ।।२३।।

सू. – **मूलं तूलं वृहति दुर्विवक्तुः प्रजां पशूनायतने हिनस्ति धर्मप्रल्हाद न कुमालनाय रुदन् हं मृत्युर्व्युवाच प्रश्नम् ।।२४।।**

अनु. – गलत निर्णय दिने व्यक्तिको त्यही गलत निर्णयले उसको वंशपरम्पराबाट आएको मूल धन, उसले स्वयं कमाएको र आगामी धन, उसका सन्तान, पशु, घर यी सबै कुरालाई नष्ट गरिदिन्छ हे धर्मप्रह्लाद ! कुमालनको होइन । (षष्ठपर्थे चतुर्थी) मृत्युले रुँदै प्रश्नको उत्तर यसप्रकार दिए ।।२४।।

यस पद्यका उत्तरार्धको विवरण यसप्रकार छ—

कुनै ऋषिका धर्मप्रह्लाद र कुमालन नामका दुई शिष्य थिए। ती दुवै शिष्यले कुनै दिन जङ्गलबाट दाउराका ठूलाठूला भारी ल्याए । यसरी गुरुबाट स्याबासी पाउन उनीहरूले ठूला ठूला भारी ल्याउँदा उनीहरू गलेर भुतुक्क भएका थिए र घर आइपुग्नासाथ जमिनमा केही छ कि छैन हेर्दै नहेरी माथिबाटै भारी छोडिदिए ।

त्यस ठाउँमा गुरुमाले आफ्नो सानो छोरालाई घाम तपाउन कपडाले ढाकेर सुताएकी थिइन । बालक मस्त निद्रामा थियो । त्यत्ता दाउराका भारी आफूमाथि बजारिंदा बालक 'च्याँ' पनि गर्न नसकी ठहरै भयो ।

गुरुले दुवै चेलालाई बोलाएर सोध्नु भयो । कसका भारीले थिचिएर बालक मर्‍यो ? दुवैले जवाफ दिए 'मेरोले त होइन,' गुरुजी बालघातकलाई तुरुन्त निकालि दिन चाहनु हुन्थ्यो । अर्कोलाई राख्न चाहनुहुन्थ्यो । अन्दाजको भरमा निर्णय लिएर दण्ड दिंदा स्वयं पूर्वोक्तअनुसार दण्डभागी बनिएला भन्ने डरले उहाँले यमराजलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मन्त्रशक्तिले बोलाएर सोध्नु भयो। यमराजले पनि धर्मसङ्कटमा परेर रुँदै भन्नुभयो— 'हे धर्मप्रह्लाद ? कुमालनको होइन' यत्ति मात्र भन्नुभयो।

प्रसङ्गको सारांश के भयो भने— निरपराध व्यक्तिलाई दण्ड दिइयो भने गलत निर्णय भयो। गलत निर्णय दिने व्यक्तिले मूल सूत्रले उल्लेख गरेको सबै हर्जाना चुकाउनु पर्छ। यहाँ दुवै छात्र निरपराध थिए उनीहरूले गुरुपुत्रलाई मारेका होइनन्। काकातालीवश शिशुको प्राण हरण हुन गयो। दण्डभागी को हुने ? अतः यमराजले पनि दण्डधर हुनाको नाताले केही नबोल्दा ऋषिले श्राप दिन चाहे। निरपराध विद्यार्थीको जीवन बर्बाद हुने हुँदा हे धर्मप्रह्लाद ! तिम्रै भारीले थिचिएर बालकको प्राण गयो नभनी हे धर्मप्रह्लाद ! कुमालनको होइन मात्र भन्नुभयो।

यस कारण राम्रो शोचविचार नगरी कसैले प्रश्न गऱ्यो भन्दैमा प्वाक्क निर्णायक वाक्य बोल्नु हुँदैन। नत्र त्यसको प्रायश्चित्त स्वयंले गर्नुपर्छ।

सू. – **गार्दभं यानमारोहणे विषमारोहणावरोहणानि च वर्जयेत् ॥२५॥**

अनु. – गधाले तानेको गाडीमा चढ्दा खडचाङबडचाङ परेका ठाउँमा (होचो र अग्लोमा) चढ्ने-उत्रने नगर्नू ॥२५॥

सू. – **बाहुभ्यां च नदीतरणम् ॥२६॥**

अनु. – पौडेर नदी तर्न पनि छोड्दिनू ॥२६॥

सू. – **नावं च सांशयिकीम् ॥२७॥**

अनु. – बीचैमा टुट्ने हो कि पारी पुऱ्याउला भन्ने शङ्कास्पद पुरानो नाउमा पनि नचढ्नू ॥२७॥

सू. – **तृणच्छेदन लोष्टमर्दिनष्ठे (ष्ठी) वनानि चाऽकारणात् ॥२८॥**

अनु. – विनाकारण झार चुँड्नु, माटाको डल्लो माडीमाडी फुटाउनु, थुक्नु जस्ता काम पनि नगर्नू ॥२८।

सू. – **यच्चाऽन्यत् परिचक्षते। यच्चान्यत् परिचक्षते ॥२९॥**

अनु. – यी यहाँ बताइएका बाहेक अरू अरू धर्माचार्यहरू जे भन्नुहुन्छ (जस्तै– जूवा नखेल्नू आदि) ती पनि नगर्नू ॥२९॥

इत्यापस्तम्ब-धर्मसूत्रे द्वात्रिंशी कण्डिका

यसरी आपस्तम्ब-धर्मसूत्रको नेपाली अनुवादमा बत्तीसौं कण्डिका साथै प्रथम प्रश्न पनि पूरा भयो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अथ द्वितीयः प्रश्न

(अब दोस्रो प्रश्न सुरु हुन्छ)

सू. – **पाणिग्रहणादधि गृहमेधिनोर्व्रतम् ।।१।।**

अनु. – विवाह भएपछि पति एवं पत्नी दुवैले गृहस्थाश्रमका कर्तव्यको पालन गरुन् ।।१।।

टिप्पणी – अरू शास्त्रमा विवाह भएपछि वा अंशवण्डा भएपछि अग्न्याधान गर्नु भने तापनि आपस्तम्बलाई दोस्रो पक्ष मान्य भएको देखिंदैन । सूत्रमा 'गृहमेधिनोः' यस्तो द्विवचनान्त प्रयोगले विवाहपछि पति पत्नी दुवैले अग्निहोत्री बन्नुपर्ने देखाउँछ । वैश्वदेवता विधुरले पनि गर्न सक्छ ।

सू. – **कालयोर्भोजनम् ।।२।।**

अनु. – गृहस्थले केवल बिहान-बेलुका दुई समय मात्र भोजन गर्नू । बीचमा होइन, यो परिसङ्ख्या विधि हो । मनुले पनि भनेका छन्—

सायं प्रातर्द्विजातीनामशनं श्रुतिचोदितम् ।

नाऽन्तरा भोजनं कुर्यादग्निहोत्रसमो विधिः ।।

(बिहान-बेलुका दुईपटक दिनमा द्विजातिले भोजन गर्नू भन्ने वेदप्रेरित वाक्य पाइन्छ । बीचमा भोजन नगर्नू यो अग्निहोत्रसमान विधान हो ।

बौधायनले त गृहस्थ वा ब्रह्मचारी जसले पनि नखाई तप गर्छ भने प्राणाग्निहोत्र लुप्त गराएकोले अवकीर्णी हुन्छ समेत भनेका छन्–

गृहस्थो ब्रह्मचारी वा योऽनशनं स्तु तपश्चरेत ।

प्राणाग्निहोत्रलोपेन ह्यवकीर्णो भवेत्तु सः ।।

सू. – **अतृप्तिश्चाऽन्नस्य ।।३।।**

अनु. – पूरा अघाउने गरी अन्नको भोजन नगर्नू ।।३।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सू. – **पर्वसु चोभयोरुपवासः ॥४॥**

अनु. – पर्व अर्थात् औंसी र पूर्णिमामा दुवै पतिपत्नीले उपवास गर्नू ॥४॥

सू. – **औपवस्तमेव कालान्तरे भोजनम् ॥५॥**

अनु. – औंसी र पूर्णिमा केवल दिनमा मात्र एकपल्ट भोजन गर्ने उपवासै मानिएको छ ॥५॥

सू. – **तृप्तिश्चाऽन्नस्य॥६॥**

अनु. – पर्वमा एक बार मात्र भोजन गर्ने लागेका दम्पतीले पूरा पेटभर भोजन गर्नू ॥६॥

सू. – **यच्चैनयोः प्रियं स्यात्तदेतस्मिन्नहनि भुञ्जीयाताम् ॥७॥**

अनु. – यी दुवै पति पत्नीलाई प्यारो लाग्ने जुन वस्तु हो त्यो यो दिन (पर्वको दिन) खानू । (हरदत्तले 'एतास्मिन्नहनि' को अर्थ 'यस पाणिग्रहणको (विवाह) को दिन' गरेका छन्, विवाहको दिन र त्यो नक्षत्र भएको त्यसै महिनाको दिन प्रतिवर्षमा पतिपत्नीलाई प्यारो लाग्ने खानू॥७॥

टिप्पणी – यहाँ संस्कृत व्याख्याकार हरदत्तले आफ्नो मनगढन्ते अर्थ गरेका छन् । अनुवादको दृष्टिमा त्यो आवश्यक छैन । उनको व्याख्या-अनुसार यस सूत्रमा भएको 'एतस्मिन्नह्नि' पद यस प्रसङ्गमा व्यर्थ भएर पदले विवाहको दिन भन्ने अर्थ गर्नुपर्छ आदि । उत्तर सूत्रमा अनुवृत्तिको लागि सो पद त्यहाँ सार्थक छ ।

सू. – **अधश्च शयीयाताम् ॥८॥**

अनु. – उस पर्वका दिन दुवै दम्पती जमिनमा सुत्नू ॥८॥

सू. – **मैथुनवर्जनं च ॥९॥**

अनु – उस पर्वका दिन मैथुन पनि नगर्नू ॥९॥

सू. – **श्वो भूते स्थालीपाकः ॥१०॥**

अनु. – भोलिपल्ट स्थालीपाक तैयार गराउनू ॥१०॥

सू. – **तस्योपचारः पार्वणेन व्याख्यातः ॥११॥**

अनु. – स्थालीपाकको प्रयोग गर्ने विधि पर्व-पर्वमा दिइने स्थालीपाकको विवेचनको प्रसङ्गमा बताइसकिएको छ ॥११॥

सू. – **नित्यं लोक उपदिशन्ति ॥१२॥**

अनु. – दुनियाँमा लोकाचारद्वारा सिद्ध भइसकेको यो स्थालीपाक कर्म सधैं प्रतिवर्ष गर्नुपर्छ भनेर शिष्टहरू बताउँछन् ॥१२॥ अपरले भनेका छन्– शिष्टाचार सिद्ध वक्ष्यमाण (अगि भनिने) कर्म नित्य र सार्वत्रिक हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सू. — यत्र क्व चाऽग्निमुपसमाधास्यन् स्यात् तत्र प्राचीरुदीचीश्च तिस्रस्तिस्रो रेखा लिखित्वाऽद्भिरवोक्ष्याऽग्निमुपसमिन्ध्यात् ।।१३।।

अनु. — यो होमका प्रसङ्गको कुरा हो। जुनसुकै कर्ममा पनि अग्निस्थापना गर्न लाग्दा जहाँ अग्निस्थापना गरिने हो त्यहाँ पूर्वबाट सुरु गरेका तीन रेखा पहिले खिच्नू। अनि उत्तरबाट सुरु गरेका तीन रेखा खिच्नू। अनि त्यस स्थानलाई पानीले सिंच्नू र त्यसमा श्रोत्रियको घरबाट ल्याएको अग्नि जगाउनू ।।१३।।

सू. — उत्सिच्यैतदुदकमुत्तरेण पूर्वेण वाऽन्यदुपदध्यात् ।।१४।।

अनु. — अग्नि जलाउने स्थानमा जलले सिंची पात्रमा बचेको जल उत्तरतिर वा पुर्वतिर पोखिदिनू र त्यस पात्रमा अर्को जल लिनू ।।१४।।

सू. — नित्यमुदधानान्यद्भिररिक्तानि स्युर्गृहमेधिनो व्रतम् ।।१५।।

अनु. — सधैं गृहस्थका घरका जलपात्रहरू पानीले भरिएको हुनुपर्छ। यो काम घरका पतिपत्नी दुवैले गर्नुपर्छ। यो गृहस्थको व्रत हो ।।१५।।

सू. — अहन्यसंवेशनम् ।।१६।।

अनु. — दिनमा मैथुन नगर्नू ।।१६।। **संवेशनम् = मैथुन।**

सू. — ऋतौ च सन्निपातो दारेणाऽनुव्रतम् ।।१७।।

अनु. — स्त्रीहरूको रजदेखिएको दिनदेखि सोह्र रातसम्मलाई ऋतु भन्दछन्। (पहिला चार रातलाई छोडेर ऋतुका बाँकी १२ रातहरूमा पत्नीसँग सम्पर्क गर्नु गृहस्थीको व्रत हो ।।१७।।

यस प्रसङ्गमा मनु —

ऋतुः स्वाभाविकः स्त्रीणां रात्रयः षोडश स्मृताः।
चतुर्भिरितरैः सार्धमहोभिः सद्विगर्हितैः ।।
तासामाद्याश्चतस्रस्तु निन्द्या एकादशी च या।
त्रयोदशी च शेषास्तु प्रशस्ता दश रात्रयः ।।
अमावास्यामष्टमीं च पौर्णमासीं चतुर्दशीम्।
ब्रह्मचारी भवेन्नित्यमत्युतौ स्नातको द्विजः ।। इति ।।

(महीना-महीनामा स्त्रीहरूका योनिबाट रगत बहनुलाई ऋतु भन्दछन्। यो स्वाभाविक प्रक्रिया हो। यसरी रगत बहन लागेकी स्त्रीलाई ऋतुमती भन्दछन्। पहिला तीन दिनसम्म रगत (रज) बहिनै रहन्छ। चौथा दिनदेखि सोह्रौं रातसम्म सो रज बाहिर नवहेर गर्भाशयमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रहन्छ । यसै अवस्थामा पुरुषको सम्पर्कबाट स्त्रीहरू गर्भधारण गर्छन् ।

तिनमा सज्जनहरूले निन्दा गरिएका पहिला चार रात, एघारौं र तेह्रौं रातलाई छोडेर बाँकी दश रातहरूमा गृहस्थले स्त्रीहरूको सम्पर्क गर्नू । त्यसमा पनि स्नातक द्विजाति (ब्राह्मण, क्षत्रिय र वैश्य) ले अमावास्या, पूर्णिमा अष्टमी र चतुर्दशीका रातहरूमा स्त्रीको ऋतुकाल भएता पनि ब्रह्मचर्यमा रहनू । स्त्री सम्पर्क नगर्नू ।

यस प्रसङ्गमा याज्ञवल्क्य—

एवं गच्छन् स्त्रियं क्षामां मघां मूलं च वर्जयेत् ।

(यसरी स्त्री सम्पर्क गर्दा ऋतु अवस्थामा व्रतमा रहनाले दुब्लाएकी स्त्रीका साथ मघा र मूल नक्षत्र नपरेका दिन सम्पर्क गर्नू ।) उक्त छानिएका दिनहरूमा पनि जोडी दिनमा सम्पर्क गर्दा छोरा र बिजोडी दिनका सम्पर्कमा छोरी हुने गर्दछन् ।

यस प्रसङ्गका दोप स्मृति—

ऋतुस्नातां तु यो भार्यां सन्निधौ नोपगच्छति ।

तस्या रजसि तं मासं पितरस्यस्य शेरते ।।

(ऋतुस्नान गरिसकेकी पत्नीका साथ सोह्र दिनभित्र जो सम्पर्क गर्दैन उसका पितृहरू त्यस महीनाभर उस स्त्रीका रजमा सुत्छन् ।)

सू. – **अन्तरालेऽपि दार एव ।।१८।।**

अनु. – दुई ऋतुकालबीच पनि कामवासना तीव्र भएर पत्नीले चाहेमा मैथुन गर्नू ।।१८।।

टिप्पणी – तैत्तरीय संहिताको २।५।१ मा स्त्रीहरूले इन्द्रबाट सन्तान पैदा नभएसम्म सम्भोगसुख प्राप्त गर्ने वर पाएको कुरा उल्लिखित छ ।

सू. – **ब्राह्मणवजनाच्च संवेशनम् ।।१९।।**

अनु. – ऋतुकालमा त स्त्री सहवास शास्त्र प्रमाणित छ । दुई ऋतुबीच सम्भोग गर्नुमा पनि 'काममा विजनितो सम्भदामे' यो ब्राह्मण वाक्य नै प्रमाण छ ।।१९।।

सू. – **स्त्रीवाससैव सन्निपातस्यात् ।।२०।।**

अनु. – स्त्रीका साथ सहवास गर्दा त्यस कामको लागि छुट्टयाइएको कपडा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पहिरेर मात्र सहवास गर्नू। जतिसुकै धोए तापनि त्यो कपडा पहिरेर धार्मिक कार्य नगर्नू ॥२०॥

सू. – **यावत् सन्निपातं चैव सह शय्या ॥२१॥**

अनु. – सम्भोग समयसम्म मात्र स्त्रीसँग एकै ओछ्यानमा सुत्नू ॥३१॥

सू. – **ततो नाना ॥२२॥**

अनु. – मैथुनक्रिया सकिएपछि अलग ओछ्यानमा सुत्नू ॥२२॥

सू. – **उदकोपस्पर्शनम् ॥२३॥**

अनु. – मैथुनपछि दुवै पतिपत्नीले स्नान गर्नू ॥२३॥ (यो केवल ऋतु कालमा मात्र)

इत्यापस्तम्ब-धर्मसूत्रे द्विमीयप्रश्ने प्रथमा कण्डिका

यसरी आपस्तम्ब-धर्मसूत्रको द्वितीय प्रश्नको प्रथम कण्डिका पूरा भयो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अथ द्वितीया कण्डिका

(अब दोस्रो कण्डिका सुरू हुन्छ)

सू. – अपि वा लेपान् प्रक्षाल्याऽऽचम्य प्रोक्षणमङ्गानाम् ।।१।।

अनु. – अथवा वीर्य र रजका लेपहरूलाई धोएर आचमन गरेर दुवैका शरीरका अङ्गहरूमा जल छर्कनू ।।१।।

सू. – सर्ववर्णानां स्वधर्मानुष्ठाने परमपरिमितं सुखम् ।।२।।

अनु. – ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्र यी सबै जातका मानिसहरूलाई आ-आफ्नो धर्मको परिपालनबाट धेरै ठूलो सुख (स्वर्ग) प्राप्त हुन्छ ।।२।।
यति मात्र होइन—

सू. – ततः परिवृत्तौ कर्मफलशेषेण जातिं रूपं वर्णं बलं मेधां प्रज्ञां द्रव्याणि धर्मानुष्ठानमिति प्रतिपद्यते तच्चक्रवदुभयोर्लोकयोः सुख एव वर्तते ।।३।।

अनु. – त्यसपछि स्वर्गको सुख भोगिसकेर फेरि धरतीमा जन्म लिंदा पनि त्यसै पुण्यको बचेको अंशले ब्राह्मण आदि उच्च कुलमा जन्म, सुन्दर रूप, सुनको जस्तो वर्ण, धार्मिक अनुष्ठान गर्न सक्ने तागत, सम्झने शक्ति भएको बुद्धि, अर्थ बुझ्न सक्ने क्षमता, धन सम्पत्ति, सरसामान, धर्म गर्ने प्रवृत्ति, यी सबै कुरा प्राप्त हुन्छन् । यसरी सवारीका दुई चक्का जस्तै यो लोक-परलोक दुवैतिर सुखै सुख प्राप्त हुन्छ ।।३।।
जन्म आदिमा शास्त्रीय शारीरिक संस्कारको आवश्यकता देखाउने दृष्टान्त—

सू. – यथौषधि वनस्पतीनां बीजस्य क्षेत्रकर्मविशेषे फलपरिवृद्धिरेवम्।।४।।

अनु. – जसरी फल पाकेपछि बोट सुक्ने धान, जौ, गहुँ आदि औषधिका र कटहर आदि वनस्पतिका बीउहरूलाई ठीकसँग संस्कार गरी खनजोत मल समुचित मात्रामा मिलाएका जमिनमा उचित समयमा रोपिदिएर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आवश्यक हेरचाह पुऱ्याएमा ती खूब मौलाई पर्याप्त फल दिने हुन्छन्, त्यसो नगरी खनजोत मल नभएको रूखो जमिनमा त्यसै रोपिदिए बीउ नै सुकेर जाला उम्रि हाले पनि जिग्राउँछन्, फल दिए पनि साना-साना थोरै विरसिला फल दिन्छन् त्यसैगरी शास्त्रीय गर्भ संस्कार र बच्चा जन्मेपछिका संस्कार ठीकसँग यथासमय भएका बालक स्वस्थ बुद्धिका आफ्नो कर्तव्य सह्माल्ने, सही मार्गमा चल्ने, प्रतिभाशाली र भाग्यवान् हुन्छन् । सो नभएका अल्पायु, रोगी, कर्तव्यहीन र दुःखी हुन्छन् ॥४॥

सू. – **एतेन दोषफलपरिवृद्धिरुक्ता ॥५॥**

अनु. – यसै सूत्रद्वारा ठीकठीक समयमा बीज, गर्भ, शिशु, बाल, पौगण्ड, किशोर र युवा अवस्थाहरूमा हुनुपर्ने शास्त्रीय संस्कार नभएमा त्यस्ता बालकहरू अस्वस्थ, बुद्धिहीन, अल्पायु, कर्तव्य सह्माल्न नसक्ने, सही मार्गमा नचल्ने, प्रतिभा र भाग्य नभएका हुन्छन् । यो शरीर छोडेपछि पनि कडा नारकीय यातना सहेर मनुष्यलोकमा पनि नीचा जातमा मूर्ख, गरीब र दुराचारी रोगीको कोखमा जन्म लिई अपरिमित दुःख भोग्ने हुन्छन् ॥५॥

ग्रन्थकार दोषका वृद्धिमा हुने उदाहरण दिन्छन्—

सू. – **स्तेनोऽभिशस्तो ब्राह्मणो राजन्यो वैश्यो वा परस्मिंल्लोकेऽपरिमिते निरये वृत्ते जायते चण्डालो ब्राह्मणः पौल्कसो राजन्यो वैणो वैश्यः ॥६॥**

अनु. – चोर, ब्राह्मणघाती ब्राह्मण, क्षत्रिय वा वैश्य, अर्को लोकमा ठूलो नारकीय दुःख भोगेपछि ब्राह्मण चाण्डाल[1] भएर जन्मन्छ । क्षत्रिय पौल्कस[2] भएर, वैश्य, नटुवा (वैण) भएर जन्मन्छन् ।

टिप्पणी – मनुका अनुसार निषाद र क्षत्रियको पुत्र पौल्कस भनिन्छ ।

सू. – **एतेनाऽन्ये दोषफलैः कर्मभिः परिध्वंसा दोषफलासु योनिषु जायन्ते वर्णपरिध्वंसायाम् ॥७॥**

अनु. – यस छैटौं सूत्रका वाक्यद्वारा के कुराको बोध हुन्छ भने—यहाँ बताइएका बाहेक अरू अरू व्यक्तिहरू पनि दोषपूर्ण फल दिने कुत्सित कामहरू गरेर आफ्ना जातबाट गिरी दुष्टकर्मको फल दिने सुँगुर आदि भ्रष्ट

१. शूद्रबाट ब्राह्मणीमा पैदा भएको व्यक्ति चाण्डल कहलाउँछ ।
२. शूद्रबाट क्षत्रियमा उत्पन्न पुल्कस भनिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

योनिमा उत्पन्न हुन्छन् ॥७॥ परिध्वंस भनेको स्वजाति परिभ्रष्ट हुनु हो ।

सू. – **यथा चाण्डालोपस्पर्शने सम्भाषायां दर्शने च दोषस्तत्रप्रायश्चित्तम्॥८॥**

अनु. – जस्तो चाण्डाललाई छोएमा, उससँग कुराकानी गरेमा र उसलाई देखेमा दोष लाग्छ त्यसको प्रायश्चित्त गर्नुपर्छ ॥८॥

जस्तै—

सू. – **अवगाहमपामुपस्पर्शने ॥९॥ सम्भाषायां ब्राह्मणसम्भाषा ॥१०॥ दर्शने ज्योतिषां दर्शनम् ॥११॥**

अनु. – चाण्डाललाई छोएमा स्नान गर्नू, ॥९॥ उससँग कुराकानी गरेमा ब्राह्मणसँग कुराकानी गर्नू ॥१०॥ चाण्डाललाई देखेमा आकाशका ज्योतिको दर्शन गर्नू ॥११॥ यी नै प्रायश्चित्त हुन् ।

इत्यापस्तम्ब-धर्मसूत्रे द्वितीयप्रश्ने द्वितीया कण्डिका

आपस्तम्ब-धर्मसूत्रको नेपाली अनुवादमा द्वितीय प्रश्नको दोस्रो कण्डिका पूरा भयो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अथ द्वितीयः पटलः

(अब दोस्रो पटल सुरु हुन्छ)

सू. – आर्याः प्रयताः वैश्वदेवेऽन्नसंस्कर्ररः स्युः ।।१।।

अनु. – शौच-स्नानद्वारा पवित्र भएका ब्राह्मण, क्षत्रिय र वैश्य यी तीन जातका आर्यहरू वैश्वदेवमा अन्नसंस्कार गर्ने बन्नू ।।१।।

टिप्पणी – वैश्वदेव कर्ममा यस प्रकार तैयार गरिएको अन्न गृहपति गृहपत्नी दुवैले खानू । स्वयं वा स्त्रीले भोजन नबनाउनू, व्याख्याकार हरदत्तको राय छ ।

सू. – भाषां कासं क्षवथुमित्यभिमुखोऽन्नं वर्जयेत् ।।२।।

अनु. – तैयार अन्नको सामु बोल्नु, खोक्नु, हाच्छिउँ गर्नु यी तीनै कुरा नगर्नू ।।३।।

सू. – केशानङ्गं वासश्चाऽऽ न ्याऽप उपस्पृशेत् ।।३।।

अनु. – केश, शरीरका अवयव र कपडा छोएर जलस्पर्श गर्नू ।।३।। (पानी छुनू)

सू. – आर्याधिष्ठिता वा शूद्रास्संस्कर्तारः स्युः ।।४।।

अनु. – आर्य (ब्राह्मण, क्षत्रिय र वैश्य) को अधीनमा रहेका शूद्रहरू भोजन तैयार गर्ने हुन सक्छन् ।।४।।

सू. – तेषां स एवाऽऽचमनकल्पः ।।५।।

अनु. – भोजन तैयार गर्ने काममा लगाइएका ती शूद्रहरूले जसको भोजन बनाउँछन् तिनैको अनुकूल आचमन गर्नू । अर्थात् शूद्रले ब्राह्मणको भोजन बनाउनुपरे उनीहरूकैं जस्तो गरी हृदयसम्म जल पुग्ने गरी आचमन गर्नू । क्षत्रियको भोजन बनाउनुपरे गलासम्म पुग्ने गरी जलले आचमन गर्नू । वैश्यको भोजन बनाउनुपरे जिब्राको फेदसम्म पुग्ने गरी जलले आचमन गर्नू ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सू. – **अधिकमहरहः केशश्मश्रुलोमनखवापनम् ।।६।।**

अनु. – शूद्रले प्रतिदिन ब्राह्मण आदि तीन जातको भोजन तँयार गर्नुपरे उनीहरूले दिनका दिन आफ्ना केश दाह्री, जुँगा, रौं र नङ कटाउनु पर्छ । ब्राह्मण आदि तीन जातका पाचकको भन्दा उनीहरूको यो अधिक नियम हो ।।६।।

सू. – **उदकोपस्पर्शनं च सह वाससा ।।७।।**

अनु. – आर्यहरूको भोजन वनाउने काममा नियुक्त शूद्रहरूले स्नान गर्दा कपडासहितै स्नान गर्नू ।।७।।

टिप्पणी – साधारणतया लगौंटी या कछाड फेरेर स्नान गर्दछन् । आर्य जातिको भान्सेमा नियुक्त भएका शूद्रले मात्र पहिरेको कपडासहित स्नान गर्ने विधान हो ।

सू. – **अपि वाऽष्टमीष्वेव पर्वसु वा वपरेन् ।।८।।**

अनु. – अथवा प्रत्येक पक्षका अष्टमी अष्टमीमा या औंसी पूर्णिमा, औंसी पूर्णिमाका दिन (१५।१५ दिनमा) केश, दाह्री, जुँगा र रौं कटाउनू ।।८।। (यो नियम भान्से वन्ने शूद्रको लागि मात्र हो)

सू. – **परोक्षमन्नं संस्कृतमग्नावधिश्रित्याऽद्भिः प्रोक्षेत्तद्देवपवित्रमित्याचक्षेत ।।९।।**

अनु. – ब्राह्मण, क्षत्रिय वा वैश्यको रेखदेखविना शूद्रले अन्नको भोज्य तँयार गरेको भए त्यो तँयार भोजन फेरि आगोमा बसालेर जलले सिञ्चन गरेर पवित्र गराउनू । यसरी अग्निमा बसालेर जलले सिञ्चेर पवित्र गराएको अन्नलाई आचार्यहरू (देवपवित्र भन्दछन् । देवपवित्रको अर्थ हो देवतालाई पनि पवित्र लाग्ने) ।।९।।

सू. – **सिद्धेऽन्ने तिष्ठन् भूतमिति स्वामिने प्रब्रूयात् ।।१०।।**

अनु. – अन्न पाकिसकेपछि पकाउने व्यक्ति गृहस्थसामु खडा भएर तँयार भयो भन्नू ।।१०।।

सू. – **तत्सुभूतं विराडन्नं मन्माक्षायीति प्रतिवचनः ।।११।।**

अनु. – यो गृहस्थले जवाफ दिने मन्त्र हो । यसको अर्थ यस प्रकार छ– भोजन राम्रोसँग तँयार भयो । भोजन भनेको विराट् परमात्मालाई आत्माको रूपमा शरीरमा टिकाइराखने साधन हो । त्यो भोजन मेरो निमित्त ग्रहण गर्ने मौका बितिसकेको विरसिलो (क्षीण) नहोओस् ।।११।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सू. – **गृहमेधिनो यदशनीयं तस्य होमा बलयश्च स्वर्गपुष्टिसंयुक्ताः ॥१२॥**

अनु. – गृहस्थको भोजनको निम्ति पक्का-कच्चा जस्तो भोज्य जुट्छ, त्यसको एक अंश निकालेर त्यसले अगाडि बताइने प्रकारका हवन र बलि गृहस्थले गर्नुपर्छ। त्यसको फल स्वर्ग र पुष्टिप्राप्ति हो ।।१२।

सू. – **तेषां मन्त्राणामुपयोगे द्वादशाहमधः शय्या ब्रह्मचर्यं क्षारलवणवर्जनं च ॥१३॥**

अनु. – ती हवन र बलिका मन्त्रहरूलाई नियमपूर्वक शिक्षा लिंदा बाह्र दिनसम्म जमिनमा ओछ्यान लगाएर सुत्नू, ब्रह्मचर्यमा रहनू र कुनै पनि पदार्थको थिगर (क्षार) र नून नखानू ।।१३।।

टिप्पणी – यहाँ उपयोग शब्दको अर्थ नियमपूर्वक विद्या सिक्नु हो। आचार्य पाणिनिले पनि आफ्ना 'आख्यातोपयोगे' सूत्रमा यही व्याख्या गरेका छन्।

सू. – **उत्तमस्यैकरात्रमुपवासः ॥१४॥**

अनु. – 'नक्तमेवोत्तमेन वैहायसम्' (२, ४, ८) यस सूत्रमा बताइने 'ये भूताः प्रचरन्ति नक्तं बलिमिच्छन्तो वितुदस्य प्रेष्याः । तेभ्यो बलिं पुष्टिकामो हरामि मयि पुष्टिं पुष्टिपतिर्दधातु स्वाहा।' यो मन्त्र गुरुबाट विधिपूर्वक सिक्ता एक रात उपवास गर्नू ।।१४।।

सू. – **बलीनां तस्य तस्य देशे संस्कारो हस्तेन परिमृज्याऽऽवोक्ष्य न्युप्य पश्चात् परिषेचनम् ॥१५॥**

अनु. – बलि दिनको लागि तयार गरिएका प्रत्येक बलिका लागी ती ती ठाउँमा संस्कार (सफाइ) गर्नुपर्छ। सो गर्दा पहिले हातले पुछेर पानी छर्किएर त्यहाँ बलि दिनू र बलि दिइसकेपछि पनि फेरि पानीले सिंच्नुपर्छ ।।१५।।

टिप्पणी – सूत्रमा पढिएका 'पश्चात्' शब्दबाट बीचमा चन्दन माला पनि चढाउनु भन्ने पनि अर्थ आउँछ भन्ने टीकाकारको राय छ।

सू. – **औपासने पचने वा षड्भिराद्यैः प्रतिमन्त्रं हस्तेन जुहुयात् ॥१६॥**

अनु. – वैश्वदेवका लागि उपासनाका अग्निमा अथवा भान्साका खाना पकाउने अग्निमा विवाहका मन्त्रभन्दा पहिले मन्त्र पाठमा पढिएका छ मन्त्र जस्तै– ॐ अग्नये स्वाहा, ॐ सोमाय स्वाहा, ॐ विश्वेभ्यो देवेभ्यः स्वाहा, ॐ धुमाय भौमाय स्वाहा, ॐ ध्रुवक्षितये स्वाहा, ॐ अच्युत-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

क्षितये स्वाहा, यी मन्त्रहरूले हवन गर्नू। यी मन्त्रहरू नारायणीय उपनिषदमा पनि छन् । यी प्रत्येक मन्त्रको आखिरमा आफ्नै हातले हवन गर्नू ।।१६।।

टिप्पणी – केही आचार्य 'ॐ अग्नये स्विष्टकृते स्वाहा' यो मन्त्रले सातौं पल्ट हवन गर्छन् । कोही चाहिं 'ॐ सोमाय स्वाहा' को हटाएर छैटौं यसैलाई गराएर हवन गर्छन् । सूत्रमा 'हस्तेन' पडिएकोले चमेच डाडू आदिद्वारा हवन गर्न निषेध गरिएको छ ।

सू. – **उभयतः परिषेचनं यथा पुरस्तात् ।।१७।।**

अनु. – बलि दिनुभन्दा पहिले र बलि दिइसकेपछि दुवैतर्फ पानीले सिञ्चन गर्नुपर्छ ।।१७।।

सू. – **एवं बलीनां देशे देशे समवेतानां सकृत् सकृदन्ते परिषेचनम् ।।१८।।**

अनु. – यसरी निर्देश गरिएका स्नान स्थानमा पहिले पानी छर्केर अलग-अलग बलि दिनु र अन्तमा पनि पानी छर्कनू, एकै ठाउँमा बलि दिएमा जलसेचन पनि अन्तमा एकपल्ट नै गर्नू ।।१८।।

सू. – **सति सूपसंसृष्टेन कार्याः ।।१९।।**

अनु. – दाल पनि तयार भएमा दाल मिलाइएकै अन्नले बलि दिनू ।।१९।।

टिप्पणी – केही धर्माचार्यहरू दाल मात्र होइन तरकारी पनि मिलाएर बलि दिने उपदेश गर्दछन् ।

सू. – **अपरेणाऽग्निं सप्तमाष्टमाभ्यामुदगपवर्गम् ।।२०।।**

अनु. – अग्निभन्दा पश्चिमतर्फ सातौं र आठौं अर्थात् 'ॐ **धर्माय स्वाहा,** ॐ **अधर्माय स्वाहा'** यी मन्त्रद्वारा बलि दिनू । दोस्रो बलि दिंदा पहिलो बलिभन्दा उत्तरतर्फ दिनू ।।२०।।

सू. – **उदधानसन्निधौ नवमेन ।।२१।।**

अनु. – (उदकपात्र) पानीको गाग्राको छेउमा 'ॐ अद्भ्य स्वाहा' भन्ने नवौं मन्त्रद्वारा बलि दिनू ।।२१।।

सू. – **मध्येऽगारस्य दशमैकादशाभ्यां प्रागपवर्गम् ।।२२।।**

अनु. – घरको बीचभागमा दशौं र एघारौं मन्त्रद्वारा अर्थात् 'ॐ औषधिवनस्पतिभ्यः स्वाहा' ॐ रक्षोदेवजनेभ्यः स्वाहा' यी दुई मन्त्रले बलि दिनू । त्यसमा दोस्रो बलिलाई पहिलो बलिभन्दा पूर्वतर्फ दिनू ।।२२।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सू. – उत्तरपूर्वे देशेऽगारस्योत्तरैश्चतुर्भिः ॥२३॥

अनु – ॐ गृहेभ्यः स्वाहा, ॐ अवसानेभ्य स्वाहा, ॐ अवसानपतिभ्यः स्वाहा, ॐ सर्वभूतेभ्य स्वाहा। यी चार मन्त्रहरूले घरको ईशानकोणमा बलि दिनू। दिंदा पहिले दिएको बलिका पूर्वतर्फ बाँकी तीन बलि गराएर दिनू ॥२३॥

इत्यापस्तम्ब धर्मसूत्रे द्वितीयप्रश्ने तृतीया कण्डिका

यसरी आपस्तम्ब-धर्मसूत्रको नेपाली अनुवादमा द्वितीय प्रश्नको तेस्रो कण्डिका पूरा भयो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अथ चतुर्थी कण्डिका

(अब चौंथो कण्डिका सुरु हुन्छ)

सू. – शय्यादेशे कामलिङ्गेन ॥१॥

अनु. – शयन कक्षमा ॐ कामाय स्वाहा यस मन्त्रले वलि दिनू ॥१॥

सू. – देहल्यामन्तरिक्षलिङ्गेन ॥२॥

अनु. – दैलोमा ॐ अन्तरिक्षाय स्वाहा यस मन्त्रले बलि दिनू । २॥

सू. – उत्तरेणाऽपिधान्याम् ॥३॥

अनु. – ढोकाको खापामा अगाडिको मन्त्र ॐ यदेजति जगति यच्च चेष्टति नाम्नो भागो यन्नाम्ने स्वाहा यस मन्त्रले वलि दिनू ॥३॥

सू. – उत्तरं ब्रह्मसदने ॥४॥

अनु. – ब्रह्मतत्त्वको ध्यान गरिने पूजाकोठामा जहाँ वास्पुदेवताको पूजा गरिएको हुन्छ त्यहाँ अगाडि वताइने नौ मन्त्रहरू ॐ पृथिव्यै स्वाहा, ॐ अन्तरिक्षाय स्वाहा, ॐ दिवे स्वाहा, ॐ सूर्याय स्वाहा, ॐ चन्द्रमसे स्वाहा, ॐ नक्षत्रेभ्यः स्वाहा, ॐ इन्द्राय स्वाहा, ॐ बृरस्पतये स्वाहा, ॐ प्रजापतये स्वाहा, ॐ ब्रह्मणे स्वाहा, यी मन्त्रहरूले बलि दिनू ॥४॥

सू. – दक्षिणतः पितृलिङ्गेन प्राचीनावीत्यवीचीनपाणि कुर्यात् ॥५॥

अनु. – घरको दक्षिणतर्फ अपसव्य भई उत्तानो हत्केलाले पितृतीर्थ (बूढी औंला र चोर औंलाको बीच) ले ॐ स्वधा पितृभ्यः मन्त्र पढेर वलि दिनू ॥५॥

सू. – रौद्र उत्तरो यथा देवताभ्यः ॥६॥

अनु. – पितृबलिभन्दा उत्तरतिर देवतीर्थ (माझी औंलाका टुप्पोतिर) द्वारा देवताहरूलाई दिएजस्तो गरी ॐ रुद्राय पशुपतये स्वाहा मन्त्रले रुद्रलाई बलि दिनू ॥६॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सू. – **तयोर्नाना परिषेचनं धर्मभेदात् ॥७॥**

अनु. – लगत्तै पहिले बताइएका पितृबलि र रुद्रबलिमा जल सिञ्चन भिन्न भिन्न तरीकाले गर्नुपर्छ । पितृलाई प्रदक्षिणा नगरी अर्थात् देब्रे तर्फबाट, रुद्र देवता हुनाले दाहिने तर्फबाट सिञ्चनुपर्छ ॥७॥

सू. – **नक्तमेवोत्तमेन वैहायसम् ॥८॥**

अनु. – **ये भूताः प्रचरन्ति नक्तं बलिमिच्छन्तो वितुदस्य प्रेष्याः । तेभ्यो बलिं पुष्टिकामो हरामि मयि पुष्टिं पुष्टिपतिर्दधातु स्वाहा ।** यस उत्तम मन्त्रद्वारा रात्रिमै मात्र सायङ्कालिक भोजनभन्दा पहिले खुला आकाशतर्फ बलि फ्याकिदिनू ॥८॥

टिप्पणी – यस सूत्रबारे विभिन्न आचार्यहरूले आ-आफ्ना मत देखाएका छन् । किन्तु ग्रन्थकारको तात्पर्यलाई दृष्टिमा राखी यो अनुवाद प्रस्तुत छ । अरूले त ऊहद्वारा दिनमा बलि गर्छन् '**दिवाचारिभ्यः**' ले दिनमा **नक्तंचारिभ्यः** ले रातमा बलि आकाशतर्फ फ्याक्छन् भन्ने व्याख्या गरेका छन् ।

सू. – **य एतानव्यग्रो यथोपदेशं कुरुते नित्यः स्वर्गः पुष्टिश्च ॥९॥**

अनु. – जुन व्यक्ति सावधान भएर यी यहाँ बताइएका हवन-बलिविधिहरूलाई उपदेशबमोजिम कार्य रूपमा परिणत गर्छ स्वर्ग र पुष्टि सधैं त्यसको आफ्नै मातहतमा हुन्छन् ॥९॥

यस प्रसङ्गमा मनु—

दिवाचरेभ्यो भूतेभ्यो नक्तंचारिभ्य एव च बलिर्देयः ।

सू. – **अग्रं च देयम् ॥१०॥**

अनु. – बलि दिइसकेपछि भिक्षु र गाईलाई अग्रग्रास पनि दिनुपर्छ ॥१०॥

सू. – **अतिथीनेवाऽग्रे भोजयेत् ॥११॥**

अनु. – अथवा अतिथिहरूलाई नै पहिले भोजन गराउनू ॥११॥

सू. – **बालान् वृद्धान्रोगसम्बन्धान् स्त्रीश्चान्तर्वत्नीः ॥१२॥**

अनु. – घरका केटाकेटीहरूलाई, बूढापाकाहरूलाई, रोगीहरूलाई र गर्भिणी स्त्रीहरूलाई अगाडि भोजन गराउनू ॥१२॥

सू. – **काले स्वामिना वन्नार्थिनं च न प्रत्याचक्षीयाताम् ॥१३॥**

अनु. – ठीक समयमा वैश्वदेवको अन्तमा उपस्थित भएका अन्न चाहने व्यक्तिलाई पनि गृहपति पत्नीले प्रत्याख्यान (निषेध) नगर्नू ॥१३॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सू. – अभावे भूमिरुदकं तृणानि कल्याणी वागित्येतानि वै सतोऽगारे न क्षीयन्ते कदाचनेति ।।१४।।

अनु. – अन्न आदिको अभाव भए तापनि वास वस्ने ठाउँ, पाउ धुने पिउने पानी, गुन्द्री, पिरा र मीठो मनोहर बोली यत्ति कुरा त सज्जनका घरमा कहिल्यै सकिँदैनन् ।।१४।।

यस प्रसङ्गमा मनु –

तृणानि भूमिरुदकं वाकचतुर्थी च सूनृता ।
एतान्यपि सत्तां गेहे नोच्छिद्यन्ते कदाचन ।।

सू. – एवं वृत्तावनन्तलोकौ भवतः ।।१५।।

अनु – आफ्नो विवाह भएदेखि जीवनको अन्तिम अवस्थासम्म यस्तो व्यवहार गर्ने पतिपत्नी अनन्त उत्तम लोक प्राप्त गर्ने हुन्छन् ।।१५।।

सू. – ब्राह्मणायाऽ नधीयानायाऽऽसनमुदकमन्नमिति देयं न प्रत्युत्तिष्ठेत् ।।१६।।

अनु. – वेदवेदाङ्गविद्याको अध्ययन नगरेका किन्तु अतिथिको रूपमा घरमा आएका ब्राह्मणलाई आसन, जल, अन्न दिनू, किन्तु उठेर स्वागत नगर्नू ।।१६।। यसैबाट थाहा हुन्छ विद्यावान् ब्राह्मण अतिथि धर्मले उपस्थित भएमा उठेर स्वागत गर्नू ।

सू. – अभिवादनायैवोत्तिष्ठेदभिवाद्यश्चेत् ।।१७।।

अनु. – वेदविद्याको अध्ययन नभएको अतिथि अरू-अरू कारणहरूले अभिवादन गर्न लायक भए उनको अभिवादनको लागि मात्र उठ्नू स्वागतको लागि नउठ्नू ।।१७।।

सू. – राजन्यवैश्यौ च ।।१८।।

अनु. – विद्वान् क्षत्रिय र वैश्य ब्राह्मणको घरमा अतिथिको रूपमा उपस्थित भए भने आसन, जल, अन्न चाहीं टक्र्याउनू, मीठो बोलीले स्वागत गर्नू, उठेर स्वागत नगर्नू ।।१८।।

सू. – शूद्रमभ्यागतं कर्मणि नियुञ्ज्यात् ।।१९।। नियुञ्जीत इति भवितव्यम् ।।१९।।

अनु. – शूद्र ब्राह्मणको घरमा अतिथिको रूपमा आएछ भने उसलाई तत्काल लायक हुने काम लगाउनू ।।१९।।

सू. – अथाऽस्मै दद्यात् ।।२०।।

अनु. – काम गरेपछि शूद्र अभ्यागतलाई भोजन दिनू ।।२०।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सू. – दासा वा राजकुलादाहृत्याऽतिथिवत् शूद्रं पुजयेयुः ॥२१॥

अनु. – अथवा ब्राह्मणका शूद्र दासहरूले राजखजानाबाट अनाज ल्याएर शूद्र अतिथिलाई अतिथिको पूरा सम्मान उपलब्ध गराउनू ॥२१॥

टिप्पणी – यसबाट के कुराको थाहा लाग्छ भने– राज्यका निकृष्ट वर्गको स्वागतको लागि प्रत्येक गाउँ वा शहरमा सानातिमा राजकीय अन्नकोष त्यसताका हुने गर्दथे ।

सू. – नित्यमुत्तरं वासः कार्यम् ॥२२॥

अनु. – गृहस्थले सधैं उत्तरीय वस्त्र धारण गर्नू ॥२२॥

सू. – अपि वा सूत्रमेवोपवीतार्थे ॥२३॥

अनु. – अथवा उत्तरीयको निभित्त एक अधिक सूत्र (यज्ञोपवीत) नै पहिरे पनि हुन्छ ॥२३॥

सू. – यत्र भुज्यते तत् समूह्य निर्हृत्य अवोक्ष्य तं देशममत्रेभ्यो लेपान् सङ्कृष्याऽद्भिः संसृज्योत्तरतरः शुचौ देशे रुद्राय निनयदेवं वास्तु शिवं भवति ॥२४॥

अनु. – जहाँ भोजन गरिन्छ, त्यहाँ कुचोले वढारेर एकत्र गराएको जूठो अन्नको समूह बाहिर फ्याकेर त्यो ठाउँलाई पानीले सिंची साफ गरेर भोज्य पकाएका चोखा पात्रहरूबाट काठका वा पत्थरका टुक्राले ती पात्रहरूमा टाँसिएका लेपहरूलाई कोतरेर निकाली पानीले भिजाएर त्यो लेपसमेतको पानी चोखो भाँडोमा राखी घरको उत्तरतर्फ चोखो ठाउँमा लगेर ॐ रुद्रायेदमस्तु भनेर रुद्रलाई अर्पण गरिदिनू । यसो गरेमा त्यो घरघडेरी मङ्गलमय कल्याणदायी र जतातत‍ैबाट सम्पत्ति आउने हुन्छ ॥२४॥

सू. – ब्राह्मण आचार्यः स्मर्यते तु ॥२५॥

अनु. – धर्मशास्त्रहरूमा ब्राह्मण नै सबैको आचार्य मानिन्छ । आपत्मा मात्र ब्राह्मण भिन्नबाट अध्ययन गर्ने अनुमति दिइन्छ)
जस्तै—

सू. – आपदि ब्राह्मणेन राजन्ये वैश्ये वाऽध्ययनम् ॥२६॥

अनु. – ब्राह्मण अध्यापक नमिली आपत्ति परेमा मात्र ब्राह्मणले क्षत्रिय वा वैश्य अध्यापकबाट अध्ययन गर्नू । ब्राह्मणले अध्ययन नगरी मूर्ख भएर कुनै पनि हालतमा नबस्नू ॥२६॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सू. – अनुगमनं च पश्चात् ।।२७।।

अनु. – अध्ययन-कालसम्म ब्राह्मण विद्यार्थीले क्षत्रिय वा वैश्य अध्यापकलाई पछ्याउने (अनुगमन गर्ने) काम चाहिं गर्नू अरू सेवा गर्नुपर्दैन । (ब्राह्मण विद्यार्थीको लागि क्षत्रिय र वैश्य अध्यापकको अनुगमन नै शुश्रूषा हो भनी गौतमले भनेका छन्) ।।२७।।

सू – तत ऊर्ध्वं ब्राह्मण एवाऽग्रे गतौ स्यात् ।।२८।।

अनु. – अध्ययन समाप्त गरिसकेपछि क्षत्रिय र वैश्य अध्यापकको समूहमा ब्राह्मण नै अघि लाग्नू ।।२८।।

इत्यापस्तम्ब-धर्मसूत्रे द्वितीयप्रश्ने चतुर्थी कण्डिका

यसरी आपस्तम्ब-धर्मसूत्रको नेपाली अनुवादमा
द्वितीय प्रश्नको चौथो कण्डिका पूरा भयो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अथ पञ्चमी कण्डिका

(अब पाँचौं कण्डिका सुरु हुन्छ]

सू. – **सर्वविद्यानामप्युपनिषदामुपाकृत्याऽ नध्ययनं तदहः ॥१॥**

अनु. – सम्पूर्ण वेदाङ्गविद्या र उपनिषद्विद्याको पनि उपाकर्म गरेपछि उपाकर्म भएको त्यो एकदिन अध्ययन नगर्नू ॥१॥

सू. – **अधीत्य चाऽविप्रक्रमणं सद्यः॥२॥**

अनु. – अध्ययन पूरा गरिसकेर पनि विद्यार्थीले तुरुन्त गुरुजी कहाँबाट नभाग्नू ॥२॥

सू. – **यदि त्वरेत गुरोः समीक्षायां स्वाध्यायमधीत्य कामं गच्छेदेवमुभयोः शिवं भवति ॥३॥**

अनु. – यदि प्रयोजनवश विद्यार्थी तुरुन्त जान हडबडाउँछ भने पनि गुरुको दृष्टिमा रही स्वाध्याय गरेर आफूखुशी जान सक्छ यसो गरेमा अध्यापक छात्र दुवैको कल्याण हुन्छ ॥३॥

सू. – **समावृत्तं चेदाचार्योऽभ्यागच्छेत् तमभिमुखोऽ भ्यागम्य तस्योपसङ्गृह्य न बीभत्समान उदकमुपस्पृशेत् पुरस्कृत्वोपस्थाप्ययथोपदेशं पूजयेत् ॥४॥**

अनु. – गुरुको आश्रममा अध्ययन पूरा गरी समावर्तन कर्म गरेर बिदावारी भई विद्यार्थी घर गएर विवाह गरी गृहस्थ भएपछि उनको घरमा अतिथिको रूपमा गुरुजी पाल्नुभयो भने आउँदा-आउँदै उहाँका सामु स्वागतार्थ लिन गई उहाँका पाउ पक्रेर दण्डवत् प्रणाम गरी जस्तोसुकै अवस्थामा पाल्नु भएको भए पनि पाउ धोएर नघिनाई आचमन गर्नू। त्यसपछि गुरुलाई अगाडि लगाएर घरभित्र प्रवेश गरी गृह्यसूत्रले बताएअनुसार उहाँको पूजा-सत्कार गर्नू ॥४॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सू. – आसने शयने भक्ष्ये भोज्ये वाससि वा सन्निहिते निहीनतरवृत्तिः स्यात् ॥५॥

अनु. – गुरुको सन्निध्यमा आसनमा विछ्यौना भक्ष्य भोज्य आदि खाइने पदार्थमा अथवा कपडामा गुरुलाई टक्र्याएका भन्दा निकै हीन कम गुणस्तरका चीजहरू आफूले आफ्नो लागि उपयोगमा ल्याएर अत्यन्त विनम्रतासँग रहनू ॥५॥

सू. – तिष्ठन् सव्येन पाणिनाऽनुगृह्याचार्यमाचमयेत् ॥६॥

अनु. – भोजन गराएपछि गुरुजीलाई आचमन गराउँदा स्वयं खडा रहेर झुकी देब्रे हातमा जलपात्र लिएर दाहिने हातले श्रद्धासँग उहाँलाई आचमन गराउनू । ६॥

सू – अन्यं वा समुदेतम् ॥७॥

अनु. – अतिथिका रूपमा आपना घरमा पाल्नुभएका कुलघराना शील स्वभाव विद्या चालचलन उमेरमा उत्कृष्ट अरू व्यक्तिलाई पनि यसै प्रकारले आचमन गराउन् स्वागत-सत्कार गर्नू ॥७॥

सू. – स्थानाऽऽसनचङ्क्रमणस्मितेष्वनु चिकीर्षन् ॥८॥

अनु. – खडा हुनु, बस्नु, हिंड्नु, मुस्कुराउनु जस्ता क्रियाकलापमा उहाँपछि मात्र आफूले ती क्रियाहरू गर्नू । अर्थात् उहाँ उठ्नुहुँदा उठ्नु, बस्नु भएपछि बस्नु, उहाँ हिंड्नुहुँदा हिंड्नु, उहाँ मुस्कुराउनुहुँदा मुस्कुराउनू ।८॥

सू. – सन्निहिते मूत्रपुरीषवातकर्मोच्चैर्भाषा हासष्ठीवन दन्तस्कवननिःश्रृङ्खण भ्रूक्षेपणतालननिष्ठ्यानीति ॥९॥

अनु. – गुरुजी नजिकमा रहनुभएको अवस्थामा दिशा, पिशाब गर्नु, अपानवायु छोड्नु, ठूलो स्वरले बोल्नु, हाँस्नु, थुक्नु, दाँत कोट्याउनु, सिंगान फाल्नु आँखीभौं चलाउनु, ताली बजाउनु, औंला पड्काउनु, यी कुनै पनि काम नगर्नू ॥९॥

सू. – दारे प्रजायां चोपस्पर्शनभाषा विश्रम्भपूर्वाः परिवर्जयेत् ॥१०॥

अनु. – गुरुजीको सन्निध्यमा पत्नी र छोरा-छोरीलाई अङ्कमाल गर्नु, चुम्बन गर्नु, मनअनुसार फुस्ल्याउने कुरा गर्नु इत्यादि केही नगर्नू ॥१०॥

सू. – वाक्येन वाक्यस्य प्रतिघातमाचार्यस्य वर्जयेच्छ्रेयसां च ॥११॥

अनु. – आपना वाक्यले गुरुजीका वाक्यको खण्डन नगर्नू । गुरुजी जस्तै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आफूले सम्मान गर्नुपर्ने अरू महापुरुषहरू पाल्नुभएमा पनि आफ्ना वाक्यले उहाँहरूका वाक्यको खण्डन नगर्नू ।।११।।

सू. – **सर्वभूतपरीवादाक्रोशांश्च ।।१२।।**

अनु. – सबै प्राणीहरूको, कसैको पनि बदनाम नगर्नू, आफ्नो आक्रोशको अभिव्यक्ति पनि नगर्नू ।।१२।।

सू. – **विद्यया च विद्यानाम् ।।१३।।**

अनु. – गुरुजीका सान्निध्यमा कुनै एक विद्यासित अर्को विद्याको तुलना गरेर कुनैलाई होच्याउने वा कुनैप्रति आक्रोश व्यक्त गर्ने पनि नगर्नू ।।१३।।

सू. – **यथा विद्यया न विरोचेत पुनराचार्यमुपेत्य नियमेन साधयेत् ।।१४।।**

अनु. – जुन विद्याले अध्येता चम्कन (यशस्वी बन्न) सकेन, त्यो विद्या फेरि गुरुजी कहाँ गई नियमपूर्वक सेवा गर्दै अपूर्व विद्या सिके जस्तै गरी अध्ययन गर्नू ।।१४।।

यसबारे अध्यापकको नियम—

सू. – **उपाकरणाद्योत्सर्जनादध्यापयितुर्नियमो लोमसंहरणं, मांसं, श्राद्धं मैथुनमिति वर्जयेत् ।।१५।।**

अनु. – उपाकरणदेखि उत्सर्जनसम्म (सुरुदेखि अन्तसम्म) पढाउने अध्यापकको नियम यस प्रकार छ– रौं काट्नु, मासु खानु, श्राद्धको अन्न खानु, मैथुन गर्नु यी चार कुरा छोड्नुपर्छ ।।१५।।

सू. – **[1]ऋत्वे वा जायाम् ।।१६।।**

अनु. – अथवा ऋतु कालमा पत्नीसित सहवास गर्नू ।।१६।।

सू. – **यथागमं शिष्येभ्यो विद्यासंप्रदाने नियमेषु च युक्तःस्यादेवं वर्तमानः पूर्वापरान् सम्बन्धानात्मानं च क्षेमे युनक्ति ।।१७।।**

अनु. – शास्त्रमा बताइएअनुसार नियममा रहेर शिष्यहरूलाई विद्या दिनमा र गृहस्थका कर्तव्यहरूको परिपालनमा पनि तत्पर रहेर कर्मनिष्ठ संयमित जीवन यापन गर्ने व्यक्तिले आफ्ना पितृहरू र आगामी सन्ततिहरूको साथमा आफूलाई भयरहित स्वर्गीय सुखपूर्ण स्थानमा प्रतिष्ठित गराउँछ । उसका सम्बन्धीहरू पनि यस सौभाग्यका भागीदार हुन पाउँछन् ।।१७।।

---

१. स्त्रीहरूको रज देखिएको दिनदेखि सोह्रौं दिनसम्म ऋतुकाल हुन्छ । **ऋतौ भवः** यस्तो विग्रहमा **भवे छन्दसि** सूत्रले यत प्रत्यय भएर यण आदेश भई ऋत्व शब्द बन्दछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सू. – मनसा वाचा प्राणेन चक्षुषा श्रोत्रेय त्वक्छिश्नोदरारम्भणानास्रावान् परिवृञ्जानोऽमृतत्वाय कल्पते ॥१८॥

अनु. – जो व्यक्ति मनले, वचनले, प्राणले, चक्षुरिन्द्रियले, श्रोत्रेन्द्रियले, त्वगिन्द्रियले, जननेन्द्रियले र पेटले भोगिने रूप, रस, गन्ध, स्पर्श शब्दहरूलाई सर्वथा छोडिदिदै रहन्छ ऊ अमृततत्त्व प्राप्त गर्दछ ।

इत्यापस्तम्ब धर्मसूत्रे द्वितीयप्रश्ने पञ्चमी कण्डिका

यसरी आपस्तम्ब-धर्मसूत्रको नेपाली अनुवादमा द्वितीय प्रश्नको पाँचौं कण्डिका पूरा भयो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अथ तृतीयः पटलः

(अब तेस्रो पटल सुरू हुन्छ)

सू. – जात्याचारसंशये धर्मार्थमागतमग्निमुपसमाधाय जातिमाचारं च पृच्छेत् ।।१।।

अनु. – पहिले परिचय नभएको विद्यार्थी धार्मिक दृष्टिले अध्ययनको लागि आफूकहाँ 'भगवान् ! म हजूरकहाँ आएको छु । मलाई मैत्रीपूर्ण दृष्टिले हेरिबक्स्योस्, कल्याणकारी मनले निगाह गरिबक्स्योस् । मलाई पढाइबक्स्योस् ।' भनी अनुरोध गर्न आयो र उसको जाति र आचारबारे आफूलाई शङ्का लाग्यो भने उपसमाधान-विधिले अग्नि जगाउनू र अग्निकै सामु त्यस विद्यार्थीलाई सोध्नू– 'नानी ! तिम्रो जाति के हो ? गोत्र कुन हो ? आचार कस्तो छ ? बताऊ ।'

सू. – साधुतां चेत् प्रतिजानीतेऽग्निरुपद्रष्टा वायुरुपश्रोताऽऽदित्योऽनुख्याता साधुतां चेत् प्रतिजानीते साध्वस्मा अस्तु वितथ एष एनस इत्युक्त्वा शास्तुं प्रतिपद्यते ।।२।।

अनु. – विद्यार्थीले मेरो जन्म राम्रै कुलमा भएको हो, म अमुकको छोरा, अमुकको नाति हुँ । म साधु आचार भएको हुँ, पिताजीले नै व्रतबन्ध गर्नु भएको हो, आचार पनि शिक्षित हुँ, सम्यक आचार पनि गरेको हुँ, दुर्भाग्यवश बाल्यावस्थामै पिताजी स्वर्गे हुनुभयो, त्यस कारण वेद मात्र पढ्न नपाएको हुँ ।' आदि भन्यो भने गुरुले यसप्रकार भन्नू– 'नजिकबाट देख्नेवाला अग्नि छन् । नजिकबाट सुन्ने वायु छन् । यिनको सत्यताका साक्षी सूर्य छन् । यिनले साँचो बोलेका रहेछन् भने कल्याण होस् झूटो बोलेका रहेछन् भने त्यसको पाप उक्त देवताहरूले शान्त गराइदिउन् ।' त्यसपछि त्यस विद्यार्थीलाई आफ्नो साथमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रहँदा उसले गर्नुपर्ने कर्तव्य तथा धर्मको उपदेश गरेर अध्यापन गर्न सुरु गर्नू ।।२।।

पञ्चयज्ञको आखिरमा आएका अतिथिलाई पहिले भोजन गराउने प्रकार बताइन्छ—

सू. – **अग्निरिव ज्वलन्नतिथिरभ्यागच्छति ।।३।।**

अनु. – अतिथि अग्नि जस्तै बल्दै आउँछन् । त्यस कारण उनलाई भोजन आदिले तृप्त गराउनुपर्दछ । अन्यथा उनले घरै जलाइदिन्छन् ।।३।।

अब मुख्य अतिथि श्रोत्रियका लक्षण बताइन्छ—

सू. – **धर्मेण वेदानामेकैकां शाखामधीत्य श्रोत्रियो भवति ।।४।।**

अनु. – विद्याध्ययनको लागि जो नियम हो त्यही यहाँ धर्म भनिएको छ । त्यस धर्ममा रहेर वेदका कुनै पनि शाखाको पूर्ण अध्ययन गरेको व्यक्ति 'श्रोत्रिय' कहलाउँछ । तथापि आपना पुर्खाहरूले वेदको जुन शाखाको अध्ययन र अनुष्ठान आफ्ना वंश-परम्परामा कायम राखेका छन् त्यही स्वशाखा हो र त्यस स्वशाखाको सम्पूर्ण रूपले अध्ययन गर्ने व्यक्ति श्रोत्रिय हो । लोक व्यवहारमा वेदको कुनै पनि शाखाको पूरा अध्ययन गर्नेलाई श्रोत्रिय भन्ने परम्परा छैन । स्वशाखाको अध्येता श्रोत्रिय मानिन्छ ।।४।

साधारण अतिथि लक्षण—

सू. – **स्वधर्मयुक्तं कुटुम्बिनमभ्यागच्छति धर्मपुरस्कारो नाऽन्यप्रयोजनः सोऽतिथिर्भवति ।।५।।**

अनु. – जो व्यक्ति आफ्ना धर्ममा रहेका परिवारवाला गृहस्थ कहाँ अरू प्रयोजनले होइन केवल धमार्थ आचार्य आदिको निमित्त भिक्षार्थ आउँछ त्यो अतिथि हुन्छ ।।५।।

सू. – **तस्य पूजायां शान्तिः स्वर्गश्च ।।६।।**

अनु. – त्यस्ता अतिथिका पूजामा उपद्रवहरूको शान्ति र स्वर्गफल बसेका हुन्छन् ।।६।।

सू. – **तमभिमुखोऽभ्यगम्य यथावयः समेत्य तस्याऽऽसनमाहारयेत् ।।७।।**

अनु. – त्यस्ता अतिथिसामु गएर उमेरअनुसार स्वागत प्रणाम गरी मिलेर उनकोलागि आसन ल्याउन लगाउनू ।।७।। आसन ल्याउने कोही नभए स्वयं ल्याउनू ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सू. – **शक्तिविषये नाऽबहुपादमासनं भवतीत्येके ।।८।।**

अनु. – ताकत पुग्छ भने कम पयर भएको आसन अतिथिको लागि उपयुक्त हुँदैन भन्ने कुनै आचार्यको राय छ ।।८।। बहुपाद भएको चौकी आदि नै आसन वनाउनु उपयुक्त हुन्छ ।

सू. – **तस्य पादौ प्रक्षालेच्छूद्रमिथुनामित्येके।।९।।**

अनु. – नोकर राख्ने गृहस्थका घरमा दुई जना शूद्रले ती अतिथिका पयर धूनु भन्ने कुनै आचार्यको राय छ ।।९।।

सू. – **अन्यतरोऽ भिषेचने स्यात् ।।१०।।**

अनु. – दुई नोकरमा एकले पानी हाल्नू, दोस्राले पयर धूनू ।।१०।।

सू. – **तस्योदक माहारयेदनूमृण्मयेनेत्येके ।।११।।**

अनु. – ती अतिथिको पयर धुन माटाका पात्रमा जल ल्याउन लगाउनू भन्ने कुनै धर्माचार्यको राय छ, ग्रन्थकर्ताको होइन । ग्रन्थकर्ताको मतअनुसार त तैंजस (धातुमय) पात्रमा नै जल ल्याउन लगाउनू ।।११।।

सू. – **नोदकमाहारयेदसमावृत्तः ।।१२।।**

अनु. – समावर्तनकर्म भई नसकेको ब्रह्मचारी गुरुको आज्ञाले अथवा स्वयम् अतिथि वनेको भए उनको लागि पयर धुने जल ल्याउनुपर्दैन ।।१२।।

सू. – **अध्ययनसांवृत्तिश्चात्राऽधिका।।१३।।**

अनु. – यस्ता समावर्तन नभएका अतिथि आउँदा स्वागतस्थलमा अरू अरू प्रकारका अतिथिमा भन्दा विशेष स्वाध्यायमा सहभागी वनिदिनुपर्छ ।।१३।।

सू. – **सान्त्वयित्वा तर्पयेद्रसैर्भक्ष्यैरद्भिरवराध्येनेति ।।१४।।**

अनु. – सौहार्दपूर्ण कुराकानीद्वारा पहिले सान्त्वना दिएर दूध, मठ्ठा, सर्वत आदि रस र फल आदि भक्ष्य पदार्थद्वारा उनलाई तृप्त गराउनू । अन्तमा अरू केही जुटाउन नसके कम मूल्यको जलले मात्र भए पनि तृप्त गराउनू ।।१४।।

सू. – **आवसथं दद्यादुपरिशय्यामुपस्तरणमुपधानं सावस्तरणमभ्यञ्जनं चेति ।।१५।।**

अनु. – अतिथिको विश्रामको लागि त्यस्तो कोठा दिनू, जसमा चौकी माथि ओछ्यान, तकिया, तन्ना, झूल र तल गोडा पुछ्ने कपडा, पयरमा मालिस गर्ने तेल वा घिउ राखिएको होओस् ।।१५।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सू. – अन्नसंस्कर्तारमाहूय व्रीहीन् यवान् वा तदर्थान्निर्वपेत् ॥१६॥

अनु. – भोजन तयार गर्ने पाचकलाई बोलाएर ती अतिथिको लागिका धान वा जौ दिई तयार गराऊ भन्नू (परिवारका सदस्यहरूले भोजन गरिसकेपछि अतिथि आएमा मात्र यो अंश लागु हुन्छ, नत्र परिवारका सदस्यको लागि तयार भएकै भोजन पहिले अतिथिलाई टक्र्याउने) ॥१६॥

सू. – उद्धृतान्यन्नान्यवेक्षेतेदं भूया३ इद३ मिति ॥१७॥

अनु. – अतिथि आउँदा भोजन तयार रहेछ भने जति भोक्ताहरू छन् त्यति पात्रमा भोज्य वस्तु पस्कन लगाएर हेरी विचार गरेर भन्नु यो थालीमा ज्यादा छ, यसमा कम छ सब बराबर मिलाऊ ॥१७॥

त्यसपछि—

सू. – भूय उद्धरेत्येवं ब्रूयात् ॥१८॥

अनु. – फेरि निकाल अतिथिको लागि भन्नू ॥१८॥

सू. – द्विषन् द्विषतो वा नान्नमश्नीयाद्दोषेण वा मीमांसमानस्य मीमांसितस्य वा ॥१९॥

अनु. – कसैसँग शत्रुता गर्दै नखानू, आफूसँग शत्रुता गर्ने शत्रुको अन्न पनि नखानू, कुनै समाजमा घट्न आएको दोष यसै अमुक व्यक्तिले गरेको हुनुपर्छ भनेर धेरैले ताडिएका व्यक्तिको अन्न पनि नखानू। त्यस्तो गलत दोष साबित (ठहर) भइसकेका व्यक्तिको अन्न पनि नखानू॥१९॥

त्यसमा कारण—

सू. – पाप्मानं हि स तस्य भक्षयतीति विज्ञायते ॥२०॥

अनु. – जो व्यक्ति त्यस्ता पूर्वोक्त व्यक्तिको अन्न खान्छ, त्यो त्यसको पापै खान्छ भन्ने कुरा शास्त्रद्वारा जानिन्छ ॥२०॥

इत्यापस्तम्ब-धर्मसूत्रे द्वितीयप्रश्ने षष्ठी कण्डिका

यसरी आपस्तम्ब-धर्मसूत्रको नेपाली अनुवादमा द्वितीय प्रश्नको छैटौं कण्डिका पूरा भयो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अथ सप्तमी कण्डिका

(अब सातौं कण्डिका सुरु हुन्छ)

सू. – **स एषः प्रजापत्यः कुटुम्बिनो यज्ञो नित्यप्रततः ।।१।।**

अनु. – प्रजापतिले पहिले पत्ता लगाएको अथवा प्रजापति देवता भएको त्यो भर्खरै बताइएको यो अतिथिसत्कार रूप मनुष्य यज्ञ सकुटुम्व गृहस्थको लागि अग्निष्टोम आदि जस्तो कहिलेकहीं गरिने नभएर सधैं चलिरहने महत्त्वशाली यज्ञ हो ।।१।।

सू. – **योऽ तिथीनामग्निः स आहवनीयो यः कुटूम्बे स गार्हपत्यो यस्मिन् पच्यते सोऽन्वाहार्यपचनः ।।२।।**

अनु. – जो अतिथिको जठराग्नि पेटको अग्नि हो त्यही गृहस्थको आहवनीय अग्नि हो । जो परिवारमा व्रत उपासना आदिमा हवन गरिने अग्नि हो त्यो गार्हपत्य अग्नि हो । जेमा पकाइन्छ, लौकिक अन्वाहार्यपचन[1] दक्षिणाग्नि हो ।।२।।

सू. – **ऊर्जं पुष्टिं प्रजां पशूनिष्टापूर्तमिति[2] गृहाणामश्नाति यः पूर्वोऽतिथे-रश्नाति ।।३।।**

---

१. दर्शपौर्णमास दृष्टिमा ऋत्विक्हरूलाई दक्षिणाको रूपमा दिइने अन्नलाई अन्वाहार्यपचन भन्दछन् ।

२. अग्निहोत्रं तपः सत्यं वेदानां चानुपालनम् । आतिथ्यं वैश्वदेवं च इष्टमित्यमिधीयते । वापीकूपतडावादिदेवतापतनानि च । अन्न प्रदानमारामः पूर्तमित्यभिधीयते ।

अर्थ– अग्निहोत्र, तपस्या, सत्य, वेदको अनुपालन (वेद पढेर वेदको रक्षा) अतिथि सत्कार यी कर्म इष्ट भनिन्छन् । पोखरी, इनार, जलाशय, देवताका मन्दिर आदि बनाउनु, अन्नदान गर्नु उद्यान (बगैंचा) लगाउनु यी कर्म पूर्त भनिन्छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनु. – जो अतिथिभन्दा पहिले खान्छ त्यो व्यक्ति आफ्नो कुलका सबै वन्धुहरूले खाने अन्न खान्छ (नष्ट गरिदिन्छ) अग्निहोत्र आदि यज्ञको फल पनि खाइदिन्छ (नष्ट पार्छ), पुष्टि र समृद्धिको लागि गरिने कर्मको फल पनि खाइदिन्छ, सन्तान पनि खाइदिन्छ, पशु पनि खाइदिन्छ, इनार, कुवा, पाटी, पौवा आदि पूर्त कर्मको फल पनि खाइदिन्छ। (सबै सुक्दै जान्छन्) । ३।।

सू. – **पय उपसेचनमन्नमग्निष्टोमसम्मितं सर्पिषोक्थ्यसम्मितं, मधुनाऽतिरात्र सम्मितं, मांसेन द्वादशाहसम्मित मुदकेन प्रजावृद्धिरायुषश्च ।।४।।**

अनु. – अतिथिलाई भोजन गराएको दूधले सिंचेको अन्न (दूध भात) ले अग्निष्टोम यज्ञ बराबरको फल दिन्छ, घिउले सिंचेको अन्न (घिउभात) ले अतिथिलाई तृप्त पारेमा उक्थ्य यज्ञ गरे बराबरको पुण्य प्राप्त हुन्छ। मह मिलाइएको अन्नले अतिथिलाई तृप्त गराए अतिरात्र यज्ञको बराबर फल मिल्छ। मासु भातले अतिथिलाई तृप्त गराए बाह्र दिन लगाएर गर्नुपर्ने द्वादशाह यज्ञको बराबर फल मिल्छ। पानी र अन्नले अतिथिलाई तृप्त गराए सन्तान फैलन्छन्, आयु पनि बढ्छ ।।४।।

सू. – **प्रिया अप्रियाश्चाऽतिथयः स्वर्गं लोकं गमयन्तीति विज्ञायते ।।५।।**

अनु. – पाहुनाहरू मनपर्दा मन नपर्दा जस्ता भए पनि हृदयदेखि उनीहरूको स्वागत गरेमा सत्कार गर्नेलाई उनीहरू स्वर्ग पुऱ्याइदिन्छन् भन्ने कुरा शास्त्रबाट जानिन्छ ।।५।।

सू. – **स यत्प्रातर्मध्यन्दिने सायमिति ददाति सवनान्येव तानि भवन्ति ।।६।।**

अनु. – व्यक्ति जो बिहान, दिउँसो र बेलुका पाहुनालाई भोजन जो दिइन्छन् ती प्राजापत्य यज्ञका तीन यज्ञान्त स्नानहरू प्रातस्सवन, मध्यान्हसवन, सायं सवन बराबर हुन्छन् ।।६।।

सू. – **यदनुतिष्ठत्युदवस्यत्येव तत् ।।७।।**

अनु. – पाहुना जानको लागि उठ्न लाग्दा उसका बिदाइका लागि गृहपति उठेर पछि लाग्नु उदवसनीय नामक एक सानो यज्ञ नै हो । ७।।

सू. – **यत् सान्त्वयति सा दक्षिणा प्रशंसा ।।८।।**

अनु. – गृहपति ;पाहुनालाई बिदाइ गर्ने सिलसिलामा उनलाई जो सान्त्वना दिन्छ प्रशंसा गर्छ त्यही यज्ञको दक्षिणा हो ।।८।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सूं. – यत् संसाधयति ते विष्णुक्रमाः ॥६॥

अनु. – पाहुनालाई बिदाइ गर्ने सिलसिलामा गृहपति जुन पाइला चाल्छन्, ती भगवान् विष्णुका पाइला हुन्छन् ॥६॥

सू. – यदुपावर्तते सोऽवभृथः ॥१०॥

अनु. – गृहपति पाहुनालाई विदाइ गरी जो फिरेर आउँछन् त्यो अवभृथ (यज्ञान्त स्नान) हो ॥१०॥

सू. – इति हि ब्राह्मणम् ॥११॥

अनु. – यो अतिथि-सत्कार-प्रकरणमा सम्पूर्ण कुराको आधार ब्राह्मणग्रन्थ हुन्। यी कुराहरु त्यहींबाट लिइएका हुन् ॥११॥

सू. – राजानं चेदतिथिरभ्यागच्छेच्छ्रेयसीमस्मै पूजामात्मनः कारयेत् ॥१२॥

अनु. – राजाकहाँ कोही अतिथि आयो भने राजा अन्यत्र जाँदा उनको जो सम्मान हुन्छ। त्यसभन्दा वढिया सम्मान राजावाट उनको हुनुपर्छ। पुरोहितको खटनमा स्वयं पाउनेभन्दा वढी पूजा गराउनू ॥१२॥

सू. – आहिताग्नि चेदतिथिरभ्यागच्छेत् स्वयमेनमभ्युदेत्य ब्रूयात्व्रात्य क्वाऽवात्सीरिति, व्रात्योदकमिति, व्रात्य तर्पयस्त्विति ॥१३॥

अनु. – 'तर्पयंस्त्विति' इत्यत्रानुस्वारसकारौ, (छान्दसौ) अग्निहोत्रीकहाँ अतिथि आए भने अग्निहोत्री स्वयम् उनका समीपमा गएर भन्नू— हे ठीकसँग व्रतको पालन गर्ने व्रती! बितेको रातमा तपाईं कहाँ बस्नुभयो? हे महत्त्वशाली व्रतको पालना गर्ने महानुभाव ! यो जल ग्रहण गर्नुस्, यो उत्तम पेयद्वारा तृप्त हुनुहोस्। यो सबै कालमा कर्तव्य कर्म हो ॥१३॥

सू. – पुराऽग्निहोत्रस्य होमादुपांशु जपेत्–व्रात्य यथा ते मनस्तथाऽ स्त्विति, व्रात्य यथा ते वशस्तथाऽ स्त्विति, व्रात्य यथा ते प्रियं तथाऽस्त्विति, व्रात्य यथा ते निकाम स्तथाऽस्त्विति ॥१४॥

अनु. – ठीक होम गर्ने वेलैमा अतिथि उपस्थित भएछन् भने पनि अग्निकुण्ड-भन्दा उत्तरतर्फ कुशको आसनमा अतिथिलाई बसालेर एकान्तमा भन्नू- हे यथावत् व्रतको परिपालन गर्ने महानुभाव ! यहाँको मनअनुसारका क्रियाकलाप यहाँ होउन्, श्रीमान्को पहुँचभरका क्रियाकलाप यहाँ होउन्, हे महाव्रती ! यहाँलाई जस्तो प्रिय लाग्छ त्यस्तै कामहरू यहाँ होउन्। हे व्रती ! तपाईंको जस्तो इच्छा छ त्यस्तै कामहरू यहाँ होउन् ॥१४॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सू. – यस्योद्धृतेष्वहुतेष्वग्निष्वतिथिरभ्यागच्छेत् स्वयमेनमभ्युदेत्य ब्रूयात्– व्रात्याऽतिसृज होष्यामीत्यतिसृष्टेन होतव्यमनतिसृष्टश्चेज्जुहुयाद्दोषं ब्राह्मणमाह ।।१५।।

अनु. – जसका अग्नि उठाइसकिएका छन् किन्तु हवन हुन बाँकी नै छ त्यस्ता अवस्थामा अतिथि प्राप्त भए भने अग्निहोत्री स्वयम् उठेर अतिथिको समीपमा गएर भन्नू– हे महाव्रती ! मलाई केही समय अवसर दिनुहोस्, म हवन गरुँ ।' अतिथिले समय दिएमा हवन गर्नू । अतिथिले अनुमति नदिई हवन गरेमा दोष लाग्ने कुरा ब्राह्मणग्रन्थमा बताइएको छ ।।१५।।

सू. – एकरात्रं चेदतिथीन् वासयेत् पार्थिवाँल्लोकानभिजयति द्वितीययाऽऽन्तरिक्ष्यांस्तृतीयया दिव्यांश्चतुर्थ्या परावतो लोकानपरिमिताभिरपरिमिताँल्लोकानभिजयतीति विज्ञायेत ।।१६।।

अनु. – जो व्यक्ति एकरात पाहुनाहरूलाई आफ्ना घरमा वास दिन्छ त्यसले पृथिवीका लोकहरूलाई जित्तछ, जो दुई रात बास दिन्छ त्यसले अन्तरिक्षमा रहेका लोकहरूलाई जित्तछ; तीनरात बास दिनेले दिव्यलोक जित्तछ, चाररात बास दिनेले जहाँ सुखको पराकाष्ठा हुन्छ ती लोकहरूलाई जित्तछ । अपरिमित (वेगिन्ती) रात बास दिनेले अनन्त अपरिमित लोक जित्तछ भन्ने कुरा ब्राह्मणग्रन्थबाट जानिन्छ ।

सू. – असमुदेतश्चेदतिथि ब्रुवाण आगच्छेदासनमुदकमन्नं श्रोत्रियाय ददामींत्येव दद्यादेवमस्य समृद्धं भवति ।।१७।।

अनु. – यदि विद्या, व्रत, सौशील्य आदिले रहित व्यक्ति अतिथि रूपमा उपस्थित भयो भने उसलाई आसन, जल, अन्न दिनू र मनले म यी चीजहरू श्रोत्रिय विद्वान्लाई नै दिइरहेछु भन्ने ठान्नू । यसो गरेमा उसको श्रीवृद्धि हुन्छ ।।१७।।

इत्यापस्तम्ब-धर्मसूत्रे द्वितीयप्रश्ने सप्तमी कण्डिका

यसरी आपस्तम्ब-धर्मसूत्रको नेपाली अनुवादमा
द्वितीय प्रश्नको सातौं कण्डिका पूरा भयो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अथ चतुर्थः पटलः

(अब चौथो पटल सुरू हुन्छ)

सू. – येन कृतावसथः स्यादतिथिर्न तं प्रत्युत्तिष्ठेत् प्रत्यवरोहेद्वा पुरस्ताच्चेद भिवादित ।।१।।

अनु. – जुन गृहस्थले अतिथिलाई आवास दिएको छ र एकपल्ट पहिल्यै अभिवादन पनि गरिसकेको छ भने त्यस अतिथिको स्वागत गर्न गृहपति उठिरहनुपर्दैन । आफू बसेको आसनबाट ओर्लनु पनि पर्दैन ।।१।।

सू. – शेषभोज्यतिथीनां स्यात् ।।२।।

अनु. – गृहस्थले पहिले अतिथिलाई भोजन गराएर स्वयंलाई बचेको अन्न खाने बानी भएको गराउनू ।।२।। विशेष– पूर्व पनि अतिथिको शेष खानू भनिसकिएकोले यो कथन प्रमादले अतिथिलाई नदिएको नखानू भन्ने हो ।

सू. – न रसान् गृहे भुञ्जीतानवशेष मतिथिभ्यः ।।३।।

अनु. – गृहस्थले घरमा पछि आउने अतिथिहरूलाई केही पनि बाँकी नरहने गरी रसहरू नखानू । रसहरू तुरुन्त बनाउन सकिँदैनन् ।।३।।

सू. – नाऽऽत्मार्थमभिरूपमन्नं पाचयेत् ।।४।।

अनु. – केवल आफ्नो लागि मात्र मीठो स्वादिलो अन्न नपकाउनू वा पकाउन नलगाउनू ।।४।।

सू. – गोमधुपर्कार्हो वेदाध्यायः ।।५।।

अनु. – शिक्षा, कल्प, व्याकरण ज्योतिष, आदि वेदाङ्ग र सम्पूर्ण वेदको अध्ययन गरेको व्यक्ति अतिथि बन्न आएमा त्यस्ता व्यक्ति गाई र मधुपर्कद्वारा स्वागत गर्न लायक हुन्छन् ।।५।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सू. – आचार्य ऋत्विक् स्नातको राजा वा धर्मयुक्तः ।।६।।

अनु. – पढाउने गुरु, ऋत्विक्, विद्या पढिसकेको स्नातक अथवा धार्मिक राजा पनि अतिथि हुन आएमा मधुपर्क र गाईले स्वागत गर्न लायक हुन्छन् ।।६।।

सू – आचार्याय ऋत्विजे श्वशुराय राज्ञ इति परिसम्बत्सरादुपतिष्ठद्भ्यो गौर्मधुपर्कश्च ।।७।।

अनु. – आचार्य, ऋत्विक् ससुरा र राजा पहिले आएको एक वर्षपछि अतिथि बन्न आएमा गाई र मधुपर्कले स्वागत गर्नुपर्छ ।।७।।

मधुपर्क भनेको के हो यसको उत्तरमा भनिएको छ—

सू. – दधिमधुसंसृष्टं मधुपर्कः पयो वा मधुसंसृष्टम् ।।८।।

अनु. – मधुपर्क दही र मह मिलाएर तयार गरिन्छ अथवा दूध र मह मिलाएर तयार गरिन्छ ।।८।।

सू. – अभाव उदकम् ।।९।।

अनु, – उक्त वस्तुहरू जुट्न नसकेमा केवल जल मात्रको पनि मधुपर्क हुन्छ (किन्तु जलमा मह मिलेको हुनुपर्छ भन्ने कुनै आचार्यको राय छ) ।।९।।

सू. – षडङ्गो वेदः ।।१०।।

अनु, – यहाँ वेद शब्दले छ अङ्गहरूले सहित भएको वेद जनाउँछ ।।१०।।

सू. – छन्दः कल्पो व्याकरणं ज्योतिषं निरुक्तं
शिक्षाचछन्दोविचितिरिति ।।११।।

अनु. – छन्दः = वेदविद्या । कल्पः = कल्पसूत्र (धर्मसूत्र, गृह्यसूत्र शारीरिक सूत्र) । व्याकरणम् = अर्थ विशेषको आश्रय लिएर पदको व्याख्या गर्ने शास्त्र । ज्योतिषम् = सूर्य आदि आकाशमा देखिने ज्योतिहरूलाई लिएर चलेको शास्त्र । निरुक्तम् = व्याकरणकै पूरक शास्त्र । शिक्षा = वर्णहरूका स्थान, प्रयत्न, उच्चारण, प्रकार आदि बुझाउने शास्त्र । छन्दोविचिति = गायत्री आदि छन्दको विवेचन गर्ने शास्त्र वेदका यी छ अङ्ग हुन् ।।११।।

वेदशास्त्रको मुख व्याकरण हो भने ज्योतिष आँखा हो । निरुक्त उसको कान हो । छन्दोविचिति पयर हुन् । शिक्षा नाक हो भने कल्पशास्त्र हात हुन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मुखं व्याकरणं प्रोक्तं ज्योतिषं नेत्रमुच्यते ।
निरुक्तं श्रोत्रमुछिष्टं छन्दसां विचितिः पदे ।
शिक्षां घ्राणं तु वेदस्य हस्तौ कल्पान् प्रचक्षते । इति ।

सू. – शब्दार्थारम्भणानां तु कर्मणां समाम्नायसमाप्तौ वेदशब्दस्तत्र सङ्ख्या विप्रतिषिद्धा ।।१२।।

अनु. – शब्द र अर्थको माध्यमवाट सुरु हुने कर्महरूको उपदेश जहाँबाट सुरु हुन्छ र जहाँ गएर टुङ्गिन्छ त्यो सम्पूर्ण ग्रन्थराशिको नाम वेद हो। त्यस कारण त्यस प्रकारका अग्निहोत्रादि कर्महरूको उपदेश वेद-संहितावाट सुरु भएर ब्राह्मणग्रन्थ एवं कल्प सूत्रहरूमा गएर टुङ्गो लाग्ने हुँदा (संहिता, ब्राह्मण र कल्पसूत्र) यी तीनका समूहकै नाम वेद हुन आयो । अतः छ वेदाङ्गहरूमध्येको एक कल्पसूत्र वेदकै पेटभित्र पर्न जाँदा वेदाङ्ग पाँच मात्र हुनुपर्ने छ कसरी ?[१] (यसको उत्तर अगाडिका सूत्रमा) ।।१२।।

सू, – अङ्गानां तु प्रधानैरव्यपदेश इति न्यायवित्समयः ।।१३।।

अनु. – न्यायका ज्ञाताहरूको सिद्धान्त छ कि अङ्गीका वाचक शब्दहरुद्वारा अङ्गको वर्णन कथमपि सम्भव हुँदैन । (जस्तै– समुद्रका वाचक शब्दहरुद्वारा तरङ्गको वर्णन हुन सक्दैन । यद्यपि तरङ्गहरूकै समूह समुद्र हो । तथापि तरङ्ग तरङ्ग हो समुद्र समुद्र हो) ।।१३।।
(त्यस्तै वेद शब्दले कल्प सूत्रलाई भन्न सक्दैन ।)

टिप्पणी – वैदिक वाक्यको न्याय भनेको **पूर्वमीमांसा** हो । **पूर्वमीमांसा**का पण्डितहरूको सिद्धान्त छ– प्रधानका वाचक शब्दहरूलाई अङ्गीको वर्णन हुँदैन । बौधायन, आपस्तम्ब आदिद्वारा रचित कल्पसूत्रहरु

---

१. **यस सूत्रको निचोड–** कर्म दुई प्रकारका हुन्छन्— १) शब्द र अर्थको माध्यमबाट बताइने, २) प्रत्यक्ष, अनुमान, उपमान आदि प्रमाणद्वारा देखी सुनी अन्दाज गरी जानिने । तिनमा पहिलो प्रकारका कर्मको उपदेश दिने ग्रन्थ वेद हो । यस्ता कर्मलाई वैदिक कर्म भन्छन् । दोस्रा प्रकारका कर्महरु लौकिक कर्म भनिन्छन् । यहाँ विवाद पहिलामा मात्र छ, दोस्रामा होइन ।

प्रश्न— यस्ता कर्मको उपदेश मन्त्र र ब्राह्मणले मात्र नपारेर कल्पसूत्रले पनि गरेका छन् । अतः ती त वेदै भइगए । तब वेदाङ्गमा तिनको गणमा कसरी ?

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वेदमूलक हुनाले हामी प्रामाणिक हौं पनि भन्दछन् । वेदत्वकै खण्डन पनि गर्दछन् । **पूर्वमीमांसा** कल्पसूत्राधिकरण १, ३, ६) अङ्गी अङ्गहरूकै समूह अङ्गी हो तापनि अङ्ग अङ्गी हुन सक्तैन । कल्पसूत्रहरू बौधायन आपस्तम्ब आदि मनुष्यले तयार गराएका हुनाले पुरुष-प्रयत्न सिद्ध भए । मन्त्र र ब्राह्मणहरू ईश्वरीय कृति हुन् । मनुष्यकृति ईश्वरीय कृतिको तुलनामा कहिल्यै पुग्न सक्तैनन् । शरीर र हात, पयर आदिमा जुन अन्तर छ कल्पसूत्र र मन्त्र–ब्राह्मणहरुमा पनि त्यही अन्तर छ । अङ्ग अङ्गी भनिँदैन ।

सू. – **अतिथिं निराकृत्य यत्र गते भोजने स्मरेत् ततो विरम्योपोष्य ॥१४॥**

अनु. – गृहपति आफ्ना घरमा भोजन-समयमा उपस्थित अतिथिलाई कुनै प्रकार हटाएर स्वयं भोजन गर्न लाग्यो । भोजन गर्दा गर्दै उसलाई अतिथिको सम्झना भयो । उसले पश्चातापको अनुभव गर्‍यो र आफैलाई धिक्कार्न थाल्यो । भोजन समयमा उपस्थित एक अतिथिलाई तर्काएर एक्लै खाने मलाई धिक्कार । यस्तो स्थितिमा बाँकी भोजन छोडिदिनु र त्यसदिन उपवास गर्नू । अतिथिलाई तर्काउनुको प्रायश्चित्त यही हो ॥१४॥

इत्यापस्तम्ब-धर्मसूत्रे द्वितीयप्रश्नेऽष्टमी कण्डिका

यसरी आपस्तम्ब-धर्मसूत्रको नेपाली अनुवादमा द्वितीय प्रश्नको आठौं कण्डिका पूरा भयो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अथ नवमी कण्डिका

[अब नवौं कण्डिका सुरु हुन्छ]

सू. – श्वो भूते यथामानसं तर्पयित्वा संसाधयेत् ॥१॥

अनु. – भोलिपल्ट त्यस अतिथिलाई खोजेर ल्याई मनमाफिक भोजन गराएर बिदाइको लागि ऊसँगै जानू ॥१॥

साथ लाग्ने कहाँसम्म ?

सू. – यानवन्तमायानात् ॥२॥

अनु. – अतिथि सवारीमा आएको भए उसको सवारीसम्म पुऱ्याउनू ॥२॥

सू. – यावन्नाऽनुजानीयादितरः ॥३॥

अनु. – सवारीरहित अतिथि रहेछ भने त्यतिखेरसम्म उसको पछि जानू जब तक ऊ 'अब तपाईं फिर्नुहोस् ।' भन्दैन ॥३॥

सू. – अप्रतीभायां सीम्नो निर्वतेत ॥४॥

अनु. – अतिथिले अन्ततिर मन दौडाएको हुनाले 'अब तपाईं फिर्नुहोस्' भन्न बिर्सेछ भने गाउँ वा शहरको सीमासम्म जानू ॥४॥

सू. – सर्वान् वैश्वदेवे भागिनः कुर्वीताऽऽश्वचाण्डलेभ्यः ॥५॥

अनु. – वैश्वदेवका अन्तमा भोजनको लागि उपस्थित हुने कुक्कुर, चाण्डालदेखि लिएर सबैलाई केही न केही दिनू ॥५॥

यस प्रसङ्गमा मनु—

शुनां च पतितानां च श्वपचां पापरोगिणाम् ।
वयसां च क्रिमीणां च शनकैर्निवपेद् भुवि ॥

(कुक्कुरहरूको लागि, पतित भएका व्यक्तिहरूको लागि, चाण्डालहरूको लागि र पाप रोग लागेका व्यक्तिहरूको लागि, पक्षीहरूको लागि र कीरा-फटयाङ्गाहरूको लागि बिस्तारै जमिनमा अन्न राखिदिनू ।)

सू. – नाऽनर्हद्भ्यो दद्यादित्येके ॥६॥

अनु. – चाण्डाल आदि अपूज्य व्यक्तिहरूलाई नदिनू भन्ने कुनै आचार्यको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विचार छ। त्यसमा दिए आफ्नो (दिनेको) अभ्युदय हुन्छ नदिए प्रायश्चित्त लाग्दैन ।।६।।

सू. – उपेतः स्त्रीणामनुपेतस्य चोच्छिष्टं वर्जयेत् ।।७।।

अनु. – व्रतबन्ध भएको व्यक्तिले स्त्रीहरूको र व्रतबन्ध नभएको व्यक्तिको जूठो नखानू ।।७।।

सू. – सर्वाण्युदकपूर्वाणि दानानि ।।८।।

अनु. – सबै प्रकारका दानहरू पहिले जल दिएर दिइनुपर्ने हुन्छन् ।।८।।

सू. – यथाश्रुति विहारे ।।९।।

अनु. – यज्ञका काममा जस्तो सुनिन्छ वेदवाक्य त्यसै अनुसार गर्नू पहिले पानी दिइरहनुपर्दैन ।।९।।

सू. – ये नित्या भाक्तिकास्तेषामनुपरोधेन संविभागो विहितः ।।१०।।

अनु. – नोकरचाकर, गोठाला र खेतालाहरूको जीविकामा आँच नआउने गरी वैश्वदेवको अन्तमा आउने अतिथिहरूलाई भोजन गराउनू ।।१०।।

सू. – काममात्मानंभार्यां पुत्रं वोपरुन्ध्यान्न त्वेव दासकर्मकरम् ।।११।।

अनु. – बरु आफ्नो, पत्नीको र पुत्रको भोजनमा अवरोध ल्याएर अतिथिलाई भोजन गराउनू । दास-दासी र काम गर्ने गोठाला–खेतालाको भोजनमा अवरोध ल्याएर अतिथिलाई भोजन गराउनु हुँदैन ।।११।।

सू. – तथा चात्मनोऽनुपरोधं कुर्याद्यथा कर्मसु समर्थस्स्यात् ।।१२।।

अनु. – कुटुम्बयुक्त गृहस्थले पाहुनाको सत्कारको लागि आफ्नो भोजनमा कमी गर्दा जति कम गर्दा आफ्नो दैनिक व्यावहारिक क्रियाकलाप चलाउन र अग्निहोत्रादि धार्मिक अनुष्ठान गर्नमा बाधा अड्चन आउँदैन त्यति मात्र कम गर्नू ।।१२।।

सू. – अष्टौ ग्रासा मुनेर्भक्ष्याः षोडशारण्यवासिनः । द्वात्रिंशतं गृहस्थस्याऽपरिमितं ब्रह्मचारिणः ।। आहिताग्निरनड्वांश्च ब्रह्मचारी च ते त्रयः। अश्नन्त एव सिद्ध्यन्ति नैषां सिद्धिरनश्नतामिति।।१३।।

अनु. – मुनिले आठ गाँस खानू, जङ्गलमा बस्ने वानप्रस्थीले सोह्र गाँस खानू। गृहस्थले बत्तीस गाँस खानू। ब्रह्मचारीले जति मन लाग्छ त्यति खानू। अग्निहोत्री, साँढे र ब्रह्मचारी यी तीन खाएर मात्र सफल हुन्छन्। भोको बसेर सफल हुँदैनन् ।।१३।।

इत्यापस्तम्ब-धर्मसूत्रे द्वितीयप्रश्ने नवमी कण्डिका

यसरी आपस्तम्ब-धर्मसूत्रको द्वितीय प्रश्नको नवौं कण्डिका पूरा भयो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अथ पञ्चमः पटलः

(अब पाँचौं पटल सुरू हुन्छ)

सू. – भिक्षणे निमित्तमाचार्यो विवाहो यज्ञो मातापित्रोर्बुभूर्षाऽर्हतश्च नियमविलोपः ।।१।।

अनु. – भिक्षा माग्नाका शास्त्रविहित कारणहरू यी हुन्– गुरुदक्षिणा जुटाउनु, ब्रह्मचर्यमा रहेर विद्याको अध्ययन गरिसकेका स्नातकले आफ्नो विवाहको लागि खर्चबर्च जुटाउनु, राष्ट्रसमृद्धिको लागि यज्ञ गर्न खर्च जुटाउनु, आमा-बाबुका भरण-पोषणको इच्छा, विद्यावृत्त-सम्पन्न व्यक्तिको धनका अभावमा अग्निहोत्रादि नियम चल्न नसक्नु ।।१।।

सू. – तत्र गुणान् समीक्ष्य यथाशक्ति देयम् ।।२।।

अनु. – त्यसमा याचकका गुणहरूलाई राम्ररी दृष्टिमा राखेर शक्तिअनुसार दिनुपर्छ ।।२।।

सू. – इन्द्रियप्रीत्यर्थस्य भिक्षणमनिमित्तम् ।।३।।

अनु. – आफ्ना इन्द्रियहरूलाई तृप्त गराउन भिक्षा गर्नु चाहिँ भिक्षाको उचित निमित्त हुन सक्दैन ।।३।।

सू. – न तदाद्रियेत ।।४।।

अनु. – आफ्ना इन्द्रियतृप्तिका लागि भिक्षा गर्ने र पहिली पुत्रवती पत्नी छँदाछँदै दोस्रो विवाहको लागि भिक्षा गर्ने व्यक्तिको कदर नगर्नू।।४।।

सू. – स्वकर्म ब्राह्मणस्याऽध्ययनमध्यापनं यज्ञो याजनं दानं प्रतिग्रहणं दायाद्यं सिलोञ्छः ।।५।।

अनु. – ब्राह्मणका शास्त्रसम्मत कर्महरू यी हुन्– अध्ययन, अध्यापन, यज्ञ गर्नु, यज्ञ गराउनु, दान दिनु, दान लिनु, आफ्नो भागमा प्राप्त पैतृक धन लिनु, शिला खोज्नू ।।५।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सू. – अन्यच्चाऽ परिगृहीतम् ॥६॥

अनु. – अरू पनि कसैको स्वामित्व नभएको जङ्गली फल, मूल वा खानी यसबाट पनि जिउन सकिन्छ ॥६॥

सू. – एतान्येव क्षत्रियस्याऽ ध्यापनयाजन प्रतिग्रहणानीति परिहाप्य दण्डयुद्धाधिकानि ॥७॥

अनु – क्षत्रियका शास्त्रसम्मत कर्महरू पनि पढाउनु, यज्ञ गराउनु, दान लिनु, वाहेक दण्ड गर्नु, युद्ध गर्नु समेत पूर्वोक्त नै हुन्। अर्थात्– पढ्नु, यज्ञ गर्नु दान दिनु, आफ्ना भागमा प्राप्त पैतृक धन लिनु, शिला खोज्नु यी ५ हुन् दण्डद्वारा प्राप्त युद्धद्वारा प्राप्त अधिक हुन् ॥७॥

सू. – क्षत्रियवद् वैश्यस्य दण्ड युद्धवर्जं कृषि गौरक्ष्यवाणिज्याऽधिकम् ॥८॥

अनु. – वैश्यका शास्त्रसम्मत कर्महरू दण्ड गर्नु, युद्ध गर्नुलाई छोडी खेती, पशुपालन, व्यापार ज्यादा भएका क्षत्रिय कर्म जस्तै हुन्। अर्थात् पढ्नु, यज्ञ गर्नु, दान दिनु, खेती गर्नु, पशु पाल्नु, व्यापार गर्नु यी छ कर्म वैश्यका हुन् ॥८॥

सू. – नाऽनूचानमृत्विजं वृणीते न पणमानम् ॥९॥

अनु. – छ अङ्गसहित वेदविद्याका अध्येता प्रवक्ता व्यक्तिलाई अनूचान भन्दछन्। यस्तै व्यक्तिलाई ऋत्विक छान्नू अनूचान (यस कर्मको दक्षिणा यति हुनै पर्छ भनी दक्षिणाको माग पहिल्यै पेश गर्ने) व्यक्तिलाई ऋत्विक् नछान्नू ॥९॥

सू. – अयाज्योऽ नधीयानः ॥१०॥

अनु. – अध्ययन नगरेका व्यक्तिलाई ऋत्विक्ले यज्ञ नगराउनू ॥१०॥

क्षत्रियको युद्ध स्वकर्म हो भनियो, त्यो कसरी गर्ने यस विषयमा भनिन्छ —

सू. – युद्धे तद्योगा यथोगायमुपदिशन्ति तथा प्रतिपत्तव्यम् ॥११॥

अनु. – युद्धमा खटेका वा युद्धशास्त्रको अध्ययनमा लागी परेका व्यक्तिहरू जस्तो उपदेश दिन्छन् क्षत्रियहरूले त्यसै अनुसार गर्नू ॥११॥

सू. – न्यस्तायुधप्रकीर्णकेशप्राञ्जलिपराङ्गावृत्तानामार्या वधं परिचक्षते॥१२॥

अनु. – हतियार छोडेका, केश अस्तव्यस्त बनाएका, हात जोडेका, अर्कातर्फ मुख फिराएका, यस्ता व्यक्तिहरूलाई मार्नुलाई सज्जनहरू (आर्यहरू) निन्दा गर्छन् ॥१२॥ परिगजन गरेकोले युद्धमा अरूको हिंसामा दोष छैन।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सू. – **शास्त्रैरधिगतानामिन्द्रियदौर्बल्याद्विप्रतिपन्नानां शास्ता निर्वेषमुपदिशेद्यथाकर्म यथोक्तम् ।।१३।।**

अनु. – शास्त्रीय विधि-विधानअनुसार गर्भाधान आदि संस्कारहरू भएका किन्तु इन्द्रियहरूलाई जित्न नसकी आफ्ना कर्तव्यबाट भ्रष्ट भई कुबाटोमा लागेकाहरूलाई उनीहरूका गुरुहरूले प्रायश्चित्तको उपदेश दिनुपर्छ । यसरी दिइसको उपदेश शास्त्रको विधि र उनीहरूका कर्म-अनुसारको हुनु आवश्यक छ ।।१३।।

सू. – **तस्य चेच्छास्त्रमतिवर्तरन् राजानं गमयेत् ।।१४।।**

अनु. – आफ्ना गुरुका आदेशको उल्लङ्घन गर्छन् भने त्यस्तालाई राजाकहाँ पुऱ्याउनू ।।१४।।

सू. – **राजा पुरोहितं धर्मार्थकुशलम् ।।१५।।**

अनु. – राजाले त्यस्ता व्यक्तिहरूलाई धर्मशास्त्र अर्थशास्त्रहरूमा कुशल पुरोहितकहाँ पुऱ्याइदिनू ।।१५।।

सू. – **स ब्राह्मणन् नियुञ्ज्यात्[1] ।।१६।।**

अनु. – ती पुरोहितले प्रायश्चित्त गराउन लगिएका ती अतिक्रमणकारीहरू ब्राह्मण भए तिनीहरूलाई समुचित प्रायश्चित्त गर्न लगाइदिनू ।।१६।।

सू. – **बलविशेषेण वधदास्यवर्जं नियमैरुपशोषयेत् ।।१७।।**

अनु. – ती अतिक्रमणकारी ब्राह्महरूलाई मार्नु, पिट्नु, दास बनाउनु बाहेक बन्धन उपवास आदि नियमहरू गर्न लगाइ सुकाउनू (सुध्याउनु)।।१७।।

इत्यापस्तम्ब धर्मसूत्रे द्वितीयप्रश्ने दशमी कण्डिका

यसरी आपस्तम्ब-धर्मसूत्रको द्वितीय प्रश्नको दशौं कण्डिका पूरा भयो।

---

१. व्याकरणदृष्टयाऽयं प्रयोगोऽशुद्धः । 'नियुञ्जीत' इति वक्तव्यम् । परमयमार्षः प्रयोगः ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अथ एकादशी कण्डिका

(अब एघारौं कण्डिका सुरु हुन्छ)

अरू वर्णहरूका प्रायश्चित्त—

सू. – इतरेषां वर्णानामाप्राणवियोगात् समवेक्ष्य तेषां कर्माणि राजा दण्डं प्रणयेत् ।।१।।

अनु. – ब्राह्मण बाहेक अरू जातका अपराधीहरूलाई उनीहरूका अपराध-अनुसार विचार गरी राजा स्वयंले पुरोहितले बताएअनुसार प्राण दण्डसम्म पनि दिनू ।।१।।

सू. – न च सन्देहे दण्डं कुर्यात् ।।२।।

अनु. – अभियुक्तले चर्चित अपराध गरेको हो वा होइन भन्ने सन्देह भएमा टुङ्गो नलागी उसलाई दण्ड नदिनू ।।२।।

सू. – सुविचितं विचित्या दैवप्रश्नेभ्यो राजा दण्डाय प्रतिपद्येत ।। ३।।

अनु. – विभिन्न अनुसन्धानद्वारा साक्षीका प्रश्नहरुद्वारा र शपथद्वारा सही अपराध पत्ता लागेपछि तदनुसार राजा अपराधीलाई दण्ड दिन तयार हुनू ।।३।।

सू. – एवंवृत्तो राजोभौ लोकावभि जयति ।।४।।

अनु. – यस्तो चालचलन भएका राजाले यो लोक परलोक दुवै जित्तछ ।।४।।

यसवारे मनु—

> अदण्ड्यान् दण्डयन् राजा दण्ड्यांश्चैवाऽप्यदण्डयन् ।
> अयशो महदाप्नोति प्रेत्य स्वर्गाच्च हीयते ।।

(दण्ड दिनै नहुने व्यक्तिहरूलाई दण्ड दिने र दण्ड दिनैपर्ने व्यक्तिहरूलाई दण्ड नदिने राजाले ठूलो बदनामी पाउँछ र नरक पनि भोग्नुपर्छ ।)

सू. – राज्ञः पन्था ब्राह्मणेनाऽसमेत्य ।।५।।

अनु. – ब्राह्मण बाहेक अरू जातका मानिसहरू मात्र भएमा बाटो राजाको हुन्छ । उनलाई बाटो छोडिदिनुपर्छ ।।५।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सू. – **समेत्य तु ब्राह्मण यैवस्पन्थाः ॥६॥**

अनु. – राजाको ब्राह्मणसँग भेट भएमा त राजाको शिष्य नै भएको खण्डमा पछि ब्राह्मणकै बाटो हुन्छ । राजाले ब्राह्मणलाई बाटो छोडिदिनुपर्छ ॥६॥

सू. – **यानस्य भाराभिनिहितस्याऽऽतुरस्य स्त्रिया इति सर्वैर्दातव्य ॥७॥**

अनु. – सवारीलाई, भारी बोकेका व्यक्तिलाई, रोगीलाई र स्त्रीलाई सबैले बाटो दिनुपर्छ ॥७॥

सू. – **वर्णज्यायसां चेतरैर्वर्णैः ॥८॥**

अनु. – अरू जातका व्यक्तिहरूले आफूभन्दा श्रेष्ठ वर्णलाई र ब्राह्मणलाई बाटो दिनुपर्छ ॥८॥

सू. – **अशिष्टपतितमत्तोन्मत्तानामात्मस्वस्त्ययनार्थेन सर्वैरेव दातव्यः ॥९॥**

अनु. – मूर्ख, पतित, मातेको, पागलहरूलाई आफ्नो कल्याणको लागि सबैले बाटो दिनुपर्छ ॥९॥

सू. – **धर्मचर्यया जघन्यो वर्णः पूर्वं पूर्वं वर्णमापद्यते जातिपरिवृत्तौ ॥१०॥**

अनु. – आ-आफ्ना धर्मको ठीकठीक परिपालन गर्नाले अर्को जन्ममा तल्ला जातका व्यक्तिहरू आ-आफ्ना पूर्ववर्ती जातिमा जन्म पाउँछन् । अर्थात् आफ्नो धर्ममा रहने शूद्र अर्को जन्ममा वैश्य हुन्छ, यस्तै वैश्य, क्षत्रिय र क्षत्रिय ब्राह्मण हुन्छ ॥१०॥

सू. – **अधर्मचर्यया पूर्वो वर्णो जघन्यं जघन्यं वर्णमापद्यते जातिपरिवृत्तौ ॥११॥**

अनु. – (यसरी नै) अधर्म गर्नाले दोस्रो जन्ममा पहिलो जातको व्यक्ति पछिको जातमा जन्म लिन पुग्दछ । अर्थात् अहिलेको ब्राह्मण अर्को जन्ममा क्षत्रिय हुन पुग्छ । क्षत्रिय, वैश्य हुनपुग्छ भने वैश्य शूद्र हुन पुग्दछ ॥११॥

सू. – **धर्मप्रजासम्पन्ने दारे नाऽन्यां कुर्वीत ॥१२॥**

अनु. – श्रौत गार्ह्य र स्मार्त कर्ममा श्रद्धा आस्था राख्ने, छोरा-छोरी भएकी पत्नी छँदाछँदै अर्को विवाह नगर्नू ॥१२॥

सू. – **अन्यतराऽभावे कार्या प्रागग्न्याधेयात् ॥१३॥**

अनु. – पहिली पत्नी वैदिक र स्मार्त धर्ममा आस्था नराख्ने या सन्तान नभएकी भएमा अग्निहोत्र लिनुभन्दा पहिले विवाह गर्नू ॥१३॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सू. – आधाने हि सती कर्मभिः सम्बध्यते येषामेतदङ्गम् ।।१४।।

अनु. – अग्न्याधान अर्थात् अग्निहोत्रकर्म लिइसकेपछि विद्यमान पत्नी अग्निहोत्रका कर्महरूसँग सम्बद्ध हुन्छिन् र यी कर्महरूको अङ्ग हुन पुग्छिन् ।।१४।।

यस सम्बन्धमा मनु—

भार्यायै पूर्वमारिण्यै दत्वाऽग्नीनन्त्यकर्मणि ।
पुनर्दारक्रियां कुर्यात् पुनराधानमेव च ।। इति ।।

(आफूभन्दा पहिले मर्ने पत्नीलाई अन्त्य कर्ममा अग्निहरू दिएर फेरि अग्न्याधानका साथै विवाह पनि गर्नू ।)

यसमा याज्ञवल्क्य—

आहरेद् विधिवद्दारानग्नींश्चैवाऽविलम्बयन्।

(पत्नीको मृत्युपछि विद्यमान अग्निद्वारा पत्नीको अन्त्येष्ठि गरी फेरि विधिपूर्वक अग्न्याधान र दोस्रो विवाह गर्नमा ढिला नगर्नू ।)

सू. – सगोत्राय दुहितरं न प्रयच्छेत् ।।१५।।

अनु. – आफ्नो समान गोत्र भएका पुरुषलाई छोरी नदिनू ।।१५।।

सू. – मातुश्च योनिसम्बन्धेभ्यः ।।१६।।

अनु. – आमा र बाबुका[1] योनिसम्बन्धी पुरुष असगोत्रकै भए पनि तिनलाई छोरी नदिनू अर्थात् कन्याको मावलीको पुरुषमा र कन्याको फुपूहरूको पुरुषमा कन्या नदिनू ।।१६।।

यस सम्बन्धमा मनु—

असपिण्डा च या मातुरसगोत्रा च या पितुः ।
सा प्रशस्ता द्विजातीनां दारकर्मणि मैथुने ।।

(आमाका सम्बन्धीका सपिण्डबाहिरकी र पिताको सगोत्र नपर्ने लडकी द्विजातिहरूको लागि विवाह एवं मैथुनको लागि असल हुन्छिन् ।)

यस सम्बन्धमा व्यास—

स्नात्वा समुद्वहेत्कन्यां सवर्णां लक्षणान्विताम् ।
यवीयसीं भ्रातृमतीमसगोत्रां प्रयत्नतः ।।
मातुः सगोत्रामित्येके नेच्छन्त्युद्वाहकर्मणि ।

१. सूत्रमा पडिएका 'च' कारले यो अर्थ ल्याउँछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जन्मनाम्नोरविज्ञाने नोद्वहेदविशङ्कितः ॥

मातुः सपिण्डा यत्नेन वर्जनीया द्विजातिभिः ॥ इति ।

(विद्याध्ययन पूरा गरेपछि, स्नान गरेपछि एकै जातकी लक्षण सम्पन्न, आफूभन्दा उमेरमा कान्छी, दाजुभाइ भएकी, अन्य गोत्रकी आमाको माइतीको सापिण्ड्यबाहिरकी मामलीको सगोत्री पनि नपर्ने [कसैका मतमा] नाम र जन्म कुन कुलमा भएको थाहा भएकी यस्ती कन्यासँग द्विजातिहरूले विवाह गर्नू ।)

गौतम—

असमानप्रवरैर्विवाह। ऊर्ध्वं सप्तमात् पितृबन्धुभ्यो बीजिनश्च ।

मातृबन्धुभ्यः पञ्चमात् ॥

(समान प्रवर नभएका बाबुका बन्धुहरू (फुपूहरूको) सात पुस्ता र मातृबन्धु (मामाहरू) को पाँच पुस्ता बाहिरका व्यक्तिसँग विवाह सम्बन्ध गर्नू)

सू. – **ब्राह्मे विवाहे बन्धुशीललक्षण सम्पन्न श्रुतारोग्याणि बुद्ध्वा प्रजां सहत्वकर्मभ्यः प्रतिपादयेच्छक्तिविषयेणाऽलङ्कृत्य ॥१७॥**

अनु. – ब्रह्म=वेद; तत्प्रतिपादितोब्राह्म अर्थात् वेदशास्त्रले प्रतिपादन गरिने ब्राह्म विवाहमा वरका सम्बन्धमा बुझ बुझारथ गरी जस्तै उनका दाजुभाइ बन्धु कस्ता छन् । उनको स्वभाव कस्तो छ, लक्षण कस्ता कस्ता छन्, धनदौलत कति छ, पढाइ कति छ, उनको स्वास्थ्य कस्तो छ इत्यादि कुरा बुझेर पति-पत्नीले मिलेर सँगै गर्नुपर्ने धार्मिक आर्थिक व्यावहारिक कामकाज सम्पन्न गर्न शक्तिअनुसार अलङ्कृत गराइएकी आफ्नी छोरी योग्य वरलाई समर्पित गर्नू ॥१८॥

सू. – **आर्षे दुहितृमते मिथुनौ गावौ देयौ ॥१८॥**

अनु. – आर्ष विवाहमा वरका तर्फबाट छोरीका बाबुलाई एक गाई र एक साँढे (बहर) दिनुपर्छ ॥१८॥

सू. – **दैवे यज्ञतन्त्र ऋत्विजे प्रतिपादयेत् ॥१९॥**

अनु. – दैव विवाहमा यज्ञका प्रक्रियाहरू धमाधम चलिरहेको अवस्थामा अलङ्कृत कन्या लगेर कन्याका पिताले यज्ञ गराइरहेका ऋत्विक्लाई समर्पित गरिदिनुपर्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सू. – मिथः कामात् सो(सं)वर्तेते स गान्धर्वः ॥२०॥

अनु. – जसमा युवक-युवती परस्परमा कामासक्त भएर एकान्तमा सम्पर्क गर्दछन् त्यो गन्धर्व विवाह हो ॥२०॥

यस गान्धर्व विवाहमा पनि संयोगोत्तरकालमा विवाह-संस्कार गर्नुपर्छ ।

इत्यापस्तम्ब-धर्मसूत्रे द्वितीयप्रश्ने एकादशी कण्डिका

यसरी आपस्तम्ब-धर्मसूत्रको द्वितीय प्रश्नको नेपाली अनुवादमा एघारौं कण्डिका पूरा भयो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अथ द्वादशी कण्डिका

(अब बाह्रौं कण्डिका सुरु हुन्छ)

सू. – **शक्तिविषयेण द्रव्याणि दत्वाऽऽ वहेरन् स आसुरः ॥१॥**

अनु. – वरद्वारा कन्यापक्षका व्यक्तिहरूलाई शक्तिअनुसार धन दिएर जुन विवाह गरिन्छ त्यो आसुरी विवाह हो ॥१॥

सू. – **दुहितृमतः प्रोथयित्वा अवहेरन् (अवहरेत्) स राक्षसः ॥२॥**

अनु. – लडकी पक्षका व्यक्तिहरूलाई लछारपछार पारेर जसमा कन्याको अपहरण गरिन्छ। त्यो राक्षसी विवाह हो ॥२॥

टिप्पणी – अरू ग्रन्थकारहरूले विवाहहरू आठ प्रकारका वताएका छन्। यहाँ छ प्रकारका मात्र वताइए— ब्राह्म, आर्ष, गान्धर्व, आसुर, राक्षस। यिनका अतिरिक्त प्राजापत्य र पैशाच पनि विवाहका प्रकार वताइएका छन् मनुस्मृति आदिमा। तिमीहरू दुईजनाले साथसाथ धर्म गर्नु भनी छोरी पुरुषलाई सुम्पने विधिलाई प्राजापत्य भन्दछन्। कन्या निदाएको अवस्थामा वा मादक पदार्थको सेवन आदिले बेहोश भएको अवस्थामा अपहरण गरी लानुलाई पैशाच भन्दछन्। यस ग्रन्थमा यी दुवै प्रकारहरू क्रमशः ब्राह्म र राक्षसमा अन्तर्भूत गराइएका छन्।

सू. – **तेषां त्रय आद्याः प्रशस्ताः पूर्वः पूर्वः श्रेयान् ॥३॥**

अनु. – ती छ प्रकारका विवाहहरूमध्ये पहिला तीन विवाहहरू– ब्राह्म, आर्ष र दैव असल मानिन्छन्। ती तीनमा पनि दैवभन्दा आर्ष उत्तम, आर्षभन्दा ब्राह्म उत्तम मानिन्छन् ॥३॥

सू. – **यथायुक्तो विवाहस्तथा युक्ता प्रजा भवति ॥४॥**

अनु. – उक्त छ प्रकारका विवाहहरूमध्ये जस्तो विवाह गऱ्यो उस्तै सन्तान हुन्छन्। अर्थात् उत्तम विवाह गरे उत्तम नै सन्तान हुन्छन्, अधम विवाह गरे अधम सन्तान हुन्छन् ॥४॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यस प्रसङ्गमा, मनु—

ब्राह्मादिषु विवाहेषु चतुर्ष्वेवानुपूर्वशः ।
ब्रह्मवर्चस्विनः पुत्रा जायन्ते शिष्टसम्मताः ।।
रुपसत्वगुणोपेता धनवन्तो यशस्विनः ।
पर्याप्तभोगा धर्मिष्ठा जावन्ति च शतं समाः ।।
उत्तरेषु च शिष्टेषु नृशंसानृतवादिनः ।
जायन्ते दुर्विवाहेषु ब्रह्मधर्मद्विषः सुताः ।।

(क्रमशः ब्राह्म आदि चार विवाहहरुमा मात्र ब्रह्मवर्चस्वी शिष्टहरूले मानिने रूप, बल गुणहरूले युक्त, धनी कीर्तिमान्, पर्याप्त भोग भएका आफ्नो धर्ममा रहने, सय वर्षसम्म बाँच्ने छोरा-छोरीहरु उत्पन्न हुन्छन् । अरू बाँकी दुर्विवाहहरुमा वेदविद्या र धर्म छोडेका, झूटो बोल्ने घातक सन्तानहरु उत्पन्न हुन्छ ।)

सू. – प्राजापत्येन सह ब्राह्माद्याश्चत्वारो ब्राह्मणस्य । गान्धर्वराक्षसो क्षत्रियस्य । आसुरं तु वैश्यशूद्रयोः । पैशाचो न कस्यचिदपि ।
ब्राह्म, आर्ष, दैव, प्राजापत्य यी चार मात्र ब्राह्मणको लागि र पूर्वोक्त चार र गान्धर्व एवं राक्षस विवाह क्षत्रियको लागि, पूर्वोक्त र आसुर वैश्य शूद्रको लागि । पैशाच कसैको लागि पनि होइन ।

सू. – प्राणिसमूढं ब्राह्मणस्य नाऽप्रोक्षितमभितिष्ठेत्।।५।।
अनु. – ब्राह्मणले हातले लिपेको वा छोएको भूभागमा पानीले नसिंची नबस्नू ।।५।।

सू. – अग्निं ब्राह्मणं चान्तरेण नाऽतिक्रामेत् ।।६।।
अनु. – अग्नि र ब्राह्मणको बीचबाट नजानू ।।६।।

सू. – ब्राह्मणांश्च ।।७।।
अनु. – ब्राह्मणहरूको बीचबाट पनि नजानू।।७।।

सू. – अनुज्ञाप्य वाऽतिक्रामेत् ।।८।।
अनु. – अथवा 'म यहाँबाट जान सक्छु ?' भनी सोधेर अनुमति लिई जानू।।८।।

सू. – अग्निमपश्च न युगपद् धारयीत् ।।९।।
अनु. – आगो र पानी एकैसाथ नलिनू ।।९।।

सू. – नानाग्नीनां च सन्निपातं च वर्जयेत् ।।१०।।
अनु. – विभिन्न ठाउँमा जलाइएका अग्निहरूलाई एकै ठाउँमा नमिसाउनू।।१०।।
सू. – प्रतिमुखमग्निमाह्रियमाणं नाऽप्रतिष्ठितं भूमौ प्रदक्षिणीकुर्यात् ।।११।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनु. – आफ्नु सामु ल्याउन लागिएका अग्निलाई जमिनमा नराखी उसको प्रदक्षिणा नगर्नू ।।११।।

सू. – पृष्ठतश्चाऽऽत्मनः पाणी न संश्लेषयेत् ।।१२।।

अनु. – आफ्ना दुवै हात पछाडितिर नजोड्नू ।।१२।।

सू. – स्वपन्नभिनिम्रुक्तो नाश्वान् वाग्यतो रात्रिमासीत श्वोभूत उदकमुपस्पृश्य वाचं विसृजेत् ।।१३।।

अनु. – निदाइरहेको अवस्थामा सूर्य उदाएछन् वा अस्ताएछन् भने त्यो रात नखाई मौन भएर बस्नू र भोलिपल्ट स्नान गरेर मात्र बोल्नू ।।१३।।

सुप्ते यस्मिन्नस्तमेति सुप्ते यस्मिन्नुदेति च ।
अंशुमानभि निम्रुक्ताभ्युदितौ च यथाक्रमम् ।। अमरकोश ।

(निदाई-निदाई सूर्यास्त हुन दिनेलाई 'अभिनिर्मुक्त' भन्दछन् । निदाई-निदाई सूर्योदय हुन दिनेलाई 'अभ्युदित' भन्दछन् ।)

सू. – स्वपन्नभ्युदितो नाश्वान्वाग्यतोऽहस्तिष्ठेत् ।।१४।।

अनु. – आफू निदाएकै अवस्थामा सूर्योदय भएछ भने त्यो दिनभर नखाई मौनव्रत रहनू ।।१४।।

सू. – आतमितोः प्राणमायच्छेदित्येके ।।१५।।

अनु. – सूर्योदय र सूर्यास्तका समयमा निदाएकोमा प्रायश्चित्तको लागि शरीरका अवयवहरू नथाकेसम्म प्राणायाम गर्नू भन्ने कुनै आचार्यको राय छ ।।१५।।

सू. – स्वप्नं वा पापकं दृष्टा ।।१६।। अर्थं वा सिषाधयिषन् ।।१७।।

अनु. – नराम्रो स्वप्न देखेमा वा कुनै विशिष्ट प्रयोजन सिद्ध गर्नको लागि पनि शरीरका अवयवहरू नथाकेसम्म प्राणायाम गर्नू ।।१६।।१७।।

सू. – नियमातिक्रमे चाऽन्यस्मिन् ।।१८।।

अनु. – अरू कुनै नियमहरूको अतिक्रमण भएमा पनि शरीरका अवयवहरू नथाकेसम्म प्राणायाम गर्नू ।।१८।।

(जस्तै–'उत्तरमुख भएर मूत्रत्याग गर्नू' यो नियमको अतिक्रमण भएमा पूर्वोक्त प्राणायाम गर्नू)

सू. – दोषफलसंशये न तत्कार्यम् ।।१९।।

अनु. – कुनै काम गरेबाट फलको सम्भावना हुन्छ भने त्यस्तो काममा हात नहाल्नू ।।१९।। (जस्तै– भयले युक्त देशमा एक्लै जानू यो दोषफलको सम्भावना भएको हो त्यसमा नजानू)

सू. – एवमध्यायानध्याये ।।२०।।

अनु. – कुनै दिन अनध्याय हो कि होइन भन्ने सन्देह भएमा त्यस दिन अध्ययन नगर्ने ।।२०।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सू. – **न संशये प्रत्यक्षवद् ब्रूयात् ।।२१।।**

अनु. – आफैलाई सन्देह लागेमा प्रत्यक्ष देखेजस्तो गरी नबोल्नू ।।२१।।

सू. – **अभिनिम्रुक्ताभ्युदित कुनखिश्यावदाग्रदिधिषुदिधिषूपति पर्याहितपरीष्टपरिवित्तपरिविन्नपरिविविदानेषु चोत्तरोत्तरस्मिन्न शुचिकरनिर्वेषो गरीयान्, गरीयान् ।।२२।।**

अनु. – सूर्यास्तको समयमा निदाइरहने, सूर्योदयको समयमा निदाइरहेको, काला नङ भएको, काला दाँत भएको, दिदीको विवाह नभई बहिनीसँग विवाह गर्ने व्यक्ति, आफ्नुभन्दा पहिले बहिनीको विवाह भइसकेपछि विवाह हुने दिदीका पति, दाजुले अग्निहोत्र नलिदैं अग्निहोत्र लिने भाइ, दाजुले सोमयाग नगरी सोमयाग गर्ने भाइ, आफूभन्दा पहिले सोमयाग गर्ने भाइको दाजु, दाजुले विवाह नगरी विवाह गर्ने भाइ, आफूभन्दा पहिले विवाह गर्ने भाइको दाजु, ज्येठाकी पत्नीसँग भोग गर्ने कान्छो, आफूभन्दा पहिले अंश लिने भाइको दाजु, दाजुभन्दा पहिले अंश लिने भाइ यी सबै व्यक्तिहरू दोषी हुन् । यिनीहरूले शुद्ध हुनलाई अपवित्रताको प्रायश्चित्त गर्नुपर्छ ।[१] यिनमा यहाँको विन्यासका क्रममा उत्तरोत्तर अपराध गहकिला र पहिला पहिला अपेक्षाकृत हल्का छन् । यी यहाँ बताइएका दोषहरूका पूर्वमा बताइएका आदिका अपवित्रलाई पवित्र पार्ने प्रायश्चित्त गरेर ती अपराधका कारणहरू हराइदिनु हटाउन सकिने जति भन्ने कसैको राय छ ।।२३।।

सू. – **तच्च लिङ्गं चरित्वोद्धार्यमित्येके ।।२३।।**

अनु. – जुन कुनखी (काला नङ भएको) आदि जो को प्रायश्चित्त गरेर कुनखी आदि चिह्नलाई उद्धार गर्नु यो कुनै आचार्यले मानेका छन् आहिताग्नि बाहेक ।।२३।।

इत्यापस्तम्ब-धर्मसूत्रे द्वितीयप्रश्ने द्वादशी कण्डिका

यसरी आपस्तम्ब-धर्मसूत्रको द्वितीय प्रश्नको बाह्रौं कण्डिका पूरा भयो।

---

१. यस ग्रन्थमा पहिले बताइसकिएका छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अथ षष्ठः पटलः

(अब छैटौं पटल सुरु हुन्छ)

सू. – सवर्णापूर्वशास्त्रविहितायां यथर्तुं गच्छतः पुत्रास्तेषां कर्मभिस्सम्बन्धः ॥१॥

अनु. – समानवर्णमा उत्पन्न भएकी जस्तै ब्राह्मणको ब्राह्मणी नै भए पनि जातभात मिल्दी, यसभन्दा पहिले अरू कसैलाई नदिइएकी (पूर्व पति नभएकी) कुनै पुरुषसँग सम्बन्ध नराखेकी, शास्त्रविहित संस्कारले संस्कृत भएकी धर्मपत्नीमा ऋतुपिच्छे अनिषिद्ध दिनमा सम्बन्ध राख्ने व्यक्तिका जो पुत्रहरू हुन्छन्, तिनीहरूकै मात्र शास्त्रले विभिन्न जात र वर्गहरूको लागि शास्त्रद्वारा तोकिएका कर्महरू गर्ने अधिकार हुन्छ, अर्थात् उनीहरूको ती कर्महरूसँग सम्बन्ध हुन्छ ॥१॥

सू. – दायेन चाऽव्यतिक्रमश्चोभयोः ॥२॥

अनु. – पैतृक सम्पत्तिले गर्दा सन्तानले आफना माता पिता दुवैमा गलत व्यवहार (व्यतिक्रम) गर्दैन ॥२॥ (अर्थात् मातापितामाथि सन्तानले गलत व्यवहार गरेमा उचित रूपमा पैतृक धनको हिस्सा नपाइएला भन्ने उसमा डर हुन्छ।) प्रथम सूत्रोक्तरीतिले उत्पन्न पुत्रको पैत्रिक सम्पत्ति (आमा बाबुको सम्पत्ति) मा अधिकार हुन्छ यदि पुत्रले मातापिताप्रति उचित व्यवहार गर्छ।

सू. – पूर्ववत्यामसंस्कृतायां वर्णान्तरे च मैथुने दोषः ॥३॥

अनु. – अरूले पहिले स्वीकार गरिसकेकी पूर्वमा कसैसँग विवाह गरिसकेकी वा कुनै पनि शास्त्रीय संस्कार नभएकी अथवा अर्कै वर्ण भएकी स्त्रीमा मैथुन गरेमा मैथुन गर्ने-गराउने दुवै दोषी हुन्छन् ॥३॥

सू. – तत्राऽपि दोषवान् पुत्र एव ॥४॥

अनु. – त्यसमा पनि ती दुवै स्त्री पुरुषभन्दा पनि ज्यादा दोषी उनीहरूको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पुत्र नै हुन्छ। आफ्नो पहिलो लोग्ने जिउँदो छँदाछँदै अरूबाट उत्पन्न गराएको सन्तान 'कुण्ड' भनिन्छ। पहिलो लोग्ने मरिसकेपछि अरूबाट उत्पन्न गराइएको सन्तान (गोलक) भनिन्छ। यी दुवै कुण्ड एवं गोलक ज्यादै दोषी मानिन्छन् ।।४।

अरूसित विवाह नभएकी र सम्पर्क पनि नभएकी सवर्णकी भएकी असंस्कृत भएकी उत्पन्न पुत्रको अर्को नाममा छैन किन्तु त्यो दोष मुक्त नै मानिएको छ। असवर्ग भएमा जात्यन्तर नै हुन्छ।

सू. – उत्पादयितुः पुत्र इति हि ब्राह्मणम ।।५।।

अनु. – 'पुत्र जसकी श्रीमतीले जन्माएको उसको नभएर जसका वीर्यबाट जन्मेको हो उसको हुन्छ।' यो कुनै ब्राह्मणग्रन्थको वाक्य हो ।।५।।

यो केवल ब्राह्मणवाक्य मात्र नभएर वैदिक गाथा पनि यस प्रकार छ–

सू. – अथाप्युदाहरन्ति–

इदानीमेवाऽहं जनकः स्त्रीणामीर्ष्यामि नो पुरा।

यदा यमस्य सा[१]दने जनयितुः पुत्रमब्रुवन् ।।

रेतोधाः पुत्रं नयति परेत्य यमसा[२]दने।

तस्माद् भार्यां रक्षन्ति बिभ्यन्तः[३] पररेतसः ।।

अप्रमत्ता रक्षथ[४] तन्तुमेतं मा वः क्षेत्रे पर[६]बीजानि वाप्सुः[५]।

जनयितुः पुत्रो भवति साम्पराये[७] मोघं वेत्ता कुरुते तन्तुमेतमिति ।।६।।

अनु. – पुत्र जसकी पत्नीले जन्माएको हो उसको हुन्छ कि जसको वीर्यबाट जन्मेको हो उसको हुन्छ? भन्ने प्रश्नको विवादमा हार खाने पतिको यो भनाइ हो। अहिले आएर मात्र म पिता आफ्नी पत्नीले अरूद्वारा मैथुन गराउँदा उनको ईर्ष्या गर्न थालें। पहिले गर्दिनथें। म कारणवश मरेर यमलोक पुग्दा त्यहाँका धर्मज्ञहरूले भने– मरेर यमलोकमा गएपछि यस धरतीमा पुत्रले दिएको अन्न-पानी त्यो पुत्र जसकी पत्नीले जन्माएको हो त्यसले पाउँदैन किन्तु जसले त्यस पत्नीमा गर्भाधान गरेको छ त्यसले पाउँछ। त्यस कारण आफ्ना

१.+२. लौकिक प्रयोग सदने वैदिक प्रयोग सादने। ३. लौकिक प्रयोग बिभ्यतः वैदिक प्रयोग बिभ्यन्तः। ४. लोडर्थे लट् ५. उल्टा यहाँ कर्ममा कर्तृ प्रत्यय भयो। ६. यहाँ परे बीजानि यस्तो हुनुपर्ने सुपां सुलुक ...... सूत्रले जस् विभक्तिको लोप भयो। ७. साम्परायः=परलोक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पत्नीमा अरूको वीर्य पर्ला भनी डराएका व्यक्तिहरू पत्नीको रक्षा गर्दछन् । तिमीहरू पनि सावधान भएर आफ्ना सन्तानरूपी धागोलाई बचाऔं । तिमीहरूका पत्नीहरूमा अरू व्यक्तिहरू वीर्य राख्न नपाऊन् । त्यो स्त्रीसँग गर्ने व्यक्ति अर्काको वीर्यबाट जन्मेका सन्तानलाई व्यर्थमै आफ्नो सन्तान ठान्छ किनभने परलोकमा जसको वीर्य हुन्छ उसैको सन्तान मानिन्छ । विवाह गर्नेको मानिदैन ॥६॥

सू. – दृष्टो धर्मव्यतिक्रमस्साहसं च पूर्वेषाम् ॥७॥

अनु. – हाम्रा पूर्खाहरूको धार्मिक मर्यादाको उल्लङ्घन र साहसिला कामहरू नभएका होइनन् दुवै कुरा देखिएकै छन् ॥७॥

(जस्तै– उतथ्य र भारद्वाज आफ्ना पत्नी साटासाट गरेर भोग्थे। वसिष्ठले चाण्डालनी अक्षमालासँग सम्पर्क गरेका थिए । ब्रह्माजीको आफ्नै छोरी सरस्वतीसँग राम्रो व्यवहार थिएन । जमदग्निका छोरा परशुरामले बाबुका आज्ञाले आफ्नै आमाको शिर काटे ।)

सू. – तेषां तेजोविशेषेण प्रत्यवायो न विद्यते ॥८॥

अनु. – उनीहरू अतितेजस्वी हुनाले उनीहरूलाई प्रत्यवाय (प्रायश्चित्त) लागेन ॥८॥

सू. – तदन्वीक्ष्य प्रयुञ्जानस्सीदत्यवरः ॥९॥

अनु. – अर्वाचीन (यताको आधुनिक व्यक्ति) पूर्खाको त्यो चरित्रलाई दृष्टिमा राखेर त्यस्तै प्रयोग गर्न लाग्यो भने मासिन्छ कष्ट पाउँछ । ९॥

सू. – दानं विक्रयधर्मश्चाऽपत्यस्य न विद्यते ॥१०॥

अनु. – सन्तानको दान वा प्रतिग्रह, क्रय वा विक्रय नगर्नू । छोरालाई दानको रूपमा कसैलाई दिने, कसैबाट दानको रूपमा लिने, कसैलाई मूल्य लिएर दिने वा लिने काम शास्त्रविहित होइनन् ॥१०॥

यो निषेध ज्येष्ठ पुत्र विषयक हो, एक पुत्र विषयक हो अथवा स्त्री सन्तान विषयक हो, यस्तो वसिष्ठको मत छ ।

न पतति अनेनेत्यपत्यम् ।
ऋणमस्मिन् सन्नयत्यमृतत्वं च गच्छति ।
पिता पुत्रस्य जातस्य पश्येच्चेज्जीवतो मुखम् ॥

(यसले गर्दा व्यक्ति नरकमा गिर्दैन, यस व्युत्पत्तिले अपत्य शब्द बन्दछ । यस पुत्रमा आफूले लिएको ऋण जिम्मा लगाउँछ, ऊ स्वयं

---

१. साहसश्चेति पाठेन भवितव्यम् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पुत्रको नाताले अमर बन्न पुग्छ पिताले जीवित पुत्रको मुख देख्यो भने)

सू. – विवाहे दुहितृमते दानं काम्यं धर्मार्थं श्रूयते तस्माद् दुहितृमतेऽतिरथं शतं देयं तन्मिथुया कुर्यादिति तस्यां क्रयशब्दस्संस्तुतिमात्रं धर्माद्धि सम्बन्धः ।।११।।

अनु. – आर्ष विवाहमा कन्यापितालाई एकरथ र एक सय गाई दिनुपर्छ । ती रथ र सय गाईहरू कन्यापिताले फेरि वरलाई फिर्ता गरिदिनू भन्ने वेदवाक्यमा कहीं सुनिन्छ । त्यो काम्य दान हो धर्मका लागि पनि हो । यस प्रसङ्गलाई लिए कुनै स्मृतिहरूमा क्रयशब्दको प्रयोग भएको देखिन्छ । त्यसको लाक्षणिक प्रयोजन मात्र हो । मुख्य रूपमा विवाहको धर्मसँगै सम्बन्ध हुन्छ । धर्मको पालनकै निमित्त पति र पत्नीको सम्बन्ध हुन्छ । आर्ष विवाहमा पुत्री भएकालाई दिइएको फिर्ता गर्नुपर्छ, कन्यादान गर्नेले राख्ने हैन ।।११।।

अब अंशवण्डासम्बन्धी विचार प्रस्तुत हुन्छ—

सू. – एक धनेन ज्येष्ठं तोषयित्वा ।।१२।।

अनु. – एक मुख्य धनद्वारा आफ्ना जेठा छोरालाई सन्तुष्ट गराउनू र अरू अंशवण्डातर्फ लाग्नू ।।१२।।

इत्यापस्तम्ब धर्मसूत्रे द्वितीयप्रश्ने त्रयोदशी कण्डिका

यसरी आपस्तम्ब-धर्मसूत्रको नेपाली अनुवादमा द्वितीय प्रश्नको तेह्रौं कण्डिका पूरा भयो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अथ चतुर्दशी कण्डिका

(अब चौधौं कण्डिका सुरु हुन्छ)

दायविभाग—

सू. — जीवन् पुत्रेभ्यो दायं विभजेत् समं क्लीवमुन्मत्तं पतितं च परिहाप्य ॥१॥

अनु. — गृहपतिले आफ्ना जीवनकालमा नै पूर्व सूत्रले बताएअनुसार ज्येठा छोरालाई लैनीगाई आदि एक मुख्य धन दिएर बाँकी सम्पत्ति नपुंसक, पागल र पतितहरूलाई बाहेक अरू छोराहरू र आफूलाई समान भागमा बाँड्नू ॥१॥

यस सम्बन्धमा मनु—

> अनंशौ क्लीवपतितौ जात्यन्धबधिरौ तथा ।
> उन्मत्तजडमूकाश्च ये च केचिन्निरीन्द्रियाः ॥

(नपुंसक, पतित, जन्मान्ध, बहिरो, पागल, मूर्ख, लाटो, कुनै इन्द्रियको खुन भएको, यी व्यक्तिहरूलाई छोडेर बाँकीलाई र आफू स्वयंलाई पैतृक सम्पत्ति पूर्वोक्तानुसार बाँड्नू ।)

यस सम्बन्धमा नारद—

> मातुर्निवृत्ते रजसि प्रत्तासु भगिनीषु च ।
> निवृत्ते चापि मरणात् पितर्युपरतस्पृहे ॥

(कुन समयमा अंशवण्डा गर्नू भने— आमा ऋतुमती हुन छोडेपछि र सबै दिदी-बहिनीहरूको विवाह दान भइसकेर बाबु पनि भौतिक लालसाबाट हटी मरणासन्न भएपछि वा मरेपछि अंशवण्डा गर्नू। सूत्रमा 'जीवन' भनेको हुनाले जीउँदै अवश्य पुत्रहरूलाई अंशवण्डा गरिदिनू, यो धर्म हो यस्तो प्रतिपादन गरिएको छ भन्ने बुझ्नुपर्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सू. – **पुत्राभावे यः प्रत्यासन्नः स पिण्डः ॥२॥**

अनु. – छोरा नभएमा गृहपतिको अत्यन्त नगीचको जो सपिण्डभित्रको बन्धु हो त्यही दाय (पैतृक धन) को अधिकारी हुन्छ ॥२॥

विशेष— द्वितीय र तृतीय सूत्रको बीचमा टीकामा दायभागको सम्बन्धमा अगाडिका पृष्ठमा विचार गरिएको छ, त्यो छोडिएको छ। यस विषयमा त्यही अध्ययन गर्न सकिन्छ ।

सू. – **तदभाव आचार्य आचार्याभावेऽन्ते वासी हृत्वा तदर्थेयु धर्मकृत्येषु चोपयोजयेत् ॥३॥**

अनु. – नगिचको सपिण्डभित्रको बन्धु पनि नभएमा गुरु गृहपतिका धनका अधिकारी हुन्छन् । गुरु पनि नभए विद्यार्थीले उनको मृत्युपछि सर्व शास्त्रले बताएका क्रियाकाजहरू गराइदिई बचेको धन उनकै लागि धर्मकार्य (पाटी पौवा विद्यालय बनाउनू, बाटोघाटो, पुल छात्रवृत्ति आदि) मा राखिदिनू ॥३॥

सू – **दुहिता वा ॥४॥**

अनु. – अथवा बूढा गृहपतिको धन छोरा नहुँदा छोरीलाई दिए पनि हुन्छ ॥४ ।

सू. – **सर्वाभावे राजा दायं हरेत् ॥५॥**

अनु. – छोरा, छोरी, भाइ, बन्धु, गुरु, विद्यार्थी कोही पनि नभए राजाले गृहपतिको शेष पछि बाँकी सम्पत्ति हरण गर्नू ॥५ ।

विशेष— तर अपुताली लिने वा हरण गर्ने जोसुकैले पनि त्यो सम्पत्ति गृहपतिकै लागि गरिने धर्मकार्यमै खर्च गर्दै गर्नुपर्छ, त्यसै उपभोग गरेमा दोष लाग्छ ।

सू. – **ज्येष्ठो दायाद इत्येके ॥६॥**

अनु. – कुनै आचार्यको मतअनुसार ज्येठो छोरा मात्र पैतृक सम्पत्तिको पूरा अधिकारी हुन्छ । (अरू सबै छोराहरूले उसकै आश्रयमा रहनुपर्छ र उसले पनि पितृतुल्य भएर तिनीहरूको परिपालन गर्नुपर्छ ।) ॥६॥

सू. – **देशविशेषे सुवर्णं कृष्णा गावः कृष्णं भौमं ज्येष्ठस्य ॥७॥**

अनु. – कुनै देशमा सुवर्ण, धातु, काला गाई गोरु र जमिनबाट उत्पन्न हुने काला अनाजहरू ज्येठाका हुने नियम छ ॥७ ।

सू. – **रथः पितुः परिभाण्डं च गृहे ॥८॥**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनु. – रथ र घरमा भएका पीरा काठका बाकसहरू, उपकरणहरू बाबुका अंशमा हुन्छन् ।।८।।

सू. – अलङ्कारो भार्याया ज्ञातिधनं चेत्येके ।।९।।

अनु. – केही धर्मशास्त्रीहरूको रायअनुसार उनले पहिरिएको अलङ्कार र उनका माइतीले दिएको दाइजो पत्नीको अंश हुन्छ ।।९।।

सू. – तच्छास्त्रैर्विप्रतिसिद्धम् ।।१०।।

अनु. – 'जेष्ठो दायाद इत्येके' देखि लिएर यहाँसम्ममा जेजति कुरा बताइए ती सबै शास्त्रविरुद्ध हुन् ।।१०।।

उदाहरणको लागि—

सू. – मनुः पुत्रेभ्यो दायं व्यभजदित्यविशेषेण श्रूयते ।।११।।

अनु. – तैत्तिरीय संहिताको ३।१।९ मा बताइएको छ कि मनुले कुनै भेदभाव नगरी आफ्ना छोराहरूलाई अंशबण्डा गरिदिए ।।११।।

सू. – अथापि 'तस्माज्ज्येष्टं पुत्रं धनेन निरवसाययन्ती' त्येकवच्छ्रूयते।।१२।।

अनु. – अब पनि 'ज्येठा छोरालाई धनद्वारा अलग गराउँछन्' भनेर ज्येठो छोरो एउटै पैतृक धनको अधिकारी हुन्छ भन्ने उक्तिसँग मिल्दाजुल्दा वेद वाक्य पनि सुनिन्छन् ।।१२।।

समाधान—

सू. – अथापि नित्यानुवादमविधिमाहुर्न्यायविदो यथातस्मादजावयः पशूनां सहचरन्तीति । तस्मात् स्नातकस्य मुखं रेफायतीव तस्मात् वस्तश्च श्रोत्रियश्च स्त्रीकामतमाविति ।।१३।।

अनु. – अब पनि न्यायजान्नेहरू नित्यवस्तुको अनुवादलाई विधिशास्त्र मान्दैनन् । त्यस कारण पशुहरूमध्ये बाख्रा र भेडाहरू भिन्न भिन्न जातका भएर पनि सँगसँगै मिलेर चर्छन् । त्यस कारण स्नातकको मुख कुण्डलादिलेमा शोभायमानझैं हुन्छ । त्यस कारण बोको र पूर्ण ब्रह्मचर्य व्रतमा रहेर अङ्गसहित वेदविद्याको अध्ययन गरेको व्यक्ति खूबै स्त्रीको चाहना गर्दछन् ।।१३।।

टिप्पणी – यस सूत्रमा प्रस्तुत गरिएका तीन उदाहरणहरू– (पशुहरूमा भेडा र बाख्रा विजातीय भएर पनि मिलीमिली एकसाथ चर्छन्। विधिपूर्वक पूर्ण ब्रह्मचर्यमा रहेर सम्पूर्ण अङ्गविद्यासहित समस्त वेदविद्याको अध्ययन गरिसकेका व्यक्तिको मुख कुण्डल आदिले शोभायमानझैं हुन्छ । बोको र धेरै समय अखण्ड ब्रह्मचर्यमा रहेको व्यक्ति खूबै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्त्रीको चाहना गर्छन् ।) पानी स्वभावतः ठण्डा र आगो स्वभावतः गरम हुन्छ । यी दुई वाक्य जस्तै यिनीहरू वस्तुस्थितिका अनुवाद हुन्, यी वाक्यहरूबाट कसैले यस्तो गर्नुपर्ने वा हुनुपर्ने रहेछ भन्ने प्रेरणा पाउँदैन । यसैगरी यस प्रकरणमा पढिएका 'ज्येष्ठो दायाद इत्येके ॥६॥' यस सूत्रदेखि यहाँसम्मका सबै सूत्रात्मक वाक्यहरू वस्तुस्थितिका अनुवाद मात्र हुन् । त्यस कारण यिनबाट यस्तो हुनुपर्छ भन्ने प्रेरणा लिनु आवश्यक छैन ।

अब यस प्रकरणको सिद्धान्त बताइन्छ—

सू. – **सर्वे हि धर्मयुक्ता भागिनः ॥१४॥**

अनु. – आफ्नो कुलक्रमागत धर्मले युक्त भएका सबै छोराहरू दाय (पैतृक धन) का समान भागदार हुन्चन् ॥१४॥

सू – **यस्त्वधर्मेण द्रव्याणि प्रतिपादयति ज्येष्ठोऽपि तमभागं कुर्वीत ॥१५॥**

अनु. – जो व्यक्ति जेठो भएर पनि पैतृक द्रव्यहरूलाई धर्मपूर्वक औचित्यपूर्ण ढङ्गले बाँड्दैन । त्यस्ता जेठालाई पैतृक धनको कुनै पनि अंश नपाउने गराइदिनू ॥१५॥

(जीवन पुत्रेभ्यः (२) यस सूत्रले दम्पतिको सहभाव देखाएको छ, त्यसमा कारण देखाइन्छ—

सू. – **जायापत्योर्न विभागो विद्यते ॥१६॥**

अनु. – पति र पत्नीमा कुनै विभाग नै हुँदैन ॥१६॥

सू. – **पाणिग्रहणाद्धि सहत्वं कर्मसु ॥१७॥**

अनु. – किनभने विवाह भएकै दिनदेखि पति र पत्नीको जीवनमा आइपर्ने धार्मिक, आर्थिक, सामाजिक आदि सम्पूर्ण कर्महरूमा दुवैको सहभागिता हुनुपर्छ भनी शास्त्र बताउँछन् । धनको आवश्यकता कर्मकै लागि हो । त्यस कारण पति पत्नीमा दायविभाग (अंशवण्डा) हुँदैन ॥७॥

सू. – **तथा पुण्यफलेषु ॥१८॥**

अनु. – त्यस्तै पुण्यको फलस्वरुप स्वर्गादि लोकको भोगमा पनि पति पत्नीको समान सहभागिता हुन्छ ॥१८॥

सू. – **द्रव्यपरिग्रहेषु च ॥१९॥**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनु. – पैसा कमाउने, बचाउने समुचित उपयोग गर्ने काममा पनि पति-पत्नीको सहभागिता हुन्छ, हुनुपर्छ ।।१९।।

सू. – न हि भर्तुर्विप्रवासे नैमित्तिके दाने स्तेयमुपदिशन्ति ।।२०।।

अनु. – निश्चयेन, पति परदेश गएका अवस्थामा पत्नीले पुण्य पर्व आदि विशेष निमित्तमा घरको सम्पत्ति दान गर्दा त्यसलाई धर्माचार्यहरू चोरी मान्दैनन् । पति-पत्नीको घरको सम्पत्तिमा सहअधिकार नभए चोरी मानिनुपर्ने ।।२०।।

इत्यापस्तम्ब-धर्मसूत्रे द्वितीयप्रश्ने चतुर्दशी कण्डिका

आपस्तम्ब-धर्मसूत्रको नेपाली अनुवादमा द्वितीय प्रश्नको चौधौं कण्डिका पूरा भयो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अथ पञ्चदशी कण्डिका

(अब पन्ध्रौं कण्डिका सुरू हुन्छ)

सू. – **एतेन देशकुलधर्मा व्याख्याताः ॥१॥**

अनु. – यस विवेचनद्वारा 'जेठो नै दाय भागी हो' आदि कुरा शास्त्र विरुद्ध हुनाले अप्रमाण हो र देशविशेषका धर्महरू कुलविशेषका धर्महरूको व्याख्या गरिएको छ ॥१॥ शास्त्रनिषिद्ध मातुलसुताविवाहादि अप्रमाण हुन् ती विरुद्ध प्रमाण हुन् भन्ने कुराको व्याख्या गरियो ।

सू. – **मातुश्च योनिसम्बन्धेभ्यः पितुश्चाऽऽसप्तमामाद्यावता वा सम्बन्धो ज्ञायते तेषां प्रेतेषूदकोपस्पर्शनं गर्भान् परिहाप्याऽऽ परिसंवत्सरान् ॥२॥**

अनु. – आमाको योनिसम्बन्धी मामा आदि व्यक्तिहरू र बाबुको सातौं पुस्तासम्मका सम्बन्धी सपिण्डहरू र फुपूका छोराहरू यिनीहरूदेखि लिएर सातौं पुस्तासम्म बीचका व्यक्तिहरू जहाँसम्म नामद्वारा अथवा जन्मद्वारा जानिन्छन् वा सम्झिन्छन् यो हाम्रा मूलपुरुष (अमुक) को वंशमा उत्पन्न अमुक नाम भएको व्यक्ति भन्ने रुपमा जानिन्छन्, तिनीहरूको मृत्यु भएमा एक वर्षभित्रका बालकहरूलाई छोडेर अरुहरूलाई स्नान गरी जल दिनुपर्छ ॥२॥

यस सम्बन्धमा मनु—

> सपिण्डता तु पुरुषे सप्तमे विनिवर्तते ।
>
> समानोदकभावस्तु जन्मनाम्नोरवेदने ॥ इति ।

(सातौं पुस्तामा गएर सपिण्डता हट्छ । मरणनिमित्तक स्नान र जल दिने काम जन्म र नाम थाहा नभएमा हट्छ ।

सू. – **मातरपितरावेव तेषु ॥३॥**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनु. – ती एक वर्षभित्रका बालकहरूको मृत्यु भएमा उसका माता र पिताले मात्र मरणनिमित्तक स्नान र जलदान गर्नुपर्छ ।।३।।

सू. – हर्तारश्च ।।४।।

अनु. – त्यो मरेको बालकको शरीरलाई उठाउने मलामीहरूले पनि स्नान गर्नुपर्छ ।।४।।

सू. – भार्यायां परमगुरुसंस्थायां चाकालभोजनम् ।।५।।

अनु. – पत्नी र आफ्नो उपनयन संस्कारगरी गायत्री मन्त्रदान सहित विद्या पढाउने गुरु एवं माता, पिताको देहान्त भएमा स्नान जलदानका साथै भोलिपल्ट त्यसै वेलासम्म उपवास पनि गर्नुपर्छ ।।५।।

सू. – आतुरव्यञ्जनानि कुर्वीरन् ।।६।।

अनु. – पूर्वोक्त तीन व्यक्तिहरू (पत्नी, माता, पिता र गुरु) को मृत्युमा अगाडिका सूत्रले बताइने शोकमा चिह्नहरू पनि धारण गर्नुपर्छ ।।६।। शोकका चिह्न जस्तै–

सू. – केशान् प्रकीर्य पांसूनोप्यैकवाससो दक्षिण मुखास्सकृदुपमज्ज्यो त्तीर्योपविशन्त्येवं त्रिः ।।७।।

अनु. – केश फिजाएर माटोको धूलो पोतेर एक मात्र कपडा पहिरी दक्षिणतर्फ फिरी एकपल्ट नुहाई उत्रेर वस्नू । यसरी तीन पल्ट पानीमा डुव्दै उत्रँदै गर्नू (र मृतकको नाम लिएर कुशलिल सहित तीन पल्ट पानी दिनू र दक्षिण दिशातर्फ फिरी वस्नू ।) ।।७।।

सू. – एवं त्रिः ।।८।।

अनु. – यस प्रकार तीनपल्ट गर्नू ।।८।।

सू. – तत्प्रत्ययमुदकमुत्सिच्याऽप्रतीक्षा ग्राममेत्य यत् स्त्रिय आहुस्तत्कुर्वन्ति ।।९।।

अनु. – मृतक र उसका परिवारलाई जानकारी हुने गरी मृतकका नाउँमा पानी दिनू र मलामीहरूले पछाडि नहेरी घर आएर त्यहाँका स्त्रीहरू जो भन्दछन् त्यही गर्छन् ।९।। (स्त्रीहरूले भनेअनुसार अग्निको उपस्पर्श, गाई छुनु आदि (धूप हाल्नु आदि) काम गर्नू ।

सू. – इतरेषु चैतदेवैक उपदिशन्ति ।।१०।।

अनु. – यी यस प्रकरणमा बताइएका अन्तिम क्रियाकलापहरू अरु सपिण्ड-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भिन्नका बन्धु मर्दा पनि गर्नुपर्छ भनेर कुनै धर्मशास्त्रीहरू बताउँछन् ।।१०।।

सू. – **शुचीन् मन्त्रवतस्सर्वकृत्येषु भोजयेत् ।।११।।**

अनु. – एकान्तमा कसैले नदेखता पनि विधिशास्त्र र निषेधशास्त्रको अनुशरण गर्ने पवित्र, वेदका मन्त्रहरूले युक्त पण्डितहरूलाई वेदमा बताइएका, धर्मशास्त्रमा बताइएका एवं गृह्यसूत्र आदि कल्पशास्त्रमा बताइएका सबै कर्महरूमा भोजन गराउनू ।।११।।

सू. – **देशतः कालतः शौचतः सम्यक् प्रतिगृहीतृत इति दानानि पादयति ।।१२।।**

अनु. – प्रयाग आदि महत्त्वशाली देशको दृष्टिले, सूर्यग्रहण आदि महत्त्वशाली समयको दृष्टिले कृच्छ्चान्द्रायण आदि प्रायश्चित्तको परिसमाप्ति बेलामा प्राप्त विद्वानको जस्तो पवित्रताको दृष्टिले एवं दान लिने समान गुण भएका व्यक्तिहरूमा पनि उमेरको परिपक्वता आदिको दृष्टिले त्यस्ता व्यक्तिलाई दानहरू अईश्य दिनू ।।१२।।

सू. – **यस्यास्ग्नौ न क्रियते यस्य चाऽग्रं न दीयते न तद् भोक्तव्यम्।।१३।।**

अनु. – जुन अन्नको केही अंश अग्निमा हवन गरिदैन र जसको केही अंश गाईको लागि गोग्रास राखिदैन, त्यस्तो अन्न नखानू ।।१३।।

सू. – **न क्षारलवणहोमो विद्यते ।।१४।।**

अनु. – कुनै पनि खाद्यको थिगर आयुर्वेदमा क्षार भनिन्छ । बनावटी नूनलाई कुल्लूक भट्टले क्षार भनेका छन् । यस ग्रन्थका संस्कृत टीकाकार हरदत्तले जसलाई अरूले खाएको देखता देखनेका मुखबाट राल टप्कन्छ त्यो क्षार हो भनेका छन् । त्यस्तो क्षार पदार्थ र नून र क्षार पदार्थ मिश्रित अन्नको हवन गरिदैन ।।१४।।

सू. – **तथाऽवरान्नसंसृष्टस्य च ।।१५।।**

अनु. – त्यस्तै गहत, कोदो आदि निकृष्ट अन्न मिसिएको हवनीय पदार्थको पनि हवन नगर्नू ।।१५।।
यस्तै मात्र खाद्य प्राप्त भएमा के गर्ने ?

सू. – **अहविष्यस्य होम उदीचीनमुष्णं भस्माऽपोह्य तस्मिञ्जुहुयात् तद्धुतमहुतं चाग्नौ भवति ।।१६।।**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनु. – अहविष्य पदार्थको हवन गर्ने तरीका यस प्रकार छ– आगाका कोइलामा माथि माथि जमेको तातो खरानी जम्मा गर्नु र त्यसमा गहत आदि अहविष्य पदार्थ हवन गर्नू । यसो गर्दा हवन पनि भयो, अग्निमा हवन पनि भएन ।।१६।। त्यहाँ बोधायन– 'अथ यद्येतदेवान्नं स्यादुन्तरतो भस्ममिश्रानङ्गारा, न्निरुह्य तेषु जुहुयात्' कदन्त भस्ममिश्रित अङ्गारलाई निकालेर होम्नु । अर्काको मत छ– अहविष्यको व्यञ्जनको अमन्त्रक हवन हुन्छ ।

टिप्पणी – यसो गर्दा हवन नगरी नखानू' यस सूत्रका आदेशको परिपालन पनि भयो । अग्निमा अहविष्य पदार्थको हवन पनि भएन ।

सू. – **न स्त्री जुहुयात् ।।१७।।**

अनु. – स्त्रीले अन्नको हवन नगर्नू ।।१७।।

सू. – **नानुपेतः ।।१८।।**

अनु. – व्रतबन्ध संस्कार नभएका व्यक्तिले पनि हवन नगर्नू ।।१८।।

सू. – **आन्नप्राशनाद्गर्भा नाऽप्रयता भवन्ति ।।१९।।**

अनु. – अन्नप्राशन-संस्कार हुनुभन्दा पहिले बालक अपवित्र हुँदैनन् ।।१९।।

टिप्पणी – गौतमको विचारअनुसार बालक जलद्वारा मार्जन गरेपछि मात्र पवित्र हुन्छ ।

सू. – **आ परिसंवत्सरादित्येके ।।२०।।**

अनु. – कुनै धर्मशास्त्रीको रायअनुसार एक वर्ष नपुगेसम्म बालक अपवित्र हुँदैनन् ।।२०।।

सू – **यावता वा दिशो न प्रजानीयुः ।।२१।।**

अनु. – जबसम्म बालकलाई दिशाहरूको जानकारी हुँदैन तबसम्म उनीहरू अपवित्र हुँदैनन् ।।२१।।

सू. – **ओपनयनादित्यपरम् ।।२२।।**

अनु. – उपनयन संस्कार नभएसम्म बालक अपवित्र हुँदैन यो अर्को दर्शन छ ।।२२।।

सू. – **अत्र ह्यधिकारश्शास्त्रैर्भवति ।।२३।।**

अनु. – उपनयन-संस्कार भएपछि मात्र बालकलाई विधिनिषेध शास्त्रद्वारा धार्मिक कार्य गर्ने अधिकार हुन्छ ।

सू. – **सा निष्ठा ।।२४।।**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनु. – उपनयन संस्कार नै अधिकार-प्राप्तिको सुरु सीमा हो । यहींबाट धार्मिक कार्य गर्ने अधिकार सुरु हुन्छ ।।२४।।

सू. – स्मृतिश्च ।।२५।।

अनु. – स्मृतिशास्त्रले पनि उपनयनबाटै बालकको धार्मिक कार्य गर्ने अधिकार बताएको छ ।।२५।।

इत्यापस्तम्ब-धर्मसूत्रे द्वितीयप्रश्ने पञ्चदशी कण्डिका

यसरी आपस्तम्ब-धर्मसूत्रको नेपाली अनुवादमा द्वितीय प्रश्नको पन्ध्रौं कण्डिका पूरा भयो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अथ सप्तमः पटलः

(अब सातौं पटल सुरू हुन्छ)

श्राद्धमहिमा—

सू. – सह देवमनुष्या अस्मिँल्लोके पुरा बभूवुः । अथ देवाः कर्मभिर्दिवं जग्मुरहीयन्त मनुष्याः । तेषां ये तथा कर्माण्यारभन्ते सह देवैर्ब्रह्मणा चाऽमुष्मिन्लोके भवन्ति । अथैतन्मनुः श्राद्धशब्दं प्रोवाच । प्रजानिःश्रेयसाय च ।।१।।

अनु, – प्राचीन समयमा यस पृथिवीलोकमा देवता एवं मनुष्यहरू साथैसाथ बस्तथे । (आफ्नो भन्दा तल्लो तहको काम-कारवाही गर्न मनुष्यहरूसँग मिलेर बसिरहन उनीहरूलाई रुचेन र उनीहरूले साक्षात् वेदशास्त्रमा बताइएका श्रौत कर्महरू, स्मृतिशास्त्रहरूमा बताइएका स्मार्त कर्महरू र गृह्यसूत्रहरूमा बताइएका गार्हस्थ कर्महरू शास्त्रले बताएबमोजिम विधिपूर्वक गरेर स्वर्ग गए । मनुष्यहरूले त्यसो गर्न सकेनन् र उनीहरू देवताहरूभन्दा हीन भएर यसै धरतीमा बसिरहे ।

यसरी धरतीमा बस्ने मनुष्यहरूमध्ये जुनजुन व्यक्तिहरू ती श्रौत, स्मार्त र गार्हस्थ कर्महरूलाई पहिले देवताहरूले गरेजस्तै गरी शास्त्रीय विधि-बमोजिम गर्दै जान्छन् तिनीहरू देवताहरू र ब्रह्माजीसँग परलोक अर्थात् स्वर्गलोकमा आनन्दसाथ रहन्छन् ।

अनि मनुले यस प्रकार मनुष्यहरूलाई देवताहरूभन्दा निकृष्ट भएको देखेर तिनीहरूको परम कल्याणको लागि श्राद्ध शब्दले व्यवहार गरिने यो कर्म बताउनुभयो । अत: श्राद्धको प्रयोजन मनुष्यहरूको परम कल्याण गर्नु नै हो ।।१।।

सू. – तत्र पितरो देवता ब्राह्मणास्त्वाहवनीयार्थे ।।२।।

अनु, – त्यस श्राद्धमा पितृपितामह, प्रपितामहहरू देवता हुन्छन् । त्यस श्राद्धमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भोजन गर्ने ब्राह्मणहरु आहवनीय अग्नि हुन् ।।२।।

श्राद्धमा मुख्य तीन साधन हुन्छन् ती हुन्— हवन, ब्राह्मणभोजन र पिण्डदान । (यहाँ भोजनको प्रधानत्व बताउन यो अर्थवाद भनिएको हो ।)

सू. – **मासि मासि कार्यम् ।।३।।**

अनु. – श्राद्ध महीना-महीनामा (त्यस तिथिमा गर्नुपर्छ ।।३।।

सू. – **अपरपक्षस्याऽपराह्णः श्रेयान् ।।४।।**

अनु. – दोस्रो पक्षको मध्याह्नपछिको समय श्राद्धको निम्ति उत्तम हुन्छ ।।४।।

सू. – **तथाऽपरपक्षस्य जघन्यान्यहानि ।।५।।**

अनु. – त्यस्तै महीनाका दोस्रो पक्षका उत्तरोत्तर पछाडिका दिनहरू श्राद्धको लागि उत्तम हुन्छन् ।।५।।

सू. – **सर्वेष्वेवाऽ परपक्षस्याऽ हस्सु क्रियमाणे पितृन् प्रीणाति । कर्तुंस्तु कालाभिनियमात् फलविशेषः ।।६।।**

अनु. – महीनाका दोस्रो पक्षका सबै दिनहरूमा गरिएका श्राद्धले पितृहरूलाई समान रुपले तृप्ति गराउँछ, परन्तु श्राद्धकर्ताको लागि समयको नियमानुसार विशिष्ट फल उत्पन्न हुन्छन् ।।६।।

टिप्पणी – कर्ताले श्राद्ध गर्न सुरु गर्दा पहिलो महीनामा जुन तिथिमा श्राद्ध गरेको छ सबै महीनाहरूमा त्यसै तिथिमा मात्र गर्नुपर्छ । जस्तै कसैले प्रतिपदाको दिन श्राद्ध सुरु गरेको छ भने सबै महीनाहरूमा उसले प्रतिपदाकै दिन श्राद्ध गर्नुपर्छ एवं द्वितीयाको दिन श्राद्ध गर्ने व्यक्तिले सबै महीनामा द्वितीयाकै दिन श्राद्ध गर्नुपर्छ । यस्तै तृतीयामा सुरु गर्नेले सबै महीनाहरूमा तृतीयाकै दिन इत्यादि ।

अब प्रत्येक तिथिमा गरिने श्राद्धका विशेष फलहरु–

सू. – **प्रथमेऽ हनि क्रियमाणे स्त्रीप्रायमपत्यं जायते ।।७।।**

अनु. – प्रत्येक महीनाका दोस्रो पक्षका प्रतिपदा-प्रतिपदामा श्राद्ध गर्ने व्यक्तिका सन्तानमा प्रायः छोरी हुनेछन् ।।७।।

सू. – **द्वितीये स्तेनाः ।।८।।**

अनु. – एवं प्रत्येक महीनाका द्वितीया-द्वितीयामा श्राद्ध गर्ने व्यक्तिका सन्तानमा चोर छोरा उत्पन्न हुनेछन् ।।८।।

सू. – **तृतीये ब्रह्मवर्चसिनः ।।९।।**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनु. – प्रत्येक महीनाको तृतीया-तृतीया तिथिमा श्राद्ध गर्ने व्यक्तिका सन्तानमा ब्रह्मतेज भएका छोरा हुनेछन् ॥९॥

टिप्पणी – व्रत र अध्ययनबाट उत्पन्न हुने तेजलाई ब्रह्मवर्चस् भन्दछन् ।

सू. – चतुर्थे क्षुद्रपशुमान् ॥१०॥

अनु. – सबै महीनाका दोस्रो पक्षका चतुर्थी-चतुर्थीमा श्राद्ध गर्ने व्यक्ति भेडा-बाखा जस्ता स-साना पशुहरू पर्याप्त भएको हुन्छ ॥१०॥

सू. – पञ्चमे पुमांसो बह्वपत्यो न चानपत्यः प्रमीयते ॥११॥

अनु. – प्रत्येक महीनाको दोस्रो पक्षका पञ्चमी-पञ्चमीमा श्राद्ध गर्ने व्यक्तिका धेरै छोरै छोरा सन्तान हुन्छन् र उसको मर्ने अवस्थामा पनि सबै छोरा साथमा हुन्छन् ॥११॥

कुनै छोरा त्योभन्दा पहिला मर्दैनन्, देशान्तरमा पनि जाँदैनन्, स्वयं त्यो पनि देशान्तर गएर मर्दैन ।

सू. – षष्ठेऽध्वशीलोऽक्षशीलश्च ॥१२॥

अनु. – प्रत्येक महीनाको दोस्रो पक्षका षष्ठी-षष्ठीमा श्राद्ध गर्ने व्यक्ति स्वयं सधैंको बटुवा र जुवाडे हुन्छ ॥१२॥

सू. – सप्तमे कर्षे राद्धिः ॥१३॥

अनु. – प्रत्येक महीनाका दोस्रो पक्षका सप्तमी-सप्तमीमा श्राद्ध गर्ने व्यक्तिलाई खेतीमा सफलता मिल्छ ॥१३॥

सू. – अष्टमे पुष्टिः ॥१४॥

अनु. – सबै महीनाको दोस्रो पक्षका अष्टमी-अष्टमीमा श्राद्ध गर्ने व्यक्तिको पुष्टि (ऐश्वर्य) बढ्छ ॥१४॥

सू. – नवम एकखुराः ॥१५॥

अनु. – सबै महीनाको दोस्रो पक्षका नवमी-नवमीमा श्राद्ध गर्ने व्यक्तिकहाँ घोडा आदि एकखुरे पशुहरूको वृद्धि हुन्छ ॥१५॥

सू. – दशमे व्यवहारे राद्धिः ॥१६॥

अनु. – सबै महीनाका दशमी-दशमीमा श्राद्ध गर्ने व्यक्तिलाई व्यावहारिक सफलता मिल्छ ॥१६॥

टिप्पणी – यहाँ संस्कृत टीकाकारले व्यवहार शब्दको अर्थ व्यापार अथवा शास्त्रीय ज्ञान भनेका छन् ।

सू. – एकादशे कृष्णायसं त्रपुसीसम् ॥१७॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनु. – सबै महीनाको दोस्रो पक्षका एकादशी-एकादशीमा श्राद्ध गर्ने व्यक्तिलाई कालो फलाम र लाहा सीसाका सामग्री प्राप्त हुन्छन् ।।१७।।

सू. – द्वादशे पशुमान् ।।१८।।

अनु. – सबै महीनाको दोस्रो पक्षका द्वादशी-द्वादशीमा श्राद्ध गर्ने व्यक्ति धेरै पशुधन भएको हुन्छ ।।१८।।

सू. – त्रयोदशे बहुपुत्रो बहुमित्रो दर्शनीयापत्यो यूवमारिणस्तु भवन्ति ।।१९।।

अनु. – सबै महीनाको दोस्रो पक्षका त्रयोदशी-त्रयोदशीमा श्राद्ध गर्ने व्यक्ति हेरिरहुँ जस्ता धेरै छोरा भएको, धेरै मित्र भएको हुन्छ । किन्तु छोराहरू युवावस्थामै मर्ने हुन्छन् ।।१९।।

सू. – चतुर्दश आयुधे राद्धिः ।।२०।।

अनु. – प्रत्येक महीनाको दोस्रो पक्षका चतुर्दशीका दिन श्राद्ध गर्ने व्यक्तिलाई हतियारमा सफलता मिल्छ ।।२०।।
अर्थात् युद्धमा विजय हुन्छ ।

सू. – पञ्चदशे पुष्टिः ।।२१।।

अनु. – महीनाको दोस्रो पक्षको पन्ध्रौं दिन (अमावास्या) मा श्राद्ध गर्ने व्यक्तिकहाँ समृद्धि पुष्टि आउँछन् ।।२१।।

सू. – तत्र द्रव्याणि तिलमासा व्रीहियवा आपो मूलफलानि च ।।२२।।

अनु. – त्यस श्राद्धमा आवश्यक द्रव्यहरू तिल, मास, धान, जौ, जल, मूल (तरुल आदि) फलहरू हुन् ।।२२।।

सू. – स्नेहवति त्वेवान्ने तीव्रतरा पितृणां प्रीतिर्द्राघीयांसं च कालम् ।।२३।।

अनु. – अन्न जुनसुकै भए पनि घिउ, तेल पर्याप्त भएको खाद्यमा पितृहरूको लामो समयसम्म पर्याप्त प्रीति हुन्छ ।।२३।।

सू. – तथा धर्माहृतेन द्रव्येण तीर्थे प्रतिपन्नेन ।।२४।।

अनु. – त्यस्तै धर्मपूर्वक कमाइएका र तत्पात्रमा समर्पण गरिएका द्रव्यमा पनि पितृहरूको धेरै समयसम्म तीव्र प्रीति हुन्छ ।।२४।।

सू. – संवत्सरं गव्येन प्रीतिः ।।२५।।

अनु. – गाईका दूध घिउहरूले तयार गरिएका भोजनद्वारा एक वर्षतक पितृहरूलाई तुष्टि मिल्छ ।।२५।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(यहाँ टीकाकारले गव्येनको अर्थ गाईको मासु गरेका छन् ।)

सू. – भूयांसमतो माहिषेण ॥२६॥

अनु. – राँगाको मासुले यसभन्दा धेरै समयसम्म पितृहरूलाई तृप्ति मिल्छ ॥२६॥

सू. – एतेन ग्राम्यारण्यानां पशूनां मांसं मेध्यं व्याख्यातम् ॥२७॥

अनु. – यसद्वारा गाउँहरूमा पालिने र जङ्गलहरूमा पाइने पशुहरुको मासु पवित्र हुन्छ भन्ने कुराको व्याख्या भयो ॥२७॥

इत्यापस्तम्ब-धर्मसूत्रे द्वितीयप्रश्ने षोडशी कण्डिका

यसरी आपस्तम्ब-धर्मसूत्रको नेपाली अनुवादमा द्वितीय प्रश्नको सोह्रौं कण्डिका पूरा भयो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अथ सप्तदशी कण्डिका

(अब सत्रौं कण्डिका सुरु हुन्छ)

सू. – **खड्गोपस्तरणे खड्गमांसेनाऽऽ नन्त्यं कालम् ॥१॥**

अनु. – गैंडाको छाला बिछ्याएर त्यसमाथि राखिएका ब्राह्मणहरूलाई गैंडाको मासुले तृप्त गराएमा अनन्त कालसम्म पितृहरूलाई तृप्ति मिल्छ ॥१॥

सू. – **तथा शतबलेर्मत्स्यस्य मांसेन ॥२॥**

अनु. – धेरै काँडा हुने रोहित माछालाई शतबलि भन्दछन् । त्यस्ता शतबलि माछाका मासुले पनि पितृहरूलाई अनन्त कालसम्म तृप्ति मिल्छ ॥२॥

सू. – **वार्घ्राणसस्य च ॥३॥**

अनु. – वार्घ्राणस नामक पक्षीका मासुले पनि पितृहरूलाई अनन्त कालसम्म तृप्ति मिल्छ ॥३॥

सू. – **प्रयतः प्रसन्नमना स्सृष्टो भोजयेद् ब्राह्मणान् ब्रह्मविदो योनिगोत्रमन्त्रान्ते वास्यसम्बन्धान् ॥४॥**

अनु. – स्नान आचमन आदिद्वारा शुद्ध भएर मन खुशी राखी, खूब उत्साही बन्दै मामा आदि योनिसम्बन्धी, काका भतिजा आदि गोत्रसम्बन्धी, ऋत्विक् यजमान आदि मन्त्रसम्बन्धी, विद्यार्थी गुरु आदि अन्तेवासिसम्बन्धी (विद्यासम्बन्धी) आदि व्यक्तिहरूलाई छोडेर अरू ब्रह्मवेत्ता अध्यात्मज्ञान राखने ब्राह्मणहरूलाई श्राद्धमा भोजन गराउनू ॥४॥

सू. – **गुणहान्यां तु परेषां समुदेतः सोदर्योऽपि भोजयितव्यः ॥५॥**

अनु. – योनिसम्बन्धी, गोत्रसम्बन्धी, मन्त्रसम्बन्धी, विद्यासम्बन्धी बाहेकका ब्राह्मणहरू विद्या व्रत-वृत्त आदि गुणहरूले युक्त भएका नपाइएमा विद्या वृत्त आदि गुणहरूले युक्त आफ्ना सहोदर दाजुभाइलाई पनि श्राद्धमा भोजन गराउनू । (मामा आदि त झन् कताकता उत्तम) ॥५॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सू. – एतेनाऽन्तेवासिनो व्याख्याताः ॥६॥

अनु. – यस सङ्ख्या ५ का सूत्रका अरू ब्राह्मण गुणहीन मात्र मिले आफ्नो सहोदर भाइ मात्र विद्या वृत्त आदि द्वारा गुणसम्पन्न भएमा उनलाई नै श्राद्धमा भोजन गराउनू' वाक्यले विद्यार्थी, योनिसम्बन्धी, गोत्रसम्बन्धी र मन्त्रसम्बन्धी गुण सम्पन्न व्यक्तिलाई पनि अरू उपयुक्त ब्राह्मण नमिलेमा श्राद्धमा भोजन गराउनू भन्ने व्याख्या गरियो ॥६॥

यस सम्बन्धमा मनु—

एष वै प्रथमः कल्पः प्रदाने हव्यकव्ययोः ।
अनुकल्पस्तु विज्ञेयः सदा सद्भिरनुष्ठितः ॥
मातामहं मातुलं च स्वस्त्रीयं श्वशुरं गुरुम् ।
दौहित्रं विट्पतिं बन्धुमृत्विग्याज्यौ च भोजयेत् ॥

(यी देवदान र पितृदानको सम्बन्धमा यो पहिलो मुख्य सिद्धान्त हो। सधैं सज्जनहरूले निर्वाह गरिएको दोस्रो सहयोगी सिद्धान्त हो- मातामह, मामा, भानिज, ससुरा, गुरु, छोरीका छोरा, ज्वाइँ, बन्धु ऋत्विक् यजमान यी सबैलाई भोजन गराउनू)

सू. – अथाप्युदाहरन्ति ॥७॥

अनु. – सम्बन्धीहरूलाई श्राद्धमा भोजन नगराउनू भन्ने सम्बन्धमा धर्मज्ञहरू भन्दछन् ॥७॥

सू. – सम्भोजनी नाम पिशाचभिक्षा नैषा पितॄन् गच्छति नोऽथ देवान्।
इहैव सा चरति क्षीणपुण्या शालान्तरे गौरिव नष्टवत्सा ॥८॥

अनु. – शास्त्रकारहरूले 'परस्पर आ-आफ्ना आफन्तहरूलाई निम्त्याएर यज्ञ वा श्राद्धमा भोजन गराउनुलाई 'पैशाची भिक्षा' मानेका छन् । यस्तो पैशाची भिक्षा न पितृहरू कहाँ पुग्छ, न देवताहरू कहाँ । यसले कुनै पुण्य दिदैन । यो त बाच्छो मरेको गाई एक गोठबाट अर्को नजिकको गोठ वा कोठामा भौंतारिएझैं यस लोकमै यताउति घुमिरहन्छ ॥८॥

सू. – इहैव सम्भुञ्जतीति दक्षिणा कुलात्कुलं विनश्यतीति॥९॥

अनु. – आफन्तका घरमा परस्पर भोज खानाको कारण बनेको श्राद्धको दक्षिणा एक कुलबाट अर्को कुलमा घुम्दै आफैमा बिलाउँछ, यसै लोकमा समाप्त हुन्छ ॥९॥

सू. – तुल्यगुणेषु वयोवृद्धः श्रेयान् द्रव्यकृशश्चेप्सन् ॥१०॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनु. – समान गुण भएका धेरै व्यक्तिहरू उपस्थित भएमा कसलाई निम्त्याउने भन्ने प्रश्न उठेमा जो उमेरमा पाको, गरीब र दान लिन इच्छुक पनि छ त्यसलाई निम्त्याउनुपर्छ ॥१०॥

सू. – **पूर्वेद्युर्निवेदनम् ॥११॥**

अनु. – श्राद्ध दिनभन्दा ठीक अघिल्लो दिन ब्राह्मणहरूलाई निमन्त्रण गर्नू ॥११॥

सू. – **अपरेद्युर्द्वितीयम् ॥१२॥**

अनु. – दोस्रो दिन (श्राद्धको दिन) दोस्रोपल्ट निमन्त्रण दिनू ॥१२॥

सू. – **तृतीयमामन्त्रणम् ॥१३॥**

अनु. – अब श्राद्धको समय भयो भनी तेस्रो निमन्त्रण दिनू ॥१३॥

सू. – **त्रिः प्रायमेके श्राद्धमुपदिशन्ति ॥१४॥**
यथा प्रथममेवं द्वितीय तृतीयं च ॥१५॥

अनु. – केही धर्मज्ञहरूको रायअनुसार श्राद्धका सबै क्रियाकलापहरू तीन-तीनपल्ट दोहोऱ्याउनु पर्छ । अर्थात् पहिलोपल्ट जसरी श्राद्ध गरिन्छ त्यसै गरी दोस्रो-तेस्रोपल्ट पनि ती क्रियाहरू दोहोऱ्याउनुपर्छ॥१४॥१५॥

सू. – **सर्वेषु वृत्तेषु सर्वतः सम्भवदाय शेषस्य ग्रास वरार्ध्यं प्राश्नीया द्यथोक्तम् ॥१६॥**

अनु. – तीनै श्राद्ध भइसकेपछि ती तीनैवटा श्राद्धका अन्नशेष लिएर एक सानो गाँसभर गृह्यसूत्रको विधिअनुसार खानू ॥१६॥
त्यसमा प्रयोग यस प्रकारको छ– पूर्व दिन निमन्त्रण, दोस्रा दिन प्रातः भोजनवालमा आमन्त्रण सिद्ध भयो आउनुहोस् त्यसपछि होमादि-पिण्डदानान्त कर्म सकिएपछि सबैबाट लिए गाँस आधा 'प्राणे निविष्टोऽमृतजुहोमि ब्रह्माणि म आत्माऽमृतत्वाय' मन्त्रले प्राशन ।

सू. – **उदीच्यवृत्तिस्त्वासनगताना हस्तेषूदपात्रानयनम् ॥१७॥**

अनु. – उदीच्य (उत्तरतर्फका) ब्राह्मणहरूको चलन छ कि ब्राह्मणहरू आसनमा विराजित भएपछि उहाँहरूका हातहरूमा अर्घपात्रबाट अर्घ्य दिइन्छ ॥१७॥
पितारिदं तेऽर्घ्यं पितामहेदं तेऽर्घ्यं प्रपितामहेदं तेऽर्घ्यम् यस्ता मन्त्रहरूले अर्घ्यदान हुन्छ ।

टिप्पणी – **'प्रागुदञ्चौ विभजते हंसः क्षीरोदकं यथा ।**
विदुषां शब्दसिद्ध्यर्थं सा नः पातु शरावती ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(रज हाँसले दूध र पानी छुट्याएझैं विद्वान्हरूका शब्दसिद्धिको लागि जुन शरावती नदी प्राच्य र उदीच्य भूभागको विभाजन गर्दछिन् ती शरावती नदीले हामीलाई बचाउनू ।)

यो वैयाकरणहरूको भनाइअनुसार शरावती नदीदेखि उत्तरतिरका आचार्यतरू 'उदीच्य' कहलाउँछन् ।

सू. – उद्ध्रियतामग्नौ च क्रियतामित्यामन्त्रयते।।१८।।

अनु. – होमको समयमा ब्राह्मण भोजनभन्दा पहिले 'उद्ध्रियतामग्नौच क्रियताम्' यस मन्त्रले ब्राह्मणहरूलाई अभिमन्त्रित गरिन्छ। (यस मन्त्रको अर्थ हो– 'यो तयार भोज्यान्नपात्रबाट केही अंश निकाल्ने र अग्निमा हवन गर्ने अनुमति प्रदान गरियोस् ।) ।।१८।।

सू. – काममुद्ध्रियतां काममग्नौ च क्रियतामित्यतिसृष्ट उद्धरेज्जुहुयाच्च ।।१९।।

अनु. – ब्राह्मणहरूले काममुद्ध्रियतां काम मग्नौ च क्रियताम् यो वाक्य भनेर इच्छाअनुसार भोज्य निकाल्नुहोस्, त्यसद्वारा अग्निमा हवन पनि गर्नुहोस् भनी आज्ञा दिएपछि थालीमा भोज्य पस्कनु र त्यसको केही अंश अग्निमा हवन पनि गर्नू ।।१९।।

सू. – श्वभिरपपात्रैश्च श्राद्धस्य दर्शनं परिचक्षते ।।२०।।

अनु. – कुकुर, सुँगुर, पतित व्यक्तिहरूले श्राद्ध देख्नुलाई शिष्ट विद्वान्हरू निन्दा गर्दछन् । त्यस कारण यिनीहरूले देख्न नपाउने एकान्त स्थानमा श्राद्ध गर्नुपर्छ ।।२०।।

सू. – श्वित्रशिशिपिविष्टः परतल्पगाम्यायुधीयपुत्रशूद्रोत्पन्नो ब्राह्मण्यामित्येते श्राद्धे भुञ्जाना पङ्क्तिदूषणा भवन्ति ।।२१।।

अनु. – श्वेतकुष्ठ रोग लागेको व्यक्ति, शिर खुइलेको[१] व्यक्ति, परपत्नीगमन गरेर प्रायश्चित्त नगरेको व्यक्ति, ब्राह्मण भएर हतियार चलाई बाँच्ने क्षत्रियवृत्ति लिएका व्यक्तिको छोरो, ब्राह्मणीमा शूद्रद्वारा उत्पन्न गराइएको व्यक्ति यिनीहरूलाई श्राद्धको भोजन दिनु हुँदैन । यिनीहरू पङ्क्तिदूषक हुनू ।।२१।।

१. कसैले शिपिविष्टको अर्थ लिङ्ग खुला रहेको पनि गरेका छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सू. – त्रिमधुस्त्रिसुपर्णस्त्रिणाचिकेतश्चतुर्मेधः पञ्चाग्निर्ज्येष्ठसामिको वेदाध्याय्यनूचानपुत्रः श्रोत्रिय इत्येते श्राद्धे भुञ्जानाः पङ्क्तिपावनाः भवन्ति ॥२२॥

अनु. – **मधुवाता ऋतायते** इत्यादि तीन मन्त्र या यी तीन मन्त्रहरू पढ्ने व्यक्ति, (त्रिमधु) **चतुष्कपर्दा युवतिः सुपेशा** इत्यादि तीन मन्त्रहरू पढ्ने ऋग्वेदी, अरू आचार्यहरूका मतमा **ब्रह्ममेतु मा** इत्यादि तीन अनुवाक[1]हरू पढ्ने व्यक्ति (त्रिसुपर्ण) नाचिकेताग्निको वर्णन धेरै शाखाहरूमा पाइन्छ ॥२२॥

जस्तै— **तैत्तिरीय संहिता, कठवल्ली** र **शतपथब्राह्मणहरूमा** यी सबको अध्ययन गरेको व्यक्ति, (त्रिणाचिकेत) कुनै आचार्यका मतमा **प्राणापान व्यानोदानसमाना मे शुध्यन्तां ज्योतिरहं विरजा विपाप्मा भूयासं स्वाहा।** इत्यादि विरजानुवाकको अध्ययन गरेको व्यक्ति, त्रिणाचिकेत हुन्छ। अश्वमेध, सर्वमेध, पुरुषमेध, पितृमेध– यी चारै मेध यज्ञसम्बन्धी वैदिक मन्त्रहरूको अध्ययन गरेको व्यक्ति वा कसैका मतमा उक्त चार यज्ञहरू नै क्रियात्मक रूपमा सम्पन्न गरेको व्यक्ति (चतुर्मेध) सभ्य अग्नि र आवसथ्य अग्निसहित पाँच काष्ठाग्नि (सावित्र, नाचिकेत, चातुर्होत्र, वैश्वसृज, अरुणकेतु) हरूको वर्णन भएका वेदमन्त्रहरूको अध्ययन गरेको व्यक्ति, तलवकारिप्रसिद्ध **उदुत्यं जातवेदसम्, चित्रन्देवानां** आदि मन्त्रहरू गीतका रूपमा गाउने व्यक्ति (ज्येष्ठसामग), वेदविद्याको स्वाध्याय गरिरहने व्यक्ति सामवेदको अध्ययन गर्नेको वैदिक पुत्र, यी व्यक्तिपङ्क्तिपावन हुन्। यस्तालाई श्राद्धमा भोजन गराउनू ॥२२॥

सू. – **न च नक्तं श्राद्धं कुर्वीत ॥२३॥**

अनु. – रातमा श्राद्ध नगर्नू ॥२३॥

टिप्पणी – श्राद्ध गर्दागर्दै कारणवश बीचमा ढिलाइ भएर श्राद्ध पूरा हुन नपाउँदै सूर्यास्त भएछ भने बाँकी रहेको काम भोलिपल्ट सूर्योदय भएपछि पूरा गर्नू। रातमा श्राद्ध नगर्नू।

---

१. यी अनुवाकहरू **तैत्तिरीय संहिताका** हुन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सू. – आरब्धे चाऽभोजन मासमापनात् (अन्यत्र राहुदर्शनात्) ।।२४।।

अनु. – आज सुरु गरेको श्राद्ध सकिनुभन्दा पहिल्यै सूर्यास्त भएर शोलिपल्ट गर्नुपरेमा कर्ताले श्राद्ध पूरा नगरी भोजन नगर्नू। रातमा राहु देखिने अर्थात् चन्द्र ग्रहण परेको रहेछ भने जसरी पनि सक्नु त्यसै दिन ।।२४।।

इत्यापस्तम्ब धर्मसूत्रे द्वितीयप्रश्ने सप्तदशी कण्डिका

यसरी आपस्तम्ब-धर्मसूत्रको नेपाली अनुवादमा द्वितीय प्रश्नको सत्रौं कण्डिका पूरा भयो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अथ अष्टमः पटलः

(अब आठौं पटल सुरू हुन्छ]

सू. – विलयनं मथितं पिण्याकं मधु मांसं च वर्जयेत् ॥१॥

अनु. – बिलाउनी, पानी नराखी मथेको दही, पिना, फलफूलको मदिरा, मह, मासु यी चीजहरू नखानू ॥१॥

सू. – कृष्णान्नं शूद्रान्नं ये शून्ये नाश्यसम्मताः ॥२॥

अनु. – कालो अनाज (कालो मास), शूद्रले दिएको काँचो वा पाकेको अन्न, अरू अभोज्य मानिएका खाद्य यी सबैलाई छोडिदिनू ॥२॥

सू. – अहविष्यमनृतं क्रोधं येन च क्रोधयेत् ॥३॥

अनु. – यज्ञमा उपयोग नगरिने कोदो आदि अन्न खानू, झूटो बोल्नु, रिसाउनु अरूलाई रिस उठाउने वाक्य बोल्नु यी सबै काम नगर्नू ॥३॥

सू. – स्मृतिमिच्छन् यशो मेधां स्वर्गं पुष्टिं द्वादशैतानि वर्जयेत् ॥४॥

अनु – सम्झने शक्ति, कीर्ति, धारणावती बुद्धि, स्वर्ग र पुष्टि चाहने व्यक्तिले बिलाउनी, मथेको दही, पिना, फलको मदिरा या मह, मासु, मास गहत जस्तो कालो अनाज, शूद्रले दिएको अन्न, अरू शास्त्रले निषेध गरेको अन्न, कोदो आदि अहविष्य अन्न खानू, झूटो बोल्नु, रिसाउनु, अरूलाई रिस उठाउने कुरा बोल्नु यी १२ कुरा नगर्नू ॥४॥

सू. – अधोनाभ्युपरि जान्वाच्छाद्य त्रिषवणमुदकमुपस्पृशन्ननग्निपक्ववृत्ति रच्छायोपगतस्थानासनिकरसंवत्सरमेतव्व्रतं चरेदेतदष्टाचत्वारिंशत्सम्मितमित्याचक्षेत ॥५॥

अनु. – नाभिदेखि उधो घुँडादेखि उँभोको भाग कपडाले ढाकेर बिहान, दिउँसो र बेलुका तीन समय स्नान गर्नू र आगोमा नपकाई स्वयं पाकेका फल आदिबाट गुजारा गर्नू, छायामा नबस्नू, दिनमा खडा रहनू, रातमा बस्नू, कहिल्यै नसुत्नू यस पटलको प्रारम्भदेखि यहाँसम्म

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वताइएका सबै नियमहरूको परिपालन गर्ने व्रत एक वर्षसम्म गर्नू। यो व्रत ४८ वर्षसम्म ब्रह्मचर्यमा रहेर वेदविद्याको अध्ययन गर्ने व्रत बराबर हुन्छ। जति त्यसले फल दिन्छ त्यति यसले पनि दिन्छ भनेर विद्वान्‌हरू भन्दछन् ॥५॥

सू. – **नित्यश्राद्धम् ॥६॥**

अनु. – अब नित्य श्राद्धको नियम वताइन्छ ॥६॥

सू. – **बहिर्ग्रामाच्छुचयः शुचौ देशे संस्कुर्वन्ति ॥७॥**

अनु. – गाउँभन्दा बाहिर पवित्र व्यक्तिहरू पवित्र स्थानमा नित्य श्राद्धको लागि अन्न पकाउँछन् ॥७॥

सू. – **तत्र नवानि द्रव्याणि ॥८॥**

अनु. – त्यो नित्य श्राद्धमा नयाँ द्रव्यहरूको प्रयोग गरिन्छ ॥८॥

सू. – **यैरन्नं संस्क्रियेत येषु च भुज्यते ॥९॥**

अनु. – जुन पात्रले अन्न संस्कार गरिन्छ जसमा खाइन्छ ती सबै पात्रहरू नयाँ चाहिन्छन् ॥१०॥

सू. – **तानि च भुक्तवद्भ्यो दद्यात् ॥१०॥**

अनु. – ती पात्रहरू त्यहाँ भोजन गर्ने ब्राह्मणहरूलाई दिनू ॥१०॥

सू. – **समुदेतांश्च भोजयेत् ॥११॥**

अनु. – सबै उत्तम उत्तम गुणहरूले युक्त ब्राह्मणहरूलाई भोजन गराउनू ॥११॥

सू. – **न चाऽतद्गुणायोच्छिष्टं प्रयच्छेत् ॥१२॥**

अनु. – भाँडामा बचेको भोज्य अन्न पनि पहिले भोजनगर्ने ब्राह्मणहरू जस्तै गुणी ब्राह्मणहरूलाई दिनू। गुणरहित व्यक्तिलाई नदिनू ॥१२॥

सू. – **एवं संवत्सरम् ॥१३॥**

अनु. – यसरी एक वर्षसम्म लगातार यो श्राद्ध गर्नू ॥१३॥

सू. – **तेषामुत्तमं लोहेनाजेन कार्यम् ॥१४॥**

अनु. – ती त्यस वर्षका तीन सय पैंसठ्ठी दिनहरूमध्ये उत्तम दिन अर्थात् समाप्तिको दिनमा रातो बोको वलि दिएर श्राद्ध समाप्त गर्नू ॥१४॥

सू. – **मानं च कारयेत् प्रतिच्छन्नम् ॥१५॥**

अनु. – गाउँबाहिर नै गोप्य स्थानमा एक वेदी बनाएर त्यसलाई पर्दा आदिले ढाकेर राखनू ॥१५॥

सू. – **तस्योत्तरार्धे ब्राह्मणान् भोजयेत् ॥१६॥**

अनु – त्यस वेदीको उत्तरतर्फका आधा भागमा ब्राह्मणहरूलाई भोजन गराउनू ॥१६॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सू. – उभयान् पश्यति ब्राह्मणांश्च भुञ्जानान् माने च पितृनित्युपदिशन्ति ॥१७॥

अनु. – यसो गरेमा त्यस कर्मको महत्त्वले त्यो व्यक्ति त्यस वेदीको उत्तरी भागमा भोजन गर्दै रहेका ब्राह्मणहरूलाई र दक्षिणी भागमा बसिरहेका आफ्ना समस्त पितृहरूलाई प्रत्यक्ष देखन सक्छ । यस्तो उपदेश गर्छन् धर्मज्ञहरू ॥१७॥

सू. – कृताकृतमत ऊर्ध्वम् ॥१८॥

अनु. – यसपछि नित्य[1] श्राद्ध गरे पनि हुन्छ नगरे पनि कुनै प्रायश्चित्त लाग्दैन ॥१८॥

सू. – श्राद्धेन तृप्ति निवेदयन्ते पितरः ॥१९॥

अनु. – नित्य श्राद्धको अन्तिम दिनमा पितृहरूले जो प्रत्यक्ष दर्शन दिन्छन् त्यसमा कर्ताका श्राद्धहरूद्वारा स्वयं तृप्त भएको जनाउँचन् । (त्यस कारण श्राद्ध गरे पनि हुन्छ नगरे पनि प्रायश्चित्त लाग्दैन भनिएको हो ॥१९॥

सू. – तिष्येण पुष्टिकामः ॥२०॥

अनु. – जो पुष्टि चाहन्छ, त्यसले तिष्य नक्षत्र परेको दिन अगाडि बताइने कर्म गर्नू ॥२०॥ यो सूत्र अघिल्ला सूत्रसँग सम्वद्ध छ ।

इत्यापस्तम्ब-धर्मसूत्रे द्वितीयप्रश्ने अष्टादशी कण्डिका

यसरी आपस्तम्ब-धर्मसूत्र द्वितीय प्रश्नको नेपाली अनुवादमा अठारौं कण्डिका पूरा भयो ।

---

१. यसमा संस्कृत टीकाकारले 'मासिक श्राद्ध' भनी लेखेका छन् । तर नित्य श्राध्दको प्रकरणमा यो उपयुक्त देखिंदैन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अथ एकोनविंशी कण्डिका

[अब उन्नाइसौं कण्डिका सुरु हुन्छ]

सू, – गौरसर्षपाणां चूर्णानि कारयित्वा तैः पाणिपादं प्रक्षाल्य मुखं कर्णौ प्राश्य च यद्वातो नाऽतिवाति तदासनोऽजिनं बस्तस्य प्रथमः कल्पो वाग्यतो दक्षिणाभिमुखो भुञ्जीत ॥१॥

अनु. – पुष्टिको चाहना गर्ने व्यक्तिले यही अगाडि बताइने प्रयोग गर्नू । प्रयोग यस प्रकार छ– तिष्य नक्षत्र परेका दिन सेता सर्स्यूको चूर्ण बनाउन लगाउनू एत्र त्यस चूर्णले हात, गोडा, मुख, कान, साफ गर्नू र बाँकी चूर्ण खाइदिनू खाँदा त्यति जोडको प्रतिवात (वायु नभएको) ठाउँमा पाएसम्म बोकाका छालाको आसनमा दक्षिणतर्फ फिरेर बसी नबोलीकन खानू ॥१॥

सू. – अनायुष्यं त्वेवंमुखस्य भोजनं मातुरित्युपदिशन्ति ॥२॥

अनु. – पूर्वोक्तअनुसार दक्षिण मुख गरी खाँदा खाने व्यक्तिकी माताको आयुलाई त्यसले हित गर्दैन । त्यस कारण आमा हुने व्यक्तिले यो व्रत नगर्नू भन्ने धार्मिक आचार्यहरू उपदेश गर्दछन् ॥२॥

सू. – औदुम्बरश्चमसः सुवर्णनाभः प्रशस्तः ॥३॥

अनु. – यस व्रतमा भोजनपात्र बीचमा सुवर्ण जडिएको तामाको असल मानिन्छ ॥३॥

सू. – न चाऽन्येनाऽपि भोक्तव्यम् ॥४॥

अनु. – त्यस पात्रमा अरू कसैले भोजन गर्नु हुँदैन ॥४॥

सू. – यावद्ग्रासं सन्नयन्नस्कन्दयन्नाऽपजिहीताऽपजिहीत वा कृत्स्नं ग्रासं ग्रसति सहाङ्गुष्ठम् ॥५॥

अनु. – एकपल्टमा मुखमा राख्न सकिने मात्र गास बनाउँदै जमिनमा भोज्य

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वस्तु नगिराई देव्रे हातले भोजनपात्र पक्रँदै वा नपक्रँदै भोज्य वस्तु मुखमा लाँदा बूढी औंला पनि मुखभित्र पर्ने गरी सबै खाद्य खाइ सक्नू ।।५।।

टिप्पणी – भोजको यस प्रक्रियाको निर्वाह सुरुदेखि अन्तसम्म पूर्ण रुपमा हुनुपर्छ ।

सू. – न च मुखशब्दं कुर्यात् ।।६।।

अनु. – भोजनका समयमा मुखबाट कुनै आवाज ननिकाल्नू ।।६।।

सू. – पाणिं च नाऽवधूनुयात् ।।७।।

अनु. – खाइरहेको अवस्थामा दाइने हात नहल्लाउनू ।।७।।

सू. – आचम्य चोर्ध्वौ पाणी धारयेदाप्रोदकीभावात् ।।८।।

अनु. – भोजनपछि आचमन गरेर नओभाएसम्म हात उँभो खडा गराउनू ।।८।।

सू. – ततोऽग्निमुपस्पृशेत् ।।९।।

अनु. – भोजनपछि नियमित रूपले अग्निस्पर्श गर्नू ।।९।।

सू. – दिवा न भुञ्जीताऽन्यन्मूलफलेभ्यः ।।१०।।

अनु. – तरुल र फलहरू बाहेक दिनमा अरू केही नखानू ।।१०।।

सू. – स्थालीपाकानुद्देश्यानि च वर्जयेत् ।।११।।

अनु. – स्थालीपाक र देवता वा पितृको लख गरेर सङ्कल्प गरेको अन्न पनि छोडिदिनू, नखानू ।।११।।

सू. – सोत्तराच्छादनश्चैव यज्ञोपवीति भुञ्जीत ।।१२।।

अनु. – उत्तरवस्त्रलाई जनै जस्तो गरी पहिरिएर खानू ।।१२।।

टिप्पणी – यो टीकानुसारी अर्थ हो । उत्तरवस्त्र र जनै पहिरेर खानू । यसको यो पनि अर्थ हुन सक्छ ।

सू. – नैयमिकं तु श्राद्धं स्नेहवदेव दद्यात् ।।१३।।

अनु. – नियमित रूपमा गर्नुपर्ने नित्य श्राध्द वा मासिक श्राध्द गर्दा स्नेहयुक्त सामग्रीद्वारा मात्र गर्नू ।।१३।।

सू. – सर्पिर्मांसमिति प्रथमः कल्पः ।।१४।।

अनु. – घिउ राखिएको मासुले श्राध्द गर्नु सर्वोत्तम पक्ष हो ।।१४।।

सू. – अभावे तैलं शाकमिति ।।१५।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनु. – घिउ मासु नपाए तेल र सागले श्राध्द गर्नू ।।१५।।

सू. – मघासु चाधिकं श्राद्धकल्पेन सर्पिर्ब्राह्मणान् भोजयेत् ।।१६।।

अनु. – मघानक्षत्र परेको दिन श्राध्दको नियमअनुसार अधिक मात्रामा घिउ मिलेको अन्न ब्राह्मणहरूलाई भोजन गराउनू ।।१६।।

इत्यापस्तम्ब-धर्मसूत्रे द्वितीयप्रश्ने एकोविंशी कण्डिका

यसरी आपस्तम्ब-धर्मसूत्रको द्वितीय प्रश्नको उन्नाइसौं कण्डिका पूरा भयो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अथ विंशी कण्डिका

(अब बीसौं कण्डिका सुरु हुन्छ)

सू. – मासि श्राद्धे तिलानां द्रोणं द्रोणं येनोपायेन शक्नुयात् तेनोपयोजयेत् ।।१।।

अनु. – महीना-महीनामा गरिने मासिक श्राद्धमा एकएक द्रोण[1] तिल जसरी प्रयोगमा ल्याउन सकिन्छ त्यसरी प्रयोगमा ल्याउनू (जस्तै— तेल, बुकनी आदि बनाएर मालिस गर्ने, खाद्यको तैयारीमा काममा ल्याउने अचार आदि बनाउने, शरीर साफ गर्ने काममा लगाउने दान गर्ने आदि आदि प्रकारले ।।१।।

त्यसमा एकएक ब्राह्मणको निमित्त द्रोणको द्रोण तिल उपयोग गर्न नसकिने हुनाले एकद्रोण तिल समुदित सबैको निमित्त जान्नू ।

सू. – समुदेतांश्च भोजयेन्न चाऽतद्गुणा योच्छिष्टं दद्युः ।।२।।

अनु. – वेदशास्त्रीय अध्ययन, अनुष्ठान, सदाचार, उदात्त विचार आदि उत्तम गुणहरूले युक्त विद्वान्‌हरूलाई श्राद्धमा भोजन गराउनू । बचेको भोज्य पनि यस्तै गुण भएका व्यक्तिलाई पात्र दिनू ।।२।।

यहाँपछि यो पटल समाप्तितक पुष्टि चाहने व्यक्तिको लागि अर्को प्रयोग—

सू. – उदगयन आपूर्यमाण पक्षस्यैकरात्रमवरार्ध्यमुपोष्य तिष्येण पुष्टिकामः स्थालीपाकं श्रपयित्वा महाराजमिष्ट्वा तेन सर्पिष्मता ब्राह्मणं भोजयित्वा पुष्ट्यर्थेन सिद्धिं वाचयीत ।।३।।

---

१. द्रोणको परिभाषा भिन्नभिन्न ग्रन्थमा भिन्नभिन्न रूपमा पाइन्छ । कुल चन्द्र गौतमले अमकोशको टीकामा द्रोण=पाथी लेखेका छन् । आयुर्वेदमा १२ पाथी प्रचलनमा ल्याएको पाइन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनु. – समृद्धि चाहने श्राद्धकर्ताले उत्तरायणको शुल्कपक्षमा कमसेकम एक अहोरात्र उपवास गरी तिष्यनक्षत्र परेका दिन स्थालीपाक तैयार गराएर त्यस स्थालीपाकद्वारा कुवेरको यज्ञ गराउनू आज्यभागान्तमा महाराजाय स्वार्थले प्रधान होम गर्नू, र घिउ मिलाइएको त्यस स्थालीपाकद्वारा ब्राह्मणलाई भोजन गराउनू। त्यसपछि पुष्टि प्राप्त गर्नाको लागि ब्राह्मणद्वारा पुण्याहवाचन, स्वस्तिवाचन र पुष्टिवाचन ('पुष्टिरस्तु' यस्तो वाचन) गराउनू ।।३।।

सू. – **एव महरहरापरस्मात्तिष्यात् ।।४।।**

अनु. – त्यसँगरी दोस्रो तिष्यनक्षत्र नआएसम्म प्रतिदिन ठीक यसै गरी स्थालीपाक तैयार गराएर घिउ मिलाई त्यसले कुवेरको यज्ञ गर्नू र घृतहवनको अन्तमा घिउ मिलाइएको स्थालीपाकद्वारा ब्राह्मणलाई भोजन गराउनू ।।४।।

सू. – **द्वौ द्वितीये ।।५।।**

अनु. – दोस्रो तिष्यनक्षत्र आएपछि एकजनाको ठाउँमा दुईजना ब्राह्मणलाई भोजन गराउनू। अरू सबै पूर्ववत् गर्नू ।।५।।

सू. – **त्रींस्तृतीये ।।६।।**

अनु. – तेस्रो तिष्यनक्षत्र आएका दिनदेखि दुईका ठाउँमा तीन ब्राह्मणहरूलाई पूर्ववत् कुवेरयज्ञ गरी घिउ मिलाइएका बचेका स्थालीद्वारा भोजन गराउनू ।।६।।

सू. – **एवं संवत्सरमभ्युच्चयेन ।।७।।**

अनु. – यसरी जम्माजम्मी एक वर्षतक यस पुष्टिविधिको उपासना गर्नू ।।७।।

सू. – **महान्तं पोषं पुष्यति ।।८।।**

अनु. – यसो गरेमा ठूलो पुष्टिले पोसिन्छ। अर्थात् यसो गर्ने व्यक्ति अत्यन्त धेरै श्रीसम्पत्तिले युक्त हुन्छ ।।८।।

सू. – **आदित एवोपवासः ।।९।।**

अनु. – यसमा उपवास चाहिं तिष्यनक्षत्र परेको दिनभन्दा पहिलो दिन अर्थात् पहिलो पुष्यनक्षत्र परेकै दिनमा गर्नुपर्छ प्रतिपुष्पमा पर्दैन ।।९।।

सू. – **आत्ततेजसां भोजनं वर्जयेत् ।।१०।।**

अनु. – तेज निकालिएको वस्तु नखानू ।।१०।।
जस्तै तक्र (मोही) र वाजिन (महिको दूधको पानी) नखानू।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सू. – **भस्मतुषाधिष्ठानम् ।।११।।**

अनु. – खरानी र भूसमाथि नवस्नू, नहिँड्नू ।।११।।

सू. – **पदा पादस्य प्रक्षालनमधिष्ठानं च वर्जयेत् ।।१२।।**

अनु. – एक गोडाले दोस्रो गोडो नधुनू, गोडामाथि गोडो राखेर नरहनू ।।१२।।

सू. – **प्रङ्खोलनं च पादयोः ।।१३।।**

अनु. – दुवै गोडा नहल्लाउनू ।।१३।।

सू. – **जानुनि चाऽत्याधानं जङ्घायाः ।।१४।।**

अनु. – एक घुँडामाथि अर्को पिडौंला नराख्नू ।।१४।।

सू. – **नखैश्च नखवादनम् ।।१५।।**

अनु. – नङले नङ नबजाउनू ।।१५।।

सू. – **स्फोटनानि चाऽकारणात् ।।१६।।**

अनु. – विना कारण औंला पड्काउने पनि नगर्नू ।।१६।।

सू. – **यच्चान्यत् परिचक्षते ।।१७।।**

अनु. – यस बाहेक 'यसो नगर्नू' भनेर शिष्ट विद्वान्हरू जो भन्दछन् त्यो पनि नगर्नू ।।१७।।

जस्तै— विनाप्रयोजन झार नचुँड्नु आदि ।

सू. – **योक्ता च धर्मयुक्तेषु द्रव्यपरिग्रहेषु च ।।१८।।**

अनु. – धर्ममा वाधा नपार्ने धन कमाउने कामहरूमा लाग्नू र अरूलाई पनि लगाउनू ।।१८।।

सू. – **प्रतिपादयिता च तीर्थे ।१९।।**

अनु. – कमाएको सम्पत्ति असल आचरण भएको योग्य गुणी विद्वान्लाई दिनू वा यज्ञमा खर्च गर्नू अथवा अरू कुनै असल काममा लगाउनू ।।१९।।

सू. – **यन्ता चाऽतीर्थे यतो न भयं स्यात् ।।२०।।**

अनु. – जसबाट आफूलाई कुनै प्रकारको डर छैन, त्यस्ता अयोग्य व्यक्तिलाई सम्पत्ति नदिनू भय छ भने पिशुनादिलाई पनि दिनू ।।२०।।

सू. – **सङ्ग्रहीता च मनुष्यान् ।।२१।।**

अनु. – मौकामा काम चलाएर प्रिय वाक्य बोलेर धेरै मनुष्यहरूलाई आफ्नो पक्षमा राख्नू, मनुष्यहरूको सङ्ग्रह गर्ने हुनू ।।२१।।

सू. – **भोक्ता च धर्माविप्रसिद्धान् भोगान् ।।२२।।**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनु. – धर्ममा बाधा नपुऱ्याउने भोग्य पदार्थहरूको भोग पनि गर्नू ।।२२।।

सू. – **एवमुभौ लौकावभिजयति ।।२३।।**

अनु. – यसरी महत्त्वशाली ऐश्वर्य पाएर भोगले यो लोकलाई र सत्पात्रमा दिएका दानले परलोक दुवैलाई जित्तछ ।।२३।।

इत्यापस्तम्ब-धर्मसूत्रे द्वितीयप्रश्ने विंशी कण्डिका

यसरी आपस्तम्ब-धर्मसूत्रको द्वितीय प्रश्नको नेपाली अनुवादमा बीसौं कण्डिका पूरा भयो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अथ नवमः पटलः

(अब नवौ पटल सुरु हुन्छ)

यसमा आश्रमको वर्णन गरिन्छ—

सू. – **चत्वार आश्रमा[१]:– गार्हस्थ्यमाचार्यकुलम् मौनं, वानप्रस्थ्यमिति ।।१।।**

अनु. – चार आश्रमहरू छन् ती हुन्— गार्हस्थ्य, आचार्यकुल, मौन र वानप्रस्थ । यिनीहरूको क्रम यस प्रकार मानिन्छ—

१) आचार्यकुल (यसमा गुरुको कुलमा गई पूर्ण रूपमा ब्रह्मचर्य व्रतको परिपालन गरी वेदादिविद्याको अध्ययन गरिन्छ ।)

२) गार्हस्थ्य (यसमा विवाह गरी सम्पत्ति अर्जन गर्ने, सन्तान उत्पन्न गराउने तिनलाई बढाउने, पढाउने, योग्य उत्तराधिकारी बनाउने र आफ्नो गार्हस्थ्य सुम्पने गरिन्छ ।)

३) वानप्रस्थ्य (यसमा घरबाट वनतर्फ लागिन्छ र व्रती जीवन बिताउँदै पहिले अध्ययन गरिएको विद्याको पुनरावर्तन विस्तृतीकरण मनन लेखन गरिन्छ ।)

४) मौनम्[२]— (यसमा ईश्वरचिन्तनबाहेकका सबै कर्म र तिनको फलाआशा छोढी ईश्वरोपसना गरिन्छ ।) ।।१।।

सू – **तेषु सर्वेषु यथोपदेशमव्यग्रो वर्तमानः क्षेमं गच्छति ।।२।।**

अनु. – ती सबै आश्रमहरूमा शास्त्रको उपदेशअनुसार कुनै एकमा लागू नभई सावधान रहने व्यक्ति कल्याणदायी निर्भय स्थानमा पुग्दछ ।।२।।

---

१. आश्रम्यन्ति श्रेयोर्थिनः पुरुषा येषु ते आश्रमाः (जहाँ गएर आफ्नो सर्वतोमुखी कल्याणको चाहना गर्ने व्यक्तिहरू परिश्रम गर्दछन् । ती आश्रम हुन् ।

२. मुनेर्भावो मौनम् सन्यासः ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सू. – सर्वेषामुपनयनप्रभृति समान आचार्यकुलेवासः ॥३॥

अनु. – व्रतबन्ध भएपछि गुरुकुलमा नियमपूर्वक रही अध्ययन गर्ने काम सबैको समान हो ॥३॥

सू. – सर्वेषामनुत्सर्गो विद्यायाः ॥४॥

अनु. – विद्यालाई नछोड्नु अर्थात् पढेको विद्यालाई बिर्सनुबाट बचाएर नयाँ अध्ययन बढाउँदै लैजानु पनि सबैको कर्तव्य हो ॥४॥

सू. – बुध्वा कर्माणि यत्कामयते तदारभेत ॥५॥

अनु. – आश्रममा रहने प्रत्येक व्यक्तिले गर्नुपर्ने काम तिनका फल, ती कर्महरू नगर्दा लाग्ने प्रायश्चित्त ती कर्महरू गर्न सकिने-नसकिने सबै गुरुबाट बुझेर जे गर्ने इच्छा हुन्छ त्यही गर्नू ॥५॥

गार्हस्थ्य आश्रमका नियम पहिल्यै बताइसकिएकोले आचार्यकुल बताइन्छ—

सू. – यथा विद्यार्थस्य नियम एतेनैवान्तमनूपसीदत आचार्यकुले शरीरन्यासो ब्रह्मचारिणः ॥६॥

अनु. – विद्याको लागि आचार्य कुलमा रहने विद्यार्थीको लागि जुन नियम बताइयो त्यसै नियममा आफ्नो जीवनको अन्ततक रहेर नैष्ठिक ब्रह्मचारीले गुरुकुलमै शरीर त्यागनू ॥६॥

यसबारे मनु—

आचार्ये तु खलु प्रेते गुरुपुत्रे गुणान्विते ।
गुरुदारे सपिण्डे वा गुरुवद्वृत्तिमाचरेत् ॥
एषु त्वविद्यमानेषु स्थानासनविहारवान् ।
प्रयुञ्जानोऽग्नि शुश्रूषां साधयेद्देहमात्मनः ॥
एवं चरति यो विप्रो ब्रह्मचर्यमविप्लुतः ।
स गच्छत्युत्तमं स्थानं न चेहाऽऽजायते पुनः ॥ इति ।

(यसरी नैष्ठिक ब्रह्मचारी गुरुकुलमा रहँदा गुरुको स्वर्गवास भएमा गुणसम्पन्न गुरुपुत्रमा, गुरुपत्नीमा वा गुरुका सपिण्डबन्धुमा गुरुमा जस्तै आचरण गरिरहनू । पूर्वोक्त कोही पनि नभएमा अग्निको सेवा गर्दै इच्छानुसार उठ्ने, बस्ने घुम्ने गर्दै शरीरको आयु बिताउनू । यसरी जो ब्राह्मण अखण्ड ब्रह्मचर्यको धारण गर्दछ, त्यो उत्तम स्थानमा जान्छ । फेरि यस संसारमा जन्मदैन)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सू. – अथ परिव्राजः ।।७।।

अनु – अब सबै उठानहरू छोडेर आत्मज्ञान-प्राप्तिका लागि हिँड्ने सन्यासीका नियमहरू बताइन्छन् ।।८।।

सू – अत एव ब्रह्मचर्यवान् प्रव्रजति ।।८।।

अनु – ब्रह्मचर्यको पूर्ण रुपमा परिपालन गरेको व्यक्ति ब्रह्मचर्य आश्रमबाट नै सन्यास लिन सक्छ ।।८।।

टिप्पणी – जायमानो हि ब्राह्मण स्त्रिभिर्ऋणवाञ्जायते– ब्रह्मचर्येण ऋषिभ्यः यज्ञेन देवेभ्यः, प्रजया पितृभ्य इति

मनुरप्याह–

ऋणानि त्रीण्यपाकृत्य मनो मोक्षे निवेशयेत् ।

अनपाकृत्य मोक्षं तु सेवामानो व्रजत्यधः ।।

(ब्राह्मण जन्मँदै तीन ऋण साथमा लिएरै जन्मन्छ— ती तीन ऋण हुन्– ऋषिऋण, देवऋण, पितृऋण तिनमा ब्रह्मचर्यमा रही वेदवेदाङ्ग विद्याको अध्ययन गरेर ऋषिऋणबाट मुक्ति पाइन्छ, विवाह गरी पत्नीसँग यज्ञ यागदि गरेर देवऋणबाट मुक्ति पाइन्छ । सन्तान उत्पन्न गराई त्यसलाई विद्या तपस्या आदिद्वारा योग्य गराएर पितृऋणबाट मोक्ष पाइन्छ। मनुको सल्लाहअनुसार— उक्त तीन ऋणहरूबाट आफूलाई नछुटाई कोही मोक्षको चाहना राख्छ भने त्यसको अधपतन हुन्छ । यो सिद्धान्त कायम छँदाछँदै ब्रह्मचर्याश्रमबाटै सन्यास लिने अनुमति कसरी ? यस प्रश्नको जवाफ अगाडिका वेदवाक्यहरू दिन्छन्– 'ब्रह्मचर्यादेव प्रव्रजेत्, गृहाद् वामाद् वा 'इति यदहरेव प्रव्रजेत्' इत्यादि। गृहाश्रम प्रविष्टको त्यो आश्रम परित्याग गरेर आश्रमान्तरमा प्राप्ति अनभि प्रेत नै छ किनभने **यावज्जीवमग्निहोत्रं जुहुयात्** (जीवनपर्यन्त अग्निहोत्र गर्नू) भन्ने वाक्यले विरुद्ध पर्छ । त्यसो हुँदा वैराग्य भएमा काम्यकर्म परित्याग गरेर निषिद्ध कर्मवर्जनपूर्वक नित्यनैमित्तिक कर्म गरेर गृहस्थ पनि मुक्त हुन सक्छ । त्यसो हुँदा वैराग्य भयो भने ब्रह्मचर्याश्रमबाट नै पनि सन्यस्त हुन सकिन्छ ।

तथा जो गृहस्थ वृद्ध छ र मृत पत्नी भएको छ पुनर्दारा क्रममा निमित्त सन्यासयुक्त छ त्यसको निमित्त यदह **रेव विरजेत्तदहरे व प्रव्रजेत्** (जुन दिन वैराग्य हुन्छ त्यसै दिन प्रव्रज्या गर्नू) यो प्रव्रज्याको काल निर्दिष्ट मान्नुपर्छ भन्ने आशय ग्रन्थकट एक हौं ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सू. – तस्योपदिशन्ति ।।९।।

अनु. – धर्मज्ञ व्यक्तिहरूले उपदेश दिएका छन् कि सन्यासीले निम्नानुसारका नियमहरूको पालना गर्नुपर्छ ।।९।।

सू. – अनग्निरनिकेतः स्यादशर्माःशरणो मुनिः स्वाध्याय एवोत्सृजमानो वाचं ग्रामे प्राणवृत्तिं प्रतिलभ्याऽनि (नी) होऽनमुत्रश्चरेत् ।।१०।।

अनु. – सन्यासीले आगो साथमा नराख्नू, कसैको घरमा नबस्नू, कुनै प्रकारको सुखभोगको चाहना नराख्नू, कसैको शरणमा नजानू, कसैलाई शरण नदिनू, ॐकार आदि पवित्र मन्त्रको जपमा मात्र वाणीको प्रयोग गर्नू, प्राणवृत्तिका लागि मात्र गाउँमा जानू, यो लोक र परलोकको सुख सुविधामा पनि ध्यान नदिनू, चारैतर्फ घुम्दै रहनू ।।१०।।

'अनिहोऽनमुत्र' इहार्थाः कृष्यादयः परलोकार्थाश्च जपहोमादयो यस्य न सन्ति सोऽनिहोऽनमुत्र इत्युक्तः। यस लोकको लागि कृषि आदि र परलोकको लागि जपहोम आदि जसका छैनन्, त्यो अनिहोदमुत्र हो । सन्यासी त्यस्तै हुनुपर्छ ।

सू. – तस्य मुक्तमाच्छादनं विहितम् ।।११।।

अनु. – पहिरनको लागि अरूले फ्याँकेको कपडा उनको लागि विहित छन् अर्थात् अरले काम नलाग्ने भनेर च्यातेर फालेको कपडा धोएर सन्यासीले लगाउनू ।।११।।

सू. – सर्वतः परिमोक्षमेके ।।१२।।

अनु. – कोही धर्माचार्यहरूको सल्लाहअनुसार यस सूत्रको अर्थ हो सन्यासीले सबै प्रकारका कपडाहरू छोडी नाङ्गै घुम्नू। कोही भन्छन्— सन्यासीले कुनै पनि प्रकारको विधि र निषेधको अधीनमा नरही स्वतन्त्र भएर घुम्नू। सन्यासीको कुनै कृत्य पनि हुँदैन, वर्ज्य (निषेध) पनि हुँदैन ।

उदाहरणद्वारा यसको स्पष्टीकरण—

सू. – सत्यानृते सुखदुःखे वेदानिमं लोकममुं च परित्यज्याऽऽत्मानमन्विच्छेत् ।।१३।।

अनु. – साँचो, झूटो, सुख, दुःख, वेदविद्या, यो लोक परलोक यी सब कुरा छोडी सन्यासीले आत्मचिन्तनमा मस्त रहनू ।।१३।।

सू. – बुद्धे क्षेमप्रापणम् ।।१४।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनु. – आत्मालाई जानेपछि त्यसैले सबै अशुभलाई पखाली मोक्ष प्राप्त गराइदिन्छ ।।१४।।

यस सम्बन्धमा भागवद्गीता—

यथैधांसि समिद्धोऽग्निर्भस्मसात् कुरुतेऽर्जुन ।
ज्ञानाग्निः सर्वकर्माणि भस्मसात् कुरुते तथा ।।

(अर्जुन जसरी टीव सँग बालेको आगोले दाउराहरूलाई खरानी पारिदिन्छ । त्यसै गरी ज्ञानरूप अग्निले सम्पूर्ण कर्महरूलाई खरानी पारिदिन्छ, अर्थात् कर्मका संस्कारलाई समाप्त पारिदिन्छ ।)

सू. – तच्छास्त्रैर्विप्रतिसिद्धम् ।।१५।।

अनु. – यो यसै प्रकरणका ११ देखि १४ तकका सूत्रले बताएको कुरा सन्यासीहरूका कर्तव्य, निर्देशक शास्त्रसँगै मेल खाँदैनन् ।।१५।।

यस सम्बन्धमा मनु—

क्रुध्यन्तं न प्रतिक्रुध्येदाक्रुष्टः कुशलं वदेत् ।
सप्तद्वारावकीर्णां च न वाचमनृतां वदेत् ।।
न चोत्पातनिमित्ताभ्यां न नक्षत्राङ्गविद्यया ।
नानुशासनवादाभ्यां भिक्षां लिप्सेत कर्हिचित् ।। इति ।

(कसैले सन्यासीप्रति क्रोध देखाए पनि सन्यासीले बदलामा क्रोध नदेखाउनू, गाली गरे शान्त सुन्दर जवाफ दिनू । शरीरका गलामाथिका सात इन्द्रियहरू रहने छिद्रहरूमा छरिएको वाणी झूटो नबोल्नू । गाउँहरूमा भिक्षा माग्न जाँदा उत्पात र त्यसका निमित्तहरू बताएर, नक्षत्रविद्या, शरीरका लक्षणहरू हेरेर फल बताउने अङ्गविद्याहरू बताएर अनुशासन र उसको महत्ता बताएर भिक्षा प्राप्त गर्न कहिल्यै नचाहनू ।)

यस प्रकरणको चौधौं सूत्रले बताएको कुरा त प्रत्यक्ष विरुद्ध छ—

सू. – बुद्धे चेत्क्षेमप्रापणमिहैव न दुःखमुपलभेत ।।१६।।

अनु. – आत्मज्ञान भएपछि सबै दुःख पखालिएर कल्याण पाइने भए यसै शरीरमा दुःखको अनुभव नहुनुपर्ने । मूर्धन्य आत्मज्ञानी पनि भोकको दुःखले छटपटाइरहेका देखिन्छन् ।।१६।।

सू. – एतेन परं व्याख्यातम् ।।१७।।

अनु. – यसैले परलोकका दुःखको पनि व्याख्या गरिदियो । अर्थात् यस लोकको दुःख आत्मज्ञानले गएन भने परलोकको पनि अवश्यै नजाला ।।१७।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सू. – **अथ वानप्रस्थः ।।१८।।**

अनु. – अब वानप्रस्थका नियमहरूको व्याख्या गरिन्छ ।।१८।।

सू. – **अत एव ब्रह्मचर्यवान् प्रव्रजति ।।१९।।**

अनु. – यो सब निवेचनबाट के सिद्ध हुन आयो भने पूर्ण ब्रह्मचर्यमा रहेको व्यक्ति ब्रह्मचर्याश्रम (गुरुकुल) बाट सिधैं सन्यास लिन सक्छ ।।१९।।

सू. – **तस्योपदिशन्त्येकाग्निरनिकेतः स्यादशर्माऽशरणो मुनिः स्वाध्याय एवोत्सृजमानो वाचम् ।।२०।।**

अनु. – वानप्रस्थको लागि धर्मज्ञहरूद्वारा दिइएका नियमहरू यसप्रकार छन्— उनले एक लौकिक अग्नि मात्र राख्नुपर्छ । त्यसैमा साँझ-बिहान समिधा-हवन गर्नू । घरमा नबस्नू, सुख-सुविधाका सामान नलिनू, कसैको शरणमा नजानू । अरूको शरण पनि नलिनू । मौनधारण गर्नू । स्वाध्याय गर्दा मात्र वाणी खुला गर्नू ।।२०।।

इत्यापस्तम्ब-धर्मसूत्रे द्वितीयप्रश्ने एकविंशी कण्डिका

यसरी आपस्तम्ब-धर्मसूत्रको नेपाली अनुवादमा द्वितीय प्रश्नको एक्काइसौं कण्डिका पूरा भयो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अथ द्वाविंशी कण्डिका

(अब बाइसौं कण्डिका सुरु हुन्छ)

सू. – **तस्याऽऽरण्यमाच्छादनं विहितम् ॥१॥**

अनु. – वानप्रस्थीले जङ्गली कपडा (बोक्रा वा मृगका छालाहरूबाट बनेका) पहिरनू यही उनको लागि विहित छ ॥१॥

सू. – **ततो मूलैः फलैः पार्णैस्तृणैरिति वर्तयंश्चरेत् ॥२॥**

अनु. – त्यसपछि जराहरू, फलहरू, पत्ताहरू, झारहरूद्वारा जीविका गर्दै घुम्नू ॥२॥

सू. – **अन्ततः प्रवृत्तानि ॥३॥**

अनु. – अन्तमा स्वयं खसेका फलफूलहरूद्वारा जीविका गर्नू ॥३॥

सू. – **ततोऽपो वायुमाकाशमित्यभिनिश्रयेत् ॥४॥**

अनु. – त्यसपछि केही समयसम्म पानी मात्र पिएर बस्नू, त्यसपछि केही समयसम्म वायु मात्र खाएर बस्नू, त्यसपछि केहीसमय आकाशको मात्र सेवन गर्नू ॥४॥

सू. – **तेषामुत्तर उत्तरः संयोगः फलतो विशिष्टः ॥५॥**

अनु. – तिनीहरूमध्ये पछिपछिका पदार्थहरूको आश्रय लिनु फलको दृष्टिले महत्त्वशाली मानिन्छ ॥५॥

सू. – **अथ वानप्रस्थस्यैवाऽऽनुपूर्व्यमेक उपदिशन्ति ॥६॥**

अनु. – कतिपय आचार्यहरूको रायअनुसार वानप्रस्थबाट नै सन्यासतर्फ लाग्नुपर्छ ॥६॥

टिप्पणी – कतिपय आचार्यहरू 'ब्रह्मचर्यबाट एकैपल्ट यहाँ बताएअनुसार सन्यास लिने होइन ब्रह्मचर्यपछि विवाह गरेर गृहस्थ बनी त्यहाँ अग्निहोत्र लिने यज्ञ-यागादि गर्ने, सन्तान पैदा गर्ने, तिनका संस्कार गर्ने, अनि पत्नीलाई छोराका साथमा छोडेर वा साथै लिएर वानप्रस्थ लिने त्यसबाट सन्यास लिने' भन्दछन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कसरी भने—

सू. – **विद्यां समाप्य दारं कृत्वाऽग्नीनाधाय कर्माण्यारभते सोमावराध्यानि (णि) ते यानि श्रूयन्ते ॥७॥**

अनु. – ब्रह्मचर्यमा रही विद्याको अध्ययन समाप्तगरी विवाह गरेर अग्न्याधान गरी त्यसमा चातुर्मास्यदेखि सोमयागान्त वेदशास्त्रमा सुनिएका कर्महरू सुरू गर्नू ॥७॥

सू. – **गृहान् कृत्वा सदारस्सप्रजस्सहाग्निभिर्बहिर्ग्रामाद्वसेत् ॥८॥**

अनु. – वानप्रस्थी गाउँभन्दा बाहिर जङ्गलमा घर बनाएर पत्नी, छोरा, छोरीको साथ सबै अग्निहरूलाई साथै लिएर बस्नू ॥८॥

सू. – **एको वा ॥९॥**

अनु. – अथवा पत्नीलाई छोराहरूको जिम्मामा छोडेर एक मात्र अग्निको साथमा एक्लै वानप्रस्थी भई जङ्गलमा गएर बस्नू ।९।

सू. – **सिलोञ्छेन वर्तयेत् ॥१०॥**

अनु. – वानप्रस्थ आश्रममा रहने व्यक्तिले खेतीवालहरूले अनाज उठाइसकेपछि खाली खेतमा शिला खोजेर जीविका गर्नू ॥१०॥

सू. – **न चाऽत ऊर्ध्वं प्रतिगृह्णीयात् ॥११॥**

अनु. – शिला खोज्ने कामबाट जीविका चल्न लागेपछि दान लिन छोडिदिनू ॥११॥

सू. – **अभिषिक्तश्च जुहुयात् ॥१२॥**

अनु. – वानप्रस्थीले स्नान गरिसकेपछि हवन गर्नू ॥१२॥

सू. – **शनैरपोऽभ्युपेयादभिघ्नन्नभिमुख आदित्यमुदकमुपस्पृशेत् ॥१३॥**

अनु. – बिस्तारै स्नानार्थ जलाशयमा प्रवेश गर्नू र पानीलाई धकेल्दै हातले जललाई पिटेर सूर्यतर्फ फिरेर स्नान गर्नू ।।१३॥

सू. – **इति सर्वत्रोदकस्पर्शनविधिः ॥१४॥**

अनु. – सबै जात र सबै आश्रमका व्यक्तिहरूको लागि साधारण स्नान गर्ने विधि यही हो ॥१४॥

सू. – **तस्य द्वन्द्वद्रव्याणामेक उपदिशन्ति पाकार्थं भोजनार्थं वासिपरशुदात्र काजात्रनाम् ॥१५॥**

अनु. – कतिपय आचार्यहरूको रायअनुसार खाना पकाउने, खाने, काट्ने, चलाउने, पस्कने जस्ता काममा आउने पात्रहरू दुई-दुई ओटा हुनुपर्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जस्तै— चासी=डाडु-पन्यू। परशुः=बञ्चरो। दात्र=हँसिया। काज=काठको दाविलो।

सू. – द्वन्द्वानामेकैकमादायेतराणि दत्त्वाऽरण्यमवतिष्ठेत ॥१६॥

अनु. – ती पूर्व सूत्रमा उल्लिखित जोडी-जोडी औंजारहरूमध्ये एकएक आफूले लिनु. एकएक पत्नीलाई दिनू र जङ्गलतिर लाग्नू ॥१६॥

सू. – तस्याऽऽरण्येनैवाऽत ऊर्ध्वं होमो वृत्तिः प्रतीक्ष च्छादनं च ॥१७॥

अनु. – त्यस वानप्रस्थीले जङ्गलमा प्रवेश गरिसकेपछि नित्य हवन, भोजन र अतिथिसत्कार जस्ता क्रियाकलापहरू जङ्गली धान (नावो धान) बाटै गर्नुपर्छ, शरीर ढाक्ने काम पनि जङ्गली वोक्राहरूबाट तैंयार गरेका कपडाबाट गर्नुपर्छ ॥१७॥

सू. – येषु कर्मसु पुरोडाशाश्चरवस्तेषु कार्याः ॥१८॥

अनु. – गृहस्थको लागि जुन दर्शपौर्णमास आदि यज्ञमा पुरोडाशको प्रयोग हुन्थ्यो त्यसको ठाउँमा वानप्रस्थका लागि चामलआदिबाट तयार गरिने चरुको प्रयोग गर्नू ॥१८॥

सू. – सर्वं चोपांशु सह स्वाध्यायेन ॥१९॥

अनु. – वानप्रस्थका कर्मकाण्डमा प्रयोग हुने सबै मन्त्रहरूको उच्चारण र स्वाध्याय समेत उपांशु अर्थात् अरूहरूले नसुन्ने गरी गरिएको हुनुपर्छ ॥१९॥

सू. – नाऽऽरण्यमभ्याश्रावयेत् ॥२०॥

अनु. – अरूले नसुन्ने गरी गर्नुको मतलब जङ्गलमा बसोवास गर्ने व्यक्तिहरू वानप्रस्थको मन्त्रोच्चारण सुनेर खडा भई सामु परेर अरू सुनिरहने स्थितिमा नआउन् भन्ने मात्र हो ॥२०॥

सू. – अग्न्यर्थं शरणम् ॥२१॥

अनु. – वानप्रस्थीले आगो जोगाउनको लागि मात्र घर वा डेराको प्रबन्ध गर्नू ॥२१॥

सू. – आकाशे स्वयम् ॥२२॥

अनु. – आफू चाहिं खुला आकाशमा रहनू ॥२२॥

सू. – अनुपस्तीर्णे शय्याशने ॥२३॥

अनु. – वानप्रस्थीका बिछ्यौना र आसन आच्छादनरहित स्थानमा हुनुपर्छ ॥२३॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सू. — **नवे सस्ये प्राप्ते पुराणमनुजानीयात् ।।२४।।**

अनु. — नयाँ अनाज आएपछि पहिले सुरक्षित राखिएको पुरानो अनाज हटाउने अनुमति दिनू ।।२४।।

यस सम्बन्धमा मनु—

त्यजेदाश्वयुजे मासि मुन्यन्नं पूर्वसञ्चितम् ।
जीर्णानि चैव वासांसि पुष्पमूलफलानि च ।।

(असोज महीनामा पहिले जम्मा गरिएको मुनिको अन्न (नावोधान) र पुराना कपडा फूल, जरा र फलहरू पनि हटाइदिनू ।)

इत्यापस्तम्ब-धर्मसूत्रे द्वितीयप्रश्ने द्विविंशी कण्डिका

यसरी आपस्तम्ब-धर्मसूत्रको नेपाली अनुवादमा द्वितीय प्रश्नको बाइसौं कण्डिका पूरा भयो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अथ त्रयोविंशी कण्डिका

(अब तेइसौं कण्डिका सुरु हुन्छ)

सू. – भूयांसं वा नियममिच्छन्नन्वहमेव पात्रेण सायंप्रातरर्थमाहरेत् ।।१।।

अनु. – वानप्रस्थ अरू बढी नियम गर्न चाहन्छ भने उसले उक्त प्रकारको अन्न सञ्चय नगर्नू, किन्तु दिनका दिन भिक्षापात्र लिएर बिहान-बेलुका खानभरको लागि भिक्षा गर्नू ।।१।।

सू. – ततो मूलैः फलैः पर्णैस्तृणैरिति वर्तयंश्चरेदन्ततः प्रवृत्तानि ततोऽपो वायुमाकाशमित्यभिनिश्रयेत् । तेषामुत्तर उत्तरस्संयोगः फलतो विशिष्टः ।।२।।

अनु. – यसरी केही समय बिताएर जरा, तरुल, फल, पात र घाँसहरूले आफ्नो जीविका गर्दै घुम्दै रहनू । अन्तमा स्वयं प्रवृत्त पानी, वायु र आकाशको भरोसामा रहनू । तिनमा पनि पछिल्ला-पछिल्लाका भरोसामा रहनु विशेष फल दिने हुन्छ ।।२।।

आश्रमहरूको निरूपण सिद्धियो । अब तिनको प्राधान्य बताइन्छ—

सू. – अथ पुराणे श्लोकावुदाहरन्ति ।
(अब पुराणमा श्लोकका उदाहरण दिइन्छ)

अष्टाशीति सहस्राणि ये प्रजामीषिर ऋषयः । दक्षिणेनार्यम्णः पन्थानं ते श्मशानानि भेजिरे ।।३।।

अनु. – जुन अठासी हज्जार ती ऋषिहरू सन्तानको चाहना गरे तिनीहरू सूर्यको नगिचैको दक्षिण मार्गबाट गएर यस संसारमा जन्मी मृत्युको फन्दामा परी श्मशान गए । (अर्थात् सन्तानको इच्छा गर्ने ८८ हजार ऋषिहरू घरगृहस्थी जीवन बिताएर दक्षिणमार्गद्वारा मृत्युलोकमा जन्मन आए । उनीहरू जन्म मरणका चक्रबाट छुट्न सकेनन् ।) ।।३।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सू. – अष्टाशीतिसहस्राणि ये प्रजां नेषिर ऋषयः । उत्तरेणाऽर्यम्णः पन्थानं तेऽमृतत्वं हि कल्पते ॥४॥

अनु. – जुन अठासी हजार ऋषिहरूले सन्तानको चाहना गरेनन् । तिनीहरू सूर्यको उत्तरतर्फको बाटोबाट गएर अमृतत्व पाउन समर्थ भए ॥४॥

सू. – इत्यूर्ध्वरेतसां प्रशंसा ॥५॥

अनु. – यसरी ऊर्ध्वरेता अखण्ड ब्रह्मचारीको प्रशंसा गरियो ॥५॥

प्रकारान्तरले अरू थप प्रशंसा गरिन्छ —

सू. – अथापि सङ्कल्पसिद्धयो भवन्ति ॥६॥

अनु. – यसभन्दा पनि वढी ती ऊर्ध्वरेता ऋषिहरू कल्पनाअनुसार सफलता भएका हुन्छन् ॥६॥

सू. – यथा वर्षं प्रजा दानं दूरेदर्शनं मनोजवता यच्चान्यदेवंयुक्तम् ॥७॥

अनु. – जस्तै– वर्षा नभएको समय यहाँ तुरुन्त वर्षा होस् भनी ऊर्ध्वरेता ब्रह्मचारीले चाहेमा तुरुन्त उनको इच्छाअनुसार वर्षा हुन्छ । सन्तान नभएका व्यक्तिलाई लक्ष्य गरेर यिनको यस्तो सन्तान होस् भनी ऊर्ध्वरेताले आशीर्वाद दिएमा चाहेअनुसार सन्तान हुन्छ । काठमाडौंमा रहेका व्यक्तिले लङ्काको राजधानी प्रत्यक्ष रूपमा यहींबाट देख्ने शक्ति चाहेमा ऊर्ध्वरेताको आशीर्वादले तुरुन्त देखन सक्छ । यस्तै ऊर्ध्वरेताको आशीर्वादले व्यक्ति मन जति नै चाँडो चाहेका ठाउँमा पुग्न पनि सक्छ । यस्तै अरू अरू पनि सिद्धिहरू ऊर्ध्वरेताले पाउन सक्छ ॥७॥

सू. – तस्माच्छ्रुतितः प्रत्यक्षफलत्वाच्च विशिष्टानाश्रमानेतानेके ब्रुवते॥८॥

अनु. – त्यस कारण 'यदहरेव विरजेत् तदहरेव प्रव्रजेत्' (जुन दिनमा वैराग्य आउँछ, त्यसै दिन सन्यास लिनू) जस्ता वेदवाक्यद्वारा र ग्रन्थको यसै प्रकरणको सातौं सूत्रमा बताइएअनुसार प्रत्यक्ष फल देखेर केही धर्माचार्यहरू– परिवारवाला ऋषिहरूका आश्रमभन्दा ऊर्ध्वरेता ब्रह्मचारीका आश्रम विशिष्ट हुन्छन् भन्दछन् ॥८॥

गृहस्थाश्रमको प्रशंसा—

सू. – त्रैविद्यवृद्धानां तु वेदाः प्रमाणमिति निष्ठा तत्र यानि श्रूयन्ते व्रीहियवपश्वाज्यपयः कपालपत्नीसम्बन्धान्युच्चैर्नीचैः कार्यमिति तैर्विरुद्ध आचारोऽप्रमाणमिति मन्यन्ते ॥९॥

अनु. – त्र्यवयवा विद्या त्रिविद्या यद्वो वेदाः तां ये पाठतश्चाऽर्थतश्च विदन्ति ते त्रैविद्याः । तेषु पक्वज्ञानास्त्रैविद्यावृद्ध । ऋक् यजुष् साम यी तीनै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वेदहरूको मन्त्रपाठ एवं मन्त्रार्थहरूको परिपक्व जानकारी राख्ने व्यक्तिहरूको निमित्त इन्द्रियहरूले नभ्याइने विषयहरूमा वेद मात्र प्रमाण हुन्छन् अरु ग्रन्थहरू प्रमाण हुँदैनन् भन्ने सिद्धान्त छ ।

ती वेदहरूमा छन्दोवध्द मन्त्र ऋक् भनिन्छन् भने गद्यमन्त्र यजुष् । ऋक्को उच्चारण ऊँचा स्वरले गरिन्छ त यजुष्को उच्चारण अपेक्षाकृत धीमा स्वरले । यी दुवै थरी मन्त्रहरू धान, जौ, पशु, घिउ, दूध, पानी, पत्नीहरूसँग सम्बध्द कर्महरूको प्रतिपादन गर्छन् । ती कर्मसँग विरोध पर्ने आचारहरूलाई उक्त वैदिक पण्डितहरू प्रामाणिक मान्दैनन् ।

यसको सारांश हो— सम्पूर्ण वेद र तिनका शाखाहरूमा अग्निहोत्रदेखि लिएर विश्वसृजामयनसम्मका कर्महरू प्रतिपादित छन् । यी कर्महरूको अनुष्ठान गृहस्थाश्रममा मात्र सम्भव छ । त्यस कारण गृहस्थाश्रम श्रेष्ठ हो । ऊर्ध्वरेताहरूका आश्रमहरू वेदविरुद्ध हुनाले वेदलाई प्रमाण मान्ने हो भने आश्रयणीय हुंदैनन् ।।९।।

सू. – यत्तु श्मशानमुच्यते नानाकर्मणामेवोऽन्ते पुरुषसंस्कारो विधीयते।।१०।।

अनु. – यस प्रकरणको तेस्रो सूत्रमा 'सन्तानको चाहना गर्ने ऋषिहरूले श्मशान कुरे ।' भनेर जो भनिन्छ त्यो गृहस्थी विभिन्न यज्ञ गरिसकेपछि अन्तमा पुरुषसंस्कारको लागि पितृमेध यज्ञ गर्छ भनिएको हो । श्मशानमा पिशाच भएर घुम्छ भनेको होइन ।।१०।।

सू. – ततः परमनन्त्यं फलं स्वर्ग्य[1]शब्दं श्रूयते ।।११।।

अनु. – वेदशास्त्रमा सुनिन्छ– पितृमेध यज्ञ गरिसकेपछि अनन्त स्वर्गफल पाइन्छ ।।११।।

इत्यापस्तम्ब-धर्मसूत्रे द्वितीयप्रश्ने त्रयोविंशी कण्डिका

यसरी आपस्तम्ब-धर्मसूत्रको नेपाली अनुवादमा द्वितीय प्रश्नको तेइसौं कण्डिका पूरा भयो ।

---

१. अत्र याकारपाठोऽपपाठः ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अथ चतुर्विंशी कण्डिका

(अब चौबीसौं कण्डिका सुरु हुन्छ)

सू. – अथाप्यस्य प्रजातिममृतमाम्नाय आह–प्रजामनु प्रजायसे तदु ते मर्त्याऽमृतमिति ॥१॥

अनु. – अब पनि यस गृहस्थीको सन्ततिपरम्परालाई उसकै अमृतरूप सिद्ध गरेर वेदशास्त्रले वताएको छ– हे मानव ! एक सन्तानपछि उसकै अर्को सन्तान त्यसपछि फेरि उसको सन्तानको रूपमा जो जन्मलिन्छस् त्यही तेरो अमृतत्वं हो ॥१॥

सू. – अथापि स एवायं विरुढः पृथक् प्रत्यक्षेणोपलभ्यते दृश्यते चाऽपि सारूप्यम् देहत्वमेवाऽन्यत् ॥२॥

अनु. – फेरि पनि पिता नै पुत्रका रूपमा रूखको दोस्रो बिरुवा जस्तै अलग उम्रेको हो भन्ने कुरा प्रत्यक्ष नै पाइन्छ । दोस्रो कुरा-बाबु र छोराका शरीरमा साहश्य पनि पाइन्छ देह मात्र भिन्न हो ॥२॥

सू. – ते शिष्टेषु कर्मसु वर्तमानाः पूर्वेषां साम्परायेण कीर्तिं स्वर्गं च वर्धयन्ति ॥३॥

अनु. – ती सन्तानहरू शास्त्रले बताइएको मार्गमा रहिरहँदा परलोकसँग सम्बद्ध हुन पुगेका आफ्ना पुर्खाहरूको कीर्ति र स्वर्गलाई पनि बढाउँछन् ॥३॥

सू. – एवमवरोऽवरः परेषाम् ॥४॥

अनु. – यसै गरी अर्वाचीन-अर्वाचीन व्यक्तिले आफूभन्दा प्राचीन-प्राचीन व्यक्तिको कीर्ति बढाउँछ ॥४॥

सू – आभूत सम्प्लवात्ते स्वर्गजितः ॥५॥

अनु. – भूतसंम्प्लवो महाप्रलयः (महाप्रलय नभएसम्म सन्तति-परम्परा छोड्ने मानिसहरू स्वर्गभोगी भइरहन्छन् ॥५॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सू. – **पुनस्सर्गे बीजार्था भवन्तीति भविष्यत्पुराणे ॥६॥**

अनु. – यसरी संसारमा आफ्नो सन्तति-परम्परा कायम राख्ने व्यक्तिहरू नै महाप्रलयपछिको दोस्रो सृष्टिमा बीउ कायम राख्ने प्रजापतिहरू हुन्छन् भनेर भविष्यत् पुराणमा लेखिएको छ ॥६॥

सू. – **अथाऽपि प्रजापतेर्वचनम् ॥७॥**

अनु. – त्यसमा पनि यस प्रसङ्गमा प्रजापतिको वाक्य नै उल्लेखनीय छ ॥७॥

सू. – **त्रयीं विद्यां ब्रह्मचर्यं प्रजातिं श्रद्धां तपो यज्ञमनुप्रदानम् । य एतानि कुर्वते तैरित्सह स्मो रजो भूत्वा ध्वंसतेऽन्यत्प्रशंसन्निति॥८॥**

अनु. – तीनै वेदहरूको यथावत् अध्ययन, ४८ वर्षतकको ब्रह्मचर्यपालन, असल सन्तानहरूको उत्पादन, सत्शास्त्रहरूमा वा ईश्वरीय सत्तामा श्रद्धा, उपवास आदि तपस्या, अग्निहोत्र आदि यज्ञको अनुष्ठान, यज्ञको वेदिमा वा अन्यत्र शक्तिअनुसार दान, इत्यादि जो व्यक्ति गर्दछन् । तिनीहरूकै साथ हामीहरू छौं । अरू ऊर्ध्वरेता (नैष्ठिक ब्रह्मचारी) आदिका आश्रमको जो प्रशंसा गर्छ त्यो व्यक्ति धूलो भएर गिर्दछ॥८॥

सू. – **तत्र ये पापकृतस्त एव ध्वंसन्ति (ध्वंसन्ते) यथा पर्णं वनस्पतेर्न परान् हिंसन्ति ॥९॥**

अनु. – त्यो सन्तान-परम्परामा जो पाप गर्ने हुन्छन्, ती नै गिर्छन् अरू उनका पिता, पितामह आदिलाई गिराउँदैन् । जसरी रूखको जुन पात कीरा लागेको वा पहेंलिएको छ त्यही गिर्छ तयसले अरू पातलाई पनि गिराउँदैन हाँगालाई पनि गिराउँदैन ॥९॥

सू. – **नाऽस्याऽस्मिल्लोके कर्मभिः सम्बन्धो विद्यते तथा परस्मिन् कर्मफलैः ॥१०॥**

अनु. – जसरी यस दुनियाँमा बाबु बाजेहरूको आफ्ना छोरा नातिहरूले गरेका कर्मसँग कुनै सम्बन्ध हुँदैन त्यसै गरी परलोकमा पनि उनीहरूले गरे भनेका कर्महरूसँग उनका बाबु-बाजेको कुनै सम्बन्ध हुँदैन ॥१०॥

सू. – **तदेतेन वेदितव्यम् ॥११॥**

अनु, – त्यो अहिले भर्खरै भनिएको कुरा यो अगाडि प्रस्तुत गरिने उदाहरण-द्वारा बुझ्नुपर्छ ॥११॥

सू. – **प्रजापते ॠषीणामिति सर्गोऽयम् ॥१२॥**

अनु, – देवतादेखि लिएर कीरा पतिङ्गरसम्मको यो सृष्टि हिरण्यगर्भ प्रजापति र मरीचि आदि ॠषिहरूको हो ॥१२॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

टिप्पणी – पाप गर्ने सन्तानले उत्तम गतिमा गएका आफ्ना पुर्खालाई पनि आफ्ना पापले गिराउँदा हुन् त उनीहरूका सन्तान पापी मनुष्यहरूले उनीहरूलाई पहिल्यै गिराइसक्नुपर्थ्यो । आजसम्म उनीहरू ताराका रूपमा आकाशमा विराजमान देखिदै छन् ।।१२।।

सू. – **तत्र ये पुण्यकृस्ततेषां प्रकृतयः परा ज्वलत्य उपलभ्यन्ते ।।१३।।**

अनु. – जो पुण्यकर्मा वसिष्ठ आदि महर्षिहरू थिए उनीहरूका शरीरहरू आज पनि त्यो स्वर्गमा खूब देदीप्यमान पाइन्छन् ।।१३।।

टिप्पणी – (सप्तर्षि-मण्डल आज पनि धरतीबाट देखिदैछ । यो पनि सन्तानका कुकर्मले पुर्खा गिर्दैनन् भन्ने कुरामा दोस्रो प्रमाण भयो । हामी मनुष्य ऋषिहरूकै सन्तान हौं ।)

सू. – **स्यात्तु कर्मावयवेन तपसा वा कश्चित् सशरीरोऽन्तवन्तं लोकं जयति, सङ्कल्पसिद्धिश्च स्यान्न तु तज्ज्यैष्ट्यमाश्रमाणाम् ।।१४।।**

अनु. – यो कुरा हुन सक्छ कि पूर्व जन्ममा गरिएको सत्कर्मको भोगेर बाँकी रहेको एक टुक्राले अथवा कडा तपस्याले कोही ऊर्ध्वरेता अखण्ड ब्रह्मचारीले यसै शरीरले मर्त्यलोकलाई जित्ला, उसको सङ्कल्प सिद्ध पनि होला, तर त्यतिले ऊर्ध्वरेताको आश्रम अरू आश्रमहरूमा सर्वश्रेष्ठ हुन्छ भन्ने कुरा मान्य हुन सक्तैन ।।१४।।

(अरूले मानेको कुरा– सबै आश्रमलाई दूषित पनि गरियो भूषित पनि गरियो । त्यसो हुँदा ती सबै आश्रममा उपदेशानुसार व्यग्र नभै बसेमा क्षेम नै हुन्छ । कल्याण नै हुन्छ । यो नै निचोड हो ।

इत्यापस्तम्ब-धर्मसूत्रे द्वितीयप्रश्ने चतुर्विंशी कण्डिका

यसरी आपस्तम्ब-धर्मसूत्रको द्वितीय प्रश्नको नेपाली अनुवादमा

चौबीसौं कण्डिका पूरा भयो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अथ दशमः पटलः

(अब दशौं पटल सुरू हुन्छ)

सू. – व्याख्यातास्सर्ववर्णानां साधारणवैशेषिका धर्मा राज्ञस्तु विशेषाद् वक्ष्यामः ।।१।।

अनु. – ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्र यी सबै वर्णका अरूलाई कष्ट नदिनु, साँचो बोल्नु, अरूका हकभित्रको कुनै कुरा नलिनु जस्ता साधारण धर्म र अध्ययन गर्नु, यज्ञ गर्नु, दान दिनु जस्ता ब्राह्मण, क्षत्रिय, वैश्यका साधारण धर्म, अध्यापन, याज्ञन, प्रतिग्रह जस्ता ब्राह्मणका जातिगत, युद्ध राष्ट्ररक्षा जस्ता क्षत्रियका जातिगत, कृषि, पाशुपालन वाणिज्य जस्ता वैश्यका जातिगत र सेवा शूद्रको जातिगत यी सबै धर्महरू बताइए ।।१।।

अब राज्याभिषिक्त गद्दीनसीन राजाका धर्म र कर्तव्यबारे विशेष रूपमा जे बताउनुपर्ने हो सो बताउँछौं—

सू. – दक्षिणाद्वारं वेश्मपुरं च मापयेत् ।।२।।

अनु. – राजाले आफू बस्ने दरबार र राजधानी शहर दुवै दक्षिणदिशा द्वार भएको नपाउन लगाउनू ।।२।।

सू. – अन्तरस्यां पुरि वेश्म ।।३।।

अनु. – राजधानीका सबै शहरहरूमध्ये सबभन्दा भित्र जुन शहर छ त्यसैमा राजमहल-निर्माणका लागि जमिन नपाउनू ।।३।।

सू. – तस्य पुरस्ता दावसथस्तदामन्त्रणमित्या चक्षते ।।४।।

अनु. – त्यस राजभवनको सामुन्ने अगाडि चारौं तर्फबाट साधिकार व्यक्तिहरू आएर बस्ने, छलफल गर्ने आस्थानमण्डप (यसको अर्को नाम आमन्त्रण भवन पनि हुन सक्छ) नपाउनू ।।४।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सू. – **दक्षिणेन पुरं सभा दक्षिणोदग्द्वारा यथोभयं सन्दृश्येत बहिरन्तरं चेति ।।५।।**

अनु. – राजधानी शहरको नगिचै दक्षिणतर्फ दक्षिण र उत्तरतिर द्वार भएको जहाँबाट हेर्दा भित्र-बाहिर सबै देखिने एक सभाभवन नपाउनू, तयार गराउनू । यो द्यूत सभा हो, यसमा द्यूतार्थीहरु प्रवेश गर्छन् र त्यो आयस्थान हुन्छ ।।५।।

सू. – **सर्वेष्वेवाऽजस्रा अग्नयस्स्युः ।।६।।**

अनु. – राजभवन, आस्थानमण्डप, सभाभवन– यी तीनै भवनहरुमा निरन्तर अग्नि जलाइराख्नू ।।६।।

सू. – **अग्निपूजा च नित्या यथा गृहमेधे ।।७।।**

अनु. – जस्तो गृहस्थीको औपासनाग्निमा बिहान-बेलुका हवन हुन्छ । त्यस्तै ती अग्निहरुमा उनै वैदिक मन्त्रहरुद्वारा पूजा हवन हुनुपर्छ ।।७।।

सू. – **आवसथे श्रोत्रियावराध्यानतिथीन् वासयेत् ।।८।।**

अनु. – त्यस आवसथ-भवन (सभाभवन) मा अतिथिहरुलाई बसाउनू । सबै अतिथिहरुलाई बसाउन सम्भव नभए पनि कमसेकम वैदिक विद्वान् अतिथिहरुलाई बसाउनू ।।८।।

सू. – **तेषां यथागुणमावसथाः शय्याऽन्नंपान च विदेयम् ।।९।।**

अनु. – ती अतिथिहरुलाई उनीहरुका विद्या, चालचलन, गुणअनुसार कोठा, बिछयौना, पलङ, अन्न-पानहरुको व्यवस्था गर्नू ।।९।।

सू. – **गुरुनमात्यांश्च नातिजीवेत् ।।१०।।**

अनु. – आफ्ना खान-पान, वस्त्र, आवासहरु सम्मान्य पिता, माता, गुरु, पुरोहित आदि मन्त्रीहरुको भन्दा विशिष्ट हुन नदिनू । अर्थात् उनीहरुको भन्दा बढी सुविधापूर्ण जीवन बिताउने चेष्टा नगर्नू ।।१०।।

सू. – **न चास्य विषये क्षुधा रोगेण हिमातपाभ्यां वाऽवसीदेदभावाद् बुद्धिपूर्वं वा कश्चित् ।।११।।**

अनु. – यिनको राज्यमा जानी-जानी बुझीबुझी अभावले गर्दा कोही पनि व्यक्ति भोको, रोगी र जाडो गर्मीले अतिपीडित नहोस् ।।११।। आहार (भोजन पान आदि) को अभावले कोही पीडित हुन्छ भने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यो राजाको अपराध मानिन्छ ।

सू. – **सभाया मध्येऽधिदेवनमुद्धत्याऽवोक्ष्याऽक्षान्निवपेयुग्मान् वैभीतकान् यथार्थान् ।।१२।।**

अनु. – त्यस सभाभवनको मध्यभागमा बनेका जुवा खेल्ने स्थानमा पहिले काठ आदिले घोटी पानीले सिँची सफा गराएर बर्रोका काठबाट तँयार गराइएका कौडाहरू जोडीजोडी बनाएर जति आवश्यक पर्छन् त्यति जूवा खेलाउने सरकारी कर्मचारीले राखनू ।।१२।।
त्यो कर्मचारी सभिक नामको हुन्छ ।

सू. – **आर्याः शुचयस्सत्यशीला दीवितारःस्युः ।।१३।।**

अनु. – आर्थिक व्यवहार स्पष्ट रूपमा राख्ने, साँचो बोल्ने स्वभाव भएका ब्राह्मण, क्षत्रिय र वैश्य यी तीन जातका व्यक्तिहरू खेलाडी होउन् ।।१३।।

यस सम्बन्धमा याज्ञवल्क्य—

ग्लहे शतिकवृद्धेस्तु सभिकः पञ्चकं शतम् ।
गृह्णीयाद्धूर्तकितवादितराद्दशकं शतम् ।।

स सम्यक् पालितो दद्याद्राज्ञे भागं यथाकृतम् ।
जितमुद्ग्राहयेज्जैत्रे दद्यात्सत्यं वचः क्षमी ।।

(सभिक नामको जूवा खेलाउने सरकारी कर्मचारीले सय रुपियाँ थापिएको खेलमा जित्ने पूर्वोक्त खेलाडीबाट पाँच रुपैयाँको दरले लिनू । अरू धूर्त खेलाडीबाट दश रुपैयाँको दरले लिनू । उचित पारिश्रमिक पाउने त्यस कर्मचारीले राजालाई बुझाउनुपर्ने हिस्सा पनि ठीकसँग बुझाउनू । जित्ने व्यक्तिलाई उसले जितेको धन दिलाउनू । सत्य मात्र बोल्नुपर्छ र सहनशील हुनुपर्छ)

सू. – **आयुधग्रहणे नृत्यगीतवादित्राणीति राजधानेभ्योऽन्यत्र न विद्येरन् ।।१४।।**

अनु. – हतियार साथमा राख्ने र हतियार उठाउने, नाच, गान-बजान जस्ता कामहरू राजाको अधीनमा रहेका व्यक्तिहरूकहाँ मात्र हुनुपर्छ अन्यत्र हुनु हुँदैन । टीकाकारको मतअनुसार केवल उत्सव आदिमा अन्यत्र पनि हुन्छ ।।१४।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सू. – क्षेमकृद् राजा यस्य विषये ग्रामेऽरण्ये वा तस्करभयं न विद्यते ।।१५।।

अनु. – जुन राजाको मुलुकमा गाउँमा जङ्गलमा कहीं पनि चोर, डाँकाहरूको डर हुँदैन त्यही राजा कल्याणकारी हो ।।१५।।

इत्यापस्तम्ब-धर्मसूत्रे द्वितीयप्रश्ने पञ्चविंशी कण्डिका

यसरी आपस्तम्ब-धर्मसूत्रको नेपाली अनुवादमा द्वितीय प्रश्नको पच्चीसौं कण्डिका पूरा भयो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अथ षट्विंशी कण्डिका
(अब छब्बीसौं कण्डिका सुरु हुन्छ)

सू. – भृत्यानामनुपरोधेन क्षेत्रं वित्तं च दद्द्ब्राह्मणेभ्यो यथार्हमनन्ताँल्लोकानभिजयति ॥१॥

अनु. – जागिरदार कर्मचारी र व्यक्तिगत सेवकहरूमा बाधा अड्चन नपुऱ्याई ब्राह्मणहरूमा योग्यताअनुसार जमिन धन, दान गर्ने राजाले अनन्त लोक जित्तछ ॥१॥

सू. – ब्राह्मणस्वान्यपजिषगीमाणो राजा यो हन्यते तमाहुरात्मयूपो यज्ञोऽनन्त दक्षिणा इति ॥२॥

अनु. – यस्तो भनिन्छ– जुन राजा चोरहरूले अपहरण गरेको ब्राह्मणको धन फिर्ता ल्याई ब्राह्मणलाई बुझाइ दिन चोरहरूसँग लड्दा उनीहरूको हतियारले मारिन्छ त्यो राजाको शरीर नै मौलो हुन्छ । उसको अन्तरात्मा पशु र चोरहरूले अपहरण गरेको ब्राह्मणको धन नै अनन्त दक्षिणा भएको यज्ञ सम्पन्न भएको मानिन्छ । अर्थात् चोरहरूले अपहरण गरेको ब्राह्मणको सम्पत्ति फिर्ता ल्याइदिंदा अनन्त दक्षिणा भएको यज्ञ गरेको पुण्य प्राप्त हुन्छ ॥२॥

सू. – एतेनाऽन्ये शूरा व्याख्यात : प्रयोजने युद्धयमानारतनुत्यजः ॥३॥

अनु. – यस सूत्रद्वारा कुनै उज्वल उदात्त प्रयोजनको लागि युद्ध गर्दै शरीर त्याग गर्ने शूरा पराक्रमी व्यक्तिहरूको पनि व्याख्या गरिएको छ ॥३॥

सू. – ग्रामेषु नगरेषु चाऽऽयञ्छुन्चीन सत्यशीलान् प्रजागुप्तये निदध्यात् ॥४॥

अनु. – राजाले गाउँहरूमा र शहरहरूमा दुनियाँको सुरक्षाको लागि आर्य (ब्राह्मण, क्षत्रिय र वैश्य) वंशका विशुद्ध आचरण भएका सत्यवादी व्यक्तिहरूलाई लगाउनू ॥४॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सू. – **तेषां पुरुषा अपि तथागुणा एव स्युः ॥५॥**

अनु. – उनीहरुद्वारा काममा लगाइने अरू व्यक्तिहरू पनि त्यस्तै शुद्ध आचरण भएका सत्यशील हुनु आवश्यक छ ॥५॥

सू. – **सर्वतो योजनं नगरं तस्करेभ्यो रक्ष्यम् ॥६॥**

अनु. – सबै दिशा-विदिशाहरूमा राजधानी शहरदेखि बाहिरबाट एक योजन (४।४ कोस) तकको भूभाग चोर डाँकाहरूबाट सुरक्षित राख्नू ।.६॥

सू. – **क्रोशो ग्रामेभ्यः ॥७॥**

अनु. – यस्तै गाउँहरूबाट सबै दिशाहरूमा एक-एक कोसतकको जमिन चोर-डाँकाहरूबाट सुरक्षित राख्नू ॥७॥

सू. – **तत्र यन्मुष्यते तैस्तत् प्रतिदातव्यम् ॥८॥**

अनु. – ठूला शहरमा चार-चार कोसवरिपरि र गाउँहरूमा एकएक कोस-वरिपरिभित्र जो चोरी वा डकैत हुन्छ त्यसको हर्जाना ती नै सुरक्षा-कर्मचारीहरूबाट भराउनुपर्छ ॥८॥

सू. – **धार्म्यं शुल्कमवहारयेत् ॥९॥**

अनु. – राजाले धर्मशास्त्रको निश्चित नियमअनुसार विभिन्न व्यवसायका नागरिकहरूबाट उठाउनुपर्ने धर्मयुक्त कर पनि ती कर्मचारीहरूबाट एकत्र गराउनू ॥९॥

गौतमको मतअनुसार व्यापारमा बीस भागको एक भाग आयकर लिनू, मूल, फल, पुष्प, औषधि, मधु, मांस, ग्यास इन्धनको साठियौं भाग कर लिनू ।

सू – **अकरः श्रोत्रियः ॥१०॥**

अनु. – अङ्गसहित पूरा वेदशास्त्रको अध्ययन गरेका विद्वान्‌बाट कुनै प्रकारको कर नलिनू ॥११॥

सू. – **सर्ववर्णानां च स्त्रियः ॥११॥**

अनु. – सबै जातका आ-आफ्ना धर्म-मर्यादामा रहेका स्त्रीहरूबाट पनि कर नलिनू ॥११॥

सू. – **कुमाराश्च प्राक् व्यञ्जनेभ्यः ॥१२॥**

अनु. – कुमार-कुमारीहरूबाट पनि उनीहरूका शरीरहरूमा यौवनका चिह्न प्रकट नभएसम्म कर नलिनू ॥१२॥

सू – **ये च विद्यार्थां वसन्ति ॥१३॥**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनु. – जो व्यक्तिहरू विद्याको अध्ययनमा लागेका छन् तिनीहरूबाट पनि कर नलिनू ।१३।।

सू. – तपस्विनश्च ये धर्मपराः ।।१४।।

अनु. – धार्मिक क्रियाकलापमा तत्पर भएर लागेका तपस्वी व्यक्तिहरूलाई करमुक्त गराउनू ।।१४।।

धर्मपरा भनेकोले अभिचारको दृष्टिले तपस्या गर्ने करमुक्त हुँदैनन् भन्नको निमित्त हो ।

सू. – शुद्रश्च पादावनेक्ता ।।१५।।

अनु. – ब्राह्मण, क्षत्रिय र वैश्यका पाउ धोएर जीविका गर्ने शूद्र पनि करमुक्त हुन्छ ।१५ ।

सू. – अन्धमूक बाधिररोगविष्टाश्च ।।१६।।

अनु. – अन्धो, लाटो, बहिरो र भयानक रोगले सताएको व्यक्ति पनि करमुक्त हुन्छ ।।१६।।

सू. – ये व्यर्था द्रव्यपरिग्रहैः ।।१७।।

अनु. – जो सम्पत्ति बटुल्नुमा कुनै चासो राख्तैनन् त्यस्ता व्यक्तिहरू पनि करमुक्त हुन्छन् ।।१७।।

सू. – अबुद्धिपूर्वमलङ्कृतो युवा परदारमनुप्रविशन् कुमारीं वा वाचा बाध्यः ।।१८।।

अनु. – अलङ्कार आदिले सिंगारिएको युवक व्यक्ति प्रौढ परपत्नी मात्र भएको अथवा पतिवरा कुमारी मात्र भएको घरमा नजानी पस्छ भने त्यसलाई 'यहाँ स्त्री मात्र छन् नपस्' भनी रोक्नू ।।१८।।

सू. – बुद्धिपूर्वं तु दुष्टभावो दण्ड्यः ।।१९।।

अनु. – जानी-जानी दुष्ट भावना लिएर प्रवेश गर्छ भने त्यस्तो व्यक्ति दण्डनीय हुन्छ ।।१९।।

सू. – सन्निपाते वृत्ते शिश्नच्छेदनं सवृषणस्य ।।२०।।

अनु. – मैथुन भइसकेछ भने अण्डकोषसहित उसको लिङ्ग काटिदिनू ।।२०।।

सू. – कुमार्यां तु स्वान्यादाय नाश्यः ।।२१।।

अनु. – कुमारीमा मैथुन गरेको रहेछ भने उसको सर्वस्व हरण गरिदिएर देशबाट निकालिदिनू ।

सू. – अथ भृत्ये राज्ञा ।।२२।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनु. – यसपछि त्यसरी मैथुन गरिएका कुमारी वा प्रौढाहरूलाई राजाले जीविका दिनू ।।२२।।

सू. – **रक्ष्ये चाऽत ऊर्ध्वं मैथुनात् ।।२३।।**

अनु. – त्यसपछि तिनीहरूलाई मैथुनबाट बचाउनू ।।२३।।

सू. – **निर्वेषाभ्युपाये तु स्वामिभ्योऽवसृजेत् ।।२४।।**

अनु. – ती कुमारी वा प्रौढा स्त्रीले शास्त्रीय प्रायश्चित्त गर्न स्वीकार गरेमा प्रायश्चित्त गराई आ-आफ्ना अभिभावकहरूलाई सुम्पिदिनू (प्रायश्चित्त गर्न मञ्जूर नगरे तिनलाई जीवनभर थुनिराख्नू) ।।२४।।
यहाँ निर्वेष शब्दको अर्थ प्रायश्चित्त हो ।

इत्यापस्तम्ब-धर्मसूत्रे द्वितीयप्रश्ने षष्टविंशी कण्डिका
यसरी आपस्तम्ब-धर्मसूत्रको नेपाली अनुवादमा द्वितीय प्रश्नको छब्बीसौं कण्डिका पूरा भयो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अथ सप्तविंशी कण्डिका

(अब सत्ताइसौं कण्डिका सुरु हुन्छ)

सू. – **चरिते यथापुरं धर्माद्धि सम्बन्धः ॥१॥**

अनु. – प्रायश्चित्त गरेमा ती कन्या प्रौढा दुवै परपुरुषसँग सम्बन्ध हुनुभन्दा पहिलेझैं निर्दुष्ट मानिन्छन् । किनभने स्त्री र पुरुषको सम्बन्ध निश्चित रूपमा धर्मकै माध्यमबाट हुने हो । धर्मशास्त्रले निर्दुष्ट मानेपछि दोष कहाँबाट ?

सू. – **सगोत्रस्थानीयां न परेभ्यस्समाचक्षीत ॥२॥**

अनु. – जो सन्तानरहित व्यक्ति आफूमा सन्तान पैदा गर्न सक्ने क्षमता नदेखी आफ्नी पत्नीमा अरूद्वारा गर्भाऽऽधान गराउन चाहन्छ अथवा ऊ मरेपछि उसका अभिभावकहरू आफ्नी विधवा वधूमा अरू व्यक्तिहरूबाट सन्तान उत्पन्न गराउन चाहन्छन् । तिनीहरूले सगोत्रका देवर वा सपिण्डसित मात्रै सन्तान उत्पन्न गराउनू । त्यस्ताका विषयमा लेखिएको यो सूत्र हो ।

विवाह भएका स्त्रीहरू सगोत्रस्थानीय मानिन्छन् न कि पूरा रूपमा सगोत्र । किनभने पहिले उनले जुन कुलमा जन्म पाइन् त्यस कुलकै गोत्र उनको जन्मसिद्ध गोत्र भयो । अब विवाह भएपछि त्यो गोत्रलाई छोडेर श्रीमान्को गोत्रमा उनी आइन् । यस्तो परिस्थिति उनका श्रीमान् त्यस कुलका सगोत्र हुन्छन् भने उनी चाहिं सगोत्र स्थानीय मात्र हुन्छिन् । किनभने उनी जन्मसिद्ध माइतीको गोत्र छोडेर विवाहपछि श्रीमान्को गोत्रमा आएकी हुन् । यस्ती स्त्रीमा क्षेत्रज सन्तान उत्पन्न गराउनुपर्‍यो भने त्यसै गोत्रका भरसक उनकै देवरलाई नै, नभए सपिण्ड व्यक्तिलाई यिनमा क्षेत्रज सन्तान पैदा गराइदेऊ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भन्नू, अरू गोत्रका व्यक्तिलाई यिनमा क्षेत्रज सन्तान उत्पन्न गराइदेऊ नभन्नू ।।२।।

सगोत्रको विशेषता—

सू. – **कुलाय स्त्री प्रदीयते इत्युपदिशन्ति ।।३।।**

अनु. – निश्चय नै कन्या पतिको कुललाई दिइन्छिन् न केवल पतिलाई भनी धर्मशास्त्रीहरू उपदेश दिन्छन् ।।३।।

यसको खण्डन—

सू – **तदिन्द्रियदौर्बल्याद्विप्रतिपन्नम् ।।४।।**

अनु. – प्राचीन समयमा चलेको यो नियोगको व्यवस्था आजभोलि निषिद्ध गरिएको छ, किनभने आजका मानिसमा त्यो जितेन्द्रियता छैन र शास्त्रको आधारमा तीव्र व्यभिचार बढ्न सक्छ ।।४।।

सू. – **अविशिष्टं हि परत्वं पाणेः ।।५।।**

अनु. – विवाहको समयमा अग्निलाई साक्षी राखेर वरले कन्याको पाणिग्रहण (हात पक्रने काम) गर्दछ । त्यो वरको अतिरिक्त अर्कालाई आफ्नो हात दिनासाथ त्यो स्त्री 'परहस्तगता' अर्काको हातमा परेकी भई। त्यो त्यसै कुलका व्यक्तिको हात होस् वा अन्य कुलका परहस्तत्वमा केही फरक भएन । ५।।

सू. – **तद्व्यतिक्रमे खलु पुनरुभयोर्नरकः ।।६।।**

अनु. – यसरी स्त्रीले विवाहमा आफ्नो हात पक्रने वरका अतिरिक्त अर्का व्यक्तिसँग सम्पर्क गरेमा पक्कै दुवैको नरकवास हुन्छ ।।६ ।
दम्पतीको नै नरकवास हुन्छ, पतिको अनुज्ञा भएमा ।

सू. – **नियमारम्भणो हि वर्षीयानभ्युदय एवमारम्भणादपत्यात् ।।७।।**

अनु. – यसरी नियोग-प्रक्रियाद्वारा प्राप्त सन्तानको अपेक्षा वैदिक नियम-अनुसार प्राप्त सन्तान अत्यन्त श्रेयस्कर (असल) हुन्छन् ।।७।।

सू. – **नाश्यः आर्यः शूद्रायाम् ।।८।।**

अनु. – शूद्र जातिकी स्त्रीमा मैथुन गर्न लागेका ब्राह्मण, क्षत्रिय वा वैश्य जातिका व्यक्तिलाई राजाले देशबाट निकालिदिनू ।।८।।

सू. – **वध्यश्शूद्र आर्यायाम् ।।९।।**

अनु. – शूद्रले आर्य जाति (ब्राह्मण, क्षत्रिय र वैश्य) की स्त्रीलाई भोगेमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यस शूद्रलाई प्राणदण्ड दिनू[1] ।।९।।

यसबारे याज्ञवल्क्य—

सजातावुत्तमो दण्ड आनुलोम्ये तु मध्यमः ।
प्रातिलोम्ये वधः पुंसां स्त्रीणां नासादिकृन्तनम् ।।

(समान जातकी स्त्रीमा मैथुन गरे उत्तमसाहस दण्ड गर्नू । माथिल्लो जातका पुरुषले तल्लो जातकी स्त्रीमा मैथुन गरे मध्यम साहस दण्ड गर्नू । तल्लो जातका पुरुषले माथिल्लो जातकी स्त्रीमा मैथुन गरे पुरुषलाई मारिदिनू । स्त्रीका नाक आदि अङ्ग काटिदिनू ।)

सू. – **दारं चाऽस्य कर्शयेत् ।।१०।।**

अनु. – त्यसरी शूद्रले भोगिएकी आर्यजातकी स्त्रीलाई व्रत, नियम, उपवासहरू गर्न लगाई सुकाई प्रायश्चित्त गराउनू ।

यो प्रायश्चित्त बच्चा नपाएमा मात्र हो बच्चा पाए मात्र यसले पवित्र हुँदैनन् । जस्तै—

ब्राह्मण क्षत्रियविशां स्त्रियः शूद्रेण सङ्गताः ।
अप्रजाता विशुद्धयन्ति प्रायश्चित्तेन नेतराः ।।१।।

ब्राह्मण, क्षत्रिय, वैश्य की स्त्रीहरू शूद्रसँग सङ्गत गरेमा सन्तान नभएमा प्रायश्चित्तद्वारा शुद्ध हुन्छन्, सन्तान भएपछि शुद्ध हुँदैनन् ।

सू. – **सवर्णायामन्यपूर्वायां सकृत्सन्निपाते पादः पततीत्युपदिशन्ति ।।११।।**

अनु. – समान जातकी अर्काकी पत्नीमा एकपल्ट मैथुन गरे पूर्णरूपमा पतित व्यक्तिले गर्नुपर्ने प्रायश्चित्तको एक चतुर्थांश प्रायश्चित्त गर्नू । अर्थात् पूर्ण रूपमा पतित व्यक्तिले बाह्र वर्षसम्म ब्रह्मचर्य व्रतमा रहनुपर्थ्यो भने उसले केवल त्यसको एक चतुर्थांश तीन वर्ष ब्रह्मचर्यव्रतमा रहनु पर्छ । यो श्रोत्रियको भार्याभा ऋतुकालमा कामतः प्रथम दूषकको निमित्त प्रायश्चित्त हो ।

सू – **एवमभ्यासे पादः पादः ।।१२।।**

---

१. यसमा हरदत्तको व्याख्याअनुसार यो प्राण दण्ड राजाको अन्तःपुर आदिमा नियुक्त शूद्रले त्यहाँका उत्तमजातका स्त्रीहरूलाई भोगेमा त्यस शूद्रलाई दिइने हो । अन्यत्रको लागि त अण्डकोशसहित उसको लिङ्गच्छेद गरेर नै मारिदिनुपर्छ । गौतमले पनि यसै भनेका छन्–आर्यस्त्र्यभिगमने लिङ्गोद्धारः **सर्वस्वहरणं च । इति ।**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनु. – समान जातकी परपत्नीमा दोस्रोपल्ट, तेस्रोपल्ट मैथुन गरेमा ३।३ वर्षको दरले ब्रह्मचर्यव्रत गराउनू । अर्थात् दोस्रो पल्टमा ६ वर्ष तेस्रो पल्टमा ९ वर्ष सो व्रत गराउनू ।।१२।।

सू. – **चतुर्थे सर्वम् ।।१३।।**

अनु. – समान जातकी परपत्नीमा चौथोपल्ट मैथुन गरेमा पूरा बाह्र वर्ष ब्रह्मचर्यव्रत गराउनू ।।१३।।

टिप्पणी – यो नियम भिन्न-भिन्न स्त्रीमा पहिलोपल्ट मैथुन गर्नेका लागि हो । अर्थात् पहिलीमा ३ वर्ष, दोस्रीमा ६ वर्ष, तेस्रीमा ९ वर्ष चौथीमा १२ वर्ष । यसमा पहिला पहिला प्रायश्चित्त पनि जोड्दै लानुपर्छ ।

एउटै स्त्रीमा वारवार दोहोऱ्याएमा परपत्नीको अपहरणमा गराउने प्रायश्चित्त गराउनू ।

यसरी मैथुन गराउने स्त्रीलाई पनि सोही प्रायश्चित्त गराउनू।

सू. – **जिह्वाच्छेदनं शूद्रस्याऽऽर्यं धार्मिकमाक्रोशतः ।।१४।।**

अनु – शूद्रले धार्मिक प्रकृतिका ब्राह्मण, क्षत्रिय र वैश्यलाई तथानाम गाली गरेमा उसको जिब्रो कटाइदिनू ।।१४।।

यस प्रसङ्गमा मनु–

येनाङ्गनाऽवरो वर्णो ब्राह्मणस्याऽपराध्नुयात् ।
तदङ्ग तस्य छेत्तव्य तन्मनोरनुशासनम् ।।

जसको जुन अङ्गले नीच वर्ण ब्राह्मणको अपराध गर्छ त्यसको त्यो अङ्ग काटिदिनु यो मनुको अनुशासन हो ।

सू. – **वाचि पथि शय्यायामासन इति समीभवतो दण्डताडनम् ।।१५।।**

अनु. – जुन शूद्र, ब्राह्मण क्षत्रिय, वैश्य जातका पुरुषहरूसँग बातचीत, बाटो हिँड्दा, बिछ्यौना र आसनमा समानताको व्यवहार गर्दछ त्यसलाई लट्ठीले पिट्नू । यही उसको लागि दण्ड हो ।।१५।।

सू. – **पुरुषवधे स्तेये भूम्यादान इति स्वान्यादाय वध्यः ।।१६।।**

अनु. – शूद्रले मानिस मारेमा, चोरी गरेमा, अरूका अधिकारको जमिन जबर्जस्ती हड्पेमा (हरण गरेमा) सर्वस्व अपहरण गरी मारिदिनू।।१६।।

सू. – **चक्षुनिरोधस्तेषु ब्राह्मणस्य ।।१७।।**

अनु. – ती कामहरू (अर्थात् ज्यान मार्ने, चोरी गर्ने जमित हड्प्ने) ब्राह्मणले गरेमा उनका आँखामा पट्टी बाँधी जन्मभर नदेखिने गराइदिनू ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अक्षतो ब्राह्मणो व्रजेत् भन्ने शास्त्रवाक्य हुनाले उनलाई शारीरिक दण्ड नदिनू ।।१७।।

'चक्षुनिरोध' यसमा रेफलोप आर्य हो ।

सू. – **नियमातिक्रमिणमन्यं वा रहसि बन्धयेत् ।।१८।।**

अनु. – वर्णाश्रम व्यवस्थाका नियमहरूको उल्लङ्घन गर्ने र अरू निषेध गरिएको काम गर्ने व्यक्तिलाई एकान्तमा जेलमा राखिदिनू ।।१८।।

सू. – **आसमापत्तेः ।।१९।।**

अनु. – जवतक कैदी यी नियमहरूको पूर्णरूपमा परिपालन गर्ने प्रतिज्ञा गर्दैन तबसम्म उसलाई जेलमै राख्ने ।।१९।।

सू. – **असमापत्तौ नाश्यः ।।२०।।**

अनु. – कहिल्यै पनि ती नियमहरूको परिपालन गर्ने प्रतिज्ञा नगरेमा मारिदिनू ।।२०।।

सू. – **आचार्य ऋत्विक् स्नातको राज्ञेति त्राणं स्युरन्यत्र बध्यात् ।।२१।।**

अनु. – ज्यान सजाय पाउने अपराधबाहेक अरू अपराध गर्ने व्यक्तिहरूलाई राजाले दण्ड दिन लाग्दा अबउप्रान्त यस्तो गलत काम गर्नुलाई म यसलाई रोक्छु अहिले यो मुक्त गरियोस् भनी आचार्य, ऋत्विक्, स्नातक र राजाले अनुरोध गरेमा अङ्ग दण्ड पाउनेलाई अर्थदण्ड, अर्थदण्ड पाउनेलाई ताडनदण्ड, ताडनदण्ड पाउनेलाई धिक्दण्ड दिएर उनको वशमा छोडिदिनू । यसरी उक्त चार व्यक्तिहरू विभिन्न अपराधीहरूलाई बाँकी दण्ड माफ गराई छुटाउन सक्छन् । जसको वधको योग्य अपराध छ त्यसलाई यो नियम लाग्दैन, त्यसलाई आचार्याले रक्षा गर्दैनन् त्यो वध्यंन्त हुन्छ ।।२१।।

इत्यापस्तम्ब-धर्मसूत्रे द्वितीयप्रश्ने सप्तविंशी कण्डिका

यसरी आपस्तम्ब-धर्मसूत्रको नेपाली अनुवादमा द्वितीय प्रश्नको सत्ताइसौं कण्डिका पूरा भयो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अथ एकादशः पटलः

(अब एघारौं पटल सुरू हुन्छ)

सू. – क्षेत्रं परिगृह्योत्थानाभावात्फलाभावे यस्समृद्धस्स भावि तदपहार्यः ॥१॥

अनु. – कुनै कृषकले खेती गर्न भनी अरूको खेत लिएर खेतीको लागि कुनै प्रयासै नगरी बाँझो राखेर आयस्ता मारेमा कृषक धनी भए त्यस सालको त्यस खेतको सम्भावित बालीको मूल्य जग्गा धनीलाई दिलाउनू ॥१॥

सू. – अवशिनः कीनाशस्य कर्मन्यासे दण्डताडनम् ॥२॥

अनु. – जमिनदारका वशमा नरहने गरीब खेतीवालले पहिले खेत कमाउन लिएर बीचमा बिसाएमा (खेती नगरेमा) त्यसलाई लट्ठीले पिटाउनू ॥२॥

सू. – तथा पशुपस्य ॥३॥

अनु. – त्यस्तै गाई, गोरु, भैंसी, भेंडा, बाख्रा आदि घरपाल्तु पशुहरूलाई निश्चित शर्तअनुसार निश्चित समयको लागि पालन स्वीकार गरी लिएर बीचमा छोडिदिएमा त्यस्ता व्यक्तिलाई लट्ठीद्वारा पिटाउनू ॥३॥

सू. – अवरोधनं चाऽस्य पशूनाम् ॥४॥

अनु. – अथवा त्यस व्यक्तिलाई पालन दिएका पशुहरू रोकी अर्को गोपलाई पालन दिनू ॥४॥

सू. – हित्वा व्रजमादिनः कर्षयेत् पशून् ॥५॥

अनु. – गोठमा रोकेर राखिएका पशुहरूले गोठबाट बाहिर आई कसैको बाली खाएमा ती पशुहरूलाई भोकै बाँधी दुब्ला बनाइदिनू ॥५॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यो काम जसको बाली खाएको हो त्यो जग्गाधनीले वा त्यहाँ नियुक्त राजपुरुषले गर्नू ।

सू. – नाऽतिपातयेत् ।।६।।

अनु. – किन्तु पशुहरूलाई धेरै समय यसरी नराख्नू, नपिट्नू पनि ।।६।।

सू. – अवरुध्य पशून् मारणे नाशने वा स्वामिभ्योऽवस्सृजेत् ।।७।।

अनु. – अरूका पशुहरू पाल्ने व्यक्तिले आफूले निर्दिष्ट समयतक पालिदिन जिम्मा लिएर पशुहरूलाई डरलाग्दो एकान्त स्थानमा छोडी मर्न वा चोरहरुद्वारा अपहृत हुन दिएमा तिनका मालिकहरूलाई बदला तिर्नु पर्छ । पशुहरू नै जस्ताको त्यस्तै फर्काउनुपर्छ वा मूल्य तिर्नुपर्छ ।।७।।

सू. – प्रमादादरण्ये पशूनुत्सृष्टान् दृष्ट्वा ग्राममानीय स्वाभिभ्योऽ वसृजेत् ।।८।।

अनु. – गाउँको सुरक्षाको लागि सरकारद्वारा गाउँमा खटाइएका व्यक्तिले पशुका मालिकहरूको बेहोसीले जङ्गलमा छोडिएका पशुहरूलाई गाउँमा ल्याई उनीहरूलाई जिम्मा लगाइदिनू ।।८।।

सू. – पुनः प्रमादे सकृदवरुध्य ।।९।।

अनु. – फेरि दोस्रोपल्ट पनि बेहोसी गरेमा (वनमा छोडेमा) त्यस्ता पशुलाई केही दिन रोकी फिर्ता दिनू ।।९।।

सू. – तत ऊर्ध्वं न सूर्क्षेत् ।।१०।।

अनु. – त्यसपछि पनि पूर्वोक्तअनुसार असावधानी गरेमा वास्ता नगर्नू ।।१०।। (सूर्क्षा=अपेक्षा, न सूर्क्षेत्=अपेक्षा नगर्नू, उपेक्षा गरिदिनु ।)

सू – परपरिग्रहमविज्ञानादददान एधोदके मूले, पुष्पे, फले, गन्धे, ग्रासे शाक इति वाचा वाध्यः ।।११।।

अनु. – 'यो कुनै व्यक्ति विशेषको अधीनको हो भन्ने जानकारी नभएको कहींबाट कसैले दाउरा, पानी, जरा, फूल, फल गन्ध, घाँसको घूठो, साग लिंदै गरेको पाइएमा ग्रामरक्षकले त्यस व्यक्तिलाई 'खबरदार ! अब उप्रान्त यसो नगर्नु' भनी झपार्नू ।।११।।

सू. – विदुषो वाससः परिमोषणम् ।।१२।।

अनु. – जानीजानी पूर्वोक्त क्रियाकलाप कोही गर्दछ भने त्यसलाई नाङ्गो पारी कपडा लुट्नू ।।१२।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सू. – अदण्ड्यः कामकृते तथा प्राणसंशये भोजनमाददानः ।।१३।।

अनु. – जो व्यक्ति मर्ने-बाँच्ने दोसाँधमा परेर जानीजानी नै अरूको अधीनमा भएको उक्त कुरा (दाउरा, पानी, घाँस, जरा, फूल, फलहरू) लिन्छ त्यसलाई दण्ड नगर्नू ।।१३।।

सू. – प्राप्तनिमित्ते दण्डाकर्मणि राजानमेनः स्पृशति ।।१४।।

अनु. – दण्ड गर्नुपर्ने कारण टड्कारो छँदाछँदै राजाले त्यस्ता व्यक्तिलाई दयाले अथवा अर्थ=लोभले दण्ड नगरेमा त्यस व्यक्तिको पापले राजालाई नै छुन्छ ।।१४।।

इत्यापस्तम्व-धर्मसूत्रे द्वितीयप्रश्ने अष्ठाविंशी कण्डिका

यसरी आपस्तम्ब-धर्मसूत्र द्वितीय प्रश्नको नेपाली अनुवादमा

अट्ठाइसौं कण्डिका पूरा भयो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अथ एकोनत्रिंशी कण्डिका

(अब उनान्तीसौं कण्डिका सुरु हुन्छ)

यहाँ शङ्का हुन्छ– शास्त्रको फल कर्ता (प्रयोक्ता) मा नै हुनुपर्ने, अन्यकृतको अन्यको भोग कसरी गर्नुपर्ने हुन्छ? यस विषयमा भनिन्छ–

सू. – **प्रयोजयिता मन्ता कर्तेति स्वर्गनरकफलेषु कर्मसु भागिनः ॥१॥**

अनु. – धर्म वा अधर्म गर्न लागेका व्यक्तिलाई सघाउने-प्रेरणा दिने व्यक्ति (प्रयोजयिता) सल्लाह दिने (मन्ता) र काम गर्ने आफू (कर्ता) यी तीनै जना स्वर्ग दिने पुण्यकर्म र नरक दिने पापकर्मका सहभागी हुन्छन् ॥१॥

टिप्पणी – प्रयोजयिता तीन प्रकारका हुन्छन्– (१) त्यो काम गर्न आज्ञा दिने, (२) प्रार्थना गर्ने (३) स्वयं काम गर्ने (नोकर आदिलाई आज्ञा दिइन्छ ।)

सू. – **यो भूय आरभते तस्मिन् फलविशेषः ॥२॥**

अनु. – ती प्रयोजयिता, मन्ता र कर्ता तीनथरी व्यक्तिहरूमध्ये जो व्यक्ति त्यो कामलाई फेरि बारबार उठाउँछ र प्रयोजन सिद्ध नभएसम्म लगिपरीरहन्छ । त्यसमा विशिष्ट फल हुन्छ नै ।२॥

सू. – **कुटुम्बिनौ धनस्येशाते ॥३॥**

अनु. – पति-पत्नी दुवै घरायसी सम्पत्तिका स्वामी हुन्छन् । (यो कुरा हुन त हो, तर श्रीमान्को आज्ञा नपाई श्रीमती आफूखुशी घरायसी सम्पत्ति खर्च गर्न सक्तिनन् । श्रीमान् सक्छन् र पनि श्रीमान्को दीर्घकालिक अनुपस्थितिमा श्रीमतीबाट भएको खर्च चोरी ठहर्दैन) ॥३॥

सू. – **तयोरनुमतेऽन्येऽपि तद्धितेषु वर्तेरन् ॥४॥**

अनु. – ती पति-पत्नीको अनुमति भएमा परिवारका अरू सदस्यछोरा भतिजा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भाइहरू पनि उनीहरूको यो लोक र परलोकमा हित हुने कुरामा पारिवारिक सम्पत्तिको उपयोग गर्न सक्छन् ।।४।।

सू. – **विवादे विद्याभिजनसम्पन्ना वृद्धा मेधाविनो धर्मेष्वविनिपातिनः (निर्णयिका भवन्ति) ।।५।।**

अनु. – वादी र प्रतिवादीमा मेल नखाने कुराको नाम विवाद हो यस्तो विवाद त्यसलाई शान्त गराउन विद्याको अध्ययन भएका विशुद्ध कुलका बूढापाका स्मरणशक्ति भएका र धार्मिक दृष्टिले पतित नभएका व्यक्तिहरू निर्णायक हुन सक्छन् ।।५।।

सू. – **सन्देहे लिङ्गतो दैवेनेति विचित्य ।।६।।**

अनु. – पूर्वोक्त निर्णताहरूमा निर्णय लिनमा सन्देह भएमा अनुमान दैवी उपाय (जस्तै ताने मास फलाम) आदिद्वारा वस्तुस्थिति पत्ता लगाएर मात्र उनीहरूले निर्णय दिनुपर्छ ।।६।।

साक्षी वकाउने विधि—

सू. – **पुण्याहे प्रातरग्नाविद्धेऽपामन्ते राजवत्युभयतस्समारव्याप्य सर्वानुमते मुख्यस्सत्यं प्रश्नं ब्रूयात् ।।७।।**

अनु. – देवनक्षत्र परेको शुभ दिनमा, विहान वल्दै रहेका अग्नि र जलाशय वा पानीवा घडाका छेउमा राजा वा न्यायाधीश जस्ता प्रमुख अधिकारीको उपस्थितिमा मुख्य साक्षीले आफूलाई पक्ष-विपक्ष दुवैको विश्वास प्राप्त प्रामाणिक साक्षीको रूपमा उपस्थापित गराउँदै भन्नू—

हेर्नुहोस् शास्त्रले सत्य बोल्नु र असत्य बोल्नुका फल यसप्रकार दर्शाएको पाइन्छ—

सत्यं ब्रूह्यनृतं त्यक्त्वा सत्येन स्वर्गमेष्यसि ।
अनृतेन महाघोरं नरकं प्रतिपद्यते ।।

(तिमी झूटो बोल्न छोडेर साँचो बोल्ने गर । किनभने सत्य वाणीले स्वर्ग लैजान्छ, असत्यले अतिभयानक नरकमा पुगिन्छ ।)

म स्वर्ग जान चाहन्छु, नरक होइन। त्यस कारण यहाँहरू सबको अनुमति मिल्छ भने आफूले देखे जानेको सत्य सत्य कुरा म यहाँ प्रस्तुत गर्नेछु । त्यसपछि राजा वा हाकिमका प्रश्नहरूको जवाफमा सत्य सत्य कुरा बताउनू ।।७।।

सू. – **अनृते राजा दण्डं प्रणयेत ।।८।।**

अनु. – साक्षीले बोलेको झूटो साबित भएमा राजाले उसलाई दण्ड दिनू ।।८।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यहाँ मनुको कथन छ—

यस्य दृश्येत सप्ताहादुक्तसाक्ष्यस्य साक्षिणः ।
रोगोऽग्निर्ज्ञातिमरणं दाप्यो दण्ड च तत्समम् ।।

सप्ताह (सातदिन) भित्र जुन साक्षीको रोग, अग्नि, जातिमरण हुन्छ त्यसलाई दण्ड दिनू ।

सू. – **नरकश्चाऽत्राधिकः साम्पराये ।।६।।**

अनु. – **साम्परायः**=परलोक । यसको सम्बन्धमा झूटो बोल्ने साक्षीलाई मृत्युपछि यसभन्दा बढी नरक पनि प्राप्त हुन्छ ।६।।

टिप्पणी – मनुले बोलेका—

राजभिर्धृतदण्डास्तु कृत्वा पापानि मानवाः ।
निर्मलाः स्वर्गमायान्ति सन्तः सुकृतिनोयथा ।।

(मनुष्यले पाप गरेमा राजाले दण्ड दिएको खण्डमा मानिसहरू निर्मल भएर पुण्यवान् सज्जनहरूझैं स्वर्ग जान्छन् । यस उक्तिको यो अपवाद हो ।

सू. – **सत्ये स्वर्गस्सर्वभूतप्रशंसा च ।।१०।।**

अनु. – सत्य बोलेमा स्वर्गलोक पनि प्राप्त हुन्छ र सबै प्राणीको प्रशंसा पनि पाइन्छ ।।१०।।

सू. – **सा निष्ठा या विद्या स्त्रीषु शूद्रेषु च ।।११।।**

अनु. – स्त्रीहरूमा र शूद्रहरूमा जुन विद्या छ । त्यही विद्याको पराकाष्ठा हो ।११।।

सू. – **आथर्वणस्य वेदस्य शेष इत्युपदिशन्ति ।।१२।।**

अनु. – धर्म जान्नेहरू उपदेश गर्दछन्– स्त्रीहरू र शूद्रहरूमा जुन ज्ञान छ विद्या छ त्यही अथर्ववेदको परिशेष हो ।।१२।।

सू. – **कृच्छ्रा धर्मसमाप्तिस्समाम्नानेन लक्षणकर्मणा तु समाप्यते ।।१३।।**

अनु. – **समाम्नानम्**=**पतिपदपाठः ;** वेदका प्रत्येक पदको, अध्ययनले धर्म प्राप्त गर्न कठिन छ, किन्तु लक्षणाद्वारा उसले परिलक्षित गरेको कुरा सजिलैसित जान्न सकिन्छ ।।१३।।

सू. – **तत्र लक्षणम् ।।१४।।**

अनु. – ती शङ्कित विषयहरूको लक्षणाद्वारा सजिलैसित अर्थबोध हुन्छ ।।१४।।

सू. – **सर्वजनपदेष्वेकान्तसमहितमार्याणां वृत्तं सम्यग्विनीतानां वृद्धानामात्मवतामलोलुपानामदाम्भिकानां वृत्तसादृश्यं भजेत । एवमुभौ लोकावभिजयति ।।१५।।**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनु. – सबै मुलुकहरूमा अत्यन्त सावधान भएको आर्यहरूका चालचलनले, ठीकसँग शिक्षा पाएका बूढापाका आत्मज्ञानी, लोभ नगर्ने, ढोंग नगर्ने विद्वान्हरूका चालचलनसँग मोल खायो भने त्यो चालचलन गर्ने व्यक्तिले यो लोक र परलोक दुवैलाई जित्तछ। अर्थात् सबै मुलुकमा चलेको आर्यवृत्त विशिष्ट विद्वान्हरूका वृत्तसँग मेल खाने भएमा यस्तो वृत अपनाउने व्यक्तिले दुवै लोक सपार्छ ।।१५।।

सू. – स्त्रीभ्यः सवर्णेभ्यश्च धर्मशेषान् प्रतीयादित्येक इत्येके ।।१६।।

अनु. – यहाँ नबताइएका सामान्य धर्महरू स्त्रीहरूबाट र सजातीय व्यक्तिहरूबाट बुझ्नू भन्ने केही आचार्यहरूको राय छ ।।१६।।

यस सूत्रमा 'इत्येके' पदको आवृत्तिः ग्रन्थ समाप्तिको सूचना हो ।

समाप्तोऽयं ग्रन्थः ॐ श्रीपरमात्मने नमः

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

A4 53

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal